# आर्थिक वर्ष २०८०/८१ को

# वार्षिक प्रतिवेदन

लुम्बिनी प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय,

राप्ती उपत्यका (देउखुरी), नेपाल ।

# आर्थिक वर्ष २०८०/८१ को

# वार्षिक प्रतिवेदन


## लुम्बिनी प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय,

### राप्ती उपत्यका (देउखुरी), नेपाल ।

# मन्तव्य

आर्थिक वर्ष २०८०।८१ को बजेट तथा कार्यक्रम कार्यान्वयनको वार्षिक प्रगतिको अवस्था, बजेट कार्यान्वयनमा आइपरेका समस्या, सुधारका प्रयास, प्रदेशको राजस्व संकलन, नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, शसर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान प्राप्ति र स्थानीय तहमा वित्त हस्तान्तरणको स्थिति लगायतका विषयहरु समावेश गरी प्रदेश आर्थिक कार्यविधि कानूनमा भएको व्यवस्था  बमोजिम यो मुल्याङ्कन प्रतिवेदन प्रकाशन गरिएको छ।

समीक्षा अवधिमा लुम्बिनी प्रदेशको समग्र  खर्च ६५.३१ प्रतिशत रहेको छ। नेपाल सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदानमा कटौती, राजस्व बाँडफाँटबाट प्राप्त हुने आयमा कमी लगायतका कारण आथिक वर्षको अन्तमा भुक्तानी रोक्का गर्नुपर्ने अवस्था सिर्जना भयो। यसका कारण दायित्व सिर्जना भएका भुक्तानी रोकिँदा वित्तीय प्रगतीमा कमि आउनुका साथै चालु आर्थिक वर्षको बजेटमा दवाब पर्न गई खर्च व्यवस्थापनमा चुनौती थपिएको छ।

पूर्व तयारी नभएका आयोजना र कार्यक्रम बजेटमा समावेश गर्ने, स-साना टुक्रे आयोजनाको बाहुल्यता, खरिद कानूनमा रहेका जटिलता, तहगत सरकारको अधिकार सूचिका विषयमा अस्पष्टता, प्राविधिक जनशक्तिको कमी, अन्तरनिकाय तथा तहगत सरकारबीच समन्वयमा कमी लगायतका कारणले उक्त आर्थिक वर्षमा पूँजीगत खर्च लक्ष्य अनुरुप हुन सकेन। संवैधानिक व्यवस्था बमोजिम प्रदेश सरकारको क्षेत्राधिकारबाट उल्लेख्य राजस्व संकलन गर्न सकिने अवस्था छैन। यद्यपि प्रदेश सरकारले समीक्षा अवधिमा आर्थिक वर्ष २०७९।८० को सोही अवधिको तुलनामा ११ प्रतिशतले बढी आन्तरिक राजस्व संकलन गरेको छ ।

प्रस्तुत बजेट कार्यान्वयन मूल्याङ्कन प्रतिवेदनले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा पृष्ठपोषण हुने विश्वास लिएको छु। साथै, यो प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबै निकाय तथा कर्मचारीलाई धन्यवाद दिन्छु ।

धनेन्द्र कार्की
आर्थिक मामिला तथा योजना मन्त्री,
लुम्बिनी प्रदेश सरकार

# विषयसूची

## परिच्छेद-१

कार्यकारी सारांश........................................................................................१

## परिच्छेद-२

## निकायगत उपलब्धिको विवरण

२.१ प्रदेश सभा सचिवालय........................................................................................७

३.१ प्रदेश लोकसेवा आयोग ........................................................................................ २१

४.१ लुम्बिनी प्रदेश योजना आयोग ........................................................................................ ३३

५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........................................................................................ ४६

६.१ आर्थिक मामिला तथा योजना मन्त्रालय ........................................................................................ ५८

७.१ भौतिक पूर्वाधार विकास मन्त्रालय ........................................................................................ ७३

८.१ आन्तरिक मामिला तथा कानुन मन्त्रालय........................................................................................ ८५

९.१ स्वास्थ्य मन्त्रालय ........................................................................................१०४

१०.१ वन तथा वातावरण मन्त्रालय........................................................................................१२६

११.१ उद्योग, पर्यटन तथा यातायात मन्त्रालय ........................................................................................१५०

१२.१ शहरी विकास तथा खानेपानी मन्त्रालय ........................................................................................१८४

१३.१ सामाजिक विकास मन्त्रालय........................................................................................१९९

१४.१ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय........................................................................................ २०९

१५.१ उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय ........................................................................................ २२९

१६.१ मुख्य न्यायाधिवक्ताको कार्यालय........................................................................................ २४१

## परिच्छेद-३

उपसंहार ........................................................................................२४९

## परिच्छेद-१

# १.१. कार्यकारी सारांश

नेपालको संविधानको धारा २०७ तथा प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० वमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले तयार गरेको लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगतिको सारांश यस प्रकार रहेको छः

### १.१.१. बजेट र खर्च

- आर्थिक वर्ष २०८०/८१ को लागि प्रदेश सरकारको कुल बजेट रू. ४० अर्ब ४७ करोड ९७ लाखमध्ये प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम रू. १ करोड ७ लाख ४३ हजार र प्रदेश सञ्चित कोषबाट हुने व्ययभार हुने रकम रू. ४० अर्ब ४६ करोड ८९ लाख ५७ हजार रहेको थियो। जस मध्ये स्थानीय तहको वित्त हस्तान्तरण तर्फ शुरुको कूल विनियोजन रू. ३ अर्ब ५८ करोड ९७ लाख रहेको थियो।
- विनियोजित रकममध्ये आ.व. २०८०/८१ को असार मसान्तसम्म चालु खर्च तर्फ रू. १० अर्ब ४१ करोड ८९ लाख २१ हजार र पुँजीगत खर्च तर्फ रू. १६ अर्ब ०१ करोड ७७ लाख ७१ हजार गरी जम्मा रू. २६ अर्ब ४३ करोड ६६ लाख ९३ हजार खर्च भएको थियो। जुन विनियोजित बजेटको चालुतर्फ ६०.४९ प्रतिशत, पुँजीगत तर्फ ६८.८७ प्रतिशत गरी औसत जम्मा ६५.३१ प्रतिशत खर्च भएको देखिन्छ।




- आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा बढी खर्च प्रगति हुनेमा क्रमशः खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालयको ७७.४ प्रतिशत र स्वास्थ्य मन्त्रालयको ७३.३ प्रतिशत रहेको थियो। त्यसैगरी सबैभन्दा कम खर्च प्रगति हुनेमा क्रमशः मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको १६.२४ प्रतिशत र प्रदेश योजना आयोगको ४२ प्रतिशत रहेको थियो।




❖ आर्थिक वर्ष २०८०/८१ मा भएको कुल खर्च रू. २६ अर्ब ४३ करोड ६६ लाख ९३ हजार मध्ये सबैभन्दा बढी खर्च क्रमशः आषाढमा २७.२४ प्रतिशत (रु ७ अर्ब २० करोड ९ लाख) र जेष्ठ महिनामा ११.१६ प्रतिशत (रु २ अर्ब ९४ करोड ९४ लाख) भएको थियो। त्यसैगरी असोज, पुस र चैत्र महिनामा खर्च क्रमशः १०.५४ प्रतिशत, ८.६२ प्रतिशत र १०.६४ प्रतिशत रहेको थियो।




❖ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको बजेट र खर्चको संक्षिप्त प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तह वित्त हस्तान्तरणको लागि कूल रू. ३ अर्ब ९५ करोड २५ लाख अन्तिम बजेट रहेकोमा आर्थिक वर्षको अन्तमा बाँकी रहेको बजेट कटाई खूद रू. २ अर्ब ९४ करोड ९० लाख खर्च भएको देखिन्छ।

## १.१.२. स्रोत परिचालन

❖ नेपालको संविधान तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुरूप सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर र नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त शुल्क प्रदेश र स्थानीय तहको साझा अधिकारको क्षेत्रको रूपमा उल्लेख गरेको छ। कृषि आयमा लाग्ने कर प्रदेशको एकल अधिकारभित्र पर्दछ।

❖ संघीय सरकारबाट आर्थिक वर्ष २०८०/८१ मा कुल १२ अर्ब १२ करोड ३४ लाख ६५ हजार संघीय अनुदान प्राप्त भएको थियो। जसमा वित्तीय समानीकरण अनुदानको तीन कस्ता (७४.११ प्रतिशत) बापतको रू. ६ अर्ब ३ करोड ८७ लाख ५ हजार हो।




❖ पछिल्लो दुई वर्ष संघीय सरकारबाट प्राप्त भएको अनुदान घटिरहेको देखिन्छ।

❖ आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सञ्चितकोषमा गत आर्थिक वर्षको मौज्दात २ अर्ब ५१ करोड ८९ लाख सहित कुल २८ अर्ब ६७ करोड २६ लाख आय प्राप्त भएको थियो जुन ४० अर्ब ४७ करोड ९७ लाख लक्ष्यको ७०.८३ प्रतिशत मात्र हो।




❖ प्रदेश सरकारको एकल अधिकारको रुपमा रहेको कृषिमा आयमा लाग्ने कर बापत आ.व.२०८०/८१ मा जम्मा रु ५१ हजार ५ सय ४९ मात्र प्रदेश सञ्चित कोषमा जम्मा भएको थियो।

### १.१.३. अन्तर-सरकारी वित्त हस्तान्तरण

❖ आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी सरकारबाट समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान गरी जम्मा ३ अर्व ८ करोड रकम प्रदेश अन्तरगतको १०९ वटा स्थानीय तहलाई हस्तान्तरण गरिएको थियो। जसमध्ये सबैभन्दा बढी सशर्त अनुदान १ अर्व २२ करोड रहेको थियो।




❖ पछिल्लो तीन आर्थिक वर्षमा लुम्बिनी प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण गरिएको अनुदान निरन्तर घटेको छ। हस्तान्तरण गरिएको अनुदानहरुमध्ये सशर्त र समपूरक अनुदान रकम धेरै रहेको देखिन्छ ।

### १.१.४. मन्त्रालय/निकायगत प्रमुख भौतिक उपलब्धिको समष्टिगत विवरण

क) आर्थिक वर्ष २०८०/८१ मा देहाय बमोजिमको भौतिक उपलब्धि प्राप्त भएको देखिन्छ:

❖ आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेश सरकारद्वारा १५० कि.मि. कालोपत्रे, १७.७९ कि.मि. ढलान गरी पक्की सडक निर्माण भएको र २०९.७९ कि.मि. सडक ग्राभेल गर्ने कार्य सम्पन्न भएको,

❖ आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेश सरकारद्वारा ३९ वटा सडक पुल, ५७४ वटा कल्भर्ट/कजवे निर्माण तथा १७ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको,

❖ लुम्बिनी प्रदेश प्रहरी कार्यालय अन्तर्गत निर्माण भइरहेका विभिन्न प्रयोजनका सातवटा भवनहरु सम्पन्न भई भुक्तानी समेत भएको र बाँकी चार वटा भवनहरुको काम सम्पन्न भई भुक्तानी हुन बाँकी रहेको देखिएको,

❖ आर्थिक मामिला तथा योजना मन्त्रालयद्वाराआर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षण (नेपाली र अंग्रेजी भाषामा) प्रकाशन गरिएको,

❖ राप्ती प्रादेशिक अस्पताल, तुल्सीपुरमा १० वेड, बर्दिया अस्पताल, गुलरियामा ६ वेड, कपिलवस्तु अस्पताल, तौलिहवामा ५ वेड गुल्मी अस्पताल, तम्घासमा ५ वेड, प्युठान अस्पताल, प्युठानमा ३ वेड र पृथ्वीचन्द्र अस्पताल, नवलपरासीमा ५ वेड हेमोडाइलाइसिस सेवा स्थापना तथा विस्तार गरिएको,

❖ प्रदेश सरकारको लगानीमा लमहीस्थित अस्पतालको क्षेत्रभित्र ट्रमा सेन्टर स्थापनाका लागि भवन, प्युठान र अर्घाखाँची अस्पतालको भवन निर्माण भइरहेको,

- लुम्बिनी प्रादेशिक अस्पतालको १२०० शैय्याको भवन निर्माणधीन तथा राप्ती प्रादेशिक अस्पतालबाट एन. आई. सि. यु. सेवा सञ्चालन र विस्तार,
- ४० बर्ष उमेर पुरा गरेका नागरिकहरुको मधुमेह तथा उच्च रक्तचाप परीक्षण गरिएको नागरिक आरोग्य केन्द्रहरु सञ्चालनमा स्थानीय तहसँगको सहकार्य गरिएको
- राष्ट्रिय वनक्षेत्रबाट २३ लाख ८८ हजार घनफिट काठ तथा ६ हजार ४३८ चट्टा दाउरा उत्पादन भएको,
- निजी आवादीबाट १६ लाख ४४ हजार घनफिट काठ तथा ४ हजार २०१ चट्टा दाउरा उत्पादन भएको,
- ग्रामीण र शहर उन्मुख क्षेत्रहरुमा पूर्वाधार निर्माण अन्तर्गत ५७३४ मि. रिटेनिङ वाल निर्माण १००८६ मि. पि.सि.सि. सडक निर्माण भएको,
- १२ वटा सरकारी भवन आवास निर्माण सम्पन्न,
- शहरी पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ६७.०३ कि.मि. ढल निर्माण, २३.७१ कि मी ग्रावेल सडक निर्माण ;२८.२३५ कि मी पिच सडक निर्माण ७.०३ कि.मि. फुटपाथ निर्माण र ५ वटा पार्क निर्माण,
- सघन खानेपानी विकास आयोजना अन्तर्गत १०१ वटा आयोजना सम्पन्न भई ८७०३९ जनसंख्या लाभान्वित, रुपन्देही सैनामैनामा स्मार्ट रिफ्रेस सेन्टरको प्रथम चरणको निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको अवस्थामा रहेको,
- राप्ती प्राविधिक शिक्षालयको स्थानान्तरण भई पूर्वाधार निर्माणको कार्य अगाडि बढेको, १२ वटा ठुला विद्यालयमा विज्ञान शिक्षा पूर्वाधार निर्माण भैरहेको,
- प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत १२५ सहकारी, २६ समुह तथा ५३ निजि डेरीहरु लाभान्वित भएको,
- कृषि तर्फ विभिन्न बालीको ९६८ हेक्टर क्षेत्रफलमा कार्यक्रम सञ्चालन भई २१३.३ हेक्टर क्षेत्र विस्तार भएको, भैसीपालनको लागि ४० गोठ, बाख्रापालनका लागि ९० गोठ र अन्य औजार उपकरण वितरण भएको। समग्रमा यस कार्यक्रम मार्फत ३६१९ घरपरिवार लाभान्वित भएको।
- धान, मकै, गहु, तोरी र PDR-१४ को कुल १४०९ मे.ट. बीउ उत्पादन भई १२१२ घरधुरी लाभान्वित भएको र ११४० जनाको रोजगारी सिर्जना भएको,
- ६८ वटा सिंचाइ मुहान/बाँधहरुको निर्माण, १५३ कि.मि. पक्की नहर निर्माण, ३२ वटा सिंचाइ पोखरीको निर्माण, १९ वटा लिफ्ट सिंचाइ योजनाको निर्माण, २४ वटा डिप ट्यूववेल सिंचाइ योजनाको निर्माण,
- काठको पोल विस्थापन १४१३ थान, सुधारिएको चुलो वितरण ११५० थान, सोलर व्याकअप सिस्टम २८ थान र सडक बत्ति ७०६ थान जडान भएको।

ख) आर्थिक वर्ष २०८०/८१ मा देहाय बमोजिमको संस्थागत एवम् नीतिगत सुधार भएको देहिन्छः

- ❖ प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक लुम्बिनी प्रदेश सभाबाट पारित,
- ❖ स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नती ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभाबाट पारित,
- ❖ प्रदेश लोक सेवा आयोगद्वारा विभिन्न सेवा, समूहका गरी कुल १२ वटा पाठ्यक्रमहरू निर्माण गरिएको,
- ❖ प्रदेश लोक सेवा आयोगद्वारा स्थानीय सरकारी सेवा र प्रदेश निजामती सेवा तर्फ खुला ६८७, महिला १९१, आदिवासी जनजाति ११३, मधेशी ६४, दलित २६, अपाङ्ग ४ र पिछडिएको क्षेत्रमा १ गरी जम्मा १०८६ जना उम्मेद्वारहरू पदपूर्तिका लागि सिफारिस गरिएको,
- ❖ लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/०८१) को प्रथम ४ वर्षको समीक्षा गरी प्रतिवेदन प्रकाशन गरिएको,
- ❖ दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/०८६) को अवधारणा पत्र स्वीकृत तथा प्रकाशन भएको साथै विस्तृत दस्तावेजको मस्यौदा तर्जुमा अन्तिम चरणमा रहेको,
- ❖ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा कानुन तर्जुमा (निजामती सेवा ऐन, नियमावली लगायत विभिन्न कार्यविधि, निर्देशिका लगायत गरी ११३ वटा),
- ❖ ३५ वटा मन्त्रिपरिषद् बैठक बसी विभिन्न १२६ वटा महत्वपूर्ण निर्णय भएको,
- ❖ प्रदेश निजामती सेवा ऐन, २०८० तथा नियमावली, २०८० बमोजिम कर्मचारीको स्तरवृद्धि लगायतका जनशक्ति व्यवस्थापनको कार्य गरिएको,
- ❖ बहुवर्षीय आयोजनाको स्रोत सुनिश्चितता सम्बन्धी मापदण्डलाई समायानुकूल संशोधन गरी प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयनको लागि पर्याप्त वित्तीय व्यवस्थापन गरिएको,
- ❖ विशेष अनुदानको बाँडफाँटलाई पारदर्शी, समन्यायी एवम् सरल बनाउन विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गरिएको।

# परिच्छेद-२

# निकायगत उपलब्धिको विवरण

## २.१ प्रदेश सभा सचिवालय

### २.१.१. पृष्ठभूमिः

नेपालको मध्य भागमा हिमाल, पहाड र तराइको भूभाग समेटेर बनेको लुम्बिनी प्रदेश विश्वले शान्तिका अग्रदुतका रुपमा चिनेका भगवान गौतम बुद्ध जन्मेको लुम्बिनी (रुपन्देही), बुद्धले २९ वर्षको उमेर सम्म जीवन व्यतित गरेको तिलौराकोट (कपिलवस्तु), एशियाको सबैभन्दा ठूलो र सुन्दर उपत्यका दाङ, मनमोहक रमणीय पहाडी क्षेत्रहरु पाल्पा, प्युठान, अर्घाखाँची र गुल्मी साथै सिस्ने र पुथा हिमाल रहेको रुकुम पूर्व र जलजला पहाड रहेको रोल्पा, नेपालको अन्न भण्डार भनेर चिनिएका नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, त्यस्तै कर्णाली प्रदेशको मुख्य भन्सार नाका नेपालगंज (बाँके) र गण्डकी तथा लुम्बिनी प्रदेशका मुख्य भन्सार नाका सुनौली (रुपन्देही) अनि औद्योगिक नगरको रुपमा स्थापना भैसकेको बुटवल र नेपालगंज जस्ता नेपालकै ठूला शहरहरु रहेको अति सुन्दर बनावट भएको सामाजिक, साँस्कृतिक, ऐतिहासिक तथा भौगोलिक र आर्थिक हिसावले अत्यन्त महत्वपूर्ण पर्यटकीय प्रदेशको रुपमा रहेको छ । यस प्रदेशको दक्षिण तर्फको लामो सिमाना भारतसँग जोडिएको छ भने पूर्वमा गण्डकी प्रदेश, पश्चिममा कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश तथा उत्तरमा गण्डकी र कर्णाली प्रदेश रहेका छन् । साविकका रुकुम र नवलपरासी जिल्ला टुक्राइएपछि बनेको नवलपरासी पश्चिम र रुकुम पूर्व गरी १२ जिल्ला यस प्रदेशमा समेटिएका छन् ।

नेपालको संविधानको भाग १४ मा सातै प्रदेशहरूका लागि एक सदनात्मक व्यवस्थापिकाको सिद्धान्त अनुसार प्रत्येक प्रदेशमा प्रदेश सभाको व्यवस्था गरिएको छ । यस प्रदेशमा पनि संविधानको धारा १७६ बमोजिम ६० प्रतिशत पहिलो हुनेले जित्ने निर्वाचन प्रणालीबाट र ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीवाट प्रदेश सभा सदस्यहरू निर्वाचित हुने व्यवस्था छ । सोही बमोजिम निर्वाचन क्षेत्र निर्धारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७३ को दफा १२ बमोजिम निर्वाचन आयोगले पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि मिति २०७४ भाद्र १५ गतेको नेपाल राजपत्रको भाग ३ खण्ड ६७ (अतिरिक्ताङ्क १५क)मा प्रकाशित सूचना अनुसार यस प्रदेशका ५२ वटा प्रदेश सभा सदस्य निर्वाचित हुने निर्वाचन क्षेत्रहरू निर्धारण भएको छ । लुम्बिनी प्रदेशमा संविधान बमोजिमको उक्त ५२ सिटलाई ६० प्रतिशत मानी बाँकी रहेको ४० प्रतिशत सिटमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने ३५ जना गरी जम्मा ८७ जना सदस्य रहेको प्रदेश सभा गठन भएको छ ।

प्रदेश सभाका लागि आवश्यक सभाहल, विषयगत समितिहरू, संसदीय दलका कार्यालयहरू र पुस्तकालय जस्ता संरचनाहरूको प्रभावकारी र मर्यादित व्यवस्थापन गर्न सचिवायलको आवश्यकता पर्ने हुनाले संविधानको धारा १९५ ले प्रदेश सभा सचिवालय र सचिवको व्यवस्था गरेको छ । सोही बमोजिम प्रदेश सभा सचिवायल सम्बन्धी ऐन, २०७५ निर्माण भई सचिवायलयको स्थापना तथा प्रदेश सभा सचिवको नियुक्ति भइसकेको छ । तत्कालीन अवस्थामा संघीय सरकारको सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी तेरिज बमोजिम यस सचिवालयमा

सचिवको नेतृत्वमा ३७ जना कर्मचारीहरू रहने व्यवस्था छ। यस बाहेक सेवा करारका र माननीय पदाधिकारीहरू तथा सदस्यज्यूहरूका स्वकीय सचिवालयमा कार्यरत कर्मचारीहरूबाट पनि सचिवालयमा सहयोग पुगिरहेको ।

### २.१.२. दीर्घकालिन सोच

- जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित प्रदेश सभा।

### २.१.३. उद्देश्य

- प्रदेश सभालाई जनमैत्री, जिम्मेवार, प्रभावशाली र मर्यादित बनाई कानून निर्माण तथा संसदीय निगरानी प्रकृयालाई प्रभावकारी बनाउने।

### २.१.४. रणनीतिः

- प्रदेश सभा सचिवालयको क्षमतालाई उच्चतम उपयोग गरी संविधान कार्यान्वयन गर्न आवश्यक कानून निर्माण गरी जनप्रतिनिधिको भूमिकालाई उच्च बनाउने।
- प्रदेश सभा सचिवालयलाई पूर्ण स्वायत्त निकायको रूपमा स्थापित गर्दै अत्याधुनिक, सुविधा सम्पन्न, सक्षम र आकर्षक बनाउने।
- प्रदेश सभाको संसदीय निगरानी सम्बन्धी कामलाई प्रभावकारी, पारदर्शी र जिम्मेवारीपूर्ण बनाउने।

### २.१.५. कार्यक्षेत्रः

- नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी आफ्नो कार्य सञ्चालन गर्ने,
- लुम्बिनी प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ बमोजिमको कार्यक्षेत्र,
- प्रदेश सभा नियमावली, २०७९ बमोजिमको कार्यक्षेत्र,
- संवैधानिक प्राबधान अनुसार प्रदेश सभालाई ऐन, कानून तथा नीति कार्यक्रम सम्बन्धी निर्णय गर्न सहयोग गर्ने,
- जनताका सरोकारका विषयहरुमा छलफल गर्ने,
- प्रदेश सभाको बैठकको सुव्यवस्था कायम राख्न र अन्य कामकारवाही नियमित एवम् प्रभावकारी बनाउने,
- प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी तथा प्रदेश सरकार र मातहतका निकायहरूको संसदीय निगरानी सम्बन्धी कार्यमा सहयोग गर्ने,
- प्रदेश सभाको काम कारवाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा, प्रदेश सभाका समिति र सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,
- प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,
- प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने,
- प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका कार्यालयलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,
- प्रदेश सभामा परम्परागत तथा विद्युतीय दुवै प्रकारका पुस्तकालय र संवाद केन्द्रको संचालन गर्ने ,
- संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्थापन गर्ने,
- प्रदेश सभालाई मर्यादित बनाउन अन्य कार्य गर्ने।

### २.१.६. कानूनी तथा नीतिगत व्यवस्थाहरु

- नेपालको संविधान को भाग ५ धारा ५६ उपधारा (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको,
- नेपालको संविधान को भाग ५ धारा ५६ को उपधारा (३ ) ले संविधानको अनुसूची ४ बमोजिमका १२ वटा जिल्ला रहने गरी प्रदेशको ५ नं. प्रदेशको व्यवस्था गरेको,
- नेपालको संविधान को भाग ५ धारा ५७ को उपधारा (२), (३) र (५) मा अनुसूची- ६, ७ र ९ बमोजिम प्रदेशको अधिकार सूची, संघ र प्रदेशको साझा अधिकार सूची र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको व्यवस्था गरेको,
- नेपालको संविधान को भाग १४ धारा १७५ मा एक सदनात्मक प्रदेश सभा र धारा १७६ मा प्रदेश सभा गठन सम्बन्धी व्यवस्था गरेको,
- नेपालको संविधान को भाग १४ धारा १८२ प्रदेश सभा वैठक सञ्चालनका लागि सभामुख र उपसभामुखको व्यवस्था गरेको,
- नेपालको संविधान को भाग १४ धारा१९३ माप्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभा निमावली बमोजिम आवश्यकता अनुसार समिति तथा विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेको,
- नेपालको संविधान को भाग १४ धारा१९४ मा प्रदेश सभाले आफ्नो कार्य सञ्चालन गर्न, वैठकको सुव्यवस्था कायम राख्न, समितिहरुको गठन, काम कारबाही र समिति सम्बन्धी अन्य विषय नियमित गर्नका लागि नियमावली बनाउनु पर्ने व्यवस्था गरेको छ,
- नेपालको संविधान को भाग १४ धारा १९५ मा प्रदेश सभा सचिवालय र प्रदेश सभा सचिवको नियुक्ती सम्बन्धी व्यवस्था गरेको,
- नेपालको संविधान को भाग १५ धारा १९८ मा विधेयक प्रदेश सभामा पेश गर्नुपर्ने व्यवस्था रहेको र पारित गर्नुपर्ने व्यवस्था रहेको साथै धारा २०२ मा अध्यादेश प्रदेश सभामा पेश गर्ने र पारित गर्ने सम्बन्धी व्यवस्था रहेको,
- प्रदेश सभाको काम, कारवाहीहरुलाई सुचारु रुपले सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रदेश सभा सचिवालय सम्बन्धी ऐन २०७५ रहेको,
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुलाई आवश्यक सेवा सुविधाहरु उपलब्ध गराउन प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७७ रहेको,
- प्रदेश सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र प्रदेश सभाका पदाधिकारीहरुको व्यवस्था गरी प्रदेश सभाका काम कार्यहरुलाई नियमित गर्न नियमित गर्न प्रदेश सभा नियमावली,२०७९ कार्यान्वयनमा रहेको ।

## २.१.७. संगठन संरचना तथा जनशक्ति विवरण




नोटः १. नेपालको संविधानको धारा १९५(१) बमोजिम प्रदेश सभा सचिव नियुक्त ।

२. मर्यादापालनका लागि प्रहरी निरीक्षक तथा मर्यादापालकहरु सुरक्षा निकायबाट काजमा लिएको।

३. स्वास्थ्य इकाईका कर्मचारीहरु लुम्बिनी प्रादेशिक अस्पतालबाट काजमा लिएको ।

## १ (ख) दरबन्दी तथा पदपूर्ति विवरण

| क्र. सं. | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | नेपाल सरकारबाट स्वीकृत दरबन्दी | आ.व. २०८०/०८१ मा | | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रदेश सरकारबाट स्वीकृत थप | जम्मा कायम | | | |
| १. | प्रदेश सभा सचिव | प्रदेश सरकारको प्रमुख सचिव सरह | | | १ | ० | १ | १ | ० | संवैधानिक व्यवस्था |
| २. | उप सचिव | रा.प.द्वितीय /अधिकृतस्तर नवौं/दशौं | प्रशासन | सामान्य प्रशासन | २ | ० | २ | ० | २ | |
| ३. | उप सचिव | रा.प.द्वितीय | कानून | कानून | १ | ० | १ | १ | ० | |
| ४. | अधिकृत | शाखा अधिकृत (रा.प.तृतीय) /अधिकृतस्तर सातौं/आठौं | प्रशासन | सामान्य प्रशासन | ४ | ० | ४ | २ | २ | |
| ५. | लेखा अधिकृत | अधिकृतस्तर सातौं/आठौं | प्रशासन | लेखा | १ | ० | १ | १ | ० | |
| ६. | कानून अधिकृत | रा.प.तृतीय | कानून | कानून | १ | ० | १ | १ | ० | |
| ७. | कम्प्यूटर अधिकृत | अधिकृतस्तर सातौं/आठौं | विविध | प्राविधिक | १ | ० | १ | ० | १ | |
| ८. | सहायक/अधिकृत | सहायकस्तर पाँचौं/अधिकृतस्तर छैठौं | प्रशासन | सामान्य प्रशासन | ७ | ० | ७ | ५ | २ | |
| ९. | कम्प्यूटर अपरेटर/अधिकृत | सहायकस्तर पाँचौं/ अधिकृतस्तर छैठौं | विविध | | १ | ५ | ६ | ६ | | |
| १०. | माइक सञ्चालक | सहायकस्तर पाँचौं | विविध | प्राविधिक | २ | ० | २ | २ | ० | |
| ११. | ईलेक्ट्रिसियन | सहायकस्तर पाँचौं | इन्जिनियरिङ | ईले. | १ | ० | १ | ० | १ | |
| १२. | मेकानिकल सहायक/सुपरभाइजर | सहायकस्तर पाँचौं | इन्जिनियरिङ | मेकानिकल | ० | १ | १ | १ | ० | |
| १३. | सह-लेखापाल | सहाकस्तर चौथौं | प्रशासन | लेखा | १ | ० | १ | १ | ० | लेखापाल |
| १४. | भिडियो ग्राफर | सहाकस्तर चौथौं | शिक्षा | शिक्षा तथा मुद्रण | ० | ३ | ३ | ३ | ० | |
| १५. | प्राविधिक सहायक (इलेक्ट्रिकल) | सहाकस्तर चौथौं | इन्जिनियरिङ | इलेक्ट्रिकल | ० | १ | १ | १ | ० | |
| १६. | हलुका सवारी चालक | तह विहिन | इन्जिनियरिङ | जन.मेका. | ३ | ० | ३ | ३ | ० | |
| १७. | कार्यालय सहयोगी | तह विहिन | प्रशासन | | ३ | ३ | ६ | ६ | ० | |
| १८. | प्रहरी निरीक्षक | | | मर्यादापालनन | १ | ० | १ | १ | ० | नेपाल प्रहरीबाट |
| १९. | मर्यादा पालक | | | मर्यादापालन | ६ | ० | ६ | ६ | ० | नेपाल प्रहरीबाट |
| **कुल जम्मा** | | | | | **३६** | **१३** | **४९** | **४१** | **८** | |

## २.१.८. वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्थ |
|---|---|---|
| | नीति तथा कार्यक्रममा उल्लेख नभएको। | |

## २.१.९. वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब.ब.बुदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | बजेट बक्तव्यमा उल्लेख नभएको। | |

## २.१.१०. आर्थिक वर्ष २०८०/८१ को श्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र.स | श्रोत | शुरुको बजेट | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | - | - |
| २ | नेपाल सरकार सशर्त अनुदान | | - | - |
| ३ | नेपाल सरकार समपूरक अनुदान | | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | ३३८८३८ | ३३८८३८ | २२४६५३.४ |

## २.१.११. आर्थिक वर्ष २०८०/०८१ मा विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | २६६५८८ | १८८७३७ | ७०.८० |
| २ | पुंजीगत | ७२२५० | ३५९१५ | ४९.७१ |
| | जम्मा | ३३८८३८ | २२४६५३ | ६६.३० |

## २.१.१२. आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु. हजारमा)

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | परिणाम | बजेट | परिणाम | परिणाम % | बजेट | बजेटखर्च % |
|---|---|---|---|---|---|---|---|
| १ | शैक्षिक संस्थाहरुमा अभ्यास संसद् कार्यक्रम | २ | १०० | १ | ५० | ४९२ | ४९.२ |
| २ | समितिहरुका सदस्य तथा पदाधिकारीहरुलाई समितिको विषय र कार्यक्षेत्र सगं अभिमुखिकरण कार्यक्रम | ६ | १२०० | ० | ० | ० | ० |
| ४ | post legislative scrutiny | १ | १५०० | ० | ० | ० | ० |
| ५ | Institutional Development of E- library | १ | ५०० | ० | ० | ० | ० |
| ६ | सभामुखहरुको सम्मेलन | १ | १५०० | १ | १०० | १४९९ | १०० |
| ७ | पदाधिकारी तथा सदस्यहरुका स्वकिय सचिवहरुलाई अभिमुखिकरण कार्यक्रम | १ | ३०० | ० | ० | ० | ० |
| ८ | Study of delegated legislation | ३ | ९०० | १ | ३३.३३ | २२२ | ३३.३३ |
| ९ | प्रदेश सभा सचिवालयको वार्षिक समिक्षा तथा छलफल कार्यक्रम | १ | २०० | ० | ० | ० | ० |
| १० | प्रदेश सभाका महिला माननियहरुको लागी हरितालिका तिजको शुभकामना आदान प्रदान | १ | २०० | १ | १०० | २०० | १०० |
| ११ | स्थानीय तहसग सभामुख कार्यक्रम तथा प्रेस मिट | १२ | ६००० | ९ | ७५ | ४२४४ | ७१.६६ |
| १२ | कानून कार्यन्वयनमा मिडियाको भूमिका अन्तरसम्बाद कार्यक्रम | १ | ४०० | १ | १०० | ३८९ | ९९ |
| १३ | लैङ्गिक सशक्तिकरणकालागी महिला सरोकारवालाहरु सग जिल्ला स्तरिय एक दिवसीय अभिमुखिकरण कार्यक्रम | १ | ३०० | १ | १०० | २३४ | ३९ |
| १४ | विद्येयक उपर सरोकार वालासँग छलफल तथा अन्तरक्रिया | १ | १००० | ० | ० | ० | ० |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | परिणाम | बजेट | परिणाम | परिणाम % | बजेट | बजेटखर्च % |
|---|---|---|---|---|---|---|---|
| १५ | प्रदेश सभाको स्थापनादेखी हाल सम्मको वृतचित्र निर्माण | १ | ५०० | १ | १०० | ४७५ | ९५ |
| १६ | संस्थागत रुपमा टेलिभिजन तथा रेडियो कार्यक्रम निर्माण तथा प्रशारण | १ | २००० | १ | १०० | ८०० | ४० |
| १७ | प्रदेश सभाका महत्वपूर्ण बैठकहरु टि भी मा प्रत्यक्ष प्रसारण गर्ने | १ | २४० | १ | १०० | २४० | १०० |
| १८ | प्रदेश सभा स्थापना दिवस विशेष कार्यक्रम | १ | ५०० | १ | १०० | ४५२ | ९० |
| १९ | प्रदेश सभाका सभामुख र उपसभामुखको अन्तरप्रदेश अध्ययन अवलोकन भ्रमण | १ | ६०० | १ | १०० | ३९४ | ६५.६६ |
| २० | उत्तर विद्यायकी परिक्षणको अवधारणा पत्र तयारी | २ | ५०० | १ | ५० | २२२ | ४४.४४ |
| २१ | समितिहरुको अन्तरप्रदेश भ्रमण तथा अनुभव आदान प्रदान कार्यक्रम | १ | २४०० | ० | ० | ० | ० |
| २५ | समिति सचांलन र विद्येयक प्रतिवेदन तयारीको अनुशिक्षण कार्यक्रम | १ | ५०० | ० | ० | ० | ० |
| २६ | संसदीय मामिला पत्रकार समाजलाई संसदीय रिपोटिङ सम्बन्धी अभिभुखिकरण कार्यक्रम | १ | ४०० | १ | १०० | ३८५ | ९६.२५ |
| २७ | सचिवालय स्टोर ट्रस भवन निर्मण | १ | २००० | ० | ० | ० | ० |
| २८ | मर्यादापालक/कर्मचारी आवास निर्माण | १ | ८००० | ० | ० | ० | ० |
| २९ | नमुना ससद कार्यक्रमको लागी उपकरण खरिद | १ | २५० | १ | १०० | २४९ | १०० |
| ३० | प्रदेश सभा सचिवालयको नामङ्कित डिजिटल बोर्ड तथा कार्यक्रमगत डिजिटल डिस्प्ले बोर्ड | १ | १००० | १ | १०० | ९२९ | ९२.९ |
| ३१ | Desktop Computer Set | ७ | १००० | ७ | १०० | ९९० | ९९ |
| ३२ | ल्यापटप खरीद | ७ | १००० | ७ | १०० | ९९० | ९९ |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | परिणाम | बजेट | परिणाम | परिणाम % | बजेट | बजेटखर्च % |
|---|---|---|---|---|---|---|---|
| ३३ | डुप्लेक्स फोटोकपि मेशीन | १ | १०० | ० | ० | ० | ० |
| ३४ | सिसिटीभी सहितको सर्भिलेन्स सिष्टम | १ | २००० | १ | १०० | १९७० | ९९ |
| ३५ | Air Conditioning Works | १ | २००० | १ | १०० | १९७५ | ९९ |
| ३६ | सचिवालय भवनका भि.आई.पी. कक्षहरुमा फर्निचर खरिद | १ | ७०० | १ | १०० | ६८५ | ९८ |
| ३७ | सचिवालय स्टोरमा सामाग्री व्यवस्थापनको लागि र्याक खरिद | १ | १००० | १ | १०० | ९७० | ९७ |
| ३८ | सचिवालय परिसर खेल मैदान निर्माण | १ | ३०० | ० | ० | ० | ० |
| ३९ | सचिवालय परिसरको पार्किङ स्थलको मर्मत तथा सेड निर्माण | १ | १०० | १ | १०० | ० | ० |
| ४० | सचिवालय भवनको झ्यालहरुमा ग्रील जडान | १ | ५०० | १ | १०० | ४८९ | ९७ |
| ४१ | उपसभामुख निवासको फर्निचर व्यवस्थान | १ | ५०० | ० | ० | ० | ० |
| ४२ | सभा हलको भऱ्याङमा पार्केटिङ | १ | १००० | १ | १०० | ७६५ | ७६.५ |
| ४३ | सभा भवनभित्र भिडियो वाल जडान | १ | २००० | १ | १०० | ० | ० |
| ४४ | Acoustic treatment in media center | १ | ४०० | १ | १०० | ३७५ | ९३.७५ |
| ४५ | सभामुख निवास बाह्रखुट्टी मा विविध निर्माण तथा मर्मत कार्य | १ | १३००० | १ | १०० | ६५ | ५० |
| ४६ | Complementary light system in assembly hall | १ | ९८५ | १ | १०० | ९८० | १०० |
| ४७ | Central stabilizer in assembly hall | १ | ३००० | १ | १०० | ० | ० |
| ४८ | विषयगत समिति भवन मर्मत / निर्माण | १ | ४००० | ० | ० | ० | ० |
| ४९ | सभाहलमा काठको रेलिङ जडान | १ | ८०० | १ | १०० | ७९० | ९९ |
| ५० | सेन्ट्री पोष्ट निर्माण | १ | ७०० | १ | १०० | ० | ० |
| ५१ | Utility Water Supply System | १ | १००० | ० | ० | ० | ० |

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | परिणाम | बजेट | परिणाम | परिणाम % | बजेट | बजेटखर्च % |
|---|---|---|---|---|---|---|---|
| ५२ | सभा भवनमा मा. सदस्यहरुलाई माईक व्यवस्थापन तथा आधुनिक अडियो सिष्टम जडान | १ | १००० | १ | १०० | ९९० | ९९ |
| ५३ | सभा भवनको विशिष्ट कक्षको फर्निचर व्यवस्थापन | १ | १००० | १ | १०० | ९५८ | ९६ |
| ५४ | श्रीचौर भवन विद्युतिकरण,वरण्डा निर्माण ,सौचालय निर्माण तथा खानेपानी व्यवस्थापन | १ | २००० | १ | १०० | १९२० | ९६ |
| ५५ | Fire Alarm System Works | १ | १००० | १ | १०० | ९८५ | ९८ |
| ५६ | complementary sound system in assembly hall | १ | ९५० | १ | १०० | ९४० | ९९ |
| ५७ | ससदीय दलको कार्यायल तथा विषयगत समितिको भवनमा सोफा कुर्ची लगायतको फर्निचर व्यवस्थापन | १ | १००० | १ | १०० | ९३० | ९३ |
| ५८ | Hydraulic ladder | १ | १५०० | १ | १०० | ९७० | ६५ |
| ५९ | सभा/सचिवालय भवनका छानमा गट्टर -ढुड निर्माण | १ | १९०० | १ | १०० | १८६० | ९८ |
| ६० | उपसभामुख निवासका लागि भवन मर्मत | १ | २००० | १ | १०० | १९१० | ९६ |
| ६१ | पिजन होलको मर्मत तथा स्तरीकरण | १ | ५०० | १ | १०० | ४८५ | ९७ |
| ६२ | AC Ducting in assembly hall | १ | १००० | १ | १०० | ० | ० |
| ६३ | सभा भवनको करिडोरमा मार्वल-टायल विछयाउने कार्य | १ | १५१० | १ | १०० | १५०० | १०० |

## २.१.१३. आर्थिक वर्ष २०८०/८१ को राजस्व संकलनको विवरण (रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४१५१ | - | १२ | - |
| २ | १४२२९ | - | ९३ | - |
| ३ | १५१११ | - | ५८६.६७३८ | - |

| | | | |
|---|---|---|---|
| जम्मा | | ६९१.६७३८ | - |

## २.१.१४. बेरुजु सम्वन्धी विवरण ( प्रदेश कार्यालय स्थापना पछिको ) रु. हजारमा

| क्र.स. | बेरुजु किसिम | आ.व.२०७९/८० सम्मको म.ले.प. बेरुजु (रु.) | सम्परीक्षण भएको (रु.) | सम्परीक्षण भई बाँकी रहेको (रु.) | फर्स्यौट बाँकी |
|---|---|---|---|---|---|
| १ | नियमित गर्नुपर्ने | ३१३१६ | - | ३१३१६ | ३१३१६ |
| २ | असुल उपर गर्नुपर्ने | ५ | - | ५ | ५ |
| ३ | पेश्की | २९६६ | - | २९६६ | २९६६ |
| | कुल जम्मा | ३४२८७ | - | ३४२८७ | ३४२२८७ |

## २.१.१५. आर्थिक वर्ष २०८०/८१ मा भएका महत्वपूर्ण उपलब्धिहरु:

- सभा र सचिवालय परिसरमा सि.सि.टि.भि. जडान गरी सुरक्षा व्यवस्था सुदृढ पारिएको,
- स्थानीय तहसँग सभामुख कार्यक्रमको माध्यमबाट लुम्बिनी प्रदेशका दश जिल्लाका विभिन्न स्थानीय तहसँग गाउँसभा/नगरसभा सन्चालन तथा कानून निर्माण प्रकृया सम्बन्धी कानूनी व्यवस्थाबारे अभिमुखीकरण तथा अन्तरक्रिया भै प्रदेश सभा र स्थानीय सभा बीच समन्वय र अन्तर सम्बन्ध स्थापित भएको,
- सरकारबाट पेश भएका चार वटा विधेयकहरु सभाबाट पारित,
- विषयगत समितिहरुबाट आ-आफ्ना क्षेत्राधिकार भित्रका विभिन्न निकायहरुको अनुगमन/निगरानी भएको।

## २.१.१६. समस्या र चुनौती

**समस्याः**

**क) भौतिक पूर्वाधारः**

लुम्बिनी प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी)मा प्रदेश सभा परिसर स्थापना गरिएसँगै तयार हुनुपर्ने ५ वटा संसदीय पूर्वाधार मध्ये प्रदेश सभा भवन, प्रदेश सभा सचिवालय भवनको निर्माण भइसकेको तर विषयगत समिति भवन, संसदीय दलका कार्यालय भवन र पुस्तकालय भवन तयार भइसकेका छैनन् । संसदीय दलका कार्यालयहरुलाई तत्कालिन राप्ती प्राविधिक शिक्षालयका पुराना भवनहरुलाई नै मर्मत गरी अस्थायी व्यवस्थापन गरिएको छ । पुस्तकालयलाई सचिवालयभित्रै रहेको बैठक कक्षलाई संवाद केन्द्रसँग एकीकृत रुपमा अस्थायी व्यवस्था गरिएको छ । विषयगत समितिहरुका लागि आवश्यक पर्ने सभापतिज्यूहरुको कार्यकक्ष र बैठक कक्षहरुको व्यवस्थापनमा धेरै समस्या छ । यद्यपि यी बाँकी तीनै पूर्वाधार भवनहरु खानेपानी तथा शहरी विकास मन्त्रालयले ठेक्का लगाइसकेको अवस्था छ । ती भवनहरु तयार नहुञ्जेल सचिवालयलाई व्यवस्थापन गर्न परेको समस्या यथावत छ ।

**ख) मानव संशाधन:-**

प्रदेश सभा सचिवालयको कार्य विस्तृतीकरण हुँदै गएसँगै २०७४ सालमा संघीय सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरी पठाएको कर्मचारी दरबन्दीले धान्न नसक्ने अवस्था छ। उदाहरणका लागि उक्त दरबन्दी तेरिजमा सभाका बैठकहरुको छायाङ्कनको लागि अनिवार्य रहेको भिडियो ग्राफर/फोटो ग्राफर नै छैन । संसदमा पुस्तकालय पाँचौ महत्वपूर्ण अवयव हुन्छ तर पुस्तकालय संचालनका लागि कर्मचारीहरुको बारेमा पनि उल्लेख छैन। यस्ता अन्य प्राविधिक र अप्राविधिक पदहरुको स्थायी दरबन्दी सिर्जना भइनसकेको हुनाले कर्मचारी अभाव भई प्रदेश सभा सचिवालयको कार्य सम्पादनमा समस्या छ। यसका साथै प्रदेश सभाका कार्यहरु विशेष प्रकृतिका हुने भएकाले दक्ष जनशक्तिको आवश्यकता पर्छ । प्रदेश सभा सचिवालयका विभिन्न विशिष्ट जिम्मेवारीमा कार्यरत कर्मचारीहरुलाई दक्षता प्राप्त गर्दैगर्दा सचिवालयसँग कुनै परामर्श नगरी कर्मचारी सरुवा गरिनु एउटा समस्याको रुपमा रहेको छ।

**ग) कानून कार्यान्वयनमा कठिनाई:**

लुम्बिनी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुका पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ ऐनले प्रदेश सभा रहेको जिल्लामा घर भएका माननीय सदस्यहरुलाई घरभाडाका लागि सुविधा नदिने व्यवस्था गरेको तर पश्चिम दाङ्ग घर भएका माननीय सदस्यहरुलाई घर भाडामा नलिई नहुने अवस्था भएकोले उक्त सुविधा सम्बन्धी कानूनी व्यवस्था वस्तुगत अवस्थासँग मेल नखाएको देखिन्छ।

**घ) सवारी साधनको अपर्याप्तता:**

प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ बमोजिम प्रदेश सभाका पदाधिकारीहरुलाई सवारी साधन उपलब्ध गराउनु पर्ने र सचिवालयका महाशाखा प्रमुख समेतलाई सवारी साधनको अपर्याप्त भएको ।

**चुनौती:-**

(क) यसै वर्ष विषयगत समितिको सभापतिको निर्वाचन सम्पन्न भैसकेकोले सभापतिको कार्यकक्ष र बैठक कक्षहरु व्यवस्थापन गर्नुपर्ने चुनौती छ,

(ख) लुम्बिनी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुका पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५मा भएको संशोधन बमोजिम ५ जना वा त्यो भन्दा बढी सदस्य हुने संसदीय दलका नेता तथा प्रमुख सचेतकलाई पनि सवारी साधन उपलब्ध गराउनु पर्ने भएकोले उक्त संशोधन अघि उपलब्ध सवारी साधनहरुबाट आवश्यकता धान्नुपर्ने चुनौती यथावत छ,

(ग) कर्मचारी अभाव भएको र विशेष प्रकृतिका कार्य गर्न खटाइएका कर्मचारीको कार्यकाल अनिश्चित हुने भएकोले उपलब्ध कर्मचारीहरुलाई दोहोरो तेहोरो जिम्मेवारीमा खटाउने चुनौती यथावत छ,

(घ) पुस्तकालय भवन निर्माण भइनसकेको अवस्थामा स्थान अभावको कारणले प्रदेश सभाको पुस्तकालयलाई संवाद केन्द्र, बैठक कक्ष र विद्युतीय पुस्तकालय समेत गरी चौहोरो काममा प्रयोग गर्नेगरी व्यवस्थापन गर्न चुनौती यथावत छ,

ङ) विषयगत समितिहरुले स्थलगत अनुगमन गर्न जाँदा हुने खर्च लुम्बिनी प्रदेश सरकार ,सार्वजनिक खर्च निर्देशिका २०७९ तथा प्रदेश सभाको संसदीय निगरानी व्यवस्थापन ( कार्य संचालन ) कार्यविधि २०७६ ले व्यवस्था गरेको खर्च मापदण्ड न्यून देखिएकोले सो बमोजिम संसदीय अनुगमन कार्य गर्न चुनौतीपूर्ण रहेको,

च) अपर्याप्त सवारी साधनबाट सवारी व्यवस्थापन चुनौतीपूर्ण रहेको।

## २.१.१७. समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरुः

(१) प्रदेश सभा सचिवालयलाई आबश्यक जनशक्ति व्यवस्थापनको लागि संसद सेवाको गठनका निम्ति आवश्यक कानूनको तर्जुमा गरी संगठन संरचना तथा जनशक्ति सर्भेक्षण पारित गरी कार्यान्वयनमा जानुपर्ने,

(२) निर्माणाधीन विषयगत समिति भवन, संसदीय दल भवनहरु र पुस्तकालय भवनको निर्माण कार्यलाई छिटो टुङ्ग्याउन शहरी विकास मन्त्रालयलाई ताकेता गर्नुपर्ने,

(३) मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा प्रदेश सभा सचिवालयले माग गरी पठाइएको अत्यावश्यक सवारी साधनहरु उपलब्ध गराउनुपर्ने,

(४) कानूनमा प्रदेश सरकारले गर्ने भनिएका तर व्यवहारमा प्रदेश सभा सचिवालयले गर्नुपर्ने कार्यहरुलाई अधिकार प्रत्यायोजन गर्नुपर्ने,

(५) सुविधा सम्बन्धी कानूनलाई समयानुकूल संशोधन गर्नुपर्ने,

(६) प्रदेश सभाको संसदीय निगरानी सम्बन्धी कार्यलाई स्वायत्त र प्रभावकारी बनाउन प्रदेश सभाको आर्थिक कार्यविधि सम्बन्धी छुट्टै ऐन बनाउनुपर्ने।

## २.१.१८. आगामी कार्यदिशाः

(१) प्रदेश सभाको परिसरमा आवश्यक पर्ने पाँच वटै अवयवहरुलाई क्रियाशील बनाउन आवश्यक पूर्वाधारहरु तयारी पुरा गरिने छ।

(२) पहिलो प्रदेश सभाले निर्माण गरेका कानूनहरुको क्रमशःउत्तरविधायिकी परीक्षणहरु गरिनेछन्।

(३) प्रदेश सभा सचिवालयको कर्मचारी सम्बन्धी ऐन बनाउन आवश्यक कार्य गरिनेछ।

(४) प्रदेश सभाको आर्थिक कार्यविधि सम्बन्धी ऐन बनाउन आवश्यक कार्य गरिनेछ।

(५) प्रदेश सभाको विधायन सम्बन्धी कार्यलाई पूर्ण डिजिटलाइजेन गरिनेछ।

(६) प्रदेश सभाको संसदीय निगरानी सम्बन्धी कार्यलाई स्वायत्त र प्रभावकारी बनाउन आवश्यक सहयोग गरिनेछ।

### २.१.१९. निष्कर्षः

(१) प्रदेश सभा सचिवालयले आर्थिक वर्ष २०८०/८१ मा ६६.३० प्रतिशत बजेट खर्च गर्न सफल भएको छ।

(२) प्रदेश सभा संचालनका लागि आवश्यक आधारभूत पूर्वाधारहरुको व्यवस्थापन गरिएको छ।

(३) प्रदेश सरकारबाट पेश भएका भएका विधेयकहरु उपर सभा र समितिमा छलफल भै पारित भएका छन्।

(४) सूचना र प्रविधिको अधिकतम उपयोगद्वारा प्रदेश सभा र सचिवालयको कामलाई कुशल र प्रविधिमैत्री बनाइएको छ।

(५) संसदीय बाह्य पहुँचका कार्यक्रमहरु संचालन गरिएको।

(६) खुला संसद्को अवधारणा बमोजिम सामाजिक सन्जालहरु मार्फत संसदीय गतिविधिहरुलाई प्रत्यक्ष प्रसारण गरी जनमानसमा पुर्याउने काम भएको।

# २.२ प्रदेश लोक सेवा आयोग

## २.२.१. पृष्ठभूमि :

नेपालको संविधानको भाग २३ धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था रहेको छ। यस संवैधानिक व्यवस्था अनुरुप प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोग गठन भई आयोगको कार्यालय लुम्बिनी प्रदेशको बुटवलमा स्थापना भई सञ्चालनमा आएको छ। प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउनका लागि गठन भएको हो। यसै गरी प्रदेश र स्थानीयस्तरमा उल्लिखित सेवाका विभिन्न सेवा समूहका पदहरूमा उपयुक्त जनशक्तिलाई आकर्षित गर्ने, परीक्षा संचालन गरी सिफारिस गर्ने कार्यमा निष्पक्षता, तटस्थता र योग्यता कायम गरी जनशक्ति व्यवस्थापनमा प्रदेश सरकारलाई सहयोग गर्ने उद्देश्यले प्रदेश लोक सेवा आयोग क्रियाशिल रहेको छ ।

## २.२.२. दीर्घकालीन सोच:

प्रदेश सरकारको दीर्घकालीन सोच **"समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश"** अनुरुप लुम्बिनी प्रदेशमा गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च नैतिक चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्ने साथै प्रदेशमा सुशासन प्रवर्द्धनमा सहयोग गर्ने ।

## २.२.३. उद्देश्य:

- प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरू सञ्चालन गर्ने,
- परीक्षा पद्धतिमा सुधार गरी समसामयिक एवम् वैज्ञानिक प्रणाली अवलम्बन गर्ने,
- सेवा प्रवाहसँग सम्बन्धित समय सापेक्ष पाठ्यक्रम तर्जुमा गरी दक्ष उम्मेदवार छनोट गर्ने,
- लोक सेवाका मूलभूत मान्यता : योग्यता प्रणाली, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने,
- प्रदेश, स्थानीय तह र अन्य तोकिएको क्षेत्रमा जनशक्ति व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्ने,
- तोकिएका विषयमा सम्बन्धित निकायलाई परामर्श दिने ।

### २.२.४. रणनीतिहरू:

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६१ र ६२ मा व्यवस्था भए बमोजिम निर्माण गरिएका आयोगको नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिकाको कार्यान्वयन तथा अद्यावधिक गर्दै जाने,
- आयोगको लागि आवश्यक हुने विभिन्न विषय क्षेत्रका विज्ञको रोस्टर सूची तयार तथा अद्यावधिक गर्दै जाने,
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न तहका पदको पाठयक्रम निर्माण र अद्यावधिक गर्दै जाने,
- आयोगको भौतिक पूर्वाधार, जनशक्ति र प्रविधिको विकास गर्दै आयोगको सक्षमता वृद्धि गर्ने,
- लोक सेवा आयोगका मूलभूत मान्यता, योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने,
- गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम, चरित्रवान र सामाजिक उत्तरदायित्त्व बहन गर्न सक्ने जनशक्ति छनोट गर्ने,
- प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरूलाई सुशासन प्रवर्द्धनका लागि सहयोग गर्ने।

### २.२.५. कार्यक्षेत्र:

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ मा उल्लेख भए बमोजिम यस आयोगको कार्यक्षेत्र देहाय बमोजिम रहेका छन्

- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने,
- प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने,
- प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा परामर्श दिने,
- संगठित संस्थाको सेवाका कर्मचारीहरूको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने,
- प्रदेश निजामती सेवाको शर्त सम्बन्धी विषयमा प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने,
- कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामतीसेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने,

- आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्नुपर्ने विषयमा र प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा परामर्श दिने ।

### २.२.६. कानूनी तथा नीतिगत व्यवस्थाहरू

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हालसम्म प्रयोग गर्दै आएका कानून एवम् कार्यविधिहरू निम्न अनुसार छन्:-

- नेपालको संविधान
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- कर्मचारी समायोजन ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६
- प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७
- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७६
- प्रदेश लोक सेवा आयोग परामर्श सम्बन्धी (कार्यविधि) निर्देशिका, २०८०
- प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६
- परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरू,
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू,
- लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्त र निर्णयहरू,
- प्रदेश लोक सेवा आयोगका समय–समयका निर्णयहरू,
- लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू ।

## २.२.७. संगठन संरचना तथा जनशक्ति विवरण

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | स्वीकृत दरवन्दी | पदपूर्ति संख्या | रिक्त दरवन्दी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | प्रशासन | सा.प्र. | एघारौँ | १ | १ | ० |
| २ | उपसचिव/ व.उपसचिव | प्रशासन | सा.प्र. | नवौं/दशौँ | २ | २ | ० |
| ३ | शाखा अधिकृत/व.शाखा अधिकृत | प्रशासन | सा.प्र. | सातौं/आठौँ | ४ | ४ | ० |
| ४ | कम्प्युटर ईन्जिनियर | विविध | विविध | सातौ/आठौँ | १ | ० | १ |
| ५ | कानून अधिकृत | न्याय | कानुन | सातौ/आठौँ | १ | १ | ० |
| ६ | शिक्षा अधिकृत/व.शिक्षा अधिकृत | शिक्षा | शि.प्र. | सातौ/आठौँ | १ | १ | ० |
| ७ | वरिष्ठ प्रशासन सहायक/अधिकृत | प्रशासन | सा.प्र. | पाँचौं/छैटौँ | ९ | ८ | ० |
| ८ | कम्प्यूटर अपरेटर/अधिकृत (कम्प्यूटर) | विविध | विविध | पाँचौं/छैटौँ | ४ | ४ | ० |
| ९ | लेखापाल/अधिकृत( लेखा) | प्रशासन | लेखा | पाँचौं/छैटौँ | १ | १ | ० |
| १० | ह.स.चा. | | | श्रेणी विहीन | ५ | ५ | ० |
| ११ | का.स. | | | श्रेणी विहीन | ४ | ४ | ० |
| **जम्मा** | | | | | ३३ | ३१ | २ |

# प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, बुटवल




## २.२.८. वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नि.का.को बुदाँ नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १६६ | प्रदेश र स्थानीय तहमा जनशक्ति भर्ना र छनोटको कार्यलाई प्रभावकारी र विश्वसनीय बनाउन प्रदेश लोक सेवा आयोगको पूर्वाधार विकास एवम् क्षमता अभिवृद्धि गर्ने। | भौतिक संरचनाका विषयमा प्रदेश सरकारलाई अनुरोध गरिएकोमा लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्)को मिति २०८०/०५/२६ को निर्णयानुसार हाल श्रम तथा रोजगार कार्यालयको भवन बुटवलमा आयोगको कार्यालय स्थानान्तरण गरिएको। कर्मचारी क्षमता विकासका कार्यक्रम आवश्यकतानुसार सञ्चालन गरिएको । |

## २.२.९. वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब.व.को बुदाँ नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १८६ | प्रदेश लोक सेवा आयोयगको संस्थागत सुदृढीकरण गरिनेछ। | ❖ प्रदेश र स्थानीय सरकारी सेवा अन्तर्गतका विभिन्न पदका लागि आवश्यक पाठ्यक्रम निर्माण गरिएको,<br>❖ आर्थिक वर्ष २०८०/८१ मा गत आ.व.मा गरिएका विज्ञापनका पदहरूसमेत गरी कुल १०८६ जना उम्मेदवारहरू छनौट गरी सिफारिस गरिएको,<br>❖ प्रदेश तथा स्थानीय तहका पदाधिकारीहरूसँग पदपूर्ति र जनशक्ति व्यवस्थापनका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको। |

## २.२.१०. आर्थिक वर्ष २०८०/८१ को स्रोतगत आय र व्ययको विवरण (रु.हजारमा)

| क्र.स | श्रोत | शुरुको बजेट | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | - | - |
| २ | नेपाल सरकार सशर्त अनुदान | | - | - |
| ३ | नेपाल सरकार समपूरक अनुदान | | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | १०००० | १०००० | ६९२६८.९ |

## २.२.११. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु | ८९२३१ | ६२५४४ | ७०.०९ |
| २ | पुँजीगत | १०७६९ | ६७२४ | ६२.४४ |
| जम्मा | | १००००० | ६९२६८ | ६९.२७ |

### २.२.१२. आर्थिक वर्ष २०८०/८१ को वार्षिक राजश्व संकलनको विवरण अनुमान (रु.हजारमा)

| क्र.सं. | शिर्षक | लक्ष्य | प्राप्त रकम |
|---|---|---|---|
| १ | परीक्षा शुल्क(१४२२४) | नतोकिएको | ६०३१८ |
| २ | बेरुजु असुली(१५१११) | नतोकिएको | ९ |
| ३ | अन्य प्रशासनिक सेवा शुल्क(१४२२९) | नतोकिएको | ८१.५९ |
| जम्मा | | | ६०२२८.९९ |

### २.२.१३. विकास आयोजना तथा कार्यक्रमहरूबाट सिर्जित रोजगारीको विवरण

| क्र.सं. | कार्यक्रम | लाभान्वित संख्या | रोजगारी संख्या |
|---|---|---|---|
| १. | प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड,२०७६ बमोजिम परीक्षा सञ्चालनसँग सम्बन्धित सम्पूर्ण खर्चहरू | आ.व.२०८०/८१ मा कुल १,११,६८२ जना उम्मेदवारहरूले विभिन्न पदका लागि दरखास्त पेश गर्ने अवसर प्राप्त गरेका छन्। | आ.व.२०८०/८१ मा कुल १०८६ जना उम्मेदवारहरू प्रदेश तथा स्थानीय तहमा नियुक्तिका लागि सिफारिस गरिएको छ। |

## २.२.१४. आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु. हजारमा)

| क्र.सं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | प्रगति% | खर्च | खर्च % |
| | **चालु कार्यक्रम खर्च** | | | | | | |
| १ | सिप विकास सम्बन्धी कार्यक्रम | १ | ३०० | १ | १०० | २६१.६ | ८७.१९ |
| २ | आयोगको परीक्षा संचालनको अति गोप्य कार्य संचालन सम्बन्धी अभिमुखीकरण | १ | ५०० | ० | ० | ० | ० |
| ३ | पाठ्यक्रम निर्माण एवम् परिमार्जनका कार्यहरू | १ | १००० | १ | १०० | ६०९.२ | ६०.९२ |
| ४ | बुलेटिन तथा ब्रोसर तथा पुस्तक प्रकाशन | १ | २०० | ० | ० | ० | ० |
| ५ | नियम कानून तर्जुमा तथा अद्यावधिक सम्बन्धी कार्यहरू | १ | ३०० | ० | ० | ० | ० |
| ६ | प्रदेश लोक सेवा आयोगको स्थापना दिवस मनाउने | १ | २०० | १ | १०० | १५२.८ | ७६.४२ |
| ७ | अन्तरप्रदेश लोक सेवा आयोगबीच सफल अभ्यास आदान प्रदान | ४ | ५०० | ४ | १०० | २९६.४ | ५९.२८ |
| ८ | परीक्षा सञ्चालनमा खटिने जनशक्तिको अभिमुखीकरण | २ | ४०० | ० | ० | ० | ० |
| ९ | प्रदेश लोक सेवा आयोगको प्रवर्धनात्मक कार्यक्रम | ४ | ४०० | ० | ० | ० | ० |
| १० | नियुक्ति, बढुवा, कारवाही एवम् राय परामर्शको कार्यान्वयनको अवस्था साथै कानून निर्माण रिक्त पदको माग संकलन एवम् पदपूर्तिको अवस्थाको अनुगमन गर्न | १० | ५०० | १० | १०० | १३३.१ | २६.६२ |
| ११ | वार्षिक प्रतिवेदन प्रकाशन | १ | ५०० | १ | १०० | ३६०.९ | ७२.१८ |
| १२ | आयोगको लागि आवश्यक लोगो निर्माण | १ | १६० | १ | १०० | १३०.२ | ८१.३७ |
| १३ | प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६ बमोजिम परीक्षा संचालनसँग सम्बन्धित सम्पूर्ण खर्चहरू | १ | ४५९५६ | १ | १०० | ३१६९६ | ६८.९६ |

| क्र.सं | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | बजेट | परिमाण | प्रगति % | खर्च | खर्च % |
| | **पुँजीगत खर्च** | | | | | | |
| १ | कार्यालयको लागि OMR Machine खरिद | १ | २५०० | १ | १०० | १६३९ | ६५.५४ |
| २ | Duplacting Machine खरिद | १ | ९०० | ० | ० | ० | ० |
| ३ | फोटोकपि मेशिन खरिद | १ | ३६० | १ | १०० | २९५ | ८१.९४ |
| ४ | डेक्सटप कम्प्यूटर खरिद | ६ | ५७४ | ६ | १०० | ५६३.५ | ९८.१७ |
| ५ | ल्यापटप खरिद | ६ | ७२० | ६ | १०० | ६३९ | ८८.७५ |
| ६ | इन्भर्टर खरिद | १ | ५० | १ | १०० | ४० | ८० |
| ७ | प्रिन्टर खरिद | ७ | २५० | ७ | १०० | २४६.१ | ९८.४४ |
| ८ | एसी खरिद | ४ | ४०० | ६ | १५० | ३८७ | ९६.७५ |
| ९ | जेनेरेटर खरिद | १ | १००० | १ | १०० | ८९१.४ | ८९.१४ |
| १० | कार्यालयको लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद | १ | १००० | १ | १०० | ९८३.८ | ९८.३८ |
| ११ | गोप्य कोठाको लागि आवश्यक फर्निचर खरिद | १ | १००० | १ | ३० | १६९.७ | १६.९७ |
| १२ | उत्तरपुस्तिका परीक्षण गर्ने विज्ञहरूको लागि दराज खरिद | २ | ११५ | २ | १०० | ८८.२९ | ७६.७७ |
| १३ | कार्यालय भवनको रंगरोगन, Partition, झ्याल ढोका मर्मत, चुहिने छानो मर्मत लगायत सबै मर्मत कार्यहरू | १ | १००० | १ | १०० | २९१.८ | २९.१८ |
| १४ | Online Recruitment System को मर्मत सम्भार तथा स्तरोन्नती | १ | ९०० | १ | ५० | ४९०.४ | ५४.४८ |

### २.२.१५. बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको) (रु. हजारमा)

| क्र.सं. | बेरूजु किसिम | आ.व.२०७९/८० सम्मको म.ले.प. बेरुजु(रु.) | सम्परीक्षण भएको बेरुजु (रु.) | सम्परीक्षण भई बाँकी रहेको बेरुजु (रु.) |
|---|---|---|---|---|
| १ | नियमित गर्नुपर्ने | - | - | ११०३.०२६ |
| २ | असुल उपर गर्नुपर्ने | - | - | - |
| ३ | पेश्की | - | - | - |
| कुल जम्मा | | - | - | ११०३.०२६ |

### २.२.१६. आर्थिक वर्ष २०८०/८१ का महत्वपूर्ण उपलब्धिहरू

- आ.व.२०८०/८१ मा आ.प्र., खुला तथा समावेशी तर्फ विभिन्न ३३ वटा विज्ञापनमार्फत खुला ४१२, महिला ७०, आदिवासी जनजाति ३२, मधेशी १८, दलित १४ गरी कुल ५४६ पद, आन्तरिक प्रतियोगिता तर्फ ९ पद र बढुवा तर्फ १९७ गरी कुल ७५२ वटा पदका लागि विज्ञापन प्रकाशन गरिएकोमा खुला तथा समावेशी तर्फका कुल ५४६ पद र आ.प्र. तर्फ ९ पद गरी जम्मा ५५५ पदका लागि दरखास्त आव्हान गरिएको,
- कुल ३३ वटा विज्ञापनहरूमा अनलाईन दरखास्त व्यवस्थापन प्रणाली मार्फत आवेदन संकलन गरी सम्बन्धित पदको न्यूनतम शैक्षिक योग्यता र आवश्यक कागजातसहित रितपूर्वक पेश हुन आएका कुल १,११,६८२ जना उम्मेदवारहरूको दरखास्त स्वीकृत गरिएको,
- स्थानीय सरकारी सेवा र प्रदेश निजामती सेवा तर्फ खुला ६८७, महिला १९१, आदिवासी जनजाति ११३, मधेशी ६४, दलित २६, अपाङ्ग ४ र पिछडिएको क्षेत्रमा १ गरी जम्मा १०८६ जना उम्मेदवाहरू पदपूर्तिका लागि सिफारिस गरिएको,
- विभिन्न सेवा, समूहका गरी कुल १२ वटा पाठ्यक्रमहरू निर्माण गरिएको।

### २.२.१७. समस्या तथा चुनौतिहरू

- ❖ ऐन:- स्थानीय सरकारी सेवा ऐन समयमै नबन्दा कर्मचारीको नियुक्ति, सरुवा, बढुवा तथा अन्य वृत्ति विकासका विषयमा असर परेको।
- ❖ जनशक्ति:- आयोगको कार्य प्रकृति र द्विन्ध सिद्धान्त बमोजिम आयोगमा आवश्यक पर्ने जनशक्ति माग गरी संगठन संरचना तथा दरबन्दी स्वीकृतिको लागि प्रदेश सरकारसमक्ष अनुरोध गरिएकोमा सो अनुरुपको संगठन संरचना तथा दरबन्दी स्वीकृत नभएको कारण जनशक्ति अत्यन्तै न्यून भइ वार्षिक कार्यतालिका अनुसार कार्यसम्पादन गर्न असहज भैरहेको।
- ❖ कर्मचारी सरूवा:- लोक सेवा आयोगको कार्य प्रकृतिका हिसाबले कर्मचारीको स्थायित्वको महत्वपूर्ण भूमिका रहेको हुन्छ। आयोगमा कार्यरत कर्मचारीले निश्चित गोप्य तथा संवेदनशील जिम्मेवारी लिएको हुने र त्यस अनुसार काम गरिरहेको कर्मचारीलाई आयोगसँग समन्वय नगरी सरुवा गर्दा आयोगको कार्यतालिका बमोजिम काम सम्पन्न गर्न अत्यन्तै कठिनाइ भएको छ। जसले गर्दा प्रदेश सरकार तथा स्थानीय तहहरूको माग बमोजिम समयमै जनशक्ति सिफारिस गरी पठाउन कठिनाइ भएको।

### २.२.१८. समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरू

(क) नेपालको संविधान बमोजिम स्थानीय तहका लागि विभिन्न सेवाहरूको गठन र सञ्चालन एवम् कर्मचारी व्यवस्थापनका लागि आवश्यक कानूनहरू यथाशीघ्र तर्जुमा हुनुपर्ने,

(ख) लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलनबाट प्रदेश लोक सेवा आयोगहरूको कार्यप्रकृति अनुसार संगठन संरचनामा एकरुपता कायम गर्ने सम्बन्धमा प्राप्त सुझाव बमोजिम सबै प्रदेशमा एकरुपता कायम गर्ने गरी तयार गरिएको संगठन संरचना तथा दरबन्दी प्रदेश सरकारबाट स्वीकृत गरी लागू गर्नुपर्ने,

(ग) लोक सेवा आयोगको प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता, अभ्यास, विधि तथा मापदण्ड र योग्यता, निष्पक्षता, स्वच्छता, परिचय शून्यता, असंलग्नता तथा गोपनीयता आदि सिद्धान्तहरूलाई ध्यानमा राखी विभिन्न सेवाका लागि उपयुक्त उम्मेदवार छनौटको लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरूको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा संकेत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, अन्तरवार्ता सञ्चालन र सिफारिस लगायतका कार्यसम्पादन गर्न शाखाहरूको विद्यमान संरचना र स्वीकृत दरबन्दी अपुग छ। कार्यचापको आधारमा आयोगलाई आवश्यक भौतिक संरचना र जनशक्ति प्रदेश सरकारबाट उपलब्ध गराउनुपर्ने,

(घ) आयोगमा कार्यरत कर्मचारीको सरुवा गर्दा प्रदेश लोक सेवा आयोगसँग समन्वय हुनुपर्ने,

(ङ) प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूको अभिलेख व्यवस्थापनका लागि प्रदेश किताबखानाको स्थापना गर्नुपर्ने,

(च) आयोगले सिफारिस गरी पठाएका उम्मेदवारहरूलाई कार्यसम्पादन प्रक्रिया लगायतका विषयमा प्रदेश सरकारले आधारभूत तालिम दिई कार्यस्थलमा पठाउने व्यवस्था मिलाउनु पर्ने,

(छ) प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूलाई पदको कार्यविवरण र सम्पादन गर्नुपर्ने कार्यसँग मिल्दोजुल्दो पाठ्यक्रम निर्माण गरी सेवा प्रवेश एवम् सेवाकालीन तालिम दिनुपर्ने ।

## २.२.१९. आगामी कार्यदिशा

- ❖ प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाका सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने,
- ❖ स्वच्छता, निष्पक्षता, योग्यता प्रणाली अवलम्बन गर्ने,
- ❖ वैज्ञानिक परीक्षा प्रणालीको सुनिश्चितता गर्ने,
- ❖ विज्ञहरूको सूची निरन्तर थप र अध्यावधिक गर्ने,
- ❖ निष्पक्षता र स्वच्छतापूर्वक योग्यता प्रणाली अवलम्बन गर्ने ।

## २.२.२०. निश्कर्षः

नेपालको संविधानमा एवम् ऐनमा भएको व्यवस्था बमोजिम लुम्बिनी प्रदेश र यस अन्तर्गतका स्थानीय तहमा आवश्यक जनशक्ति भर्ना गर्दा दक्ष जनशक्तिलाई आकर्षण गरी निष्पक्षता एवम् योग्यता प्रणाली अनुरुप वैज्ञानिक रुपमा परीक्षा संचालन देखि सिफारिससम्मका कार्यमा नवीन सोच सहित आयोगका काम कारबाहीमा प्रभावकारिता ल्याउन आयोग सदैव प्रयत्नशील रहेको छ। आगामी दिनमा प्रदेश सरकारसँगको सहकार्यमा आयोगले प्रकाशित गरेको कार्यतालिका बमोजिम रिक्त दरबन्दी पदपूर्तिका कार्यमा आयोग केन्द्रित रहनेछ । आयोगले ऐन, नियमावली, निर्देशिका, आचारसंहिता निर्माणको कार्य गरिसकेको छ । प्रदेश सरकार, मन्त्रालयहरू, कार्यालयहरू एवम् स्थानीय तहहरूसँग निरन्तर अन्तरक्रिया कार्यक्रम संचालन निरन्तर रुपमा भैरहेको छ। अत: आयोग आगामी दिनमा वार्षिक कार्यतालिका बमोजिम कर्मचारी भर्ना प्रक्रियाका लागि सम्बन्धित निकायसँगको समन्वयमा अगाडि बढ्ने नै छ । गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च नैतिक चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्नेछ ।यसबाट प्रदेश र स्थानीय तहमा जनशक्तिको पदपूर्ति भई सेवा प्रवाहमा सहजता ल्याउँदै सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने गरी कार्यसम्पादनमा जुट्ने आयोगको आगामी कार्यदिशा रहेको छ ।

# २.३ लुम्बिनी प्रदेश योजना आयोग

## २.३.१. संक्षिप्त परिचय

प्रदेश सरकार (मन्त्रिपरिषद्)को मिति २०७४ चैत्र ६ गतेको निर्णय अनुसार प्रदेश नं. ५ प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत भई सोही मितिको निर्णयानुसार प्रदेश योजना आयोगको गठन गरिएको हो। प्रदेशको दूरगामी सोंच सहित विकासको अवधारणा तयार गर्ने, योजनाको लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश सरकारका महत्वपूर्ण नीति तथा कार्यक्रम र आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट सूचनाहरुको अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने संस्थाको रुपमा प्रदेश योजना आयोग गठन भएको हो।

## २.३.२. कार्यक्षेत्र

आयोगको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था

**दीर्घकालीन सोंच, तथ्यपरक नीति तथा योजना तर्जुमा**

(क) प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने,

(ख) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

(ग) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,

(घ) राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्न लगाउने,

(ङ) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

(च) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने;

(छ) प्रदेशको स्थिती पत्र, श्वेतपत्र तयार गर्ने,

(ज) वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने ।

**अनुगमन तथा मूल्यांकन**

(क) अनुगमन तथा मूल्याङ्कन मापदण्ड, कार्यविधि, फ्रेमवर्क बनाउने,

(ख) प्रदेशको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागु गरी संस्थागत गराउने,

(ग) मूल्यांकनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी बिषयक्षेत्रगत नीतिहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्यांकन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने,

(घ) प्रभाव मूल्यांकनको आधारमा नीति तथा कार्यान्वयन तहमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने,

(ङ) अनुगमन तथा मूल्यांकनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत, पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने ।

**तहगत समन्वय**

संघ,प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने ।

**अध्ययन, अनुसन्धान तथा अन्वेषण**

(क) कुनै प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रिय, राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(ख) प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

(ग) आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र ब्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने बिषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने ।

**अन्य**

- प्रदेश विशेष अनुदानका लागि स्थानीय तहबाट प्रस्ताव माग भई आएका आयोजना/कार्यक्रमहरुमध्येबाट छनौट गरी स्वीकृतीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गर्ने,

❖ बहुवर्षीय ठेक्का सहमतिका लागि माग भई आएका आयोजना/कार्यक्रमहरु कार्यान्वयनका लागि मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सहमति वा स्वीकृती प्रदान गर्ने ।

### २.३.३. कानूनी तथा नीतिगत व्यवस्था

| क्र.सं. | ऐन, नियमावली, गठन आदेश |
|---|---|
| १. | लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०८० |

### २.३.४. संगठन संरचना तथा जनशक्ति विवरण

लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश, २०८० बमोजिम लुम्बिनी प्रदेश योजना आयोगको अध्यक्ष प्रदेश सरकारका माननीय मुख्यमन्त्री रहने व्यवस्था रहेको छ।

**क. आयोगको संगठन संरचना**



## ख. आयोगको सचिवालयको संगठन संरचना तथा जनशक्ति विवरण :




*नोटः १ जना हलुका सवारी चालक आयोगका उपाध्यक्षको पदको नियूक्तिसँगै कायम हुने र पद रिक्त वा पदमुक्त भएमा स्वतः पदमुक्त हुने।*

**ग. आर्थिक वर्ष २०८०/८१ को स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्था:**

| **क्र.सं.** | **पद** | **सेवा** | **समूह** | **श्रेणी/तह** | **कूल दरबन्दी** | **पदपूर्ति संख्या** | **रिक्त** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ | ० | |
| २ | उप सचिव | प्रदेश प्रशासन | सा.प्र. | अधिकृत नवौ/दशौ | १ | ० | १ | |
| ३ | अधिकृत | प्रदेश प्रशासन | सा.प्र. | सातौ/आठौ | १ | ० | १ | |
| ४ | तथ्याङ्क अधिकृत | प्रदेश प्रशासन | तथ्याङ्क | सातौ/आठौ | १ | १ | ० | |
| ५ | सहायक/अधिकृत | प्रशासन | सामान्य प्रशासन | पाँचौ/अ.छैठौं | २ | १ | १ | |
| ६ | सहायक /अधिकृत | प्रशासन | लेखा | पाँचौ/अ.छैठौं | १ | १ | ० | |
| ७ | कम्प्यूटर अपरेटर/कम्प्यूटर अधिकृत | विविध | विविध | पाँचौ/अ.छैठौं | २ | १ | १ | |
| ८ | ह.स.चा. | इन्जिनियरिङ्ग | मे. | श्रेणीविहीन | ३ | १ | २ | करार |
| ९ | का.स. | प्रशासन | सा.प्र. | श्रेणीविहीन | ३ | १ | २ | करार |
| **जम्मा** | | | | | **१५** | **७** | **८** | |

## २.३.५. वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | नीति तथा कार्यक्रम | उपलब्धि | कार्यान्वयनमा देखिएका समस्या/चुनौती |
|---|---|---|---|
| १५२ | प्रदेशको बहुआयामिक क्षेत्रका तथ्याङ्क संकलन गरी अनुसन्धानमा आधारित नीति निर्माण र कार्यान्वयन जोड दिइनेछ।संघसंग समन्वय गरी प्रादेशिक तथ्याङ्क संकलन तथा व्यस्थापनका लागि योजना आयोगमा तथ्याङ्क इकाई स्थापना गरिनेछ। | • लुम्बिनी प्रदेशको वस्तुस्थिति विवरण, २०८१ तयार गरी आयोगको वेवसाइटमा राखिएको र लुम्बिनी प्रदेशको डेटा पोर्टल निर्माण कार्य अन्तिम चरणमा रहेको।<br>• तथ्याङ्क इकाई गठनका लागि नयाँ ओ एण्ड एम को तयारी गरिएको। | दरबन्दी अनुसारको कर्मचारी पदपुर्ति नहुँदा प्रादेशिक तथ्याङ्क व्यवस्थापन कार्यमा आवश्यक समय दिन नसकिएको। |
| १५४ | प्रथम आवधिक योजनाको कार्यान्वयनको समीक्षा गरी दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तयार गरिनेछ र प्रदेश विकासको समग्र योजना प्रणालीलाई सहभागितामूलक, तथ्यमा आधारित एवम् नतिजामूलक बनाइनेछ। साथै आवधिक योजनाका लक्ष्य तथा उद्देश्य प्राप्तिमा केन्द्रित भई वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचनाबीच तादम्यता कायम गरिनेछ। | • प्रथम आवधिक योजनाको प्रथम ४ वर्षीय समीक्षा सम्पन्न गरिएको।<br>• दोस्रो आवधिक योजनाको अवधारणापत्र तयार गरिएको।<br>• दोस्रो आवधिक योजनाको विस्तृत दस्तावेज तर्जुमा अन्तिम चरणमा रहेको। | पदाधिकारीहरुको समय समयमा हुने रिक्तता, पर्याप्त कर्मचारीको अभाव, अन्य भैपरी रुपमा आएका कार्यक्रमहरुले गर्दा आवाधिक योजना तर्जुमा तोकिएको समयमा सम्पन्न गर्न कठिनाई भएको। |
| १५५ | प्रदेश गौरवका आयोजना तथा बहुवर्षीय कार्यक्रमको कार्यन्वयनको प्रगति समीक्षा गर्दै उक्त कार्यक्रमको प्रतिफल | | पदाधिकारीहरुको समय समयमा हुने रिक्तता, पर्याप्त कर्मचारीको अभाव, अन्य |

| | | | |
|---|---|---|---|
| | एवम् प्रभाव अध्ययन मूल्याङ्कन गरिनेछ र प्राप्त प्रतिवेदनलाई पृष्टपोषण तथा सिकाईको रुपमा ग्रहण गर्दै निरन्तर सुधारको नीति लिइनेछ। | | भैपरी रुपमा आएका कार्यक्रमहरुले गर्दा समीक्षा कार्य सम्पन्न गर्न कठिनाई भएको। |
| १५६ | आर्थिक-सामाजिक संभाव्यता तथा लगानीबाट प्राप्तहुने प्रतिफल विश्लेषणविना स-साना तथा टुक्रे प्रकृतिको कार्यक्रम तथा आयोजना प्रस्ताव गर्ने प्रवृति निरुत्साहित गर्न मन्त्रालय/निकायले वार्षिक विकास कार्यक्रममा नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा प्रदेश योजना आयोगको आयोजना बैंकको कार्यविधि बमोजिम मात्र नयाँ आयोजना/कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाइनेछ। नतिजा-सूचकमा आधारित अनुगमन तथा मुल्याङ्कनको सूचना प्रविधिमैत्री प्रणाली विकास गरिनेछ। | आयोजना बैंकको कार्यविधि तथा प्रविष्टि प्रणाली निर्माणको क्रममा रहेको। | पदाधिकारीहरुको समय समयमा हुने रिक्तता, पर्याप्त कर्मचारीको अभाव, अन्य भैपरी रुपमा आएका कार्यक्रमहरुले गर्दा आयोजना बैंकको कार्य अगाडी बढाउन कठिनाई भएको। |
| १५७ | समग्र प्रदेशको विकासको लागि सरकारी, निजी क्षेत्र, सहकारी, शैक्षिकक्षेत्र सहित नागरिक समाज र गैर-सरकारी संस्था लगायतका विकास साझेदारसँग समन्वय र सहकार्य गरिनेछ। दीगो विकास लक्ष्यको आन्तरिकीकरण तथा स्थानीयकरण, तहगत समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाइनेछ। | दीगो विकास लक्ष्यमा यस प्रदेशको हालसम्मको उपलब्धीहरुको अध्ययनका लागि प्राविधिक सहयोग सम्वन्धमा विकास साझेदारसंग छलफल भएको। | पदाधिकारीहरुको समय समयमा हुने रिक्तता, पर्याप्त कर्मचारीको अभाव, अन्य भैपरी रुपमा आएका कार्यक्रमहरुले दीगो विकास लक्ष्यको आन्तरिकरणको कार्य अगाडी बढाउन कठिनाई भएको। |

## २.३.६. वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| बजेट वक्तव्य बुँदा नं. | बजेट वक्तव्य | उपलब्धि | कार्यान्वयनमा देखिएका समस्या/चुनौती |
|---|---|---|---|
| १८४ | प्रदेशमा योजना अभ्यास र योजना अनुशासनको संस्कृतिको पालना गर्दै प्रदेश योजना आयोगको संस्थागत क्षमता विकास गरी समग्र योजना चक्रलाई व्यवस्थित र पूर्वानुमानयोग्य बनाई सूचना प्रविधिमैत्री आयोजना बैंक र नतिजा-सूचकमा आधारित अनुगमन तथा मुल्याङ्कन प्रणाली विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छ। | आयोजना बैंकको कार्यविधि तथा प्रविष्टि प्रणाली निर्माणको क्रममा रहेको। | पदाधिकारीहरुको समय समयमा हुने रिक्तता, पर्याप्त कर्मचारीको अभाव, अन्य भैपरी रुपमा आएका कार्यक्रमहरुले गर्दा आयोजना बैंकको कार्य अगाडी बढाउन कठिनाई भएको। |
| १७ | स्रोत व्यवस्थापनमा देखिएका समस्या सम्बोधन गरी बजेट अनुशासन कायम गर्न स्रोत सहमति माग गर्ने र स्वीकृत गर्ने विद्यमान प्रणालीमा सुधार गरी नयाँ मापदण्ड तर्जुमा गरिनेछ ।सहमति माग गरेको आर्थिक वर्षमा आयोजनाको कुल लागतको पन्ध्र प्रतिशतमा कम हुने नगरी बजेट विनियोजन भएमा स्रोतको सहमति दिने व्यवस्था मिलाइनेछ। | बहुवर्षीय ठेक्का सहमती सम्बन्धी मापदण्ड, २०८० निर्माण गरिएको। | बहुवर्षीय ठेक्का सहमती सम्बन्धी मापदण्ड, २०८० का केही प्रावधानहरुमा संशोधन तथा परिमार्जनको आवश्यकता रहेको। |
| १९ | प्रदेश योजना आयोगको नेतृत्वमा मुख्यमन्त्री तथा मन्त्रिपिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय र सम्बन्धित मन्त्रालयको प्रतिनिधित्व रहेको अनुगमन संयन्त्र बनाई दश करोड रुपैयाँ भन्दा बढी रकम विनियोजन भएका कार्यक्रम र आयोजना कार्यन्वयनको प्रभावकारी अनुगमन गरिनेछ। उक्त अनुगमन संयन्त्रले दिएको सुझावलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ। | | पदाधिकारीहरुको समय समयमा हुने रिक्तता, पर्याप्त कर्मचारीको अभाव, अन्य भैपरी रुपमा आएका कार्यक्रमहरुले अनुगमन कार्यमा कठिनाई भएको। |

## २.३.७. आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म श्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र.स | श्रोत | शुरुको बजेट | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | - | - |
| २ | नेपाल सरकार सशर्त अनुदान | | - | - |
| ३ | नेपाल सरकार समपूरक अनुदान | | - | - |
| ४ | नेपाल सरकार विशेष अनुदान | | - | - |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | ३९२२७ | ३५३१७ | १६४६२ |

## २.३.८. आर्थिक वर्ष २०८०/८१ विनियोजित बजेट वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | खर्च शीर्षक | कूल बजेट | खर्च | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु खर्च | २८४१७ | १५११३ | ५३.१८ |
| २. | पुंजीगत खर्च | १०८१० | १३४९ | १२.४८ |
| ३. | कुल जम्मा | ३९२२७ | १६४६२ | ४१.९७ |

## २.३.९. आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण (रु.)

| **क्रस.** | **कार्यक्रम/आयोजना** | **कुल बजेट** | **खर्च** | **वित्तीय प्रगति (%)** |
|---|---|---|---|---|
| **पुंजीगततर्फ** | | | | |
| १. | कार्यालय सञ्चालनसँग सम्बन्धित मेशिनरी तथा औजार | ५,००,०००।- | ६३,०००।- | १२.६ |
| २. | कार्यालयको लागि फर्निचर फिक्चर्स | २,००,०००।- | २,००,०००।- | १०० |
| ३. | प्रथम पञ्चवर्षीय आवधिक योजनाको मूल्याङ्कन तथा समिक्षा प्रकाशन | १०,००,०००।- | ९,४९,२००।- | ९४.९ |
| ४. | प्रादेशिक वस्तुस्थिति तर्जुमा तथा प्रकाशन | ५,००,०००।- | ८८,७५०।- | १७.७ |
| ५. | दोस्रो पञ्चवर्षीय योजना तर्जुमाको आवधारण पत्र तयारी तथा प्रकाशन | २,००,०००।- | ४८,३०७।- | २४.१ |
| **चालुतर्फ** | | | | |
| १. | चौमासिक/वार्षिक समिक्षा | ६,००,०००।- | २,२५,७५०।- | ३७.६ |
| २. | योजना तथा मध्यकालिन खर्च संरचना तर्जुमा निर्देशिका | ५,००,०००।- | १,१८,०००।- | २३.६ |

| | | | | |
|---|---|---|---|---|
| ३. | अनुगमन तथा मूल्याङ्कन | ८,००,०००।- | ४,५२,६८९।- | ५६.५ |
| ४. | लुम्बिनी नीति संवाद कार्यक्रम | ७,५०,०००।- | १,०६,४४८।- | १४.२ |
| ५. | दोस्रो पञ्चवर्षीय आवधिक योजना तर्जुमा सम्बन्धी अन्तरक्रिया, छलफल तथा गोष्ठी | १५,००,०००।- | १३,३२,५४६।- | ८८.८ |

## २.३.१०. आर्थिक वर्ष २०८०/८१ मा राजस्व संकलनको विवरण:

| क्र.स. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | आयोगबाट गत आवमा राजस्व संकलन सम्बन्धी कार्य नभएको। |

## २.३.११. बेरुजु फछर्यौटको विवरण:

| क्र.स. | आ.व. | बेरुजुको व्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | २०७७/७८ | २,९५,०००।- पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सचिवालय व्यवस्थापनका लागि स्वीकृत कार्यक्रम संशोधन नगरी सचिवालय व्यवस्थापनको कुनै कार्य नगरी डीएसएलआर क्यामेरा, डायरी छपाई लगाएतका काममा २९५४९६ भुक्तानी गरेको।नियमानुसार कार्यक्रम संशोधन नगरी कार्यक्रम विपरित खर्च लेखेकोले अनियमित देखिएको। | अनियमित भएको |
| २. | २०७८/७९ | २,४४,८२०।- आठ जना कर्मचारीले आन्तरिक पर्यटन काजबापत लिएको रकम निजामति सेवा ऐन विपरित देखिएकोले उक्त खर्चलाई नियमित मान्न नसकिएको। | अनियमित भएको |
| ३. | २०७९/८० | ९४६४०।- तह वृद्धी गरी समायोजन गरेकोमा नयाँ ग्रेड कायम गरी तलव भत्ता भुक्तानी गर्नुपर्नेमा सो नगरी नासु वा सो सरहको पदको जति संख्याका आधारमा माथिल्लो छैठौ तहमा ग्रेड संख्याको तलव भुक्तानी भएको। | प्रमाणका कागजात पेश नभएको |

## २.३.१२. आर्थिक वर्ष २०८०/८१ मा भएका महत्वपूर्ण कार्य तथा उपलब्धिहरु

| **क)** | **वार्षिक विकास बजेट अन्तर्गतका कार्यक्रम अन्तर्गतका उपलब्धिहरु** |
|---|---|
| १ | दोस्रो आवधिक योजनाको अवधारणापत्र तथा अन्तिम दस्तावेज तर्जुमाका लागि विभिन्न सरोकारवालाहरुसंग नीति संवाद, छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको। |
| २ | आवधिक योजना तर्जुमा सम्बन्धी संस्थागत व्यवस्था २०८० मा व्यवस्था भए बमोजिम दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/०८६) को अवधारणा पत्र स्वीकृत तथा प्रकाशन भएको साथै विस्तृत दस्तावेजको मस्यौदा तर्जुमा अन्तिम चरणमा रहेको। |

| | |
|---|---|
| ३ | लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/०८१) को प्रथम ४ वर्षको समीक्षा गरी प्रतिवेदन प्रकाशन गरिएको । |
| ४ | प्रदेश स्तरीय विकास समस्या समाधान समिति (PDAC) को बैठक तथा वार्षिक समीक्षा २०८० भाद्र ५ र ६ गते सम्पन्न गरिएको। |
| ५ | दोस्रो आवधिक योजना निर्माण तथा प्रदेश योजना आयोगहरुविचको अनुभव आदानप्रदान र संस्थागत क्षमता विकासका लागि आयोगका पदाधिकारीहरुबाट वागमती प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश नीति तथा योजना आयोग र राष्ट्रिय योजना आयोगमा अन्तर प्रदेश भ्रमण कार्य सम्पन्न भएको। |
| ६ | लुम्बिनी प्रदेशको बस्तुस्थिती विवरण, २०८१ को तर्जुमा तथा वेवसाइटमार्फत सार्वजनिकीकरण। |
| ७ | सरोकारवाला निकायसँग विभिन्न विषयमा ७७ वटा बैठक सम्पन्न भएको। |
| ८ | प्रदेश योजना आयोगका पदाधिकारीहरुको संलग्नतामा प्रदेश सरकारका रणनीतिक महत्वका एवम् बहुवर्षीय कार्यक्रम, समपूरक अनुदान कार्यक्रम र विशेष अनुदान कार्यक्रम तथा आयोजनाहरुको अनुगमन गरिएको। |
| ९ | नियमित तथा आफ्नै पहलमा भएका अन्य महत्वपूर्ण उपलब्धिहरु |
| १० | विभिन्न ६२ वटा बहुवर्षीय आयोजनाहरुको ठेक्का सहमति प्रदान गरी अर्थ मन्त्रालयमा स्रोत सुनिश्चितताका लागि पठाइएको। |
| ११ | आ.व.२०८०/८१ र २०८१/८२ का लागि स्थानीय तहबाट प्रस्ताव माग भई आएका प्रदेश विशेष अनुदानका आयोजनाहरु सिफारिस गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाएको। |
| १२ | RESOURCE MAPING AND GROWTH DIAGNOSTIC STUDY OF LUMBINI PROVIENCE विषयक अध्ययन प्रतिवेदन निर्माण तथा प्रकाशन गरिएको। |
| १३ | प्रदेश वार्षिक योजना तर्जुमा निर्देशिका, २०८० को मस्यौदा तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको। |
| १४ | असल खानपान सम्बन्धी मार्गदर्शन २०८० तयार गरी वेभसाईटमार्फत सार्वजिनिकीकरण गरिएको। |
| १५ | लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य संचालन) आदेश २०८० मा आवश्यकता अनुसार परिमार्जनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिएको। |
| १६ | परियोजना बैंक सफ्टवयेर र सोको कार्यविधी निर्माण प्रकृया अगाडि बढाइएको। |
| १७ | लुम्बिनी प्रदेशको डाटा पोर्टल निर्माण कार्य शुरु गरिएको। |

## २.३.१३. समस्या/चुनौती तथा समाधानका उपायहरु

| समस्या र चुनौतीहरु | समाधानका उपायहरु |
|---|---|
| प्रदेश सरकारको लगानी रहेका आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा प्रभाव मूल्याङ्कन कार्यका लागि आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक जनशक्तिको अभाव रहेको। | दरवन्दी अनुसारको जनशक्ति तथा संयुक्त अनुगमन संयन्त्रको व्यवस्था गर्नुपर्ने। |
| पदाधिकारीहरुको समय समयमा हुने रिक्तताले आयोगले गर्नुपर्ने निर्णय तथा सिफारिस र अन्य कार्यक्रमहरु संचालनमा समेत बाधा परेको। | पदाधिकारीहरुको रिक्तता नहुने व्यवस्थाको सुनिश्चितता हुनुपर्ने। |
| दरवन्दी अनुसारको कर्मचारीको अभावले नियमित कार्यहरु, आवधिक योजना तर्जुमा र वार्षिक विकास कार्यक्रम समयमै कार्यान्वयन गर्न कठिनाई भएको। | कर्मचारीहरुको दरवन्दी अनुसारको पदपुर्तिको व्यवस्था हुनुपर्ने। |
| आवधिक योजना, MTEF, नीति तथा कार्यक्रम र बजेटबीच तादाम्यता नदेखिएको। | आवधिक योजना र MTEF सँग तादाम्य हुने गरी वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्नुपर्ने। |

## २.३.१४. मन्त्रालय/निकाय/कार्यालयबाट भएका असल अभ्यासहरु

- ❖ मितव्ययिता र स्रोतको प्रतिफलमुखी उपयोगका लागि प्रतिवद्ध भई कार्य गरिरहेको।
- ❖ कार्यक्रमहरुको औचित्यता, सान्दर्भिकता र प्रभावकारीता तथा प्राप्त हुने अपेक्षित परिणाम र त्यसको उपयोगिता समेतलाई मध्यनजर गरेर मात्र कार्यान्वयन गर्ने गरिएको।

## २.३.१५. शासकीय सुधार र सुशासन प्रवर्द्धनका लागि गरेको प्रयास र परिणाम

क. सुचनाको हक सम्बन्धी ऐनमा व्यवस्था भए बमोजिम त्रैमासिक रुपमा कार्यालयको कार्य प्रगतिवारे जानकारी दिन तोकिएको समयमा स्वत:प्रकाशन गर्ने गरिएको।

ख. गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकारी तोकी वेभसाईट मार्फत सार्वजनिक गरिएको।

ग. कार्यालयले वार्षिक रुपमा तयार गर्नुपर्ने वार्षिक प्रतिवेदन लगायत अन्य आवधिक प्रतिवेदनहरु समयमै तयार गरी वेवसाईटमार्फत सार्वजनिक गर्ने गरिएको।

घ. महालेखा परिक्षकको कार्यालयबाट औंल्याइएका बेरुजु नियमित गर्नका लागि आवश्यक कागजातहरुसहित महालेखा परिक्षकको कार्यालयको प्रणालीमा पेश गरिएको।

ङ. कार्यक्रमहरुको औचित्यता, सान्दर्भिकता र प्रभावकारीता तथा प्राप्त हुने अपेक्षित परिणाम र त्यसको उपयोगिता समेतलाई मध्यनजर गरेर मात्र कार्यान्वयन गर्ने गरिएको।

च. मितब्ययिता र स्रोतको प्रतिफलमुखी उपयोगका लागि प्रतिवद्ध भई कार्य गरिरहेको।

### २.३.१६. सुधारका क्षेत्र (Visioning)

- आयोजना बैंक तयार गरी सोको आधारमा आयोजना/कार्यक्रमहरुको छनौट,
- निश्चित मापदण्डहरु बनाई सोको आधारमा मात्र वार्षिक योजना/कार्यक्रमहरुको तर्जुमा,
- बहुवर्षीय ठेक्काको व्यवस्थापन,
- स्थानीय तहमा प्रदान गरिएका प्रदेश विशेष अनुदानका आयोजना/कार्यक्रमहरुको नियमित प्रगति प्रतिवेदन योजना आयोगमा हुनुपर्ने व्यवस्था।

# २.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### २.४.१. पृष्ठभूमि

प्रदेशमा शासकीय प्रवन्ध, सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन गर्ने प्रदेश सरकारको कार्यजिम्मेवारी निर्वाह गर्ने प्रमुख प्रशासकीय निकायका रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। प्रदेश निजामती सेवाको केन्द्रीय प्रशासनिक निकाय, सुशासन प्रवर्द्धन, सार्वजनिक श्रोत व्यवस्थापन, विकास निर्माण, प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन लगायत २२ वटा कार्यजिम्मेवारी यस कार्यालय अन्तर्गत रहेका छन्। मुख्यमन्त्रीज्यूको मातहत रहने यस कार्यालयमा राजपत्राङ्कित विशिष्ट श्रेणीका प्रमुख सचिव प्रशासकीय प्रमुखको रुपमा रहने व्यवस्था छ।

### २.४.२. दीर्घकालीन सोच

प्रदेशमा शासन व्यवस्था सञ्चालन र कार्यकारिणी अधिकारको प्रयोग गर्ने प्रमुख निकायका रुपमा रहेको यस कार्यालयले लिएको दीर्घकालीन सोंच देहाय बमोजिम रहेको छः
‘‘संविधान बमोजिम प्रदेशको कार्यकारिणी अधिकारको प्रयोग गरि प्रदेशको समृद्धि तथा प्रदेशवासीको खुसीका निमित्त अनुकूल वातावरण तयार गर्ने उत्कृष्ट निकाय।’’

### २.४.३. उद्देश्य

संगठन स्थापना र सञ्चालनका निश्चित उद्देश्य र लक्ष्य रहेका हुन्छन। यस कार्यालयले लिएका दीर्घकालीन सोंच हासिल गर्ने सन्दर्भमा यस कार्यालयका उद्देश्य देहाय बमोजिम छन्:

(क) प्रदेश सरकार (मन्त्रिपरिषद्)का निर्णयहरूलाई तथ्यपरक एवम् नतिजामूलक बनाउनु,
(ख) प्रदेश सरकारका निर्णयहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु,
(ग) प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममूखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,
(घ) सदाचारिताको प्रवर्द्धन, प्रभावकारी कानुनी व्यवस्था एवम् शून्य सहनशीलतामार्फत भ्रष्ट्राचार नियन्त्रण गर्नु,
(ङ) प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु,
(च) विकास निर्माण कार्यलाई समन्वयात्मक रुपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारितामार्फत नतिजामूलक बनाउनु।

### २.४.४. रणनीतिहरु

प्रदेशमा समृद्धि हासिल गर्ने र आत्मनिर्भरता उन्मुख जनजीवन विकास गर्ने सन्दर्भमा कार्यालयले देहायका रणनीतिक क्रियाकलाप सञ्चालन गर्ने गरी दीर्घकालीन रणनीतिहरु कार्यान्वयनमा ल्याइएको छः

(क) प्रदेश सरकारका नीति, निर्णय प्रक्रियासम्बन्धी आवश्यक सूचना तथा तथ्याङ्क व्यवस्थित रुपमा उपलब्ध गराइनेछ,
(ख) नीति एवम् निर्णय प्रक्रियालाई विश्वसनीय बनाउन सहभागितामूलक पद्धति अवलम्बन गरिनेछ,

(ग) विद्युतीय शासन प्रणालीको विकास एवम् विस्तार गरिनेछ,
(घ) सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक एवम् प्रभावकारी बनाइनेछ,
(ङ) मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धन हुने वातावरण सिर्जना गरिनेछ,
(च) मन्त्रालयहरू, प्रमुख विकास आयोजनाहरू, सेवा प्रदायक निकायहरू र अन्य निकायहरूमा कार्यसम्पादन सूचकमा आधारित नतिजामूलक व्यवस्थापन पद्धति लागू गरिनेछ,
(छ) भौतिक पूर्वाधार विकासमा प्रभावकारिता अभिवृद्धिका लागि सहकार्य, समन्वय र सहभागितामूलक विधि अवलम्वन गरिनेछ,
(ज) निर्णय निर्माण एवम् कार्यान्वयनमा सहजीकरण र एकरुपता कायम गर्न एकीकृत तथ्याङ्क पद्धतिको विकास गरिनेछ।

## २.४.५. कार्यक्षेत्र

नेपालको संविधान, कार्यविस्तृतीकरण प्रतिवेदन, संघीय नीति नियम, प्रदेश सरकार कार्यविभाजन नियमावली बमोजिम यस कार्यालयको मुख्य कार्यक्षेत्र देहाय बमोजिम रहेको छ।

(१) शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन,
(२) प्रदेश मन्त्रिपरिषद्को सञ्चालन, व्यवस्थापन र निर्णय कार्यान्वयन,
(३) प्रदेश मन्त्रालयहरुको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण,
(४) नीति तथा कानुन तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन,
(५) सुशासन, भष्ट्राचार नियन्त्रण र प्रशासन सुधार,
(६) प्रदेश निजामती सेवाको सञ्चालान, व्यवस्थापन, तालिम र संगठन तथा व्यवस्थापन सर्वेक्षण,
(७) अन्तरप्रदेश परिषद्,संघ तथा अन्य प्रदेश र स्थानीय तहहरुसंगको समन्वय र अन्तरसम्बन्ध।

## २.४.६. कानुनी तथा नीतिगत व्यवस्थाहरु

- नेपालको संविधान,
- संविधानको धारा १६२(१) अनुसार "प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषदमा निहित हुनेछ"
- भनी उल्लेख भएको,
- संविधानको धारा १६२ (२) बमोजिम "यो संविधान र अन्य कानुनको अधीनमा रही प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषदमा रहनेछ" भन्ने व्यवस्था भएको,
- प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९,
- प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४,

## २.४.७. संगठन संरचना तथा जनशक्ति विवरण



**तालिकानं.-१.१ दरवन्दी र पदपूर्तिको अवस्था(मन्त्रालय र अन्तर्गत सबै)**

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | कूल दरवन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख सचिव | प्रशासन | | रा.प.विशिष्ट | १ | १ | ० |
| २ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | २ | २ | ० |
| ३ | प्रदेश सचिव | न्याय | कानुन | रा.प.प्रथम | १ | ० | १ |
| ४ | उप सचिव | प्रशासन | सा.प्र. | रा.प.द्वितीय/अधिकृत नवौं/दशौं | ७ | २ | ५ |
| ५ | उप सचिव | न्याय | कानुन | रा.प.द्वितीय/अधिकृत नवौं/दशौं | १ | १ | ० |
| ६ | बरिष्ठ शाखा अधिकृत | प्रशासन | सा.प्र. | रा.प.तृतीय/अधिकृत सातौं/आठौं | ७ | ३ | ४ |
| ७ | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय/अधिकृत सातौं/आठौं | १ | १ | ० |
| ८ | कानुन अधिकृत | न्याय | कानुन | रा.प.तृतीय/अधिकृत सातौं/आठौं | १ | ० | १ |
| ९ | कम्प्युटर अधिकृत | प्रशासन | विविध | रा.प.तृतीय/अधिकृत सातौं/आठौं | १ | ० | १ |
| १० | अधिकृत/ बरिष्ठ प्रशासन सहायक | प्रशासन | सा.प्र. | रा.प.अनं.प्रथम/सहायक पाचौं/अधिकृत छैठौं | १० | ७ | ३ |
| ११ | अधिकृत कम्प्युटर/कम्प्युटर अपरेटर | प्रशासन | विविध | रा.प.अनं.प्रथम/सहायक पाचौं/अधिकृत छैठौं | ४ | ४ | ० |
| १२ | खरिदार | प्रशासन | सा.प्र. | रा.प.अनं.द्वितीय/स. चौथो/पाचौं | २ | २ | ० |
| १३ | स.ले.पा. | प्रशासन | लेखा | रा.प.अनं.द्वितीय/स. चौथो/पाचौं | १ | ० | १ |
| १४ | का.स. | प्रशासन | | श्रेणीविहिन | ७ | ७ | ० |
| १५ | ह.स.चा. | प्रशासन | | श्रेणीविहिन | ८ | ८ | ० |
| **जम्मा** | | | | | **५४** | **३८** | **१६** |

२.४.८. वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| २९ | "मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम" बाट बेरोजगार युवाशक्तिलाई बजार माग र स्व-रुची अनुरुप सीपमुलक तालिम प्रदान गर्दै उद्यमशिलताको विकास मार्फत रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न संघको "पढदै कमाउदै, कमाउदै पढ्दै" कार्यक्रममा आवद्धता कायम गरी रोजगार मूलक शिक्षा र प्राविधिक सीप विकास गर्दै सीप, पूँजी र प्रविधिको संयोजनमा संघ, स्थानीय तह, निजीक्षेत्र, सहकारी र विकास साझेदारसँगको साझेदारीमा आगामी दुई वर्षमा दुई लाख उत्पादनशील रोजगारीका अवसर सिर्जना हुने गरी प्रदेशका 983 वटै वडामा सामाजिक परिचालन समेत गरिनेछ। | कार्यक्रम कार्यान्वयन हुन नसकेको |
| १५९ | प्रदेश निजामती सेवा ऐन तथा स्थानीय तहको कर्मचारी सम्बन्धी ऐन तर्जुमा गरी निजामती प्रशासनलाई प्रभावकारी र उत्तरदायी बनाइनेछ। | प्रदेश निजमती सेवा ऐन तर्जुमा भई कार्यान्वयनमा रहेको। यसले कर्मचारी उत्तरदायित्वको संरचना व्यवस्था गरेको। निजामती प्रशासनलाई प्रभावकारी र व्यवस्थित बनाएको।<br>स्थानीय सेवा ऐनको मस्यौदा प्रमाणीकरणका लागि प्रदेश सभा पठाइएकोमा सभाबाट फिर्ता भएको र पुन: सभामा पेश हुने प्रक्रयामा रहेको। |
| १६४ | स्थानीय तथा प्रदेशका निर्वाचित जनप्रतिनिधि तथा जनशक्तिको क्षमता विकासका लागि तालिम तथा प्रशिक्षणका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। | स्थानीय न्यायायिक समितिको क्षमता विकास, प्रदेश सुशासन केन्द्र, USAID, PFM लगायतबाट विविध तालिम कार्यक्रमहरु कार्यान्वयन गरिएको। |
| १६५ | प्रदेश अन्तर्गतका कार्यालयमध्ये कार्यसम्पादनमा उत्कृष्ट कार्यालय छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ। | कार्यक्रम कार्यान्वयन हुन नसकेको |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १६७ | स्थानीय तहको नवप्रवर्तन र सिर्जनशील कार्यलाई प्रोत्साहित गर्न "मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम" संचालन गरिनेछ। | ११ वटा पालिका छनौट भई कार्यक्रम गरिरहेको।गत आ.व.को सम्झौता अनुरुप मूल्याङ्कन गरी वित्तीय हस्तान्तरण गर्न बाँकी रहेको |

२.४.९. वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब. व. को बुँ नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १२७ | "मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम" मार्फत रोजगारमूलक शिक्षा, प्राविधिक सीप विकास गर्दै सीप, पूँजी र प्रविधिको संयोजनमा संघ, स्थानीय तह, निजी क्षेत्र, सहकारीको साझेदारीमा आगामी दुई वर्षमा दुई लाख उत्पादनशील रोजगारी सिर्जना गर्ने | कार्यक्रम कार्यान्वयन हुन नसकेको |
| १७९ | प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा ऐन यसै आर्थिक वर्षमा निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। राष्ट्रसेवकलाई प्रोत्साहन गर्न क्षमता विकास, माध्यमिक तहमा अध्ययन गर्ने सन्ततिका लागि शैक्षिक वृत्ति, स्वास्थ्य विमा लगायतका सुविधाको व्यवस्था मिलाइनेछ। | तालिम, अध्ययन, अध्ययन भ्रमण वृत्ति, विमा लगायतका सुविधाहरु नि.से.ऐन तथा नियमावलीमा गरिएको र कार्यान्वयन भएको |
| १८० | प्रदेशमा कार्यरत कर्मचारीलाई दिंदै आएको आन्तरिक पर्यटन काजलाई निरन्तरता दिएको छु | निरन्तरता पाएको र सोही अनुरुप आन्तरिक पर्यटन काजमा 47 जना कर्मचारी गएको |
| १८१ | सेवा प्रवाहमा उत्कृष्ट कार्यालय र उत्कृष्ट कर्मचारीसमेत छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाएको छु | कार्यक्रम कार्यान्वयन हुन नसकेको |
| १८४ | नतिजा सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास | एउटा सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन गरिएको |
| १८५ | राष्ट्रिय किताबखाना (निजामती)सँग समन्वय गरी प्रदेशका कर्मचारीको अभिलेख विद्युत्तीय प्रणालीमार्फत व्यवस्थित गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। | राष्ट्रिय किताबखानासँग समन्वय गरी **PIS** सफ्टवेयर मार्फत **PIS** दर्ता कार्यको शुरुवात गरिएको |

२.४.१०. आर्थिक वर्ष २०८०/०८१ को मन्त्रालयको स्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र.स | श्रोत | शुरुको बजेट | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | | |
| २ | नेपाल सरकार सशर्त अनुदान | ११७००० | ११७००० | ४८५३१ |
| ३ | नेपाल सरकार समपूरक अनुदान | | | |
| ४ | नेपाल सरकार विशेष अनुदान | | | |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | १४८०७७२ | १४८०८७२ | २१०८७१ |
| जम्मा | | १५९७७७२ | १५९७८७२ | २५९४०२ |

२.४.११. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १५३७५७२ | २५३९३२ | १६.५२ |
| २ | पुँजीगत | ६०२०० | ५४६९ | ९.०९ |
| | जम्मा | १५९७७७२ | २५९४०२ | १६.२४ |

२.४.१२. आ.व.२०८०/८१ को स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | मन्त्रिपरिषद बैठक व्यवस्थापन तथा निर्णय कार्यान्वयन | १५०० | १५६.०९ | १०.४१ | |
| २ | प्रदेश समन्वय परिषद्को बैठक | ६०० | १४९.७० | २४.९५ | |
| ३ | मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम | १०००००० | ४५२१.६५ | ०.४५ | |
| ४ | अन्तराष्ट्रिय लोरेट एण्ड लिडर कार्यक्रमको सचिवालय व्यवस्थापन | १७५० | १७०९.६२ | ९७.६९ | |
| ५ | सुशील कोइराला स्मृति लोकतान्त्रिक प्रतिष्ठान स्थापनार्थ अध्ययन | १००० | ०.०० | ०.०० | |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| ६ | मुख्यमन्त्रीहरुको लुम्बिनी सम्मेलन आयोजना | २००० | ०.०० | ०.०० | |
| ७ | मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम | १११२५.२ | ६५९.९५ | ५.९३ | |
| ८ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | ५०० | ४९७.०० | ९९.४० | |
| ९ | कर्मचारी वैयक्तिक अभिलेख प्रणाली सञ्चालन तथा व्यवस्थापन | ७०० | ८४.१३ | १२.०२ | |
| १० | कर्मचारीको क्षमता विकास कार्यक्रम (प्रस्तुती सीप, ड्राइभिङ, भाषा, वार्ता सीप, कम्प्युटर र अन्य) | ५०० | ३६०.०० | ७२.०० | |
| ११ | आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम | ११५० | ९००.०० | ७८.२६ | |
| १२ | उत्कृष्ट कार्यालय/कर्मचारी छनौट तथा पुरस्कार | ५०० | १५९.१५ | ३१.८३ | |
| १३ | प्रदेशबाट सञ्चालित आयोजना/कार्यक्रमको सूचकमा आधारित अनुगमन | ५०० | ०.०० | ०.०० | |
| १४ | व्यवस्थापन परीक्षण | १००० | ०.०० | ०.०० | |
| १५ | सेवाग्राही सन्तुष्टी सर्वेक्षण | १००० | १६.१५ | १.६२ | |
| १६ | अन्तरप्रदेश समन्वय तथा सिकाइ आदानप्रदान | १००० | ०.०० | ०.०० | |
| १७ | गुनासो सुनुवाइको संयन्त्र सञ्चालन | ५०० | ०.०० | ०.०० | |
| १८ | सम्पत्ति विवरण अभिलेख तथा व्यवस्थापन | ६०० | ०.०० | ०.०० | |
| १९ | मानव संशाधन विकास नीति तर्जुमा | ५०० | ०.०० | ०.०० | |
| २० | प्रदेशस्तरमा सार्वजनिक सेवाको विषयगत न्यूनतम मापदण्ड निर्धारण | ७०० | ०.०० | ०.०० | |
| २१ | लुम्बिनी प्रदेश सुशासन प्रवर्द्धन कार्यक्रम | ५०० | १७५.०५ | ३५.०१ | |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| २२ | अफिस अटोमेसन व्यवस्थापन | ५०० | २२०.४३ | ४४.०९ | |
| २३ | अवकाशप्राप्त कर्मचारी/विषयविज्ञको ज्ञान सीप र अनुभवको सदुपयोग रणनीति निर्माण तथा कार्यान्वयन | ५०० | ०.०० | ०.०० | |
| २४ | प्रदेश र स्थानीय तहका पदाधिकारीबीचको अन्तर्क्रिया | १०५० | १७१.८० | १६.३६ | |
| २५ | संघीय/मातहतका कार्यालयसँग आयोजनाको समिक्षा | ६०० | ०.०० | ०.०० | |
| २६ | न्यायिक समितिको क्षमता विकास कार्यक्रम | २४०० | ०.०० | ०.०० | |
| २७ | कर्मचारीका लागि **GESI** मूलप्रवाहीकरण सम्बन्धी अभिमुखीकरण | ६०० | ०.०० | ०.०० | |
| २८ | प्रदेश कानून कार्यान्वयन सम्बन्धमा सरोकारवालासँग अन्तर्क्रिया | ५०० | ०.०० | ०.०० | |
| २९ | प्रवक्ता एवम् सूचना अधिकारीहरुको लागि अभिमुखीकरण | ५०० | ०.०० | ०.०० | |
| ३० | गाउँ/नगरसभाका महिला सदस्यको क्षमता विकास | १२०० | ०.०० | ०.०० | |
| ३१ | स्थानीय तहको कानून निर्माण तथा सभा संचालन सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम | १००० | ०.०० | ०.०० | |
| ३२ | प्रदेश र स्थानीय तहका प्राविधिक कर्मचारीका लागि सेवाप्रवेश लगायत अन्य तालिम | १००० | १४०.६७ | १४.०७ | |
| ३३ | पुस्तक खरिद तथा पुस्तकालय व्यवस्थापन | ३०० | २६.२५ | ८.७५ | |
| ३४ | दिवस समारोह तथा अन्य कार्यक्रम | ७५० | १००.७० | १३.४३ | |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| ३५ | **Critical Awareness Building** (सघन जागरुकता विकास) र विषयगत सेवाप्रवाहको सचेतना कार्यक्रम | १२०० | ०.०० | ०.०० | |
| ३६ | **SDG** का सूचकलाई **National Data Profile** मा अध्यावधिक गरी विकास साझेदारसँगको सहकार्यमा कार्यान्वयन | ५०० | ०.०० | ०.०० | |
| ३७ | वार्षिक नीति तथा कार्यक्रम, प्रतिवेदन र अन्य प्रकाशन | १००० | ४१०.९९ | ४१.१० | |

### २.४.१३. आर्थिक वर्ष २०८०/८१ को वार्षिक राजस्व सङ्कलनको विवरण अनुमान*(रु. हजारमा)*

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४२२९ | नतोकिएको | ५९ | |
| २ | १५१११ | नतोकिएको | २१७.९३ | |

### २.४.१४. बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको) रु. हजारमा

| क्र.सं. | बेरूजु किसिम | आ.व.२०७९/८० सम्मको म.ले.प. बेरुजु (रु.) | सम्परीक्षण भएको बेरुजु (रु.) | सम्परीक्षण भई बाँकी रहेको बेरुजु (रु.) |
|---|---|---|---|---|
| १ | नियमित गर्नुपर्ने | **६३२२.६०** | **४८७२.४०** | **१४५०.१९** |
| २ | असुल उपर गर्नुपर्ने | **-** | - | **-** |
| ३ | पेश्की | - | - | - |
| | कूल जम्मा | **६३२२.६०** | **४८७२.४०** | **१४५०.१९** |

२.४.१५. आर्थिक वर्ष २०८०/८१ का भएका महत्वपूर्ण उपलब्धिहरु

- कानुन तर्जुमा (निजामती सेवा ऐन, नियमावली लगायत विभिन्न कार्यविधि, निर्देशिका लगायत गरी ११३ वटा),

- ३५ वटा मन्त्रिपरिषद् बैठक बसी विभिन्न १२६ वटा महत्त्वपूर्ण निर्णय भएको,
- संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न,
- १०८ वटा लिखित जवाफ दर्ता भएका, २४ वटा फैसला भएको,
- सुशासन प्रतिवेदन स्वीकृत भई सभामा पेश भएको,
- प्रदेश समन्वय परिषद्को सातौं बैठक सम्पन्न भई ३४ वटा निर्णय भएको,
- सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणका लागि ५ वर्षे रणनीतिक कार्ययोजना कार्यान्वयनमा गैसकेको,
- सबै मन्त्रालयमा GESI Audit सम्पन्न भएको,
- GIOMS कार्यान्वयनमा रहेको,
- विभिन्न तहका २२५ (प्रदेश तर्फ) पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा पठाइएको,
- विगतदेखि बाँकी बेरुजु ७७% फछ्र्यौट भएको।

### २.४.१६. समस्या तथा चुनौतीहरु

- निजामती सेवा ऐन तथा नियमावली संशोधन नहुँदा कर्मचारी व्यवस्थापनका विविध प्रक्रियामा जटिलता उत्पन्न भएको,
- स्थानीय सेवा ऐन निर्माण नहुँदा स्थानीय सेवाका कर्मचारीका प्रशासन तथा व्यवस्थापकीय पक्षमा कठिनाइ उत्पन्न भएको,
- PIS पूर्ण रुपमा कार्यान्वयनमा नआउँदा कर्मचारी अभिलेख व्यवस्थापनमा जटिलता भएको,
- दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति हुन नसकेको। (जम्मा दरबन्दी ४०७८ रहेकोमा २०८०/८१ को अन्त्यमा ४५% दरबन्दी पदपूर्ति रहेको),
- राजधानी स्थानान्तरणसँगै भौतिक व्यवस्थापनसम्बन्धी समस्याहरु कायमै रहेको,
- विस्तृत O&M हुन नसक्दा प्रदेशको आवश्यक्ता अनुरुपको संरचना र जनशक्ति प्राप्त हुन नसकेको,
- कर्मचारी प्रोत्साहन लागू नहुँदा मनोबल र उत्प्रेरणाको अवस्था कमजोर रहेको।

### २.४.१७. समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु

- ऐन, नियमावली संशोधनलाई अग्राधिकार दिई अघि बढाउने,
- PIS लाई पूर्ण कार्यान्वयनमा ल्याउन तालिम र प्रोत्साहन लागू गर्नुपर्ने,
- पदपूर्तिका लागि पहललाई तिब्र गर्ने,
- विस्तृत O&M लाई मूर्त रुप दिइ लागू गर्ने,
- कर्मचारी प्रोत्साहनमा विविध कार्यक्रम लागू गर्ने।

### २.४.१८. आगामी कार्यदिशा

- ❖ विद्युतीय शासनमा जोड,
- ❖ सुशासन र सदाचार पद्दतिको अवलम्बन,
- ❖ नीति तथा कार्यक्रमको योजनावद्ध कार्यान्वयन,
- ❖ कर्मचारी प्रोत्साहनका विविध कार्यक्रम लागू गरी उच्च मनोवल कायम गर्ने,
- ❖ O&M मार्फत चुस्त, व्यवस्थित, औचित्यपूर्ण र आवश्यकतामा आधारित प्रादेशिक संरचना निर्माण र जनशक्ति व्यवस्थापन,
- ❖ साङ्गठनिक एवम् वैयक्तिक दक्षता अभिवृद्धि गर्ने।

# २.५  आर्थिक मामिला तथा योजना मन्त्रालय

## २.५.१. पृष्ठभूमि

आर्थिक मामिला तथा योजना मन्त्रालयको गठन मिति २०७४ साल फाल्गुन ३ गते भएको हो। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको छ। यस मन्त्रालय अन्तर्गत प्रदेश लेखा नियन्त्रक कार्यालय रहेको छ।

## २.५.२.    दीर्घकालीन सोंच

लुम्बिनी प्रदेशलाई **"समृद्ध लुम्बिनी: आत्मनिर्भर प्रदेश"** को मूल नाराका साथ द्रुत विकास गर्दै सबल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दीगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र प्रदेशस्तरीय अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने र जनस्तरमा सुधार ल्याउने रहेको छ।

## २.५.३.    उद्देश्य

नेपालको संविधान प्रदत्त अधिकारको अधिकतम उपयोग गर्दै उपलब्ध स्रोतको प्रभावकारी र समुचित प्रयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुऱ्याउने र प्रदेशको दीगो र समतामूलक आर्थिक, सामजिक विकासमा योगदान पुऱ्याउने।

## २.५.४.    रणनीति

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान दिने,
- कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधार विकास जस्ता सामाजिक आर्थिक पूर्वाधार र बढी मात्रमा गरिबी निवारणोन्मुख क्षेत्रमा अनुकूल हुने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने,
- बढी भन्दा बढी राजस्व वृद्धिका उपाय अवलम्बन गर्ने,
- स्थानीय तहहरु बीचको साझेदारीमा सम्पन्न गर्न सकिने आयोजनाहरुलाई प्राथमिकता दिने,
- विभिन्न मन्त्रालय र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,
- माग तथा सामाजिक न्यायमा आधारित आयोजना कार्यान्वयनमा जोड दिने।

२.५.५.	कार्यक्षेत्र

- ❖ प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- ❖ प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- ❖ प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा,कार्यान्वयन र नियमन,
- ❖ संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
- ❖ प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी भए; रकमको लगत तथा असुल उपर,
- ❖ प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- ❖ प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,
- ❖ प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
- ❖ सङ्घीय नीति अनुरुप सहवित्तीयकरण,
- ❖ प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,
- ❖ प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
- ❖ प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,
- ❖ प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
- ❖ प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- ❖ प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,
- ❖ घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,
- ❖ सङ्घीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन,  नियमन र हस्तान्तरण,
- ❖ राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- ❖ सङ्घसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
- ❖ तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,
- ❖ बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,
- ❖ प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,

❖ आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य,

❖ गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सुचना संकलन।

### २.५.६. कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान, कार्य विस्तृतीकरण प्रतिवेदन तथा प्रदेश सरकारको कार्यविभाजन नियमावली बमोजिम यस आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गत रहेका देहायका ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा आदेश समेतका कानूनहरु आर्थिक वर्ष २०८०/८१ को असाढ मसान्तसम्म निर्माण भई हाल कार्यान्वयनमा रहेका छनः

**क. ऐनहरूः-**

१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४
२ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५
३ प्रदेश कर तथा गैरकर राजस्व सम्वन्धी ऐन, २०७५
४ प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५
५ तथ्याङ्क ऐन, २०७५
६ प्रदेश आर्थिक ऐन (सालबसाली)
७ प्रदेश विनियोजन ऐन (सालवसाली)

**ख.नियमहरूः**

क) सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६
ख) मनोरञ्जन कर नियमावली, २०७६
ग) विज्ञापन कर नियमावली, २०७६
घ) प्रदेश तथ्याङ्क नियमावली, २०७८

**ग.कार्यविधि/निर्देशिका/आदेशहरूः**

क) सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४
ख) प्रदेश घरजग्गा न्यूनतम मूल्य निर्धारण समिति (गठन तथा कार्यसञ्चालन) आदेश, २०७६
ग) विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
घ) समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८
ङ) कोरोना भाइरस (COVID-19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७८
च) सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९
छ) प्रदेशका आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८०

## २.५.७. दरबन्दी र पदपूर्तिको अवस्था

(क) आर्थिक मामिला तथा योजना मन्त्रालय

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | संघबाट स्वीकृत दरवन्दी | दरबन्दी | कार्यरत जनशक्ति | | कुल रिक्त दरवन्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | |
| १ | प्रदेश सचिव | प्रदेश प्रशासन | | बाह्रौं | १ | १ | १ | | 0 |
| २ | उप- सचिव/व. उप-सचिव | प्रदेश प्रशासन | | नवौं/दशौं | ४ | ४ | २ | | २ |
| ३ | शाखा अधिकृत/व. शाखा अधिकृत | प्रदेश प्रशासन | सामान्य प्रशासन | सातौं/आठौं | ६ | ६ | २ | | ४ |
| ४ | राजश्व अधिकृत/व. राजश्व अधिकृत | प्रदेश प्रशासन | राजश्व | सातौं/आठौं | ६ | ६ | ० | | ६ |
| ५ | लेखा अधिकृत/व. लेखा अधिकृत | प्रदेश प्रशासन | लेखा | सातौं/आठौं | १ | १ | १ | | ० |
| ६ | कानून अधिकृत/व. कानून अधिकृत | नेपाल न्याय | कानुन | सातौं/आठौं | १ | १ | १ | | ० |
| ७ | अर्थशास्त्री/ व. अर्थशास्त्री | प्रदेश प्रशासन | विविध | सातौं/आठौं | १ | १ | ० | | १ |
| ८ | तथ्याङ्क अधिकृत/व. तथ्याङ्क अधिकृत | प्रदेश प्रशासन | तथ्याङ्क | सातौं/आठौं | १ | १ | १ | | ० |
| ९ | कम्प्यूटर इन्जिनियर/ व. कम्प्यूटर इन्जिनियर | प्रदेश प्रशासन | विविध | सातौं/आठौं | १ | १ | ० | | १ |
| १० | कम्प्यूटर अधिकृत/ व. कम्प्यूटर अधिकृत | प्रदेश प्रशासन | विविध | सातौं/आठौं | १ | १ | १ | | ० |
| ११ | वरिष्ठ प्रशासन सहायक/अधिकृत | प्रदेश प्रशासन | सा.प्रशासन | पाँचौ/छैटौं | ५ | ५ | ३ | | २ |

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | संघबाट स्वीकृत दरवन्दी | दरबन्दी | कार्यरत जनशक्ति | | कुल रिक्त दरवन्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | |
| १२ | वरिष्ठ राजश्व सहायक/अधिकृत (राजस्व) | प्रदेश प्रशासन | राजश्व | पाँचौ/छैटौं | ६ | ६ | २ | | ४ |
| १३ | कम्प्यूटर अपरेटर/ अधिकृत (कम्प्युटर) | प्रदेश प्रशासन | विविध | पाँचौ/छैटौं | ३ | ३ | २ | १ | ० |
| १४ | लेखापाल/ अधिकृत (लेखा) | प्रदेश प्रशासन | लेखा | पाँचौ/ छैटौँ | १ | १ | १ | | ० |
| १५ | ह.स.चा. | ईन्जिनियरिङ | मे.ई/ज.मे.ई. | तहविहिन/सेवा करार | ४ | ४ | | ४ | ० |
| १६ | का.स. | प्रदेश प्रशासन | | तहविहिन/सेवा करार | ६ | ६ | | ६ | ० |
| **जम्मा** | | | | | **४८** | **४८** | **१७** | **११** | **२०** |

(ख) प्रदेश लेखा नियन्त्रक कार्यालय

| क्र.सं. | पदनाम | सेवा | समूह | कूल दरबन्दी | पदपूर्ति | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | | |
| १. | अधिकृत नवौं/दशौँ | प्रशासन | लेखा | १ | १ | | ० | |
| २. | अधिकृत सातौ/आठौँ | प्रशासन | लेखा | ४ | ४ | | ० | |
| ३. | सहायक/अधिकृत, पाँचौँ/छैठौँ | प्रशासन | लेखा | ४ | ३ | | १ | |
| ४. | सहायक/अधिकृत, पाँचौँ/छैठौँ | विविध | | १ | ० | | १ | |
| ५. | सहलेखापाल | प्रशासन | लेखा | ४ | २ | | २ | |
| ६. | ह.स.चा. (तहविहिन) | | | २ | ० | १ | १ | |
| ७. | का.स. (तहविहिन) | | | ४ | ० | ४ | ० | |
| | **जम्मा** | | | **२०** | **१०** | **५** | **५** | |

## २.५.८. नीति तथा कार्यक्रमको २०८०/८१ को असाढ मसान्तसम्मको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | नीति | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १४७ | आर्थिक तथा वित्तीय उत्तरदायित्वलाई थप प्रभावकारी र व्यवस्थित गर्न प्रदेश आर्थिक कार्यविधि ऐनलाई परिमार्जन गरी नयाँ ऐन निर्माण गरिने। | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७९ (प्रदेश सभामा दर्ता भई विचाराधीन रहेको) |
| १४८ | प्रदेशको कार्यक्षेत्रमा रहेका राजस्वका स्रोत अभिवृद्धि गरिनेछ। विप्रेषण आयलाई उत्पादनमूलक लगानीमा रुपान्तरण गर्न उत्पादनशील विप्रेषण कार्यक्रम सञ्चालन गरिने | राजश्व परामर्श समिति तथा कार्यदल प्रतिविदेन कार्यान्वयन |

| नीति तथा कार्यक्रमको बुँदा नं. | नीति | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १४९ | उपलब्ध स्रोत साधनको अवस्था, क्षमता र जनचाहनाबीच सन्तुलन ल्याउन प्रदेशको दीर्घकालीन सोंच र प्रथम पञ्चवर्षीय योजनामा प्राथमिकीकरण भएका क्षेत्रमा केन्द्रीत रहि लगानी गर्ने नीति लिईने। | विषयगत मन्त्रालयको माग अनुरुप वित्त व्यवस्थापन गरिएको |
| १५० | प्रदेशको आर्थिक विकासको लागि लगानीको वातावरण बनाई निजी क्षेत्रको भूमिका बढाउन निजी क्षेत्रसँगको सहलगानीमा ठूला र उच्च प्रतिफलयुक्त आयोजना कार्यान्वयन गर्ने कानूनी एवम् संस्थागत प्रवन्ध गरिने । | नीति तथा कानून तर्जुमाको चरणमा रहेको |
| १५१ | अन्तर तह समन्वयनमा अनुदानमा प्राप्त गर्ने लाभग्राहीको अभिलेख राख्ने प्रणाली विकास गरिनेछ। अनुदान वितरणमा दोहोरो नपर्ने गरी उत्पादनमा आधारित अनुदान प्रदान गर्ने नीति लिइनेछ। गरिव घरपरिवार पहिचान परिचयपत्रको प्रयोग अनिवार्य गर्न संघ र स्थानीय तहसँग समन्वय गरी प्रदेशको सबै संयन्त्रमा सूचना प्रविधिमैत्री प्रणालीमा अन्तर आवद्धता समेत विकास गरिने। | |
| १५३ | ग्रामीण तथा शहरी विकासको फरकपना आधारमा सामाजिक र आर्थिक सम्भाव्यता अनुरुप विषयगत योजना र कार्यक्रमलाई प्राथमिकीकरण गरेर मात्र बजेट विनियोजन गर्ने संस्थागत पद्धतिको विकास गरिने। | विषयगत मन्त्रालयले प्रथमिमीकरण गरी पेश गरेका आयोजनाहरुलाई बजेट विनियोजन गर्ने गरेको। |

## २.५.९. बजेट वक्तव्यको २०८०/८१ को असार मसान्तसम्मको प्रगति विवरण

| बजेट वक्तव्यको को बुँदा नं. | बजेट वक्तब्य | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १८९ | प्रदेश राजस्व परामर्श समितिको परामर्श तथा सुझावका आधारमा राजस्वका नयाँ क्षेत्रको पहिचान गरी प्रदेशको एकल तथा साझा करका अधिकार क्षेत्र रहेका विज्ञापन कर, मनोरञ्जन कर र प्राकृतिक स्रोतको शुल्कको दायरा विस्तार गर्ने | ❖ राजस्व परामर्श समितिको प्रतिवेदन आर्थिक ऐनमा सम्बोधन<br>❖ विद्यमान आर्थिक ऐनमा रहेका समस्याहरुलाई निराकरण गर्नको लागि कार्यदल गठन गरी नीतिगत सहजीकरण गरिएको। |
| १९० | वित्तीय साक्षरताको अभावमा नागरिकले वित्तीय धितो बन्धक प्रकृतिका कारोबार गर्दा घरजग्गा जस्ता सम्पत्ति न्यून मूल्यमा गुमाउनु परेको पीडा र राजस्व चुहावटसमेत नियन्त्रणका लागि त्यस्ता वित्तीय धितो राखिएका घरजग्गाको वास्तविक मूल्याङ्कन गर्ने तथा धितो राख्दा र लिलाम हुँदाका बखत ऋण प्रदायक निकायले अवमूल्याङ्कन तथा मूल्यान्तर गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने कानूनी व्यवस्था मिलाउने | |
| १९१ | प्रदेशभित्र सार्वजनिक निकाय तथा अन्य कुनै निकायले ठेक्का बन्दोबस्त गर्दा आयोजना स्थलबाट प्राप्त हुने नदीजन्य तथा खानीजन्य पदार्थको लाभ प्रक्षेपण गरी त्यस्ता पदार्थ आयोजनाको लागि खपत हुने भएमा सोको शुल्क निर्धारण गरी ठेक्का रकममा समायोजन गरिनेछ र समायोजन हुन नसकेको अवस्थामा आयोजना स्थल रहेका स्थानीय तहमार्फत बिक्री गरी बाँडफाँट हुने | |
| १९२ | सवारी साधनसम्बन्धी कर तथा शुल्क दस्तुरको दरले अन्तर-प्रादेशिक तहमा समेत प्रभाव पर्ने सन्दर्भमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम समसामयिक बनाउने व्यवस्था मिलाउने। प्रदेशभित्र सवारी साधनसम्बन्धी दण्ड जरिवाना बापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था गर्ने | |
| १९४ | कृषि क्षेत्रमा नगद अनुदान वा वस्तुगत सहायता प्राप्त गरी निष्क्रीय रहने अनुदानग्राही वा लाभग्राहीले त्यस्तो अनुदान वा वस्तुगत सहायतामार्फत सञ्चालन गरेको उत्पादन वा व्यवसाय नियमन गर्दै त्यस्तो व्यवसायबाट प्राप्त आयलाई करसँग आवद्ध गर्ने | |

| बजेट वक्तव्यको को बुँदा नं. | बजेट वक्तव्य | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १९५ | प्रदेशभित्र इजाजतपत्र नलिएका वा नवीकरण नगरी सञ्चालनमा रहेका पर्यटन व्यवसायलाई एक पटकको लागि न्यून शुल्कमा इजाजतपत्र प्राप्त गर्न वा नवीकरण गर्न सक्ने व्यवस्था मिलाउनुका अतिरिक्त प्राइभेट तथा साझेदारी फर्मलाई विवरण बुझाउँदा लाग्ने जरिवाना तथा शुल्कमा छुट दिने | |
| १९६ | बीस वर्षभन्दा बढि अवधि पूरा भएका तर लगत कट्टा नभएका भाडाका सवारी साधनको हकमा लगत कट्टा गरी कवाडी वा अन्य वस्तुको रूपमा विस्थापन गर्न त्यस्ता सवारी साधनमा आंशिक रूपमा मात्र सवारी साधन कर लिई लगत कट्टा गर्न सक्ने | |
| १९७ | प्रदेशको मुख्य आयस्रोतको रूपमा रहेको राष्ट्रिय वन क्षेत्रमध्ये सामुदायिक वन व्यवस्थापनबाट प्राप्त हुने वन पैदावार शुल्क र त्यस्तो वनक्षेत्रको नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त हुने लाभलाई वन उपभोक्ता समूह र प्रदेश सरकारबीचमा समन्यायिक बाँडफाँट गर्ने | प्रदेश आर्थिक ऐन मार्फत बाँडफाँटको प्रयास गरिएकोमा सम्मानित अदालतबाट स्टे अर्डर |

## २.५.१०. आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व.२०८०/८१ प्रगति विवरण (रु हजारमा)

| शीर्षक | खुद बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २२५२२ कार्यक्रम खर्च | १०५५० | १४३१.६ | १३.५७ |
| आर्थिक सर्वेक्षण प्रकाशन कार्यक्रम | ५०० | ३०६.३ | ६१.३ |
| बजेट तर्जुमा / MTEF तर्जुमा / PLMBIS तालिम | १००० | ०.० | |
| मन्त्रालयगत योजना अनुगमन | २०० | ०.० | |
| बजेट सम्बन्धी अन्तरक्रिया तथा छलफल | १००० | २८४.५ | २८.४ |
| योजना / राजस्व र अनुदानको अनुगमन | ३०० | ८८.७ | २९.६ |
| बजेट राजस्व र अनुदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम (स्थानीय तहहरुसँगको) | ५०० | २७१.५ | ५४.३ |
| अध्ययन अवलोकन भ्रमण तथा अनुभव आदन प्रदान कार्यक्रम | ३०० | ८३.० | २७.७ |
| वार्षिक, अर्धवार्षिक र अन्य प्रगति प्रतिवेदन तयारी र प्रकाशन | ४०० | ३९७.७ | ९९.४ |
| बजेट तर्जुमा दिग्दर्शन निर्माण | २०० | ०.० | |
| आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका निर्माण | २०० | ०.० | |
| तथ्याङ्कमा आधारित ग्रामिण सशक्तिकरण लागि वृहत प्रदेश प्रोफाइलिङ | ५९५० | ०.० | |

## २.५.११. आर्थिक वर्ष २०८०/८१ को मन्त्रालयको स्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र.स | श्रोत | शुरुको बजेट | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | | | |
| २ | नेपाल सरकार सशर्त अनुदान | | | |
| ३ | नेपाल सरकार समपूरक अनुदान | | | |
| ४ | नेपाल सरकार विशेष अनुदान | | | |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | १३०००० | ९७३०० | ६५०७० |

## २.५.१२. आ.व.२०८०/८१ को लुम्बिनी प्रदेश सरकारको वित्तीय प्रगति (रु.)

| क्र.स. | मन्त्रालय/केन्द्रिय निकाय | चालु खर्च | | | पुँजीगत खर्च | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत | बजेट | खर्च | प्रतिशत |
| १ | प्रदेश सभा | २६,६५,८८,००० | १८,८७,३७,७३२ | ७०.८० | ७,२२,५०,००० | ३,५९,१५,७१३ | ४९.७१ | ३३,८८,३८,००० | २२,४६,५३,४४५ | ६६.३० |
| २ | प्रदेश लोक सेवा आयोग | ८,९२,३१,००० | ६,२५,४४,२३८ | ७०.०९ | १,०७,६९,००० | ६७,२४,६८२ | ६२.४४ | १०,००,००,००० | ६,९२,६८,९२० | ६९.२७ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १,५३,७६,१७,००० | २५,३९,३२,६३१ | १६.५१ | ६,०२,५५,००० | ५४,६९,४५३ | ९.०८ | १,५९,७८,७२,००० | २५,९४,०२,०८४ | १६.२३ |
| ४ | आर्थिक मामिला मन्त्रालय | ९,०९,००,००० | ६,१६,७४,०९५ | ६७.८५ | ६४,००,००० | ३३,९५,७१६ | ५३.०६ | ९,७३,००,००० | ६,५०,६९,८११ | ६६.८८ |
| ५ | उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय | ९८,६१,७१,००० | ४८,५६,३३,८८१ | ४९.२४ | ५१,८६,००,००० | २३,११,२४,२१६ | ४४.५७ | १,५०,४७,७१,००० | ७१,६७,५८,०९७ | ४७.६३ |
| ६ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | १,७२,८१,८६,००० | १,१७,१२,०४,८०४ | ६७.७७ | १८,०२,४५,००० | ५,४१,२४,०९४ | ३०.०३ | १,९०,८४,३१,००० | १,२२,५३,२८,८९८ | ६४.२१ |
| ७ | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | ४२,५४,६२,००० | २१,४२,७७,०५१ | ५०.३६ | ३१,५२,६०,००० | २०,००,१३,३७४ | ६३.४४ | ७४,०७,२२,००० | ४१,४२,९०,४२५ | ५५.९३ |
| ८ | वन तथा वातावरण मन्त्रालय | १,१९,५५,६६,००० | ७८,६९,६१,५२१ | ६५.८२ | ८८,४२,४७,००० | ५१,२०,४४,८४३ | ५७.९१ | २,०७,९८,१३,००० | १,२९,९०,०६,३६३ | ६२.४६ |
| ९ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४६,०४,३४,००० | ३३,२५,६८,०१८ | ७२.२३ | १३,३२,२९,२०,००० | ९,३१,१६,४४,७३४ | ६९.८९ | १३,७८,३३,५४,००० | ९,६४,४२,१२,७५१ | ६९.९७ |
| १० | खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालय | २४,२२,९२,००० | १५,६२,४७,४०४ | ६४.४९ | ५,७३,९३,४३,००० | ४,४४,९६,२३,०३४ | ७७.५३ | ५,९८,१६,३५,००० | ४,६०,५८,७०,४३८ | ७७.०० |
| ११ | सामाजिक विकास मन्त्रालय | २,०६,४९,५५,०२८ | १,३२,७४,७८,५२९ | ६४.२९ | ४७,६९,१०,००० | २३,६२,५२,८८४ | ४९.५४ | २,५४,१८,६५,०२८ | १,५६,३७,३१,४१३ | ६१.५२ |
| १२ | स्वास्थ्य मन्त्रालय | ३,०८,९६,८३,००० | २,२८,२०,४४,९८८ | ७३.८६ | १,५४,६८,४०,००० | ९७,००,८९,२६९ | ६२.७१ | ४,६३,६५,२३,००० | ३,२५,२१,३४,२५७ | ७०.१४ |
| १३ | प्रदेश योजना आयोग | २,८४,१७,००० | १,५१,१३,२१० | ५३.१८ | ६९,००,००० | १३,४९,२५७ | १९.५५ | ३,५३,१७,००० | १,६४,६२,४६७ | ४६.६१ |
| १४ | अर्थ - विविध | ९८,६८,७९,९७२ | ४,४०,००० | ०.०४ | २६,४३,२७,००० | ० | ०.०० | १,२५,१२,०६,९७२ | ४,४०,००० | ०.०४ |
| १५ | जम्मा | १३,१९,२३,८२,००० | ७,३३,८८,५८,१०१ | ५५.६३ | २३,४०,५२,६६,००० | १६,०१,७७,७१,२६८ | ६८.४४ | ३६,५९,७६,४८,००० | २३,३५,६६,२९,३६९ | ६३.८२ |
| १६ | स्थानीय तह | ३,९५,२५,००,००० | ३,०८,००,६३,८४४ | ७७.९३ | ० | ० | ०.०० | ३,९५,२५,००,००० | ३,०८,००,६३,८४४ | ७७.९३ |
| १७ | लुम्बिनी प्रदेश | १७,१४,४८,८२,००० | १०,४१,८९,२१,९४४ | ६०.७७ | २३,४०,५२,६६,००० | १६,०१,७७,७१,२६८ | ६८.४४ | ४०,५५,०१,४८,००० | २६,४३,६६,९३,२१३ | ६५.२० |

### २.५.१३. शुरुको बजेटको आधारमा लुम्बिनी प्रदेश सरकारको वित्तीय प्रगतिको प्रवृति (रु हजारमा)

| विवरण | | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
|---|---|---|---|---|
| जम्मा बजेट | कूल बजेट | ४०९५९७०० | ४२६३५७०० | ४०४७९७०० |
| | कूल खर्च | ३००५४६८३ | ३०२४५७७२ | २६४३६६९३ |
| चालु बजेट | विनियोजन | १४९३७३४३ | १३३२७६५२ | १३६३३०९९ |
| | खर्च | ८३७०४०५ | ८३८५४१४ | ७३३८८५८ |
| पुँजीगत बजेट | विनियोजन | २११७९९६१ | २४४७७०४८ | २३२५६९०१ |
| | खर्च | १७४०७८०९ | १७७३६६१८ | १६०१७७७१ |
| वित्तीय हस्तान्तरण | विनियोजन | ४८४२३९६ | ४८३१००० | ३५८९७०० |
| | खर्च | ४२७६४६९ | ४१२३७४० | ३०८००६४ |

स्रोतः- आर्थिक मामिला तथा योजना मन्त्रालय

### २.५.१४. आर्थिक वर्ष २०८०/८१ को अनुदान तथा राजस्व संकलनको विवरण

| संकेत | राजस्व शिर्षक | वार्षिक लक्ष्य रु. | प्रगति रु. | प्रतिशतमा |
|---|---|---|---|---|
| संघबाट प्राप्त हुने अनुदान | | | | |
| १३३११ | वित्तीय समानीकरण अनुदान | ८,१४,८३,००,००० | ६,०३,८७,०५,१३० | ७४.११ |
| १३३१२ | सशर्त अनुदान चालु | २,४३,३८,००,००० | १,८४,८१,३७,९६० | ७५.९४ |
| १३३१३ | विशेष अनुदान चालु | ७,००,००,००० | ७,००,००,००० | १००.०० |
| १३३२१ | सशर्त अनुदान पुँजीगत | ३,४०,२१,००,००० | २,८३,६६,२२,००० | ८३.३८ |
| १३३२२ | विशेष अनुदान पुँजीगत | ४९,००,००,००० | ४९,००,००,००० | १००.०० |
| १३३२३ | समपुरक अनुदान पुँजीगत | ८४,००,००,००० | ८४,००,००,००० | १००.०० |
| **जम्मा** | | **१५,३८,४२,००,०००** | **१२,१२,३४,६५,०९०** | **७८.८०** |
| संघबाट प्राप्त हुने राजश्व बाँडफाँट | | | | |
| ११४११ | मूल्य अभिवृद्धि कर | ८,५१,७४,००,००० | ६,५९,०७,१५,९५१ | ७७.३८ |
| ११४२१ | अन्त शुल्क | २,८०,००,००,००० | २,२६,५१,६६,९९२ | ८०.९० |
| **जम्मा** | | **११,३१,७४,००,०००** | **८,८५,५८,८२,९४३** | **७८.२५** |
| संघबाट प्राप्त हुने रोयल्टी | | | | |
| १४१५३ | वन सम्बन्धी रोयल्टी | ७,४९,२०,००० | ३,४५,६४,९३६ | ४६.१४ |
| १४१५४ | खानी तथा खनिज रोयल्टी | १४,००,००,००० | ६,८४,५६,८३२ | ४८.९० |
| १४१५६ | विद्युत सम्वन्धी रोयल्टी | ७,५०,००,००० | ८,७०,०४,२४८ | ११६.०१ |
| १४१५८ | पर्वतारोहण वापतको रोयल्टी | ८०,००० | १५,७३७ | १९.६७ |
| **जम्मा** | | **२९,००,००,०००** | **१९,००,४१,७५३** | **६५.५३** |

| | | | | |
|---|---|---|---|---|
| **प्रदेशको आन्तरिक राजश्व** | | | | |
| ११११४ | कृषि आयमा लाग्ने कर | १०,००,००० | ५१,५४९ | ५.१५ |
| १४१५१ | सरकारी सम्पतीको वहालबाट प्राप्त | ३०,००,००० | १२,९६,७२९ | ४३.२२ |
| १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त | २,००,००,००० | १,७१,४५,०८२ | ८५.७३ |
| १४२१२ | सरकारी सम्पतीको विक्रिबाट प्राप्त | १०,००,००० | ९,७४,०४० | ९७.४० |
| १४२१३ | अन्यविक्रीबाट प्राप्त रकम | १०,००० | - | - |
| १४२१७ | नहर तथा कुलो उपयोग वापतको शुल्क | ३०,००० | २७,५५० | ९१.८३ |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री | ७,००,००० | २६,५०० | ३.७९ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ३,००,००० | १,१३,९५० | ३७.९८ |
| १४२२४ | परीक्षा शुल्क | २५,००,००,००० | ६,०५,६७,८०० | २४.२३ |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | २५,००,००,००० | १६,२३,१५,०४३ | ६४.९३ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४,५०,००,००० | ५,४५,४७,९४८ | १२१.२२ |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५,००,००,००० | ७,१६,१७,१९३ | २८.६५ |
| १४२५५ | टेलिभिजन सञ्चालन दस्तुर | ४,१०,००० | १,६०,००० | ३९.०२ |
| १४२५६ | चालक अनुमति पत्र र सवारी | १,००,००,००,००० | ७६,१५,६४,८७० | ७६.१६ |
| १४२६४ | वन क्षेत्रको आय | १,८०,००,००,००० | १६,७४,०२,५१६ | ९.३० |
| १४३११ | न्यायिक दण्ड,जरिवाना र जफत | १,५०,००० | ३,२२,०१७ | २१४.६८ |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | १,७५,००,००० | १,५३,९६,९९५ | ८७.९८ |
| १४३१३ | धरौटी सदरस्याहा | ३०,००,००० | १,४१,०९,६५९ | ४७०.३२ |
| १४५११ | बीमा दावी प्राप्ति | - | २,४७,५०० | |
| १४५२९ | अन्य राजस्व | २५,३०,००,००० | १५,८९,९८६ | ०.६३ |
| १५१११ | बेरुजु | १९,००,००,००० | ७,१२,५३,०४५ | ३७.५० |
| १५११२ | निकासा फिर्ता | २५,००,००,००० | ८,४८,६७,६०८ | ३३.९५ |
| १५११३ | अनुदान फिर्ता | ४०,००,००,००० | १९,७८,०७,५०३ | ४९.४५ |
| | जम्मा | ४,७३,५१,००,००० | १,६८,३४,०५,०८४ | ३५.५५ |
| ३३१४२ | आन्तरिक ऋण जम्मा | १,२५,००,००,००० | - | - |
| **जम्मा** | | **५,९८,५१,००,०००** | **१,६८,३४,०५,०८४** | **२८.१३** |
| **प्रदेश र स्थानीय तहवीच बाँडफाँट हुने राजश्व (प्रदेशले संकलन गर्ने)** | | | | |
| ११४५६ | सवारी साधन कर | **२,००,००,००,०००** | **१,७५,३८,०३,५८७** | **८७.६९** |
| **प्रदेश र स्थानीय तहवीच बाँडफाँट हुने राजश्व (स्थानीय तहले संकलन गर्ने)** | | | | |
| ११३१५ | घरजग्गा रजिष्ट्रशन दस्तुर | २,००,००,००,००० | १,२१,०३,७३,०९९ | ६०.५२ |
| ११४७१ | मनोरञ्जन कर | ५,००,००० | ५२,२९,७११ | १,०४५.९४ |
| ११४७२ | विज्ञापन कर | २५,००,००० | २७,६२,८५५ | ११०.५१ |
| १४१५७ | दहत्तर बहत्तरको विक्रि आय | ५०,००,००,००० | ३२,८७,३७,०२६ | ६५.७५ |
| **जम्मा** | | **२,५०,३०,००,०००** | **१,५४,७१,०२,६९०** | **६१.८१** |
| ३२१२१ | गत वर्षको मौज्दात | ३,००,००,००,००० | २,५१,८९,६२,१८० | ८३.९७ |
| | **कुल जम्मा** | **४०,४७,९७,००,०००** | **२८,६७,२६,६३,३२६** | **७०.८३** |

### २.५.१५. आ.व. २०८०/८१ को सम्पादन भएका महत्वपूर्ण उपलब्धिहरु

१. विषयगत मन्त्रालयहरुले मस्यौदा गरेको नीतिगत/कानूनी प्रबन्ध र आवश्यक जनशक्ति व्यवस्थापन गर्न ५६ राय परामर्श सहितको सहमति प्रदान गर्ने गरेको,

२. विषयगत मन्त्रालय तथा निकायबाट माग भई आएबमोजिम रकमान्तर एवम् बजेट बाँडफाँट तथा स्वीकृत गरी बजेट कार्यान्वयनका लागि सहजीकरण गर्ने गरिएको,

३. बहुवर्षीय आयोजनाको स्रोत सुनिश्चितता सम्बन्धी मापदण्डलाई समायानुकूल संशोधन गरी प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयनको लागि पर्याप्त वित्तीय व्यवस्थापन गरिएको,

४. विशेष अनुदानको बाँडफाँटलाई पारदर्शी एवम् समन्यायी बनाउनको लागि विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन,

५. आर्थिक ऐन २०८० कार्यान्वयन सरलीकरणको लागि वित्त व्यवस्थापन महाशाखा प्रमुखको संयोकत्वमा रहेको कार्यदलले तयार गरेको प्रतिवेदनमा रहेका राय सुझाव कार्यान्वयनका लागि विषयगत मन्त्रालयमा पठाइएको,

६. आर्थिक कार्यविधि ऐन २०७४ को दफा १४ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव ज्युको संयोजकत्वमा रहेको राजस्व परामर्श समिति गठन भई सुझाव प्राप्त भएको,

७. स्थानीयतहका प्रमुखहरुसंग राजश्व, अनुदान सम्बन्धी अन्तर्क्रिया बुटवल र लमहीमा गरिएको,

८. लुम्बनी प्रदेश सभाका माननीयहरु ज्युहरुसँग बजेट सम्बन्धी अन्तर्क्रिया लमहीमा गरिएको,

९. आ.व. २०८०/८१ को आर्थिक सर्वेक्षण नेपाली तथा अंग्रेजी माध्यममा र वार्षिक तथा दोस्रो चौमासिक प्रगति प्रतिवेदन प्रकाशन,

१०. समग्र आर्थिक परिस्थिती एवम् प्रदेश सरकारको वित्तीय सन्तुलन (Fiscal space) लाई मध्येनजर गर्दै मन्त्रालयबाट प्रदेश सरकार अन्तर्गतका निकयहरुलाई समय समयमा आवश्यक मार्गदर्शन एवम् निर्देशन जारी भएको,

११. प्रदेश सरकारको निकायका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न दरवन्दी सिर्जना गर्ने सम्बन्धमा राय/सहमति उपलब्ध गराइएको,

१२. वित्तीय हस्तान्तरणका आयोजनाहरुको कार्यान्वयनको अवस्था र राजस्व बाँडफाँट सम्बन्धी नियमित अनुगमन।

### २.५.१६. वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या/कठिनाईः

- प्रदेश सरकारको आयको दायरा साँघुरो रहेको, एकल अधिकारको सूचीमा पर्ने कर (कृषि आयमा लाग्ने कर) कार्यान्वयनमा आउन नसकेको,
- माग अनुसार आयोजना/कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि स्रोत व्यवस्थापन,
- आयोजना/कार्यक्रमको प्राथमिकता निर्धारण गरी सोही अनुसार बजेट व्यवस्था,
- राजस्व परिचालनका कतिपय विषयमा संघ, प्रदेश र स्थानीय तहमा कानूनी अस्पष्टता (नदीजन्य पदार्थ, दहत्तर बहत्तर तथा वन पैदावार आदि),
- आयोजनाको संख्या बढी र क्षमता भन्दा बढी बहुवर्षीय ठेक्का सहमति भएको,
- संघीय समानीकरण अनुदानको चौथो किस्ता प्राप्त नभएको र सिर्जित दायित्व भुक्तानी बाँकी रहेको,

- आर्थिक मामिला तथा योजना मन्त्रालयमा दरवन्दी रिक्त रहनु, कर्मचारीहरु मन्त्रालयबाट सरुवा हुन खोज्नु,
- स्थानीय तहसँग बाँडफाँट हुने करहरु समेत प्रभावकारी हुन नसकेको,
    - नदीजन्य पदार्थबाट प्राप्त हुने आयमा समस्या रहेको,
    - विज्ञापन करको दायरा बढ्न नसकेको,
    - मनोरञ्जन करको दायरा बढ्न नसकेको,
    - घर जग्गा रजिष्ट्रेशन शुल्कको वास्तविक कारोबारसँग तादम्यता मिलाउन नसकेको,
    - अन्य संभावित आयमा स्रोत पहिल्याउने र आय वृद्धि गर्ने कार्य हुन नसकेको ।

### २.५.१७. समस्या समाधानका लागि चाल्नुपर्ने कदमः

- कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- राजस्व वृद्धिको लागि स्थानीय तहलाई प्रभावकारी परिचालन गरी चुनढुंङ्गा खानी, गिटी बालुवा, विज्ञापन कर तथा मनोरञ्जन कर मार्फत कर वृद्धि गर्नुपर्ने ,
- राजस्व, खर्च तथा अनुदान व्यवस्थापन सम्बन्धी एकीकृत प्रणाली विकास गर्नुपर्ने,
- प्रदेशमा आन्तरिक तथा आय लगानी आकर्षित गर्न नीतिगत कानूनी एवम्म संस्थागत प्रवन्ध गर्दै लुम्बिनी प्रदेशलाई लगानीकर्ताको आकर्षणको केन्द्रको रुपमा अगाडि बढाउनुपर्ने,
- अधुरा आयोजना तथा कार्यक्रमको लागि आवश्यक स्रोत साधनको प्रवन्ध गरी त्यस्ता आयोजनाको संख्यालाई यथासम्भव न्यूनतम सीमामा कायम गर्नुपर्ने,
- केन्द्रबाट प्राप्त हुने समपूरक र विशेष अनुदान बजेटमा प्रस्ताव गरिए बमोजिम प्राप्त गर्न केन्द्रसँग पहल गर्नुपर्ने,
- स्थानीय तहमा वितरण गरिने अनुदान रकमको खर्चको विवरण हेर्ने प्रणालीको विकास गर्नुपर्ने,
- स्थानीय तहले संकलन गरेको साझा करबाट सङ्कलित रकम समयमै दाखिला गराउन पहल गर्नुपर्ने,
- प्रदेश कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ मा संसोधन गर्नुपर्ने,
- स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को पुनरावलोकन गर्नुपर्ने।

### २.५.१८. निष्कर्षः

राजस्व वृद्धिको लागि स्थानीय तहलाई प्रभावकारी रुपमा परिचालन गरी आन्तरिक आयमा बढोत्तरी गर्दै स्थानीय तहलाई उपलव्ध गराउने अनुदानहरु मागमा आधारित र प्रदेश सरकारको योगदानको स्पष्ट पहिचान हुने गरी परिमार्जन गर्दै प्रदेशको समग्र विकासको लागि स्रोत साधन व्यवस्थापनका साथै विषयगत मन्त्रालयहरुको पूँजीगत खर्चमा बढोत्तरीका माध्यमबाट **"समृद्ध लुम्बिनी: आत्मनिर्भर प्रदेश"** को दीर्घकालीन लक्ष्य हासिल गर्न सकिन्छ।

# २.६ भौतिक पूर्वाधार विकास मन्त्रालय

## २.६.१. पृष्ठभूमि

प्रदेश सरकारको " समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश " भन्ने सोचका साथ प्रदेश भित्रका सडक, सडक पुल, झोलुङ्गे पुल जस्ता पूर्वाधार आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने उद्देश्यले भौतिक पूर्वाधार विकास मन्त्रालयको स्थापना भएको हो। हाल यस मन्त्रालय अन्तर्गत एउटा यातायात पूर्वाधार निर्देशनालय र ११ वटा सडक पूर्वाधार विकास कार्यालयहरु क्रियाशील रही प्रदेशका १२ वटै जिल्लामा सेवा प्रदान गर्दै आएका छन्।

## २.६.२. दीर्घकालीन सोच

- ❖ लुम्बिनी प्रदेशभित्र रहेका स्थानीय गाउँपालिका पहुँच मार्ग, पर्यटनस्थल पहुँच मार्ग, सिमा क्षेत्र सडकहरुको स्तरोन्नती गर्ने, उत्पादन क्षेत्रलाई मुख्य सडकसँग जोडी सडकको सञ्जाल बनाई यातायातको सहज र सुरक्षित पहुँच बनाउने,
- ❖ गरिबी निवारण र दीगो शान्ति स्थापनाका लागि आवश्यक यातायात पूर्वाधार विकासको माध्यमबाट आर्थिक तथा सामाजिक समृद्धि हासिल गरी "समृद्ध लुम्बिनी: आत्मनिर्भर प्रदेश"को लक्ष्यमा टेवा पुऱ्याउनु यस मन्त्रालयको दीर्घकालिन सोच रहेको छ।

## २.६.३. उद्देश्य

- ❖ प्रदेशभित्र सडक, सडक पुल, झोलुङ्गे पुल जस्ता भौतिक पूर्वाधारहरुको विकास गर्नु र सडक सुरक्षाहरु अवलम्बन गरी सुरक्षित यात्रामा टेवा पुऱ्याउनु यस मन्त्रालयको मुलभूत उद्देश्य हो।

## २.६.४. रणनीतिहरु

- ❖ प्रदेशका स्थानीय तहहरुको पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी यातायात पूर्वाधारहरुको विकास, विस्तार र सुदृढिकरण गर्ने।
- ❖ सडक पूर्वाधारको विकासलाई रोजगारीका अवसर सिर्जना गर्ने माध्यमको रुपमा प्रयोग गर्ने।
- ❖ भौतिक पूर्वाधारको विकासलाई नागरिक एवम् वातावरण मैत्री बनाउने।

## २.६.५. कार्यक्षेत्र

- ❖ प्रदेश लोकमार्ग सम्बन्धि नीति, मापदण्ड, तथा योजना तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन,
- ❖ प्रदेश लोकमार्गको स्तरउन्नति र मर्मत सम्भार तथा सडक सुरुक्षा प्रविधिको उपयोग र विकास,
- ❖ प्रदेश लोकमार्ग सम्बन्धि तथ्यांक व्यवस्थापन, सडक प्रविधि सम्बन्धि अध्ययन, र अनुसन्धान,
- ❖ रज्जुमार्ग, जलमार्ग लगायत वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, संचालन र व्यवस्थापन
- ❖ प्रदेशमा निर्माण व्यवसाय सम्बन्धि नीति तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन,
- ❖ प्रदेशमा निर्माण सामग्रीको उपलब्धता, व्यास्थापना, र गुणस्तर सम्बन्धि नीति तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन।

### २.६.६. कानूनी तथा नीतिगत व्यवस्थाहरु

- ❖ प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९
- ❖ प्रदेश विनियोजन ऐन, २०८०
- ❖ प्रदेशको आवधिक योजना
- ❖ आ.व. २०८०/८१को लुम्बिनी प्रदेश सरकारको निति तथा कार्यक्रम
- ❖ सार्वजनिक खरिद ऐन २०६३
- ❖ सार्वजनिक खरिद नियमावली २०६४
- ❖ प्रदेश सार्वजनिक खरिद नियमावली २०७४
- ❖ प्रदेश सडक ऐन २०७७

### २.६.७. संगठन संरचना तथा जनशक्ति विवरण

तालिकानं.-१.१ दरवन्दी र पदपूर्तिको अवस्था(मन्त्रालय र अन्तर्गत सबै) -

| क्र. स. | पद | सेवा/ समुह | श्रेणी/तह | जम्मा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | |
| १ | सचिव (प्राविधिक) | इन्जि./सिभिल | रा.प. प्रथम | १ | १ | ० | |
| २ | निर्देशक | इन्जि./सिभिल/हाईवे/ जनरल | अधिकृत एघारौं/बाह्रौं | १ | ० | १ | |
| ३ | सि.डि.ई. | इन्जि./सिभिल/हाईवे | अधिकृत नवौं/दशौं | २ | १ | १ | |
| ४ | सि.डि.ई. | इन्जि./सिभिल/जनरल | अधिकृत नवौं/दशौं | १२ | ४ | ८ | |
| ५ | उपसचिव | प्रशासन/सामान्य प्रशासन | अधिकृत नवौं/दशौं | १ | ० | १ | |
| ६ | शाखा/वरिष्ठ शाखा अधिकृत | प्रशासन/सा.प्र. | अधिकृत सातौं/आठौं | ३ | २ | १ | |
| ७ | वरिष्ठ लेखा अधिकृत/लेखा अ. | प्रशासन/लेखा | अधिकृत सातौं/आठौं | १० | ७ | ३ | |
| ८ | कानुन अधिकृत | कानुन | रा.प. तृतिय | १ | ० | १ | |
| ९ | वरिष्ठ ईन्जिनियर/ईञ्जिनियर | इन्जि./सिभिल/जनरल | अधिकृत सातौं/आठौं | ३७ | १८ | १९ | |
| १० | वरिष्ठ ईन्जिनियर/ईञ्जिनियर | इन्जि./सिभिल/हाईवे | अधिकृत सातौं/आठौं | ८ | ० | ८ | |
| ११ | व.ईन्जिनियर/ईञ्जिनियर | इन्जि./मेकानिकल | अधिकृत सातौं/आठौं | १ | ० | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | व.प्र.सहायक/अधिकृत | प्रशासन सा.प्र. | सहायक पाचौ/छैटौ | १८ | १५ | ३ | |
| १३ | लेखापाल/अ.ले. | प्रशासन/सा.प./लेखा | सहायक पाचौ/छैटौ | ५ | ४ | १ | |
| १४ | कम्प्युटर अपरेटर/अधिकृत अ. | विविध (कम्प्युटर अपरेटर) | सहायक पाचौ/छैटौ | २ | १ | १ | |
| १५ | अधिकृत प्रा./सव-इन्जिनियर | इन्जि./सिभिल/जनरल | सहायक पाचौ/छैटौ | ५८ | ४० | १८ | |
| १६ | अधिकृत प्रा./सव-इन्जिनियर | इन्जि./सिभिल/हाईवे | सहायक पाचौ/छैटौ | ३ | १ | २ | |
| १७ | व.ल्याव/ल्याव टेक्निसियन | इन्जि./सिभिल/जनरल | सहायक पाचौ/छैटौ | ८ | ४ | ४ | |
| १८ | ल्याव असिस्टेन्ट | इन्जि./सिभिल | सहायक चौथो/पाचौ | ५ | १ | ४ | |
| १९ | खरिदार/प्र.सहायक | प्रशासन सा.प्र. | सहायक चौथो/पाचौ | १ | ० | १ | |
| २० | लेखापाल/सहलेखापाल | प्रशासन लेखा | सहायक चौथो/पाचौ | १ | ० | १ | |
| २१ | ह.स.चा. | श्रेणी विहिन | | २० | १५ | ५ | |
| २२ | का.स. | श्रेणी विहिन | | ३३ | ३० | ३ | |
| | | | **जम्मा** | २३१ | १४४ | ८७ | |

## २.६.८. वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| **नीति तथा कार्यक्रमको बुँदा नं.** | **कार्यक्रम** | **लक्ष्य प्राप्तिको विद्यमान अवस्था** |
|---|---|---|
| ४० | प्रदेशका पूर्वाधार आयोजनामा काम गर्ने श्रमिकको दुर्घटना बीमा, सुरक्षा औजार तथा कामदारको ज्याला प्राप्तिको सुनिश्चितता पश्चात निर्माण व्यवसायी/उपभोक्ता समितिलाई भुक्तानी हुने श्रमिकमैत्री नीति लिइनेछ। | निर्माण कार्यको ठेक्का सम्झौतामा कामदारहरुको बिमा समावेश गरी पेश्की भुक्तानी पूर्व बिमा अनिवार्य गरिएको। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ४१ | अन्तर पालिका एवम् अन्तर जिल्ला जोड्ने सडकलाई प्राथमिकता दिँदै प्रदेश यातायात गुरुयोजनाको अवधारणा अनुसार प्रदेश गौरवको आयोजना पाल्पाको रामपुर देखि रोल्पाको जिनाबाङ लगायत २० वटा अन्य प्रदेशस्तरका राजमार्ग निर्माण एवम् स्तरोन्नति कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ। | कुल ३०० कि.मि. लम्बाईमा हालसम्म ५३.७० कि.मि. सडक स्तरोन्नतीको लागि ठेक्कापट्टा भई ३६.२ कि.मि सडक कालोपत्रे सम्पन्न भएको छ। |
| ४२ | प्रदेशमा आर्थिक क्रियाकलाप चलायमान हुने गरी कृषि पकेट क्षेत्रमा कृषि सडक, पहिचान भएका पर्यटकीय क्षेत्रमा पर्यटन स्थल पहुँचमार्ग, सीमाक्षेत्रका व्यापारिक नाकामा पहुँच पुग्ने गरी सीमाक्षेत्र सडक कार्यक्रम तथा महत्वपूर्ण उद्योग जोड्ने उद्योगस्थल पहुँच मार्ग निर्माण गर्न प्राथमिकता दिइनेछ। साथै, नजिकको मुख्य सडकसँग १३ वटा स्थानीय तहका केन्द्र जोड्ने सडकलाई प्राथमिकताका आधारमा स्तरोन्नति गरिनेछ। | प्रदेश गौरवको आयोजना, कृषि सडक, पर्यटनस्थल पहुँचमार्ग, सीमा क्षेत्र सडक कार्यक्रम लगायतका सडक आयोजनाहरुमा बजेट विनियोजन भई कार्यान्वयन गरिएको।<br>२१ वटा स्थानीय तह पहुँच मार्ग योजना कार्यान्वयन गरिएको। |
| ४३ | कालोपत्रे सडक नियमित मर्मत सम्भार नहुँदा सडक सम्पत्तिको लगानी ह्रास भएकाले निर्मित सडक सम्पत्ति संरक्षण गर्न स्रोत व्यवस्था गर्ने नीति लिइनेछ। सडक सुरक्षालाई प्राथमिकतामा राखी अपाङ्गतामैत्री फुटपाथ निर्माण र ट्राफिक बत्तीको व्यवस्था गरिनेछ। प्रादेशिक सडक क्षेत्राधिकार (राइट अफ वे) निक्यौल गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ। | प्रत्येक जिल्लामा कालोपत्रे भएका सडकहरुको आवधिक मर्मत (Pothole Repairing, Resealing) तथा सडक मर्मतसम्भारकर्ता राखि करिव १६०० कि.मि. सडकको नियमित मर्मत कार्य भएको। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ४४ | नयाँ पुल निर्माण गर्दा यातायातको चाप, जनघनत्व र सडक वर्गीकरणको आधारमा ढलाने पुल वा बेलिवृज निर्माण गर्ने नीति लिई निर्माणाधीन सडक पुल शीघ्र सम्पन्न गरिनेछ। विकट बस्ती र समुदाय लाभान्वित हुने गरी झोलुङ्गे पुल निर्माण र वृहत मर्मत कार्यलाई निरन्तरता दिइनेछ। झोलुङ्गे पुल क्षेत्रमा स्थानीय तह समेतको संस्थागत क्षमता अभिवृद्धि गर्न प्रादेशिक प्राविधिक सेवा प्रदायक संस्थाको सेवालाई सुदृढीकरण गरिनेछ। | SDC मार्फत परामर्शदाता छनौट गरी सडकहरुको प्रारम्भिक तथ्याङ्क संकलन कार्य सम्पन्न।<br>यातायात पूर्वाधार निर्देशनालयबाट PTAP मार्फत १०९ वटा स्थानीय तहलाई झोलुङ्गे पुलमा प्राविधिक सहयोग प्रदान गरी TBSWAp अन्तरगत ६३ वटा झो.पू. निर्माण सम्पन्न भएको।<br>प्रदेशको लगानीमा १७ वटा झोलुङ्गे पुलहरुको निर्माण कार्य सम्पन्न गरिएको। |

## २.६.९. बजेट वक्तव्यको प्रगति विवरण

| ब. व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १५५ | प्रदेश गौरवको आयोजना रामपुर जिनाबाङ सडकको स्तरोन्नतिको लागि पाल्पा, अर्घाखाँची, प्युठान र रोल्पामा एकसाथ वहुवर्षीय आयोजना कार्यान्वयन गर्न रू.२० करोड ५० लाख विनियोजन गरेको छु। | कुल ३०० कि.मि. लम्बाईमा हालसम्म ५३.७० कि.मि. सडक स्तरोन्नतीको लागि ठेक्कापट्टा भई ३६.२ कि.मि सडक कालोपत्रे सम्पन्न भएको छ। |
| १५६ | सिद्धार्थ राजमार्गको सिद्धबाबा क्षेत्रको जोखिमयुक्त खण्डमा निर्माणाधीन वैकल्पिक मार्ग बुटवल धागो कारखाना चरङ्गे झुम्सा सडकमा पर्ने सम्पूर्ण पुल पुलेसा निर्माण सम्पन्न गरिनेछ र सडक स्तरोन्नतिको कार्यसम्पन्न गरी यातायात सञ्चालन गर्न समेत रू.७ करोड ७५ लाख विनियोजन गरेको छु | पाल्पा जिल्लामा पर्ने झुम्सा-चौकिभञ्ज्याङ्ग खण्ड 8.4 कि.मि. पक्की नाली सहित ग्राभेल सडकमा स्तरोन्नती भएको छ भने रुपन्देही जिल्लामा १३ कि.मि. मध्ये २.७५ कि.मि. कालोपत्रे सम्पन्न भएको छ। |
| १५७ | पूर्वपश्चिम राजमार्गको रूपन्देहीको वेलवास देखि हुलाकी राजमार्गको वेथरीसम्म २१ किलोमिटर सडक निर्माण सम्पन्न गरी उक्त सडकलाई मर्चवारको खैराघाटसम्म विस्तार गर्ने लक्ष्यका साथ निर्माणाधीन गुरूवनिया, तुनिहवा मझगाँवा | १२.५ कि.मि. ४ लेनको सडक कालोपत्रे सम्पन्न भएको छ।<br>गुरवनियाघाटमा सडक पूल निर्माण भइरहेको। |

| ब. व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | सेमरा खैराघाट सडक र गुरवनियाघाटमा सडक पूल निर्माणका लागि रू.७ करोड २० लाख विनियोजन गरेको छ। | |
| १५८ | पटौटी-दुर्गाफॉट-कुखुरे-देउराली-खर्ज्याङ्ग-राङवास-सिमिचौर-तम्घास सडक, सन्धिखर्क- गच्छे- ढिकुरा-धनचौर-जुकेना-जलुके-लामाताल-बडिदमार-चैते-रामपुर सडक, बाँके र बर्दिया जोड्ने राँझा राजापुर सडक लगायत प्रदेशका महत्वपुर्ण १७ वटा सडकको स्तर वृद्धिका लागि रू.२६ करोड १० लाख विनियोजन गरेको छ। | पटौती दुर्गफाट कुखुरे देउराली खर्ज्यांग राङबास सिमिचौर, तम्घास सडकको अर्घाखाँची जिल्लामा १५ कि.मि. कालोपत्रे सम्पन्न भएको र गुल्मी जिल्लामा पर्ने १४.५ कि.मि. सडक मध्ये ६ कि.मि. सडक कालोपत्रे गर्ने तयारीमा रहेको र बाँकी ९ कि.मि. खण्डको कालोपत्रे गर्ने गरी ठेक्कापट्टा भई ४ कि.मि. मा नाली निर्माण र ग्राभेल भएको।<br>सन्धिखर्क गच्छे ढिकुरा धनचौर जुकेना लामाताल बडीदमार चैते रामपुर सडकको 5.5 कि.मि. सडक स्तरोन्नतीकव लागि ठेक्का सम्झौता भई कार्य शुरु भएको।<br>बाँके र बर्दिया जोड्ने राँझा राजापुर सडकको 4 कि.मि. खण्डको निर्माण कार्यका लागि सम्झौता भई कार्य शुरु भएको। |
| १५९ | सबै स्थानीय तहका केन्द्रसम्म कालोपत्रे सडक पु-याउने लक्ष्यका साथ स्थानीय तह पहुँचमार्ग कार्यक्रम अन्तर्गत कार्यान्वयनमा रहेका १२ वटा पहुँचमार्ग निर्माण सम्पन्न गर्न र थप १३ वटा पहुँचमार्गको स्तरोन्नतिको लागि रू.५० करोड १५ लाख विनियोजन गरेको छ। | स्थानीय तह पहुँच मार्गहरु बहुवर्षिय आयोजनाको रुपमा कार्यान्वयनमा रहेका। |
| १६० | ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने उद्देश्यका साथ महत्वपुर्ण २१ वटा पर्यटनस्थल पहुँचमार्ग स्तरोन्नति गर्न एकमुष्ट रू.१३ करोड ४० लाख विनियोजन गरेको छ । | पर्यटन स्थल पहुँच मार्गहरु ठेक्कापट्टा भई कार्यान्वयनमा रहेका। |
| १६१ | सीमा क्षेत्र सडक कार्यक्रम अन्तर्गत नवलपरासी (ब.सु.प.) को बासाबसाही- पिपरिया- महेशपुर सडक, कपिलवस्तुको महाराजगञ्ज हदौंना सडक, दाङको गोठवा सुनपत्री सुनछहारी सडक, बाँकेको मञ्जुखावा समाधि देखी छोटि भन्सार जोड्ने सडक र बर्दिया जिल्लाका ४ वटा सडक समेत | नवलपरासी (बा.सु.प.) को बासबसाही पिपरहिया महेशपुर सडकको ७ कि.मि. सडक कालोपत्रे भएको। |

| ब. व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | जम्मा २१ वटा सडकका लागि रू.२९ करोड ७० लाख विनियोजन गरेको छु । | कपिलवस्तुको महाराजगंज हर्दौना सडक कुल लम्बाई २१ कि.मि. रहेकोमा १२ कि.मि. कालोपत्रे भएको बाँकी खण्डको ठेक्कापट्टा भएको।<br>बाकेको मन्जुरबाबा समाधि देखि छोटी भन्सार जोड्ने सडक ४ कि.मि. लम्बाई रहेको १ कि.मि. कालोपत्रे सम्पन्न हुने। बाँकी ३ कि.मि. सडकलाई पुन:निर्माण गर्न आवश्यक रहेको। |
| १६२ | बर्दिया जिल्लाको राजापुर नगरपालिका र गेरूवा गाउँपालिकाको भौरा टप्पा क्षेत्रको वृहत्तर विकास गुरुयोजना बनाई क्रमशः कार्यान्वयन गर्दै जान अध्ययन अनुसन्धानको व्यवस्था मिलाएको छु। साथै, भौरा टप्पा वृहत चक्रपथमा पर्ने दौलतपुर घाट देखि कर्णाली कोडिडोर हुँदै सनकट्टी घाटसम्मको सडक खण्ड स्तरोन्नतीको लागि आवश्यक बजेट विनियोजन गरेको छु । | भौरा टप्पा वृहत चक्रपथमा पर्ने दौलतपुर घाट देखि कर्णाली कोडिडोर हुँदै सनकट्टी घाटसम्मको सडक खण्ड स्तरोन्नतीको कार्य भइरहेको। |
| १६३ | संघीय सरकारसँगको लागत साझेदारीमा सञ्चालन हुने अर्घाखाँचीको सन्धिखर्क-गच्छे- ढिकुरा-धनचौर-जुकेना-जलुके-लामाताल-बडिदमार-चैते-रामपुरसडक, सन्धिखर्क-वल्कोट तम्घास सडक (वल्कोट-नेटा-खण्ड), पाल्पाको सालझण्डी-सुगुरेढुङ्गा सडक, सिमलतारा मूलाबारी-हाँसीपुर-चैते-वाङ्गेसिमल सडक, बांकेको परसपुर-बेलभार-राधापुर-सादतपुर- जानकीचार सडक, बर्दियाको राजापुर रिड्रोड, रूकुम पूर्वको दुईखोली-बाघामारा- चुनवाङ-रूकुमकोट सडक र प्युठानको बागदुल्ला- दम्तीबहाने-खवाङ- स्याउलीवाङ- नौवहिनी पर्यटन क्षेत्र सडक (बहने स्याउलीबाङ) खण्डका लागि रू.१ अर्ब विनियोजन गरेको छु । | सन्धिखर्क-गच्छे- ढिकुरा-धनचौर-जुकेना-जलुके-लामाताल-बडिदमार-चैते-रामपुर सडकमा २८.५ कि.मि. सडक ग्राभेलमा स्तरोन्नती कार्य सम्पन्न भएको।<br>सन्धिखर्क वल्कोट सडक कुल ३७ कि.मि. लम्बाई रहेकोमा ३१ कि.मि. सडक कालोपत्रे सम्पन्न भएको।<br>बाँकेको परसपुर बेलामार राधापुर सहादतपुर सडक सम्पन्न भएको।<br>पाल्पाको सालझण्डी-सुगुरेढुङ्गा सडकमा DBST स्तरको सडक निर्माण गर्ने गरी कार्य भइरहेको।<br>दाङ्गको सिमलतारा मूलाबारी-हाँसीपुर-चैते-वाङ्गेसिमल सडकको |

| ब. व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | १६ कि.मि. खण्ड ग्राभेलस्तरमा स्तरोन्नती भएको।<br>बर्दियाको राजापुर रिङ्गरोड सडक (६३ कि.मि.) को १२ कि.मि. कालोपत्रे सम्पन्न भएको।<br>रूकुम पूर्वको दुईखोली-बाघामारा-चुनवाङ- रूकुमकोट सडकको निर्माण कार्य भइरहेको।<br>प्युठानको बागदुल्ला- दम्तीबहाने-खवाङ- स्याउलीवाङ- नौवहिनी पर्यटन क्षेत्र सडक (बहने स्याउलीबाङ) खण्ड सम्झौता भई निर्माण कार्य शुरु भएको। |
| १६४ | निर्माणाधीन ३६ वटा र ६५ वटा नयाँ सडकपूल तथा अन्य सडकपूलको सम्भाव्यता अध्ययन एवम् विस्तृत आयोजना प्रतिवेदन तयार गर्नका लागि रू.१ अर्ब ७४ करोड ५४ लाख विनियोजन गरेको छु । | ३९ वटा सडक पुल सम्पन्न भएका तथा नयाँ सडक पुलहरुलाई बहुवर्षिय आयोजनाको लागि श्रोत सहमति प्राप्त भई ठेक्कापट्टा भएको। |
| १६५ | दुर्गम बस्ती जोड्न झोलुङ्गे पुल निर्माण गर्ने प्राथमिकता दिई १४ वटा निर्माणाधीन, १८ वटा नयाँ निर्माण र जिर्ण भएका अन्य झोलुङ्गे पुलको वृहत मर्मत सम्भार गर्न रू.१४ करोड ५५ लाख विनियोजन गरेको छु । | १७ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका र बाँकी निर्माणाधीन पुल सम्पन्न हुन लागेका। |
| १६६ | कालोपत्रे सडकको मर्मत सम्भार कार्य गर्न रू.२० करोड ८९ लाख विनियोजन गरेको छु। | Pothole Repairing, Resealing लगायतका कार्यहरु गरी सडक मर्मत कार्य भइरहेका। |
| १६७ | प्रदेशको मुख्य धार्मिक पर्यटकीय स्थल स्वर्गद्वारी जोड्ने भीड्ङ्ग्री-स्वर्गद्वारी सडकमा सवारी दुर्घटनाबाट हुने गरेको जनधनको क्षति न्यून गर्न सघन सडक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्थाका लागि रू.४ करोड विनियोजन गरेको छु । | रुमाले खण्ड र घडेरी खण्डमा RCC cantilever wall लगाई पहिरो नियन्त्रण गरिएको। ५०० मि. W Beam metal crash barrier लगाइएको। Pothole repair साथै Overlay कार्य भएको। |

### २.६.१०. आर्थिक वर्ष २०८०/८१ को मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | २८९४६७० | २११७३२७ |
| २ | नेपाल सरकार सशर्त अनुदान | १०४५७०० | ४६८८०३ |
| ३ | नेपाल सरकार समपूरक अनुदान | ५००००० | ३६०९४५ |
| ४ | नेपाल सरकार विशेष अनुदान | ० | ० |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | ५२२०८०७ | ३६१३४६१ |
| **जम्मा** | | ९६६११७७ | ६५६०५३६ |

### २.६.११. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | २४५६८७ | १६२१५४ | ६६ |
| २ | पुँजीगत | ९४१५४९० | ६३९८३८२ | ६७.९६ |
| | जम्मा | ९६६११७७ | ६५६०५३६ | ६७.९१ |

### २.६.१२. आ.व.२०८०/८१ को स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति |
|---|---|---|---|---|
| १ | ब.उ.शी.न. 33700011 भौतिक पूर्वाधार विकास मन्त्रालय | ८८४७० | ४६८६२ | ५२.९७ |
| २ | ब.उ.शी.न. 33700012 ग्रामिण सडक सञ्जाल सुधार आयोजना | २१०८३ | ९३१८ | ४४.२० |
| ३ | ब.उ.शी.न. 33701011 यातायात पूर्वाधार निर्देशनालय | ४५१६० | १५४४५ | ३४.२० |
| ४ | ब.उ.शी.न. 33701012 सडक पूर्वाधार विकास कार्यालयहरु | १३३२६४ | १०७८६९ | ८०.९४ |
| ५ | ब.उ.शी.न. 33701013 सडक तथा पुल निर्माण कार्यक्रम | ७७५५१४० | ५५७३७१५ | ७१.८७ |
| ६ | ब.उ.शी.न 33701014 सडक, पुल मर्मत सुधार तथा सडक सुरक्षा कार्यक्रम | ५७२३६० | ३३८५२४ | ५९.१५ |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति |
|---|---|---|---|---|
| ७ | ब.उ.शी.न 33791128 सम्भावित प्रादेशिक सडकहरु(संघ सशर्त अनुदान) | २७२३०० | २१०६०९ | ७७.३४ |
| ८ | ब.उ.शी.न 33791130 झोलुंगे पुल क्षेत्रगत कार्यक्रम(संघ सशर्त अनुदान) | ६००० | २१२४ | ३५.४० |
| ९ | ब.उ.शी.न 33791131 स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना(संघ सशर्त अनुदान) | १०७९०० | ७०२५५ | ६५.११ |
| १० | ब.उ.शी.न 33791133 बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम(संघ सशर्त अनुदान) | १३०५०० | १०७८२७ | ८२.६३ |
| ११ | ब.उ.शी. ग्रमिण सडक संजाल सुधार आयोजना -एएफ(संघ सशर्त अनुदान) | ५२९००० | ७७९८८ | १४.७४ |
| जम्मा | | ९६६११७७ | ६५६०५३६ | ६७.९१ |

## २.६.१३. आर्थिक वर्ष २०७८/७९ को वार्षिक राजस्व संकलनको विवरण अनुमान (रु. हजारमा)

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत |
|---|---|---|---|---|
| १ | १४१५१ | नतोकिएको | ४८४ | |
| २ | १४२१२ | नतोकिएको | ५३१ | |
| ३ | १४२१७ | नतोकिएको | २७ | |
| ४ | १४२१९ | नतोकिएको | ३ | |
| ५ | १४२२९ | नतोकिएको | २०९४१ | |
| ६ | १४३११ | नतोकिएको | ९४ | |
| ७ | १४३१२ | नतोकिएको | ९५३० | |
| ८ | १४५२९ | नतोकिएको | ३२६ | |
| ९ | १५१११ | नतोकिएको | २५३६२ | |
| १० | १५११२ | नतोकिएको | २३५०० | |
| जम्मा | | | ८०८०० | |

## २.६.१४. बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको)

| क्र.सं. | बेरूजु किसिम | आ.व.२०७९/८० सम्मको म.ले.प. बेरुजु (रु.) | सम्परिक्षण भएको बेरुजु (रु.) | सम्परिक्षण भई बाँकी रहेको बेरुजु (रु.) |
|---|---|---|---|---|
| १ | नियमित गर्नु पर्ने | ७७,१६,३०,९५३ | २८,६१,२५,२५० | ४८,५५,०५,७०३ |
| २ | असुल उपर गर्नु पर्ने | २३,९८,७०,१०३ | ४,३७,९०,९२२ | १९,६०,७९,१८१ |
| ३ | पेश्की | | | |
| | **कूल जम्मा** | १,०१,१५,०१,०५५ | ३२,९९,१६,१७२ | ६८,१५,८४,८८४ |

## २.६.१५. आर्थिक वर्ष २०८०/८१ का भएका महत्वपूर्ण उपलब्धीहरु

| **क्र.सं.** | **जिल्ला** | **नयाँ ट्र्याक निर्माण (कि.मि.)** | **सडक विस्तार (थप चौडा गर्ने काम) (कि.मि.)** | **सडक ग्राभल गर्ने काम (कि.मि.)** | **कालोपत्रे सम्पन्न सडक (कि.मि.)** | **कल्भर्ट/कजवे निर्माण (वटा)** | **ढलान गरी पक्की सडक निर्माण (कि.मि.)** | **सडक पुल** | **झोलुङ्गे पुल** |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | ०.०० | ०.०० | २२.५९ | २१.५९ | ३५.०० | ३.२६ | १०.०० | २.०० |
| २ | कपिलवस्तु | ०.०० | ०.०० | ९.२० | १४.१७ | १४.०० | १.२४ | ६.०० | १.०० |
| ३ | पाल्पा | ३.९२ | २३.६६ | १०.१४ | ३.२४ | १००.०० | ६.२३ | १.०० | ०.०० |
| ४ | गुल्मी | ८.०0 | ३८.६० | ४०.३० | २३.४२ | ९८.०० | २.४२ | २.०० | ३.०० |
| ५ | अर्घाखाँची | ०.०० | २४.९२ | ४३.३८ | १३.९७ | १०.०० | ०.९२ | २.०० | १.०० |
| ६ | प्युठान | १८.२४ | २५.७५ | ९.४० | ९.७५ | ४.०० | ०.४५ | ३.०० | १.०० |
| ७ | रोल्पा | ५.४२ | ९.३१ | ३.३२ | ०.१० | १०.०० | ०.०० | २.०० | ४.०० |
| ८ | रुकुम पूर्व | २७.२७ | ८.७८ | ०.७९ | ०.०० | २.०० | ०.४८ | ५.०० | ०.०० |
| ९ | बर्दिया | ०.०० | ०.०० | १९.८३ | २४.४० | १७५.०० | ०.२९ | २.०० | २.०० |
| १० | बाँके | २.२० | १२.८२ | १२.७२ | २०.२७ | ३०.०० | २.०९ | ५.०० | १.०० |
| ११ | दाङ्ग | ७.३२ | ११.२८ | ३८.१२ | १९.५० | ९६.०० | ०.४१ | १.०० | २.०० |
| | **कुल जम्मा** | **६४.३७** | **१५५.१२** | **२०९.७९** | **१५०.४१** | **५७४.००** | **१७.७९** | **३९.००** | **१७.००** |

## २.६.१६. समस्या तथा चुनौतीहरु

१. चारपाङ्ग्रे सवारीसाधनको अभाव,
२. Contingency खर्च गर्ने कार्यविधि स्वीकृत नभएको,
३. टुक्रे आयोजनाको संख्या अधिक भएको र प्रत्येक आ.व.मा बढ्ने क्रम जारी रहेको,
४. समयमा रकमान्तर नहुने,
५. तालिमको अभाव,
६. हालसम्म पनि समस्या पेश हुँदा सो उपर छलफल गरी समस्या समाधानका लागि केहि लिखित सुझाव, समाधान वा निर्णय प्राप्त नभएको ।

### २.६.१७. समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु

१. PRNMP स्वीकृत गरी सोहिबाट मात्र बजेट विनियोजन गर्नुपर्ने,
२. आयोजना बैकंको अवधारणालाई आत्मसाथ गरी कार्यान्वयन गर्नुपर्ने र कसैको दबाबमा आएर आयोजनालाई बहुवर्षिय स्वीकृतीको लागि सिफारिस गर्ने अभ्यासको अन्त्य गर्नु,
३. स्वीकृत खरिद गुरुयोजना अनुसार बजेट प्रविष्टि हुनुपर्ने,
४. नियमित मर्मतको बजेट आयोजनागत रुपमा प्रविष्टि गर्नुपर्ने,
५. अवण्डामा रकम राखि बाँडफाँट गर्नुभन्दा जेठसम्ममा सम्पन्न नभएका आयोजनाहरुमा न्यून रकम विनियोजन गरी आयोजना जिवित राख्ने,
६. आयोजनागत त्रैमासिक बजेटमा सिमा लगाउदा भुक्तानी रोकि निर्माण कार्य प्रभावित हुने भएकोले ब.उ.शि.नं. अनुसार त्रेमासिम बजेटको सिमा लगाउन सम्बन्धित निकायसँग नितिगत निर्णय गर्न पहल हुनुपर्ने,
७. संघबाट प्राप्त सशर्त आयोजनाहरुमा बजेट प्राप्त नहुने खण्डमा संघमा आयोजना फिर्ता गर्न उपयुक्त हुने ।

# २.७ आन्तरिक मामिला तथा कानुन मन्त्रालय

## २.७.१. पृष्ठभूमि

नेपालको संविधान बमोजिम प्रदेश सरकार गठन भई प्रदेश सरकार (कार्य विभाजन) नियमावलीले मन्त्रालयलाई मूलत: प्रदेश भित्र शान्ति सुरक्षा, विपद् व्यवस्थापन, सूचना तथा संचार र कानून क्षेत्रको जिम्मेवारी सुम्पिएको छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावलीले यस मन्त्रालयलाई विभिन्न कार्यक्षेत्र तोकिएकोमा मन्त्रालयले मूलतः उल्लिखित चारवटा क्षेत्रमा आधारित भई वार्षिक नीति तथा कार्यक्रम र वजेट तर्जुमा गरी कार्यान्वयन गरिंदै आईएको छ। प्रदेश सुशासन सञ्चालन, व्यवस्थापन र समन्वयमा प्रभावकारिता कायम गरी सुशासन प्रवर्द्धन गर्न मन्त्रालय प्रतिवद्ध छ। प्रहरी कर्मचारीको समायोजन भई प्रदेश मातहत आउने अपेक्षा सहित मन्त्रालयले प्रदेश भित्रको शान्ति सुरक्षा कायम गर्न टेवा पुग्ने गरी सुरक्षा निकायको मनोवल उच्च राख्ने गरी वजेट विनियोजन गर्दै आएको छ। विपद् व्यवस्थापन कोषमा रकम सुनिश्चित गरी विपदबाट प्रभावितहरुलाई राहत उपलब्ध गराउँदै आएको छ। यसै गरी कानून निर्माणको कार्यलाई उच्च प्राथमिकतामा राखी मन्त्रालयलाई आवश्यक पर्ने कानूनहरु तर्जुमा गर्नुका साथै अन्य मन्त्रालयहरुबाट तर्जुमा भएका कानूनमा राय तथा परामर्शका साथै सहमति प्रदान गर्दै आईरहेको छ। प्रदेश सरकारबाट सम्पादन भएका कार्यहरुका बारे नागरिकलाई सुसूचित हुने वातावरण सृजना गर्नुका साथै संचारकर्मीहरुको क्षमता अभिवृद्धि गर्दै सत्य, तथ्य र विश्वसनीय समाचार संप्रेषणमा जोड दिंदै आएको छ।

सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, नतिजामूलक र सुशासनयुक्त बनाउने पहिलो दायित्व सरकारको हो। सरकारका नीति तथा कार्यक्रमलाई उपयुक्त तवरले यथासमयमै कार्यान्वयन गरी नागरिक आवश्यकता परिपूर्ति गर्नुका साथै सरकार र नागरिकबीचको सम्वन्धलाई सुमधुर बनाई प्रदेश सरकारको "समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश" को दीर्घकालिन सोँचलाई व्यवहारमा उतार्न आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रतिबद्ध रहँदै आएको छ। मन्त्रालयले आफ्नो कार्य जिम्मेबारी बमोजिम साँगठनिक लक्ष्य तथा उद्देश्य हाँसिल गर्ने सन्दर्भमा शान्ति सुरक्षा, विपद् व्यवस्थापन, कानून तर्जुमा तथा राय परामर्श, सूचना तथा संचार क्षेत्रको विकास सम्बन्धी कार्यलाई कार्यान्वयन योग्य तवरले वजेट तथा कार्यक्रमका माध्यमबाट कार्यान्वयनमा जोड दिएको छ।

## २.७.२. दीर्घकालीन सोँच

शान्त, सुरक्षित, प्रविधिमैत्री प्रदेश र खुशी जनता।

## २.७.३. उद्देश्य

- नेपालको संविधान तथा अन्य कानूनद्वारा प्रत्याभुत नागरिक स्वतन्त्रता, मौलिक हक तथा मानव अधिकार लगायतको लोकतान्त्रिक मुल्य मान्यताको सम्मान गर्दै कानूनको शासनको सुनिश्चितता प्रदान गर्ने,
- प्रदेश स्तरमा प्रहरी प्रशासनको सञ्चालन गरी शान्ति सुरक्षाको प्रत्याभुति दिने,
- प्रदेशका जनताको आकांक्षा बमोजिमको कानूनी संरचना र प्रदेश सञ्चालनका लागि आवश्यक कानूनको निर्माण गर्ने,
- प्रदेशलाई सूचना तथा सञ्चार मैत्री बनाई सूचना प्रविधिमा जनताको पहुँच बढाउने,

❖ कानून तर्जुमा सम्वन्धमा मस्यौदा तयारी, मस्यौदा जाँच तथा आवश्यक राय परामर्श दिने।

### २.७.४. रणनीतिहरु

❖ प्रदेशको शान्ति सुरक्षा व्यवस्था कायम राख्न प्रादेशिक सुरक्षा निकायहरूको क्षमता बढाउने,

❖ आपराधिक गतिविधी कम गर्न सुरक्षा सम्वन्धि चेतना अभिवृद्धिका कार्यहरू गर्ने,

❖ प्रदेश सञ्चालनका लागि आवश्यक कानूनको निर्माण सम्वन्धि कार्य गर्ने,

❖ प्रदेशलाई सूचना तथा सञ्चार मैत्री बनाउनका लागि सूचना सञ्चार क्षेत्रको नीति तर्जुमा गरी कार्यान्वयन गर्ने,

❖ प्रदेशका लागि आवश्यक कानून तर्जुमा सम्वन्धि कार्य गर्ने, कानूनको मस्यौदा तयारी, मस्यौदा जाँच तथा आवश्यक राय परामर्श दिने।

### २.७.५. कार्यक्षेत्र

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/०७/०५ गतेको निर्णय बमोजिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनुसूची-२ मा हेरफेर भई यस मन्त्रालयको कार्यक्षेत्र भित्र देहायका कार्यजिम्मेवारी रहेका छन्:-

| | |
|---|---|
| १. | प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघीय सरकारसंगको समन्वय र सहकार्य |
| २. | अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा |
| ३. | संघीय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय |
| ४. | प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन |
| ५. | प्रदेश भित्रको अपराध अनुसन्धान,सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय |
| ६. | अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन,विश्लेषण र उपयोग तथा अन्तरराष्ट्रिय सीमा सुरक्षामा सहयोग |
| ७. | प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी |
| ८. | सामुदायिक प्रहरी सम्बन्धी |
| ९. | प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन |
| १०. | प्रदेशभित्रका गैरसरकारी संघ,संस्थाहरुको अभिलेख र समन्वय |
| ११. | गुनासो र विवाद व्यवस्थापन |
| १२. | संघीय मापदण्ड बमोजिम हातहतियार,खरखजाना तथा विष्फोटक पदार्थको नियमन |
| १३. | फौजदारी कार्यविधि कानुनको कार्यान्वयन |
| १४. | निवारक नजरबन्द र स्थान हद सम्बन्धी |
| १५. | स्थानीय प्रशासनको सञ्चालन,व्यवस्थापन र समन्वय |
| १६. | विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाँकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति,मापदण्ड र योजना तर्जुमा,कार्यान्वयन र नियमन |

| | |
|---|---|
| १७. | उपाधि, सम्मान तथा विभूषणको सिफारिस |
| १८. | प्रदेशस्तरमा सार्वजनिक विदा, उत्सव, उर्दी आादिको व्यवस्थापन |
| १९. | नेपालको संविधान बमोजिम प्रदेशको अधिकार अन्तर्गतको कानुन निर्माण |
| २०. | प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा तथा स्वीकृति |
| २१. | प्रदेश सभा मामिला सम्वन्धी |
| २२. | प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण |
| २३. | प्रदेशस्तरमा दीगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना सम्बन्धी |
| २४. | अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति |
| २५. | सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी |
| २६. | नागरिकअधिकारको संरक्षण,नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग |
| २७. | प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन |
| २८. | प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति र मापदण्ड तर्जुमा,कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण |
| २९. | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास,व्यवस्थापन र नियमन |
| ३०. | प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन,सूचना प्रविधि पार्कको निर्माण,सञ्चालन र नियमन |
| ३१. | प्रदेश भित्र टेलिसेन्टर संचालन,व्यवस्थापन र नियमन |
| ३२. | प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन |
| ३३. | साइवर सुरक्षा अनुगमन |
| ३४. | छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन |
| ३५. | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण |
| ३६. | सूचनाको हक सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| ३७. | प्रदेश राजपत्रको सम्पादन, प्रकाशन र वितरण |
| ३८. | श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन |
| ३९. | प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी |
| ४०. | केबुल वितरणको इजाजत, नवीकरण र नियमन |
| ४१. | चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शनको अनुमति र नियमन |
| ४२. | सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तर्जुमा,कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान |
| ४३. | प्रदेश कानुन संग्रहहरुको अद्यावधिक र प्रकाशन |

४४. पारिवारिक मामिला (विवाह, सम्पत्तिहस्तान्तरण,सम्वन्ध विच्छेद, टुहुरा,धर्मपुत्र,धर्मपुत्री उत्तराधिकार, संयुक्त परिवार, सम्बन्धि कानुन,मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन)

### २.७.६. यस आ.व.मा तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण

- पत्रकारीता विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८०
- संचारकर्मि सम्मान तथा पुरस्कार वितरण सम्वन्धी कार्यविधि, २०८०
- लोक संस्कृति र प्रवर्द्धनका लागि गित संगित रेकर्डिङ्ग कार्यक्रम सम्बन्धी कार्यविधि,२०८०
- संचार माध्यमहरुलाई उत्पादन, प्रशारण र सहकार्य अनुदान सम्वन्धी कार्यविधि, २०८०
- पत्रकारीता विषय अध्ययन गर्ने छात्र छात्राहरुलाई छात्रवृत्ति वितरण कार्यक्रम सम्वन्धी कार्यविधि, २०८०
- समावेशी पत्रकारीता विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधि, २०८०
- सशस्त्र द्वन्द्वका घाईते तथा अपाङ्गहरुका लागि औषधी उपचार सम्बन्धी कार्यविधि, २०८०

### २.७.७. संगठन संरचना तथा जनशक्ति विवरण (दरवन्दी र पदपूर्ति समेत)

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी / तह | दरवन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | प्रशासन | सा.प्र. | रा.प.प्रथम | १ | १ | ० | |
| २ | अधिकृत | प्रशासन | सा.प्र. | नवौं/दशौं | १ | १ | १ | |
| ३ | उप-सचिव | न्याय | कानून | रा.प.द्धितिय | १ | १ | १ | अध्ययन बिदा |
| ४ | अधिकृत | नेपाल ईन्जिनियरिङ्ग | इलेक्ट्रोनिक्स | नवौं/दशौं | १ | ० | १ | |
| ५ | अधिकृत | प्रशासन | सा.प्र. | सातौं/आठौं | ६ | १ | ५ | |
| ६ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतिय | २ | १ | १ | |
| ७ | लेखाअधिकृत | प्रशासन | लेखा | सातौं/आठौं | १ | ० | १ | |
| ८ | इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेसन इन्जिनियर | नेपाल ईन्जिनियरिङ्ग | इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेसन | सातौं/आठौं | १ | ० | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | सहायक/अधिकृत | प्रशासन | सा.प्र. | पाँचौ/छैठौं | ९ | १ | ८ | |
| १० | कम्प्युटर अपरेटर | विविध | विविध | पाँचौ/छैठौं | ४ | ३ | १ | ३ जना करार बाट पूर्ति |
| ११ | सहायक | प्रशासन | सा.प्र. | चौथो/पाँचौं | १ | १ | ० | |
| १२ | सहायक | प्रशासन | लेखा | चौथो/पाँचौं | १ | १ | ० | |
| १३ | ह.स.चा. | - | - | श्रेणी विहिन | ५ | ५ | ० | करार |
| १४ | कार्यालय सहयोगी | - | - | श्रेणी विहिन | ६ | ६ | ० | करार |
| **जम्मा** | | | | | ४१ | २२ | १९ | |

**मन्त्रालय अन्तर्गत रहेका सूचना प्रविधि प्रतिष्ठान**

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी / तह | दरबन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | कार्यकारी निर्देशक | - | - | - | १ | १ | ० | |
| २. | प्रशासकिय अधिकृत | प्र.प्रशासन | सा.प्र. | अ.सातौं/आठौं | १ | ० | १ | |
| ३. | आई.टी. ईन्जिनियर | विविध | विविध | अ.सातौं | ३ | १ | २ | |
| ४. | सहायक/अधिकृत | प्र.प्रशासन | सा.प्र. | स.पाचौं/छैठौं | १ | १ | ० | |
| ५. | सहायक | प्र.प्रशासन | लेखा | स.चौथो/पाचौं | १ | ० | १ | |
| ६. | असिस्टेन्ट आई.टी. ईन्जिनियर | विविध | विविध | स.पाचौं | २ | ० | २ | |
| ७. | हलुका सवारी चालक | - | - | | १ | १ | ० | करार |
| ८. | कार्यालय सहयोगी | | | | १ | १ | ० | करार |
| | | | | **जम्मा** | ११ | ५ | ६ | |

## २.७.८. वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ११७ | प्रदेश भित्रको शान्ति सुरक्षा र सुव्यवस्थाको लागि प्रदेश सुरक्षा कार्ययोजना तयार गरी प्रदेश प्रहरी ऐन बमोजिम प्रहरीको संचालन, व्यवस्थापन र संस्थागत सुदृढीकरण गरिनेछ । निर्माण कार्य सुरु भईसकेका प्रहरी इकाई भवन निर्माण सम्पन्न गर्न प्राथमिकता दिइनेछ । | • प्रहरी समायोजनका लागि संघिय मन्त्रालयसँग निरन्तर समन्वय भइरहेको ।<br>• लुम्बिनी प्रदेश प्रहरी कार्यालय अन्तर्गत निर्माण भईरहेका विभिन्न प्रयोजनका |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | भवनहरु सात (७) वटा सम्पन्न भई भुक्तानी समेत भएको र बाँकी चार (४) वटा भवनहरुको काम सम्पन्न भई भुक्तानी हुन बाँकी रहेको। |
| ११८ | सडक सुरक्षा एवम् ट्राफिक व्यवस्थापनका लागि संवेदनशील सडक क्षेत्र तथा पूर्व-पश्चिम राजमार्गमा उच्च प्रविधियुक्त सिसीटिभी जडान कार्यलाई निरन्तरता दिइनेछ। सडक दुर्घटना कम गर्न र जोखिमपूर्ण यात्रालाई निरुत्साहित गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। | • ट्राफिक सचेतना कार्यक्रम सञ्चालन भएको। |
| ११९ | प्रदेश भित्रका कारागारको सुदृढीकरण गरिनेछ। कारागारमा रहेका कैदी तथा बन्दीको लागि योगा, ध्यान, मनोपरामर्श जस्ता क्रियाकलापमार्फत सकारात्मक सोच विकास तथा सीप विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। | • प्रदेशका ११ वटा जिल्ला स्थीत कारागारमा "कैदिबन्दीहरुको लागि सकारात्मक सोच विकास कार्यक्रम" संचालन गरिएको। |
| १२० | सशस्त्र द्वन्द्वका क्रममा घाइते भएका व्यक्तिलाई निःशुल्क उपचार तथा आवश्यक सामग्री वितरण गरिनेछ। सशस्त्र द्वन्द्वका क्रममा भएका सहिद एवम् बेपत्ता पारिएका व्यक्तिका परिवारको निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ। | • राप्ती प्रादेशिक अस्पताल र लुम्बिनी प्रादेशिक अस्पतालसँग सशस्त्र द्वन्द्वका क्रममा घाइते भएका व्यक्तिलाई नि:शुल्क उपचारका लागि सम्झौता गरी लक्षित वर्गको उपचार भइरहेको। |
| १२१ | विकासमैत्री सञ्चार संचारमैत्री सरकारको अवधारणाका साथ संचारकर्मीका लागि क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ। सार्वजनिक सेवा र विकासका बहुआयामिक पक्षका सम्बन्धमा जानकारी एवम् सचेतना वृद्धि गर्न विद्युतीय र छापा संचार माध्यमसँग सहकार्य गरिनेछ। रेडियो, टेलिभिजन, छापा र अनलाइन सञ्चार माध्यमलाई सबलीकरण गरी थप मर्यादित बनाइनेछ र पत्रकारको दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। | • पत्रकारहरुको क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको।<br>• सञ्चार माध्यमहरुको सूचिकृत गरी अनुदान रकम उपलब्ध गराइएको।<br>• पत्रकारहरुको दुर्घटना विमा कार्यक्रम कार्यान्वयनमा रहेको। |
| १२२ | प्रदेश सरकारद्वारा प्रदान गरिने सम्पूर्ण सेवा सूचना प्रविधिको माध्यमद्वारा प्रदान गर्न सरकारी निकायको सूचना प्रणालीलाई प्रदेशको सफ्टवेयर प्रणालीमार्फत संचालन गर्ने नीति अवलम्बन गरिनेछ। नेपाल दुरसञ्चार प्राधिकरणसँग समन्वय गरी सार्वजनिक | • एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) संचालनमा रहेको। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | क्षेत्रमा फ्री वाईफाई सेवा संचालनमा ल्याउन सहजीकरण गरिनेछ। | |
| ६४ र ४८ | स्थानीय तहमा सञ्चालित सरकारी स्वास्थ्य चौकी, बर्थिङ्ग सेन्टर, आयुर्वेद औषधालय र सामुदायिक स्वास्थ्य संस्थाको पूर्वाधार विकास एवम् आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न अत्यावश्यक औजार उपकरण खरिद गर्न रू.१३ करोड विनियोजन गरेको छ। ८० वर्ष पुगेका जेष्ठ नागरिक तथा अतिअशक्त (क र ख) वर्गलाई स्थानीय तहसँगको सहकार्यमा घरमै स्वास्थ्य सेवा प्रवाह गर्न रू. २ करोड बजेट विनियोजन गरेको छु। | विभिन्न संघसंस्थासंग सहाकार्य गरी अपाङ्गता तथा आँखा उपचार सेवा प्रदान गरिएको नेपालगंज मेडिकल कलेजसंगको समन्वयमा रोल्पा अस्पतालमा पाठेघरको निःशुल्क शल्यक्रिया शिविर संचालन गरिएको |

### २.८.१०. आर्थिक बर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति विवरण (रु हजारमा)

| क्र.स. | बजेट उपशीर्षक | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | स्वास्थ्य मन्त्रालय | ४५३३७ | ३४०० | ४८७३७ | २७४१० | ८८२ | २८२९२ | ६०.४६ | २५.९४ | ५८.०५ |
| २ | एकीकृत स्वास्थ्य तथा सरसफाई कार्यक्रमहरु | ३७२७७३ | १४९१०० | ५२१८७३ | २६६९४२ | १०३४६३ | ३७०४०५ | ७१.६१ | ६९.३९ | ७०.९८ |
| ३ | प्रादेशिक अस्पताल सुदृढीकरण कार्यक्रम | ३०१९२६ | १३४१०५० | १६४२९७६ | १६४०७६ | ८२८३१९ | ९९२३९५ | ५४.३४ | ६१.७७ | ६०.४ |
| ४ | स्वास्थ्य निर्देशनालय | २५२७९ | १२६० | २६५३९ | १७४६६ | ९६१ | १८४२७ | ६९.०९ | ७६.२६ | ६९.४३ |
| ५ | प्रादेशिक अस्पतालहरु | ९०५२९५.४८७ | ५७०० | ९१०९९५.४८७ | ७८३८८७ | ४०८३ | ७८७९७१ | ८६.५९ | ७१.६४ | ८६.५ |
| ६ | स्वास्थ्य कार्यालयहरु | १६९४००.९०१ | ५०५० | १७४४५०.९०१ | १३५६२९ | ४३९५ | १४००२४ | ८०.०६ | ८७.०३ | ८०.२७ |
| ७ | आयुर्वेद स्वास्थ्य संस्थाहरु | १११६६७.६१२ | ३१८० | ११४८४७.६१२ | ८३३६० | ३००४ | ८६३६४ | ७४.६५ | ९४.४७ | ७५.२ |
| ८ | स्वास्थ्य तालिम केन्द्र | १५४०३ | २०० | १५६०३ | ८७६४ | १९८ | ८९६२ | ५६.९ | ९९.०५ | ५७.४४ |
| ९ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | १९३३७ | २०० | १९५३७ | १२५६९ | १७५ | १२७४४ | ६५ | ८७.४६ | ६५.२३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १७०१६ | २५९०० | ४२९१६ | ११४४८ | २१८४९ | ३३२९७ | ६७.२८ | ८४.३६ | ७७.५९ |
| ११ | क्षयरोग नियन्त्रण(संघ सशर्त अनुदान) | ३४००० | ० | ३४००० | २४२४४ | ० | २४२४४ | ७१.३ | | ७१.३ |
| १२ | एड्स तथा यौन रोग नियन्त्रण(संघ सशर्त अनुदान) | २३३०० | ० | २३३०० | १५४९७ | ० | १५४९७ | ६६.५१ | | ६६.५१ |
| १३ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम(संघ सशर्त अनुदान) | ३३३०० | ९००० | ४२३०० | २१८२६ | ० | २१८२६ | ६५.५४ | ० | ५१.६ |
| १४ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र(संघ सशर्त अनुदान) | ७५०० | ० | ७५०० | १८७१ | ० | १८७१ | २४.९४ | | २४.९४ |
| १५ | उपचारात्मक सेवा कार्यक्रम(संघ सशर्त अनुदान) | ५६७०० | ० | ५६७०० | ३५९६१ | ० | ३५९६१ | ६३.४२ | | ६३.४२ |
| १६ | नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कर्यिक्रम(संघ सशर्त अनुदान) | ७४५०० | ० | ७४५०० | ६६०४५ | ० | ६६०४५ | ८८.६५ | | ८८.६५ |
| १७ | आयुर्वेद सेवा कार्यक्रम(संघ सशर्त अनुदान) | ५१२०० | ० | ५१२०० | ५०१३४ | ० | ५०१३४ | ९७.९२ | | ९७.९२ |
| १८ | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम(संघ सशर्त अनुदान) | ११४०० | ० | ११४०० | ४७५३ | ० | ४७५३ | ४१.६९ | | ४१.६९ |
| १९ | परिवार कल्याण कार्यक्रम(संघ सशर्त अनुदान) | ६६९३०० | २८०० | ६७२१०० | ४६४१९७ | २७६० | ४६६९५७ | ६९.३६ | ९८.५७ | ६९.४८ |
| २० | महामारी रोग नियन्त्रण कार्यक्रम(संघ सशर्त अनुदान) | ४९४०० | ० | ४९४०० | ३२३८७ | ० | ३२३८७ | ६५.५६ | | ६५.५६ |
| २१ | राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम(संघ सशर्त अनुदान) | ४३०० | ० | ४३०० | १९४६ | ० | १९४६ | ४५.२५ | | ४५.२५ |
| २२ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(संघ सशर्त अनुदान) | ९१३४८ | ० | ९१३४८ | ५१६३३ | ० | ५१६३३ | ५६.५२ | | ५६.५२ |
| **कुल जम्मा** | | **३०८९६८३** | **१५४६८४०** | **४६३६५२३** | **२२८२०४५** | **९७००८९** | **३२५२१३५** | **७३.८६** | **६२.७१** | **७०.१४** |

## २.८.११. आर्थिक बर्ष २०८०/८१ को मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण

| क्र.स | श्रोत | शुरुको बजेट | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ४०००० | ४०००० | ८५१२९ |
| २ | नेपाल सरकार सशर्त अनुदान | ११३८०४८ | १११८०४८ | ७७३२५३ |
| ३ | नेपाल सरकार समपूरक अनुदान | १२०००० | १२०००० | ० |
| ४ | नेपाल सरकार विशेष अनुदान | २२०००० | २२०००० | १३२३८६ |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | २६२६८०२ | २७७८४७५ | २२६१३६६ |
| जम्मा | | ४५०४८५० | ४६३६५२३ | ३२५२१३४ |

## २.८.१२. आर्थिक बर्ष २०८०/८१ मा विनियोजित बजेट तथा वित्तीय प्रगति

| बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | ३०८९६८३ | २२८२०४५ | ७३.८६ |
| पुँजीगत | १५४६८४० | ९७००८९ | ६२.७१ |
| **जम्मा** | ४६३६५२३ | ३२५२१३४ | ७०.१४ |

स्रोत: PLMBIS Lumbini Province(Budget & Expenditure data

## २.८.१३. विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

| क्र.सं. | कार्यक्रम | लाभान्वित संख्या | रोजगारी संख्या |
|---|---|---|---|
| १ | दरवन्दी | ३४७ | ३४७ |
| २ | समिति करार तथा कार्यक्रम करार | १३७६ | १३७६ |

## २.८.१४. बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको) रु.हजारमा

| क्र.सं. | बेरुजु किसिम | आ व २०७९/८० सम्मको म ले प बेरुजु | सम्परीक्षण भएको | सम्परीक्षण भई बाँकी रहेको |
|---|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | ३,९६,८७,३३४।५५ | | |
| २ | नियमित गर्नुपर्ने | ४१,८४,३८,८०२।०० | | |
| ३ | पेश्की फछ्यौंट नभएको | ५,५३,७६,५९१।०० | | |

## २.८.१५. आर्थिक वर्ष २०८०/८१ का भएका महत्वपूर्ण उपलब्धीहरुः

- राप्ती प्रादेशिक अस्पताल, तुल्सीपुरमा १० वेड, बर्दिया अस्पताल, गुलरियामा ६ वेड, कपिलवस्तु अस्पताल, तौलिहवामा ५ वेड गुल्मी अस्पताल, तम्घासमा ५ वेड, प्युठान अस्पताल, प्युठानमा ३ वेड र पृथ्वीचन्द्र अस्पताल, नवलपरासीमा ५ वेड हेमोडाइलाइसिस सेवा स्थापना तथा विस्तार गरिएको,
- प्रदेश सरकारको लगानीमा लमही स्थित अस्पालको क्षेत्र भित्र ट्रमा सेन्टर स्थापनाका लागि भवन, प्युठान र अर्घाखाँची अस्पतालको भवन निर्माण भई रहेको,
- सबै अस्पतालहरूमा प्रयोगशाला, रेडियोलोजी र फार्मेसीको २४ सै घण्टा सेवा संचालन भैरहेको,
- प्रदेशका १४ अस्पतालमध्ये १२ अस्पतालले सी.ई.ओ.एन.सी. प्रसूति सेवा सञ्चालन गर्दै आएका छन्,
- प्रदेशका सबै अस्पतालहरुबाट आँखा, दाँत, कान, नाक, घाँटीको उपचार सेवा, फिजियोथेरापी सेवा, २४ सै घण्टा प्रयोगशाला तथा फार्मेसी, नियमित भिडियो एक्सरे, रक्त परीक्षण, नियमित खोप तथा पोषण सेवासहित ५० शय्यामा स्तरोन्नति गरिएको,
- प्रादेशिक अस्पताल, जिल्ला अस्पताल र पालिकाका अस्पतालहरुलाइ अल्ट्रासाउण्ड मेसिन, अक्सिजन कन्सन्ट्रेटर, अक्सिजन सिलिन्डर, एक्सरे फिल्म भ्यु, भेन्टिलेटर, ओटी लाइट, examination टेबल, आइसियु वेड, इसिजी, Bipap, patient monitor जस्ता महत्वपूर्ण मेडिकल सामाग्री हस्तान्तरण गरिएको,
- अस्पतालको न्युनतम सेवा मापदण्डको स्कोरमा सुधार भएको, लुम्बिनी प्रदेशका ४ ओटा अस्पतालहरु देशकै उत्कृष्ठ दश अस्पतालमा परेका,
- BSL-II Standard मा सेवा बिस्तार सहित प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट थप सेवा बिस्तार र आमनागरिकलाई बजार भन्दा अति न्युन मुल्यमा प्रयोगशाला परिक्षण सेवा शुभारम्भ गरिएको,
- बाँके, बर्दिया, दाङ, कपिलवस्तु, रुपन्देही र नवलपरासी पश्चिमका स्वास्थ्य कार्यालयहरूमार्फत थारु समुदायमा सिकलसेल तथा थालेसेमिया परीक्षण तथा जनचेतना अभियान सञ्चालन भएको । तराईका ६ जिल्लाका ७ वटा

सरकारी अस्पतालबाट सिकलसेल र थालेसेमिया रोगको निदान र उपचारका लागि सिकलसेल परामर्श केन्द्र स्थापना गरिएको छ। साथै सिकेलसेल, थालेसेमिया तथा हेमोफिलियाका विरामीहरुको ३७२ परिवारको निःशुल्क स्वास्थ्य विमा गरिएको,

- ❖ यस प्रदेशका १२ वटै जिल्ला पूर्ण खोप सुनिश्चितता भएको घोषणा निरन्तरता कायम,
- ❖ सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउन चालु आ व मा थप १८ जनालाई ग्रामिण अल्ट्रासाउन्डको तालिम प्रदान गरि मेसिन हस्तान्तरण गरिएको,
- ❖ कोभिड १९ बाट मृत्यु भएका परिवारले पाउने १ लाख रकमको व्यवस्था गरी वितरण भएको,
- ❖ स्वास्थ्यकर्मीहरुका लागि विभिन्न किसिमका क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिएको,
- ❖ विभिन्न स्थानीय तहहरुलाई पूर्ण संस्थागत प्रसुती सेवायुक्त स्थानिय तह घोषणा गरिएको,
- ❖ प्रादेशिक आयुर्वेद चिकित्सालय बिजौरीबाट विशेषज्ञ सेवा प्रवाहस्वरुप शल्यचिकित्सा सेवा एवम् पञ्चकर्म सेवा सुचारु भई स्तरोन्नति गरिएको,
- ❖ लुम्बिनी आयुर्वेद चिकित्सालयलाई १५ शैयाको आयुर्वेद अस्पतालमा स्तरोन्नति भै सेवा बिस्तार,
- ❖ सबै आयुर्वेद स्वास्थ्य संस्थाहरुबाट अभियानमूलक ढङ्गले स्वस्थकर जीवनशैली प्रवर्द्धनमा गृहणीहरुका लागि भान्सा सुधार कार्यक्रम सञ्चालनमा रहेको,
- ❖ प्रदेशका थप ४२ स्थानीय तहबाट निरोगी नेपालको अवधारणा बमोजिम नागरिक आरोग्य केन्द्र स्थापना भई स्वस्थ प्रवर्द्धनात्मक र उपाचारात्मक सेवा विस्तार भएको र हाल प्रदेश भरिमा १०१ वटा आयुर्वेद चिकित्सालय/स्वास्थ्य केन्द्र/औषधालय/ नागरिक आरोग्य केन्द्रबाट आयुर्वेद सेवा प्रवाह हुने व्यवस्था मिलाईएको,
- ❖ पाठेघर खस्ने रोगको पहिचान भई शल्यक्रिया गर्न नपाएका रोल्पा, प्यूठान र रुकुमपुर्व लगायतका जिल्लाका महिलाहरुको लागि रोल्पा अस्पतालमा नेपालगंज मेडिकल कलेज कोहलपुर शिक्षण अस्पतालको सहकार्यमा रोल्पा अस्पतालमा शिविर सञ्चालन गरी १३७ जना महिलाहरुको पाठेघरको निःशुल्क शल्यक्रिया सम्पन्न गरिएको,
- ❖ प्रदेशको स्वास्थ्य क्षेत्र सुधारका लागि १०९ वटै स्थानिय तहका जनप्रतिनिधि र स्वास्थ्यकर्मिसँग समन्वय एवम् सहकार्य अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको,
- ❖ रुपन्देहीको सम्मरिमाई र कपिलवस्तुको कृष्णानगर नगरपालिकामा खुसहाल परिवार कार्यक्रम अन्तर्गत स्थानीय मुस्लिम अगुवा, मौलबी तथा जनप्रतिनिधिहरुसंग मातृमृत्यु तथा परिवार योजना सम्बन्धमा अन्तरक्रिया तथा छलफल समपन्न गरिएको,
- ❖ पृथ्वीचन्द्र अस्पताल, नवलपरासीमा आगालागीबाट नष्ट भएको प्रयोगशाला आवश्यक औजार उपकरण खरिद गरी तत्काल सञ्चालनमा ल्याईएको,

- राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान, घोराहीलाई अत्याधुनिक थुलियम लेसर मेशिन र हाई ईन्ड यु.एस.जि. मेशीन हस्तान्तरण गरिएको,
- राप्ती गाउँपालिका, दाङको भालुबाङमा भालुबाङ अस्पतालको ३६ जनाको अस्थायी दरबन्दी संरचना स्विकृत गरिएको।
- लुम्विनी प्रादेशिक अस्पताल बुटवल, राप्ती प्रादेशिक अस्पताल तुल्सीपुरमा NICU र बर्दिया अस्पताल गुलरिया, कपिलवस्तु, अस्पताल तौलिहवा र भिम अस्पताल भैरहवामा SNCU सेवा बिस्तार तथा सुदृढिकरण गरिएको,
- क्यान्सर रोग लागेका- १२२४, मुटुको भलभ फेर्ने – १६ जना, र मृगौला प्रत्यारोपण गरेका –३८ जनालाई उपचार अनुदान सहायता प्रदान गरिएको,
- प्रदेशका सरकारी अस्पतालहरुबाट प्रदेशबासी बिरामीहरुलाई निःशुल्क रगत उपलब्ध गराइएको,
- स्थानिय स्वास्थ्य संस्थाहरुलाई १३ वटा ग्रामिण पोर्टेबल अल्ट्रासाउण्ड मेशीन वितरण गरी १८ जना नर्सिङ कर्मचारीहरुलाई ग्रामिण अल्ट्रासाउण्ड सम्बन्धी तालिम प्रदान गरि वितरण,
- यस प्रदेशको हिमाली जिल्ला रुकुम पुर्वको अस्पतालमा डेण्टल सेवा, फिजियोथेरापी सेवा र अस्पतालको आफ्नै फार्मेशी सेवा बिस्तार,
- लुम्बिनी प्रादेशिक अस्पतालमा न्युरो सर्जरी सेवाको लागि आवश्यक मेशिन खरिद साथै ईण्डो युरोलोजी सर्जरी सेट र इ.एन.टि. अडियोमिटर, ट्रेडमिल टेष्ट मेशिन खरिद गरी सेवा बिस्तार,
- ८० बर्ष पुगेका ४६०७४ जेष्ठ नागरिक र अति अशक्त(क र ख) वर्गहरुलाई घरमै सेवा प्रदान, ४० बर्ष माथिका १९३३२ जनाको नसर्ने रोग (सुगर, प्रेसर र मृगौला रोग) को स्क्रिनिङ गरि रोग पहिचान साथै प्रदेशका २७२ वटा विद्यालयका ४२,२७५ जना किशोरीहरुको रक्तअल्पत्ता स्क्रिनिङ गरी ११,०१९ जना (२६%) किशोरीहरुमा रक्त अल्पताको अवस्था पहिचान गरी आइरन चक्की बितरण गरिएको,
- प्रदेशको १२ वटै जिल्लाको ५ बर्ष मुनिका १,०४,७२३ जना बालाबालिकाहरुको उचाई, तौल र पाखुराको नापको आधारमा पोषण अवस्था यकिन गरी कुपोषित बच्चाहरुको खोजपडताल गरि ३८४८ जना कुपोषित बच्चा पहिचान तथा व्यवस्थापन गरिएको,
- प्रादेशिक आयुर्वेद चिकित्सालयबाट शाल्य चिकित्सा बिस्तार तथा ९ वटा आयुर्वेद संस्थाहरुबाट पञ्चकर्म सेवा प्रदान गरिएको,
- २२१ जना ६० बर्ष उमेर पुरा गरेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई स-सम्मान बिदाई गरिएको,
- पृथ्वीचन्द्र अस्पताल, नवलपरासी र भिम अस्पताल, भैरहवाको भवन निर्माण सम्पन्न।

## २.८.१६. समस्या तथा चुनौतीहरुः

- ❖ प्रदेश सञ्चित कोषमा रकम अभावले सम्पन्न भएका क्रियाकलापहरुको लगभग ११ करोड भुक्तानी गर्न नसकिएको,
- ❖ राप्ति प्रादेशिक अस्पताल, बर्दिया र कपिलवस्तु अस्पतालमा डाइलासिस सेवा संचालन गर्न जनशक्तिको अभाव भएको,
- ❖ स्विकृत दरबन्दी लोक सेवा बिज्ञापन हुन नसकेको,
- ❖ विशेषज्ञ चिकित्सकहरु (नवौं तह) को स्थायी दरबन्दी पूर्ति नभएको र करार सेवामा पदपुर्तिको लागि विज्ञापन गर्दा दुर्गमका लागि आवेदनहरु नआई पदपुर्ति गर्न नसकिएको,
- ❖ भालुबाङ अस्पतालबाट सेवा प्रारम्भ र जनशक्ति व्यवस्थापन।

## २.८.१७. समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरुः

- ❖ स्वास्थ्य सेवाको समायनुकुल O&M गर्नुपर्ने
- ❖ जनशक्ति तथा कार्यालय सञ्चालनको बजेट दरबन्दीको आधारमा मन्त्रालयको सिलिङ भन्दा बाहिरबाट उपलब्ध गराउने र विकास बजेटको लागि सिलिङ तोकेर उपलब्ध गराउने,
- ❖ दुर्गममा प्राविधिक जनशक्तिलाई परिचालन तथा प्रोत्साहनको विशेष नीति अवलम्बन गर्ने,
- ❖ विशेषज्ञ चिकित्सकहरुको स्थायी दरबन्दी पूर्ति नहुन्जेल सम्म अस्थायी पदपूर्तिकोको करार प्रक्रिया पुरा गरि सेवा विस्तार गर्ने प्रयास गर्नुपर्ने,
- ❖ स्वास्थ्य क्षेत्रको संगठनिक र व्यवस्थापन सर्वेक्षणका लागि मन्त्रालयगत समिति गठन गरी प्रक्रिया अगाडी बढाउनुपर्ने,
- ❖ लोक सेवाबाट स्थायी पदपुर्तिको प्रक्रिया बढाउनुपर्ने,

## २.८.१८. आगामी कार्यदिशाः

- ❖ प्रतिकारात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य सेवा बिस्तार,
- ❖ उपचारात्मक सेवा सुदृढिकरण,
- ❖ दक्ष जनशक्ति उत्पादन तथा प्रयोग।

## २.८.१९. निष्कर्षः

स्वास्थ्य सेवामा लगानी अभिवृद्धि गर्दै स्वास्थ्य सेवा सुदृढिकरणको लागि समयानुकुल सांगठनिक तथा व्यवस्थापन सर्वेक्षण गर्दै प्रतिकारात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य सेवामा वृद्धि गर्दै बढ्दो नसर्ने रोगको प्रकोप न्युनिकरण गर्ने र स्वास्थ्य सेवा लिन हुने व्यक्तिगत खर्चमा कटौती गर्ने।

# २.९ वन तथा वातावरण मन्त्रालय

### २.९.१. पृष्ठभूमि

राज्य पुनःसंरचना भएपश्चात मुलुकमा संघ, प्रदेश र स्थानीय गरी ३ तहका सरकार सञ्चालनमा आएका छन्। लुम्बिनी प्रदेश सरकारको स्थापना पश्चात मिति २०७४ फाल्गुन ०३ गते गठन भएका मन्त्रालयहरु मध्य उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय पनि एक हो। हाल यस मन्त्रालयको नाम वन तथा वातावरण मन्त्रालय रहि लुम्बिनी प्रदेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार यस मन्त्रालयलाई वन, वातावरण तथा जैबिक विविधता संरक्षण सम्बन्धी कार्य जिम्मेवारी तोकिएको छ। यस मन्त्रालय मातहत १ वटा वन निर्देशनालय , १ वटा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, १४ वटा डिभिजन वन कार्यालय र ४ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु रहेका छन। १४ वटा डिभिजन वन कार्यालय अन्तर्गत ८६ वटा सव-डिभिजन वन कार्यालय रहेका छन्।

लुम्बिनी प्रदेशमा वन, वन्यजन्तु, जैबिक बिबिधता तथा वातावरण क्षेत्रको विकास, विस्तार गरी समृद्धिमा योगदान पुर्‍याउने जिम्मेवारी यस मन्त्रालयको हो। प्रदेश भित्रको वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापन, वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने मुख्य जिम्मेवारी यस मन्त्रालयको रहेको छ।

### २.९.२. दीर्घकालीन सोच

- वातावरणीय सन्तुलन कायम राख्दै रोजगारी र आयआर्जन हुने गरी वनको दीगो व्यवस्थापन।

### २.९.३. उद्देश्य

- वन, वातावरण, जलाधार तथा जैविक विविधताको संरक्षण तथा व्यवस्थापन गर्नु,
- वनजन्य वस्तुको उत्पादन विस्तार र यसमा आधारित उद्योगहरू स्थापना गरी रोजगारी सिर्जना गर्नु,
- भू-स्खलन नियन्त्रण र भू-संरक्षण कायम गर्दै वातावरणीय सन्तुलन कायम गर्नु,
- वनको दीगो व्यवस्थापन गर्नु।

### २.९.४. रणनीतिहरु

- वन सम्बन्धि प्रादेशिक नीति, कानून र उपयुक्त संरचना बनाउने,
- विद्यमान वन क्षेत्र कायम राखी उत्पादकत्व वृद्धिका लागि वनको सहभागितामुलक, दीगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने,

- ❖ जैविक विविधता र जलाधारको दीगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरुलाई पुनःस्थापना तथा पुनः निर्माण गर्ने,
- ❖ जलवायु परिवर्तनलाई मध्यनजर राख्दै वातावरण संरक्षण गर्ने,
- ❖ व्यक्तिगत, सामुदायिक, सरकारी र व्यावसायिक दुवै शैलीका वृक्षारोपण गरेर भू-स्खलन नियन्त्रण र भू-संरक्षण गर्ने।

## २.९.५. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ (संशोधन सहित) अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसारका मुख्य कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् ।

१. प्रदेशस्तरमा वन र वन क्षेत्र सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
२. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण,
३. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,
४. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,
५. हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,
६. जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन,
७. वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह,
८. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग,
९. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन,
१०. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट,
११. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन र कार्यान्वयन,
१२. प्रदेशभित्र भूस्खलन नियन्त्रण,
१३. प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन,
१४. प्रदेशस्तरमा वातावरण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,
१५. प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना,
१६. प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,
१७. प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन,
१८. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण,

१९. खानेपानी, ध्वनि, र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

२०. प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन,

२१. प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन,

२२. प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,

२३. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,

२४. संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण,

२५. प्रदेमा पर्यापर्यटन विकास सम्बन्धि योजना तर्जुमा र कार्यान्वयन,

२६. अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षरोपण व्यवस्थापन,

२७. वृक्षरोपणको लागि दीगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैँचा स्थापना र व्यवस्थापन,

२८. प्रदेशभित्र वृक्षरोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२९. प्रदेशभित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन,

३०. वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

### २.९.६. कानूनी तथा नीतिगत व्यवस्थाहरु

१. राष्ट्रिय वन नीती, २०७५

२. नेपालको संविधान २०७२

३. वन ऐन, २०७६,वन नियमावली २०७९,प्रदेश वन ऐन २०७८ र प्रदेश वन नियमावली, २०७९

४. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९

५. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण नियमावली,२०३०

६. संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्टिय व्यापार नियन्त्रण ऐन, २०७३

७. वातावरण संरक्षण ऐन, २०७६, प्रदेश वातावरण संरक्षण ऐन २०७७

८. वातावरण संरक्षण नियमावली, २०७७, प्रदेश वातावरण संरक्षण नियमावली २०७७

९. निजी वन विकास निर्देशिका, २०६८

१०. वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०

११. सामुदायिक वनको काठ, दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१

१२. वन्यजन्तु आखेटोपहार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७२

१३. राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७६

१४. व्यवसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि,२०६८

१५. सरकारी रुखहरु हटाउने सम्बन्धी मापदण्ड, २०७१

१६. निजामती सेवा ऐन, २०४९ र लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८०

१७. निजामती सेवा नियमावली, २०५० र लुम्बिनी प्रदेश निजामती सेवा नियमावली, २०८०

१८. सार्वजनिक खरीद ऐन,२०६३ र सार्वजनिक खरीद नियमावली, २०६४

१९. सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५

२०. सङकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय ब्यापार यिन्त्रण ऐन २०७३ र सङकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय ब्यापार यिन्त्रण नियमावली, २०७६

२१. लुम्बिनी प्रदेशको वन सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ ।

## २.९.७. **संगठन संरचना तथा जनशक्ति विवरण**

तालिकानं.-१.१ दरवन्दी र पदपूर्तिको अवस्था **(मन्त्रालय र अन्तर्गत सबै)**

| क्र. सं. | पद | तह/श्रेणी | सेवा | समूह/उपसमूह | स्वीकृत दरबन्दी (अस्थायी दरबन्दी समेत) | पदपूर्ति (स्थायी दरबन्दीमा) | रिक्त स्थायी दरबन्दीको संख्या | करारमा कार्यरत कर्मचारीको संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव (संघीय) | रा.प. प्रथम (प्रा.) | नेपाल वन | समूहकृत नहुने | १ | १ | ० | ० |
| २ | महानिर्देशक | एघारौं | वन | जनरल फरेष्ट्री | १ | ० | १ | ० |
| ३ | उपसचिव/बरिष्ठ उपसचिव | नवौ/दशौ | प्रशासन | सामान्य प्रशासन | १ | ० | १ | ० |
| ४ | वन उपनिर्देशक/बन निर्देशक | नवौ/दशौ | प्रदेश वन | जनरल फरेष्ट्री | ६ | १ | ५ | ० |
| ५ | वन उपनिर्देशक/वन निर्देशक/तालिम तथा अनुसन्धान उपनिर्देशक/तालिम तथा अनुसन्धान निर्देशक | नवौ/दशौ | वन | जनरल फरेष्ट्री/ फरेष्ट रिसर्च | १ | ० | १ | ० |
| ६ | डिभिजनल वन अधिकृत/ सिनियर डिभिजनल वन अधिकृत | नवौ/दशौ | वन | जनरल फरेष्ट्री | १४ | १२ | २ | ० |
| ७ | वरिष्ठ जलाधार व्यवस्थापन | नवौ/दशौ | प्रदेश वन | स्वायल एण्ड वाटर कन्जरभेशन | ३ | १ | १ | ० |

| क्र. सं. | पद | तह/श्रेणी | सेवा | समूह/उपसमूह | स्वीकृत दरबन्दी (अस्थायी दरबन्दी समेत) | पदपूर्ति (स्थायी दरबन्दीमा) | रिक्त स्थायी दरबन्दीको संख्या | करारमा कार्यरत कर्मचारीको संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | अधिकृत/जलाधार व्यवस्थापन निर्देशक | | | | | | | |
| ८ | शाखा अधिकृत/बरिष्ठ शाखा अधिकृत | सातौ/आठौ | प्रशासन | सामान्य प्रशासन | ११ | ४ | ७ | ० |
| ९ | लेखा अधिकृत/बरिष्ठ लेखा अधिकृत | सातौ/आठौ | प्रशासन | लेखा | ९ | १ | ८ | ० |
| १० | वन अधिकृत/बरिष्ठ वन अधिकृत | सातौ/आठौ | प्रदेश वन | जनरल फरेष्ट्री | १४४ | १०२ | ४० | ० |
| ११ | भू-संरक्षण अधिकृत/बरिष्ठ भू-संरक्षण अधिकृत | सातौ/आठौ | प्रदेश वन | स्वायल एण्ड वाटर कन्जरभेशन | १० | ६ | ४ | ० |
| १२ | तालिम तथा अनुसन्धान अधिकृत/वरिष्ठ तालिम तथा अनुसन्धान अधिकृत | सातौ/आठौ | वन | फरेष्ट्र रिसर्च | १ | १ | ० | ० |
| १३ | कानून अधिकृत | रा.प. तृतीय | न्याय | कानून | १ | ० | १ | ० |
| १४ | वैज्ञानिक अधिकृत/बरिष्ठ वैज्ञानिक अधिकृत | सातौ/आठौ | प्रदेश वन | बोटानी | १ | १ | ० | ० |

| क्र. सं. | पद | तह/श्रेणी | सेवा | समूह/उपसमूह | स्वीकृत दरबन्दी (अस्थायी दरबन्दी समेत) | पदपूर्ति (स्थायी दरबन्दीमा) | रिक्त स्थायी दरबन्दीको संख्या | करारमा कार्यरत कर्मचारीको संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १५ | वातावरण निरीक्षक/बरिष्ठ वातावरण निरीक्षक़ | सातौ/आठौ | प्रदेश वन | वातावरण | २ | १ | ० | ० |
| १६ | कम्प्युटर ईन्जिनियर | सातौ/आठौ | विविध | विवध | १ | ० | १ | ० |
| १७ | बाली बिकास अधिकृत/ बरिष्ठ बाली बिकास अधिकृत | सातौ/आठौ | कृषि | बाली बिकास | २ | ० | २ | ० |
| १८ | इन्जिनियर | सातौ/आठौ | इन्जिनियरिङ | सिभिल/इरिगेशन | २ | ० | २ | ० |
| १९ | बरिष्ठ प्रशासन सहायक/अधिकृत | पाँचौ/छैठौ | प्रशासन | सामान्य प्रशासन | २३ | १८ | ५ | ० |
| २० | लेखापाल/अधिकृत (लेखा) | पाँचौ/छैठौ | प्रशासन | लेखा | २० | ११ | ९ | ० |
| २१ | रेञ्जर/सहायक वन अधिकृत | पाँचौ/छैठौ | प्रदेश वन | जनरल फरेष्ट्री | ८१ | ५४ | २७ | ० |
| २२ | रेन्जर/सहायक वन अधिकृत | पाँचौ/छैठौ | वन | फरेष्ट्र रिसर्च | १ | ० | १ | ० |
| २३ | भुसंरक्षण सहायक/अधिकृत (भू-संरक्षण) | पाँचौ/छैठौ | प्रदेश वन | स्वायल एण्ड वाटर कन्जरभेशन | १० | ५ | ५ | ० |

| क्र. सं. | पद | तह/श्रेणी | सेवा | समूह/उपसमूह | स्वीकृत दरबन्दी (अस्थायी दरबन्दी समेत) | पदपूर्ति (स्थायी दरबन्दीमा) | रिक्त स्थायी दरबन्दीको संख्या | करारमा कार्यरत कर्मचारीको संख्या |
|---|---|---|---|---|---|---|---|---|
| २४ | बोटानी प्राविधिक/बोटानी अधिकृत | पाँचौ/छैठौ | प्रदेश वन | बोटानी | १ | ० | १ | ० |
| २५ | कम्प्युटर अपरेटर/अधिकृत (कम्प्युटर) | पाँचौ/छैठौ | प्रशासन | विविध | २ | ० | २ | १ |
| २६ | सब इन्जिनियर | पाँचौ/छैठौं | इन्जिनियरिङ | सिभिल/इरिगेशन | ६ | २ | ४ | ० |
| २७ | सुवेदार | रा.प.अनं.प्र. | विविध | - | ८ | ० | ८ | ० |
| २८ | प्रशासन सहायक | चौथो | प्रशासन | सामान्य प्रशासन | १५ | ७ | ८ | ० |
| २९ | फरेष्टर/बरिष्ठ फरेष्टर | पाँचौ/छैठौ | वन | जनरल फरेष्ट्री | १०१ | ९७ | ४ | ० |
| ३० | सह-लेखापाल | चौथो | प्रशासन | लेखा | १ | ० | १ | ० |
| ३१ | अपरेटर | चौथो | इन्जिनियरिङ | मेकानिकल/ निर्माण उपकरण सम्भार | ८ | २ | ६ | ० |
| ३२ | जमदार | रा.प.अनं.द्वि | विविध | - | १६ | १६ | ० | ० |
| ३३ | हवल्दार | रा.प.अनं.तृ | विविध | - | ३४ | ३ | ३१ | ० |
| ३४ | वन रक्षक | तेस्रो | वन | जनरल फरेष्ट्री | ४५७ | ३३८ | ११९ | ० |
| ३५ | सशस्त्र वन रक्षक | श्रेणीविहीन | विविध | - | १३६ | ० | १३६ | ८१ |
| ३६ | हलुका सवारी चालक | तहविहिन | प्रशासन | सामान्य प्रशासन | ३६ | ११ | २४ | २५ |
| ३७ | कार्यालय सहयोगी | तहविहिन | प्रशासन | सामान्य प्रशासन | ५४ | १५ | ३९ | ३१ |

| क्र. सं. | पद | तह/श्रेणी | सेवा | समूह/उपसमूह | स्वीकृत दरबन्दी (अस्थायी दरबन्दी समेत) | पदपूर्ति (स्थायी दरबन्दीमा) | रिक्त स्थायी दरबन्दीको संख्या | करारमा कार्यरत कर्मचारीको संख्या |
|---|---|---|---|---|---|---|---|---|
| ३८ | चौकिदार | तहविहीन | प्रशासन | सामान्य प्रशासन | १४ | ० | १४ | १४ |
| **कूल जम्मा** | | | | | **१२३५** | **७१०** | **५१७** | **१५२** |

## २.९.८. वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा का. को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६४ | दीगो वन विकासका लागि समुदायमा आधारित एवम् सरकारद्धारा व्यवस्थित वन व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम सवै जिल्लामा विस्तार गरी **३२ लाख घन फिट काठ तथा ९ हजार ६ सय चट्टा दाउरा** उत्पादन गरिनेछ। | ➢ २१७ सामुदायिक वन र ९ साझेदारी र चक्ला वन गरी जम्मा २२६ वन क्षेत्रको ७७,७२८ हे. वनक्षेत्र वन सम्वर्द्धन प्रणालीबाट व्यवस्थापन भएको।<br>➢ १५ वटा नयाँ सा.व.उ.स. गठन भई ३,५५७ हेक्टर वनक्षेत्र २,२२४ घरधुरीलाई हस्तान्तरण भएको।<br>➢ २९७ सा.व.को कार्ययोजना नविकरण भई ४५,९५६ हे. वनक्षेत्र व्यवस्थापनबाट ५,५०,२७७ घरधुरी लाभान्वित भएको।<br>➢ राष्ट्रिय वनक्षेत्रबाट २३,८८,४५७ घनफिट काठ तथा ६,४३८ चट्टा दाउरा उत्पादन भएको।<br>➢ २२९ कि.मि. अग्नीरेखा मर्मत र सरसफाई भएको।<br>➢ ३४.६१ हे. क्षेत्रफल वन अतिक्रमण नियन्त्रण गरि वन क्षेत्र कायम भएको। |

| नीति तथा का. को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | ➢ वन क्षेत्रबाट २० लाख भन्दा बढि (श्रमदिन) रोजगारी सिर्जना भएको।<br>➢ प्रदेश सन्चित कोषमा रु १६,७४,०२,५१६ राजश्व जम्मा भएको। |
| ६५ | वनको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै **"वनजन्य उद्यमको विकासः बेरोजगारी समस्याको निकास"** भन्ने नाराका साथ वन पैदावारमा आधारित उद्यम विकास रणनीतिक योजना तयार गरी वन पैदावारको सहज आपूर्ति गर्न उद्यमीलाई सरल र सहुलियतपूर्ण कर्जा प्रवाह गरिनेछ।जडिबुटी प्रशोधन तथा भण्डारणसँग सम्बन्धित रुग्ण वन उद्यम पुनःसंचालनमा ल्याउन सहयोग गरिनेछ। वन पैदावारमा आधारित उद्यम विकास कार्यक्रम मार्फत दुना टपरी, सिकर्मी, अल्लो, तेजपात प्रशोधन जस्ता क्षेत्रमा सीप विकाश गरिनेछ। | ➢ १०५.८७ हे. गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती भएको।<br>➢ जडीबुटी तथा गैरकाष्ठजन्य ३ लाख बिरूवा उत्पादन भएको।<br>➢ ३२ हेक्टर क्षेत्रमा आर्थिक महत्वका जडिबुटीहरूको स्वःस्थानीय संरक्षण (प्याकेज) भएको।<br>➢ १०५.८७ हे. गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती भएको। |

| नीति तथा का. को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६६ | संघको समन्वयमा सवै प्रकारका वन तथा जलाधार क्षेत्रको समुचित व्यवस्थापनका लागि **रणनीतिक योजना** तयार गरिनेछ।जलउत्पन्न प्रकोपका कारण प्रदेशमा बर्षेनी हुने जनधनको क्षति न्यूनीकरणका लागि जलवायूजन्य जोखिम क्षेत्र नक्शांकन गरी ती क्षेत्रमा जलाधार व्यवस्थापनका कार्यक्रम संचालन गरिनेछ । प्रदेश राजधानीमा प्राकृतिक सौन्दर्यता प्रवर्द्धन तथा सौन्दर्यीकरण गर्न "सिङ्गो रुख स्थानान्तरण गरी रोप्ने" उपकरण व्यवस्था गरिनेछ। | ➢ ३१ वटा पानी मुहान, सिमसार संरक्षण भएको।<br>➢ १३ नयाँ पोखरी निर्माण भएको।<br>➢ १.७९३ कि.मी. सिचाईकुलो संरक्षण भएको।<br>➢ २.०६ कि.मी. सडकपाखो संरक्षण भएको।<br>➢ २५ वटा पहिरो उपचार भएको।<br>➢ ७ वटा गल्छी/खोल्साखोल्सी उपचार भएको।<br>➢ ८९७ कि.मि. खहरे नियन्त्रण खोलाकिनार संरक्षण भएको।<br>➢ ३ लाख बहुबर्षे र ४ लाख एक बर्षिय विरुवा उत्पादन, ६ लाख १६ हजार बहुबर्षिय विरुवाको स्याहार-सम्भारको कार्य भएको।<br>➢ १०५.८७ हे. गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती भएको।<br>➢ जडीबुटी तथा गैरकाष्ठजन्य ३ लाख बिरूवा उत्पादन भएको।<br>➢ ३२ हेक्टर क्षेत्रमा आर्थिक महत्वका जडिबुटीहरूको स्वःस्थानीय संरक्षण (प्याकेज) भएको ।<br>➢ १०५.८७ हे. गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती भएको। |
| ६७ | जलवायु परिवर्तन न्यूनीकरणमा योगदान पुर्याउन वनको दीगो व्यवस्थापन तथा सार्वजनिक र निजी जग्गामा २५ लाख विरुवा उत्पादन गर्ने र ३०० हेक्टरमा वृक्षारोपण गरी १५ लाख घनफीट काठ आपूर्तिको लक्ष्यका साथ वन क्षेत्रको विस्तार मार्फत कार्वन व्यापारबाट आम्दानी वृद्धि गरिनेछ। काष्ठजन्य पैदावारको सुलभ आपूर्ति गरी वैदेशिक आयातलाई निरुत्साहित गर्दै पूँजी बहिर्गमनलाई न्यूनीकरण गरिनेछ। | |
| ६८ | जलवायु परिवर्तन अनुकुलनका लागि "व्यवस्थित जलाधारःसमृद्धिको आधार" भन्ने नाराका साथ प्राथमिकीकरण गरिएका जलाधार क्षेत्रमा केन्द्रित भई प्राकृतिक प्रकोप रोकथाम, विकाशका पूर्वाधार संरक्षण, पानी श्रोत व्यवस्थापन गर्न एकिकृत जलाधार व्यवस्थापन कार्यक्रम संचालन गरी उपल्लो र तल्लो तटीय क्षेत्रको अन्तर सम्बन्ध कायम गरिनेछ। एक वडा एक पोखरी कार्यक्रमलाई निरन्तरता | |

| नीति तथा का. को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | दिइनेछ।संघको समन्वयमा बबई, राप्ती तथा तिनाउ जलाधार व्यवस्थपान योजनाको कार्यान्वयन गरिनेछ। खहरेखोलामा पानी संकलन पोखरी निर्माण गरी आम्दानी वृद्धि गरिनेछ। | |
| ७० | सार्वजनिक, निजी, नदीउकास खोला किनार जस्ता खाली जमिनमा वृक्षारोपणका लागि बर्दिया, दाङ, कपिलबस्तुमा महुवा, गुल्मी, अर्घाखाँची, पाल्पामा खयर, प्युठानमा श्रीखण्ड जस्ता प्रजाती विशेष गुणयुक्त विरुवा उत्पादन गर्न स्थानीय तहको साझेदारीमा १० वटा नर्सरी स्थापना र ४२ वटा वन नर्सरीको स्तरोन्नति गरिनेछ। | |
| ६९ | संघ र स्थानीय तह समेतको समन्वयमा वन क्षेत्र भित्रका खोला खोल्सीको व्यवस्थापन गरी जलजन्य प्रकोप न्यूनीकरणका साथै सङ्कलित नदीजन्य पदार्थको विक्री वितरण गरी राजश्व वृद्धि गरिनेछ।उक्त रकमको निश्चित हिस्सा सम्बन्धित वन समुहलाई उत्पादनमा आधारित अनुदानको रुपमा उपलब्ध गराईनेछ। वन समुहले वन पैदावारको आन्तरिक विक्रिवितरणबाट प्राप्त गर्ने रकमको केही हिस्सा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिनेछ। | ➢ खोला खोल्सी व्यवस्थापन मार्फत ९,५३,८०३ घनफिट नदिजन्य पदार्थको संकलन भएको तथा नदिजन्य पदार्थ विक्रि वितरणबाट रु १,०२,९६,२६०राजश्व जम्मा भएको। |
| ७१ | वनस्पती उद्यान तथा जडिबुटी उद्यान विस्तार गरी जडिबुटी तथा गैरकाष्ट वन पैदावारको प्रवर्द्धन गर्न हरेक जिल्लालाई सम्भाब्य जडिबुटीका आधारमा सोको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ। रुकुम पूर्वमा पाखनवेद, सतुवा, सेतकचीनी, पाल्पामा तेजपात, चिउरी, टिमुर, अर्घाखाँची र गुल्मीम तेजपात, खयर, टिमुर, | ➢ अल्लो प्रशोधन उद्योग प्यूठान र जडिवुटी प्रशोधन उद्योग दाङमा आर्थिक सहयोग गरिएको। |

| नीति तथा का. को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | बाँकेमा सिट्रोनेला, लेमनग्रास, पामारोजा गरी २०० हेक्टरमा खेति विस्तार गरिनेछ। जडिबुटीको औपधीय प्रयोगको परम्परागत सीप प्रवर्द्धन कार्यक्रम मार्फत वैद्य र वैदवाको सीप र ज्ञानको अभिलेखिकरण र संरक्षण गरिनेछ।हाइटेन्सनको मुनि रहेको खाली क्षेत्रमा विपन्न, सिमान्नकृत र कमैयालाई प्राथमिकता दिई जडिबुटी तथा गैरकाष्ठ वन पैदावारजन्य लेमनग्रास, बेसार, अदुवा, पिडालु खेती गरी आयआर्जनमा जोडिनेछ। उच्च पहाडी क्षेत्रमा ओखर विकासलाई प्रवर्द्धन गरिनेछ। निजी क्षेत्रको साझेदारीमा बाँकेमा जडिबुटीको संकलन एवम् प्रशोधन भण्डारण उद्योग स्थापना र विकश गरिनेछ। | |
| ७२ | जैविक विविधता संरक्षण र जैविक मार्ग व्यवस्थापन का लागि संघ एवम् विकास साझेदार समेतको समन्वयमा कार्यक्रम संचालन गरिनेछ। कपिलबस्तु र रुपन्देही लगायतका जिल्लामा विजयसाल, सतिसाल जस्ता लोपोन्मुख प्रजातीको स्वस्थानीय संरक्षण गरिनेछ।सिमसार क्षेत्र, राष्ट्रिय निकुञ्ज, शिकार आरक्ष, कृष्णसार र संरक्षित क्षेत्रको संरक्षण गर्दै पर्यापर्यटन प्रवर्द्धनका लागि संघ र स्थानीय तह समेतको समन्वयमा कार्यक्रम संचालन गरिनेछ। गिद्ध लगायतका लोपोन्मुख वन्यजन्तुको संरक्षण गर्ने र कपिलबस्तुको जगदिशपुर बर्ड सेञ्चुरीको कार्ययोजना कार्यान्वयन गरिनेछ। | ➢ ६ वटा संरक्षित वनहरुमा विभिन्न पर्यापर्यटनका कार्यहरु भएको र १४ स्थानमा पर्यापर्यटन विकास तथा प्रवर्द्धन कार्यहरू भएको। बाँकेमा सतिसाल संरक्षण प्लट स्थापना तथा व्यवस्थापन गरिएको।<br>➢ पाल्पा जिल्ला अन्तर्गत खैरेनी वर्ड स्यान्चुरीको गिद्ध संरक्षण तथा बासस्थान व्यवस्थापन कार्ययोजना तयार भएको। |
| ७३ | मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरणका लागि वन्यजन्तुको वासस्थान व्यवस्थापन, नियमन, तत्काल उपचार तथा राहतका कार्यक्रम कार्यान्वयन गरिनेछ। “पीडितसँग | ➢ पिडीतसँग प्रदेश सरकार मार्फत् मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रमबाट 4 जना मृतक ३ जना घाइते तथा बाली र चौपायाको क्षतिको राहत बितरण भएको। |

| नीति तथा का. को बुँदा नं. | नीति तथा कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | प्रदेश सरकार" कार्यक्रममार्फत मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ। घाईते तथा असहाय वन्यजन्तुको लागि उद्धार केन्द्र स्थापना र स्तरोन्नति गरिनेछ।चोरी निकासी र वन्यजन्तुको अवैध व्यापारलाई कडाईकासाथ नियन्त्रण गरिनेछ। | ➢ बर्दिया मुधुवन न.पा. १,२ र ३ वडाका १३११ घरपरिवारको ६७५६ जनाको २ लाखका दरले सामुहिक दर्घटना विमा गरिएको।<br>➢ ३८४ जना वन रक्षकहरुको १३ लाख ६५ हजारका दरले सामुहिक दुर्घटना विमा गरिएको।<br>➢ बर्दिया जिल्लामा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न ३५० मिटर Electric Fence with Mesh Wire Fencing, ७५० मिटर Electric Fencing, 221 मिटर Mesh wire fencing गरिएको। |
| ७४ | वातावरणमैत्री दीगो विकासको अवधारणा बमोजिम निर्माण लगायतका कार्यमा वातावरणीय प्रभाव अध्ययन र वातावरणमा पर्ने नकारात्मक असर न्यूनिकरणका उपायको कार्यान्यन गरी मापदण्ड पालनाको अनुगमन गरिनेछ विकास आयोजनाको लागि जग्गा प्राप्ती प्रक्रिया समयमा सम्पन्न गर्न सहजीकरण गरिनेछ।संघसँग समन्वय गरी बाँके र बर्दियामा "पाइलटिङ्ग" को रुपमा कालिज र बँदेलको घेरेलु पालन गर्ने व्यवस्था मिलाइनेछ। | १० वटा बातावरणीय अनुगमन गरेको। |

## २.९.९. वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| बजेट व.बुँ.नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ९५ | प्रदेशमा विद्यमान करिब ७ लाख हेक्टर वन क्षेत्र मध्ये व्यवस्थापन योग्य वन क्षेत्रलाई वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनको माध्यमबाट ८० हजार हेक्टर वन क्षेत्रको कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। यसबाट करिव **३२ लाख क्यू.फी. काठ तथा ९ हजार ६ सय चट्टा दाउरा उत्पादन** गर्नुका साथै ८ लाख श्रमदिन रोजगारी सिर्जना गरी प्रदेश सरकारको राजस्व वृद्धि गर्न वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमका लागि रु ५ करोड ५० लाख विनियोजन गरेको छु। | ➢ २१७ सामुदायिक वन र ९ साझेदारी र चक्ला वन गरी जम्मा २२६ वन क्षेत्रको ७७,७२८ हे. वनक्षेत्र वन सम्वर्द्धन प्रणालीबाट व्यवस्थापन भएको।<br>➢ १५ वटा नयाँ सा.व.उ.स. गठन भई ३,५५७ हेक्टर वनक्षेत्र २,२२४ घरधुरीलाई हस्तान्तरण भएको।<br>➢ २९७ सा.व.को कार्ययोजना नविकरण भई ४५,९५६ हे. वनक्षेत्र व्यवस्थापनबाट ५,५०,२७७ घरधुरी लाभान्वित भएको।<br>➢ राष्ट्रिय वनक्षेत्रबाट २३,८८,४५७ घनफिट काठ तथा ६,४३८ चट्टा दाउरा उत्पादन भएको।<br>➢ वन क्षेत्रबाट २० लाख श्रमदिन रोजगारी सिर्जना भएको।<br>➢ प्रदेश सन्चित कोषमा रु १६,७४,०२,५१६ राजश्व जम्मा भएको। |
| ९६ | वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षणको कार्यलाई थप प्रभावकारी बनाइने छ। यसका लागि वन उपभोक्ता समूह, सुरक्षा निकाय, स्थानिय तह र निजी क्षेत्रको समन्वयमा वन डढेलो नियन्त्रण, चोरी सिकारी तथा अतिक्रमण नियन्त्रणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु। | ➢ २२९ कि.मि. अग्नीरेखा मर्मत र सरसफाई भएको।<br>➢ ३४.६१ हे. क्षेत्रफल वन अतिक्रमण नियन्त्रण गरि वन क्षेत्र कायम भएको।<br>➢ कबुलिती वन विकाश कार्यक्रमका माध्यमबाट स्थानीय स्तरमा पछाडी परेका उपभोक्ताको आय आर्जनमा वृद्धि |

| बजेट व.बुँ.नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १०४ | "सामुदायिक तथा कबुलियती वन विकास" कार्यक्रमका माध्यमबाट स्थानीय स्तरमा पछाडी परेका उपभोक्तालाई आय आर्जनमा आवद्ध गरी सम्पन्नता स्तरीकरणको श्रेणी वृद्धि गर्न क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ। पहाडी तथा उच्च हिमाली क्षेत्रमा वनमा रहेका ढलेपडेका तथा सुकेका रुखहरुको व्यस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छ।सामुदायिक तथा कबुलियती वन विकाश कार्यक्रम समेतका लागि रु २ करोड ७८ लाख विनियोजन गरेको छ। | गर्न जटिबुटी खेती, टिमुर रोपण, पर्या-पर्यटन जस्ता क्रियाकलाप संचालन गरिएको। |
| १०० | जिल्लागत विशिष्टता अनुरुप तेजपात, चिउरी, टिमुर, पाखनवेद, सतुवा, सेतकचिनी, खयस, टिमुर, मेन्था, पामाराइजा, सिट्रोनेला, लेमनग्रास, अल्लो, श्रीखण्ड लगायत प्रजातीगत जडिबुटी खेतीको पकेट क्षेत्र विस्तार गरिनेछ। विद्युत प्रसारण लाइनमुनीको खाली वन क्षेत्रमा गैह्रकाष्ठ वन पैदावारको खेती प्रवर्द्धन मार्फत विपन्न समुहको आयआर्जन वृद्धि गर्न समेत रु २ करोड ५८ लाख विनियोजन गरेको छ। | ➢ १०५.८७ हे. गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती भएको।<br>➢ जडीबुटी तथा गैरकाष्ठजन्य ३ लाख बिरूवा उत्पादन भएको।<br>➢ ३२ हेक्टर क्षेत्रमा आर्थिक महत्वका जडिबुटीहरूको स्वःस्थानीय संरक्षण (प्याकेज) भएको ।<br>➢ २ वटा उद्योगमा (अल्लो प्रशोधन प्यूठान र जडिवुटी प्रशोधन दाङमा) अर्थिक सहयोग भएको।<br>➢ Non-timber Forest Products (NTFPs) and Medicinal and Aromatic Plants (MAPs) Processing industry को feasibility study भएको। |
| १०९ | वन पैदावारमा आधारित उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि रणनीतिक योजना तयार गरिनेछ। वन पैदावारको सहज आपूर्ति र रुग्ण वन उद्यम पुनःसंचालन गर्न उद्यमीलाई संघसँगको समन्वयमा सहुलयतपूर्ण कर्जा प्रवाह गरिनेछ। | |
| ९७ | प्राकृतिक विपद् रोकथाम, विकास पूर्वाधारको संरक्षण, दीगो भू-व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन लगायत कार्यक्रम मार्फत जलाधार व्यवस्थापनका साथै चुरे क्षेत्र र प्रदेश राजधानी क्षेत्रको भू-परिधिको व्यवस्थापन गरिनेछ। जलवायू परिवर्तन अनूकूलन लगायत कार्यक्रम मार्फत जलाधार व्यवस्थापनका साथै चुरे क्षेत्र र प्रदेश राजधानी क्षेत्रको भ-परिधिको | ➢ ३१ वटा पानी मुहान, सिमसार संरक्षण भएको।<br>➢ १३ नयाँ पोखरी निर्माण भएको।<br>➢ १.७९३ कि.मी. सिचाईकुलो संरक्षण भएको।<br>➢ २.०६ कि.मी. सडकपाखो संरक्षण भएको। |

| बजेट व.बुँ.नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | व्यवस्थापन गरिनेछ।जलवायु परिवर्तन अनुकूलन कार्यक्रम अन्तर्गत "एक वडा, एक पोखरी" कार्यक्रमलाई क्रमशः सवै वडामा विस्तार गर्ने गरी निरन्तरता दिएको छु। सामुदायिक र राष्ट्रिय वन भित्र जलायस निर्माण र एकिकृत जलाधार व्यवस्थापनका लगि रु १३ करोड ५१ लाख विनियोजन गरेको छु। | ➢ २५ वटा पहिरो उपचार भएको।<br>➢ ७ वटा गल्छी/खोल्साखोल्सी उपचार भएको।<br>➢ ८९७ कि.मि. खहरे नियन्त्रण खोलाकिनार संरक्षण भएको। |
| १०२ | "कृषि, वन तथा वृहत्तर हरियाली प्रवर्द्धन" कार्यक्रम प्रभावकारी वनाउन निजी तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न आवश्यक ४ लाख बहु-बर्षिय र १० लाख एक बर्षे विरुवा उत्पादन गरी ३२५ हेक्टर खाली वन क्षेत्रमा वृक्षारोपण गरिनेछ। तराईका वन क्षेत्रका ठुला रुख सिङ्गै स्थानान्तरण गरी खाली क्षेत्रमा रुख रोपण गर्न तथा सडक किनारा वृक्षारोपण कार्यलाई प्रभावकारी वनाउन नेपालका पहिलो पटक सिङ्गै रुख स्थानान्तरण गरी रोप्ने मेशिन खरिद गरी व्यवस्थापन गरिनेछ।कृषि वन तथा वृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रममा रु ११ करोड विनियोजन गरेको छु। | ➢ ३ लाख बहुबर्षे र ४ लाख एक बर्षिय विरुवा उत्पादन, ६ लाख १६ हजार बहुबर्षिय विरुवाको स्याहार-सम्भारको कार्य भएको।<br>➢ ४४८.०८ हे. बृक्षारोपण, ५३ हे. पुनरोपण, ३३२.५ हे. गोडमेल भएको। |
| ९८ | बबई, राप्ती तथा तिनाउ जलाधार व्यवस्थापन योजनाको कार्यान्वयन सुरु गरिनेछ।लमही देखि भालुवाङसम्मको २५ कि.मी. चुरेक्षेत्र व्यवस्थापन तथा कोइलाबास जलाधार क्षेत्र संरक्षण विशेष कार्यक्रम कार्यान्वयनको लागि रु २ करोड ५० लाख विनियोजन गरेको छु। | ➢ कोइलाबास जलाधार क्षेत्र संरक्षण विशेष कार्यक्रम कार्यान्वयन भएको। |
| ९९ | वन क्षेत्रबाट बग्ने नदी एवम् खोला-खोल्सीबाट वन क्षयीकरण तथा बस्ती जोखिमलाई न्यूनिकरण गर्न २० वटा खोला-खोल्सीको व्यवस्थापनका लागि बजेटको व्यवस्था गरेको छु। खोला-खोल्सी व्यवस्थापनबाट ७५ लाख क्यूविक फिट वन पैदावर र नदीजन्य पदार्थ संकलन भई प्रदेश सरकारको राजश्व वृद्धि हुने अपेक्षा लिएको छु। | ➢ खोला खोल्सी व्यवस्थापन मार्फत ९,५३,८०३ घनफिट नदिजन्य पदार्थको संकलन भएको तथा नदिजन्य पदार्थ विक्रि वितरणबाट रु १,०२,९६,२६० राजश्व जम्मा भएको। |

| बजेट व.बुँ.नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १०१ | गुणस्तरयुक्त विरुवा उत्पादन र वृक्षारोपण गर्न ४२ स्थानको नर्सरी स्तरोन्नती र १० वटा स्थानीय तहको लागत साझेदारीमा पालिका वन नर्सरी संचालन गरिनेछ। नदि उकास तथा खोला किनार एवम् खाली ठाउँमा अभियानका रुपमा विशेष गुणयूक्त विरुवा रोपणका लागि प्रजाति विशेष विरुवा उत्पादनमा केन्द्रित हुने गरी बजेटको व्यवस्था गरेको छ। | ➢ ३ लाख बहुबर्षे र ४ लाख एक बर्षिय विरुवा उत्पादन, ६ लाख १६ हजार बहुबर्षिय विरुवाको स्याहार-सम्भारको कार्य भएको। |
| १०५ | जैविक विविधताको दृष्टिले अन्तराष्ट्रिय महत्वको जगदीशपुर बर्ड सेन्चुरी व्यवस्थापन कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ। जैविक विविधता क्षयीकरणको चुनौतीका दृष्टिले दोस्रो स्थानमा रहेको मिचाह प्रजातीको व्यवस्थापन गर्न मिचाह प्रजाती नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम सुरुवात गरिनेछ। लोपोन्मुख गिद्ध प्रजाती तथा रैथाने बहुउपयोगी महुवा प्रजातीको संरक्षण र व्यवस्थापनका साथै विजयसाल, सतिसाल जस्ता संकटापन्न तथा लोपोन्मुख वनस्पतीको बासस्थान संरक्षण गरिनेछ। जैविक विविधता संरक्षण कार्यक्रमका लागि रु ३ करोड २८ लाख विनियोजन गरेको छ। | ➢ ६ वटा संरक्षित वनहरुमा विभिन्न पर्यापर्यटनका कार्यहरु भएको र १४ स्थानमा पर्यापर्यटन विकास तथा प्रवर्द्धन कार्यहरू भएको।<br>➢ बाँकेमा सतिसाल संरक्षण प्लट स्थापना तथा व्यवस्थापन गरिएको।<br>➢ पाल्पा जिल्ला अन्तर्गत खैरेनी वर्ड स्यान्चुरीको गिद्ध संरक्षण तथा बासस्थान व्यवस्थापन कार्ययोजना तयार भएको।<br>➢ जगदीशपुर बर्ड सेन्चुरी व्यवस्थापन कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएको। |
| १०७ | गुल्मीको मदाने, रेसुङ्गा र थाप्ले, प्यूठानको गौमुखी, रोल्पाको जलजला र बर्दियाको खाता संरक्षित वन व्यवस्थापन र वन क्षेत्रभित्र रहेका ऐतिहासिक एवम् मनोरम प्राकृतिक भू-भागमा पर्या-पर्यटन कार्यक्रमका लागि रु १ करोड २० लाख बिनियोजन गरेको छ। | |
| १०६ | जैविक विविधताको दृष्टिले महत्वपुर्ण एवम् लोपोन्मुख वनस्पतीको संरक्षणका लागि निर्माणाधिन दुई वटा वनस्पती उद्यान र दुई वटा जडिबुटी पार्कका लागि रु १ करोड विनियोजन गरेको छ। | ➢ अर्घाखाँची र रुकुम पूर्व जडिबुटी उद्यान निर्माण भएको र दाङ र रोल्पामा वनस्पती उद्यान निर्माण सम्पन्न भएको। |
| १०३ | सवै जिल्लामा मानव र वन्यजन्तु वीचको द्वन्द्व व्यवस्थापन, राहत तथा उद्धार गर्न "पिडितसँग प्रदेश सरकार" कार्यक्रमबाट मानव-वन्यजन्तु व्यवस्थापन गरिनेछ। वन्यजन्तुबाट हुने क्षतिको | ➢ पिडीतसँग प्रदेश सरकार मार्फत् मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रमबाट ४ जना मृतक ३ जना घाइते तथा बाली र चौपायाको क्षतिको राहत बितरण भएको। |

| बजेट व.बुँ.नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | बीमा नमूनाको रुपमा बर्दियाको मधुवन १ र ३ बाट सुरुवात गर्न समेत रु १ करोड ५० लाख व्यवस्था गरेको छ। | ➢ बर्दिया मुधुवन न.पा. १, २ र ३ वडाका १३११ घरपरिवारको ६७५६ जनाको २ लाखका दरले सामुहिक दर्घटना विमा गरिएको।<br>➢ ३८४ जना वन रक्षकहरुको १३ लाख ६५ हजारका दरले सामुहिक दुर्घटना विमा गरिएको।<br>➢ बर्दिया जिल्लामा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न ३५० मिटर Electric Fence with Mesh Wire Fencing, ७५० मिटर Electric Fencing, 221 मिटर Mesh wire fencing गरिएको। |
| १०८ | प्रदेशलाई स्वच्छ र सफा बनाउन मुख्य नगरमा प्लास्टिकजन्य पदार्थ नियन्त्रण तथा पुनःप्रयोग र वातावरण संरक्षण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।वातावरण तथा जलवायु अनुकुलन कार्यक्रमका लागि रु ८४ लाख विनियोजन गरेको छ। | ➢ वातावरण तथा जलवायु अनुकुलन सम्बन्धि रोल्पा र गुल्मीमा २ वटा गोष्ठी सम्पन्न भएको।<br>➢ प्लास्टिकजन्य पदार्थ नियन्त्रण तथा पुनःप्रयोग सम्बन्धमा ४ वटा स्थानिय तहमा डस्टविन र कम्पोस्टविन वितरण र ८ वटा पालिकामा प्लाष्टिक बोतल संकलन केज वितरण भएको। |

### २.९.१०. आर्थिक वर्ष २०८०/८१ को मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र.स | श्रोत | शुरुको बजेट | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | २००००० | २००८०० | १६१९२५ |
| २ | नेपाल सरकार सशर्त अनुदान | ७६८२०० | ७६८६९० | ३३९९५४ |
| ३ | नेपाल सरकार समपूरक अनुदान | ० | ० | ० |
| ४ | नेपाल सरकार विशेष अनुदान | ० | ० | ० |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | ११०४५१७ | १११०३२३ | ७९७१२८ |
| जम्मा | | २०७२७१७ | २०७९८१३ | १२९९००६ |

### २.९.११. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ११९५५६६ | ७८६९६२ | ६५.८२ |
| २ | पुँजीगत | ८८४२४७ | ५१२०४५ | ५७.९१ |
| जम्मा | | २०७९८१३ | १२९९००५ | ६२.४६ |

### २.९.१२. आ.व.२०८०/८१ को स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति |
|---|---|---|---|---|
| १ | ३२९०००११ वन तथा वातावरण मन्त्रालय | ४७८४१ | २७३६५ | ५७.२ |
| २ | ३२९०००१२ वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | २०५२८७ | १३५२२५ | ६५.८७ |
| ३ | ३२९०००१३ जडिवुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | २५४०० | १३१७७ | ५१.८८ |
| ४ | ३२९०००१४ भु-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | १४५१०० | १३३१५६ | ९१.७७ |
| ५ | ३२९०००१५ वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम | २०००० | ८५३१ | ४२.६६ |

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति |
|---|---|---|---|---|
| ६ | ३२९०००१६ वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | ८४०० | १००० | ११.९ |
| ७ | ३२९०००१७ वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | ३९५०० | १६४७७ | ४१.७१ |
| ८ | ३२९०००१८ कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम | ११८२९० | ७०९८९ | ६०.०१ |
| ९ | ३२९०१०११ वन निर्देशनालय | २२४४२ | १६२५३ | ७२.४२ |
| १० | ३२९०१०१२ डिभिजन वन कार्यालयहरु | ६३५८१३ | ५०७२४६ | ७९.७८ |
| ११ | ३२९०१०१३ भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | ३२६०७ | २४२६८ | ७४.४३ |
| १२ | ३२९०२०११ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १०४४३ | ५३६५ | ५१.३७ |
| १३ | ३२९९११२० नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम(संघ सशर्त अनुदान) | ५०१०० | २२८७१ | ४५.६५ |
| १४ | ३२९९११२१ सम्वृद्धिका लागि वन(संघ सशर्त अनुदान) | २९०००० | ८१३७५ | २८.०६ |
| १५ | ३२९९११२३ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ सशर्त अनुदान) | ८५००० | ६१४२८ | ७२.२७ |
| १६ | ३२९९११२५ जडिबुटी विकास कार्यक्रम(संघ सशर्त अनुदान) | २२५०० | १९८३७ | ८८.१६ |
| १७ | ३२९९११२७ वन तथा भू-संरक्षण विभाग(संघ सशर्त अनुदान) | ५३९२१ | ४७७८३ | ८८.६२ |
| १८ | ३२९९११२८ वातावरण विभाग(संघ सशर्त अनुदान) | १९५०० | १५६४७ | ८०.२४ |
| १९ | ३२९९११२९ डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ सशर्त अनुदान) | ६४१६९ | ५९०१८ | ९१.९७ |
| २० | ३२९९११३० जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम(संघ सशर्त अनुदान) | ३२५०० | ३१९९४ | ९८.४४ |
| २१ | ३२९९११३१ जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम(संघ सशर्त अनुदान) | १५१००० | ० | ० |
| **कुल जम्मा** | | **२०७९८१३** | **१२९९००५** | **६२.४६** |

### २.९.१३. आर्थिक वर्ष २०८०/०८१को वार्षिक राजस्व संकलनको विवरण

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम *(रु. हजारमा)* | प्रतिशत |
|---|---|---|---|---|
| १ | वन क्षेत्रको अन्य आय | 1,80,00,00 | 16,74,02.516 | 9.3 |

### २.९.१४. विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

| क्र.सं. | कार्यक्रम | रोजगारी (श्रमदिन) हजारमा |
|---|---|---|
| १ | डि.व.का. अर्घाखाँची | २१५.० |
| २ | डि.व.का. बर्दिया | १२३.४ |
| ३ | डि.व.का. कापिलबस्तु | ३२१.८ |
| ४ | डि.व.का. बाँके | २००.२ |
| ५ | डि.व.का. रोल्पा | ३१.२ |
| ६ | डि.व.का. देउखुरी | १३०.३ |
| ७ | डि.व.का. दाङ | १०३.४ |
| ८ | डि.व.का. गौतमबुद्ध | १३०.० |
| ९ | डि.व.का. प्यूठान | ५७.३ |
| १० | डि.व.का. परासी | १७०.४ |
| ११ | डि.व.का. रुकुमपूर्व | ३०.० |
| १२ | डि.व.का. पाल्पा | १३७.६ |
| १३ | डि.व.का. रुपन्देही | १८०.० |
| १४ | डि.व.का. गुल्मी | १३०.१ |
| १५ | भू तथा जलाधार व्यवस्थापन कार्यालय अर्घखाँची | १६.६ |
| १६ | भू तथा जलाधार व्यवस्थापन कार्यालय दाङ | १.७ |
| १७ | भू तथा जलाधार व्यवस्थापन कार्यालय पाल्पा | १७.० |
| १८ | भू तथा जलाधार व्यवस्थापन कार्यालय रोल्पा | १४.८ |
| **जम्मा** | | **२०११.०** |

### २.९.१५. बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको) (रु हजारमा)

| क्र. सं. | बेरूजु किसिम | आ.व.२०७९/८० सम्मको म.ले.प. बेरुजु (रु.) | सम्परीक्षण भएको बेरुजु (रु.) | सम्परीक्षण भई बाँकी रहेको बेरुजु (रु.) |
|---|---|---|---|---|
| १ | नियमित गर्नु पर्ने | १५१९७०.१ | ४२१४.७५ | १४७७५५.३५ |
| २ | असुल उपर गर्नु पर्ने | २४०३६.३९ | ४८२७.४३ | १९२०८.९६ |
| ३ | पेश्की | ३५५५४.५७ | २४९.२३ | ३५३०५.३४ |

| क्र. सं. | बेरूजु किसिम | आ.व.२०७९/८० सम्मको म.ले.प. बेरुजु (रु.) | सम्परीक्षण भएको बेरुजु (रु.) | सम्परीक्षण भई बाँकी रहेको बेरुजु (रु.) |
|---|---|---|---|---|
| कूल जम्मा | | २११५६१.०६ | ९२९१.४१ | २०२२६९.६५ |

## २.९.१६. आर्थिक वर्ष २०८०/८१ का भएका महत्वपूर्ण उपलब्धीहरु

- राष्ट्रिय वनक्षेत्रबाट २३ लाख ८८ हजार घनफिट काठ तथा ६ हजार ४३८ चट्टा दाउरा उत्पादन,
- निजी आवादीबाट १६ लाख ४४ हजार घनफिट काठ तथा ४ हजार २०१ चट्टा दाउरा उत्पादन,
- सङ्घीय कोष तर्फ आम्दानी रू. २९,७४,०९,४४८, प्रदेश कोष तर्फ आम्दानी रू. १६,७४,०२,५१६ र वन समूहमा रू. ७९,७४,९४,६५१ आम्दानी भएको,
- आ.व. ०८०/०८१ मा ३५,०४,३९० विरूवा उत्पादन, आ.व. ०७९/०८० को १२,७३,९८० विरूवा स्याहारसम्भार २१,५५,१३८ विरूवा वितरण,
- ४४८ हेक्टर बृक्षारोपण, ५३ हेक्टर पुनरोपण, ३३२.५ हेक्टर गोडमेल तथा १०५.८७ हेक्टरमा गैह्र काष्ठ वन पैदावारको खेती विस्तार,
- २२६ वटा वन क्षेत्रको ७७ हजार ७२८ हेक्टर वनक्षेत्र वन सम्वर्द्धन प्रणालीबाट व्यवस्थापन,
- १५ वटा नयाँ सा.व.उ.स. गठन भई ३५५७ हेक्टर वनक्षेत्र २२२४ घरधुरीलाई हस्तान्तरण भएको,
- २९७ सा.व.को कार्ययोजना नविकरण भई ४५ हजार ९५६ हेक्टर वनक्षेत्र व्यवस्थापनबाट ५ लाख ५० हजार २७७ घरधुरी लाभान्वित भएको,
- ३१ पानी मुहान र सिमसार संरक्षण, १३ नयाँ पोखरी निर्माण, २५ वटा पहिरो उपचार, ७ वटा गल्छी/खोला खोल्सी उपचार भएको,
- ३.८९ कि.मि. खहरे खोला किनारा संरक्षण भएको।

## २.९.१७. समस्या तथा चुनौतीहरु

- वन ऐन, २०७६ र प्रदेश वन ऐन, २०७८ बीचमा बाँझिएका बिषयहरुको कार्यान्वयनमा व्यवहारक कठिनाई रहेको।
- मुद्दाको अनुसन्धान तहकीकात, दायरी - संघीय वन ऐन, २०७६ को दफा ६२ को उपदफा (२) मा यस ऐन बमोजिम एक बर्ष भन्दा बढी कैद सजाय हुने कसुर सम्बन्धि मुद्धाको अनुसन्धान तथा तहकिकात नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी तोकेको नेपाल सरकारको कर्मचारीले गर्नेछ भन्ने व्यवस्था रहेकोले अनुसन्धान अधिकृत तोक्न जिल्ला प्रशासन कार्यालय जानु परेको।

- ३ वटा डिभिजन वन कार्यालयको आफ्नै भवन नभएको, ५ वटा सव डिभिजन वन कार्यालयको भवन जिर्ण रहेको। २९ वटा सव डिभिजनको आफ्नै भवन नभएको, ४० वटा सव डिभिजन वन कार्यालयको भवन जिर्ण रहेको।
- मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा न्यून बजेट र प्राविधिक क्षमतामा कमी।
- वन डढेलो व्यवस्थापन तथा नियन्त्रणको लागि आवश्यक प्रविधि तथा क्षमताको अभाव रहेको।

## २.९.१८. समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु

- डिभिजन वन कार्यालय प्रदेश मातहत रहेको र हाल सबै डिभिजनल वन अधिकृतहरु र डिभिजन वन कार्यालयका वन सेवाका सम्पूर्ण कर्मचारी प्रदेश सरकार मातहत रहेकोले वन कसूर सम्बन्धि मुद्दाको अनुसन्धान तहकीकात, दायरी, न्याय निरुपण तथा अर्धन्यायिक अधिकार प्रयोगमा समस्या रहेकोले कानूनी व्यवस्था गरी प्रदेश अन्तर्गतका डिभिजन वन कार्यालयबाट विगत देखि नै निर्वाह गर्दै आएको अर्धन्यायिक निकायको भूमिकालाई थप स्पष्ट र प्रभावकारी बनाउन डिभिजनल वन अधिकृतलाई नेपाल सरकारको मुद्दा हेर्ने अधिकारी तोक्नु पर्ने।
- वन डढेलो नियन्त्रण कार्यलाई उच्च प्रथामिकतामा राखी बजेट विनियोजन तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्नु पर्ने।
- मानव वन्यजन्तुद्वन्द्व न्यूनिकरणको लागि संघ, प्रदेश र स्थानिय तहविच संयन्त्रको निर्माण गरी कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा प्राथमिकता दिनुपर्ने।

## १०.१. आगामी कार्यदिशा

- तराई तथा भित्री मधेशका उत्पादनशील वनमा वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मार्फत वनको उत्पादकत्व र वन पैदावारको वृद्धि गरी हरित रोजगारी सिर्जना गरी प्रदेशको आम्दानीमा अभिवृद्धि गर्नुका साथै वातावरणीय सन्तुलन कायम राख्ने।
- पहाडी जिल्लाहरुमा टिमुर, ओखर लगायतका महत्वपूर्ण जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती प्रवर्द्धन गर्ने।

## १०.२. निष्कर्ष

- वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि वन सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापनलाई जोड दिनु पर्ने देखिन्छ।
- बाँझिएका कानूनमा सुधार ल्याई कार्यमैत्री वातावरण वनाउन सके प्रदेशलाई वन क्षेत्रबाट समृद्ध वनाउँन ठुलो योगदान पुग्ने देखिन्छ।
- आवश्यक संख्यामा कर्मचारी पदपूर्ति गरी वन क्षेत्रलाई प्राथमिकता क्षेत्रमा राखी वन व्यवस्थापनमा नविनतम प्रविधि तथा उपकरणको प्रयोग र पहुँच पुर्‍याई वन पैदावारको उत्पादन वृद्धि गरी वन क्षेत्रको माध्यमबाट प्रदेशको समृद्धिमा टेवा पुग्ने देखिन्छ।

# २.१० उद्योग, पर्यटन तथा यातायात मन्त्रालय

## २.१०.१. पृष्ठभूमि

उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी रहेको साविकको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र १२ वटा घरेलु तथा साना उद्योग कार्यालयहरु, प्रदेशभित्रका पर्यटन पूर्वाधारजस्ता आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन सम्बन्धी व्यवस्थापकीय कार्य गर्नका लागि साविकको पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय अन्तर्गतको दुई वटा पर्यटन डिभिजन कार्यालय र एक वटा पर्यटन विकास परिषद्, प्रदेशस्तरीय श्रम, रोजगार, सामाजिक सुरक्षा, यातायात व्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, नियमन लगायतका कार्य गर्ने जिम्मेवारी भएको साविक श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गतका ९ वटा यातायात व्यवस्था कार्यालय/सेवा कार्यालयहरु, संस्कृति तथा पुरातत्व संरक्षण, योजना निर्माण, कार्यान्वयन, नियमन लगायतको काम गर्ने जिम्मेवारी भएको साविकको महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तर्गत रहेको पाल्पा दरबार संग्रहालयसमेत हेर्ने गरी लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/०४/१५ को निर्णयानुसार प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ को नियम ३ को अनुसूची १ र २ बमोजिम यस मन्त्रालयको नाम उद्योग, पर्यटन तथा यातायात मन्त्रालय रहन गएको।

## २.१०.२. दीर्घकालीन सोच

- उद्योग, वाणिज्य तथा पर्यटन प्रवर्द्धन र दीगो व्यवस्थापनबाट समावेशी सम्वृद्धि हासिल गर्दै "समृद्ध लुम्विनी आत्मनिर्भर प्रदेश" प्रादेशिक लक्ष्य पूरा गर्न योगदान पुऱ्याउने,
- गरिबी निवारण र दीगो शान्ति स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधार विकासको माध्यमबाट आर्थिक तथा सामाजिक समृद्धि हासिल गरी प्रदेशको "समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश" को लक्ष्यमा टेवा पुऱ्याउनु,
- मर्यादित श्रम र रोजगारको सिर्जना र प्रभावकारी यातायात व्यवस्थापन गर्ने।

## २.१०.३. उद्देश्य

- उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कूल ग्राहस्थ उत्पादनमा योगदान बढाउनु,
- उद्योगको विकास प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण सिर्जना गर्नु,
- औद्योगिक वस्तुहरुको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु ,
- रोजगारको संख्या र गुणस्तरमा अभिवृद्धि गर्नु,
- आन्तरिक व्यापार प्रवर्द्धन गर्दै स्थानीय कच्चापदार्थ र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धनमार्फत प्राप्त हुने लाभलाई स्थानीय तहसम्म विस्तार गर्नु,

- तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाई व्यापार घाटा कम गर्नु,
- उपभोक्ताको हक हित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनु,
- प्रदेशभित्रै रोजगारीको वातावरण सिर्जना गरी श्रमशक्तिको सहज व्यवस्थापन गर्दै सामाजिक सुरक्षालाई प्रभावकारी बनाउने र सार्वजनिक यातायातलाई व्यवस्थित गर्दै यातायात क्षेत्रको सुरक्षा, व्यवस्थापन र नियमन मार्फत यातायात क्षेत्रलाई चुस्त बनाउने,
- प्रदेशभित्रका पर्यटन पूर्वाधार जस्ता आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन अनुसन्धान तथा नियमन सम्बन्धी व्यवस्थापकीय कार्य गर्ने,
- प्रदेशका साँस्कृतिक सम्पदा तथा भाषिक सम्पतीको संरक्षण गर्ने।

### २.१०.४. रणनीतिहरु

- उद्योगलाई आवश्यक पर्ने पूर्वाधार तयार नीति निर्माण र कार्यान्वयनमा जोड दिने।
- स्थानीय स्रोत सिपको उपयोग गरी लघु, घरेलु, साना, मझौला र ठूला उद्योगको स्थापना र संचालनलाई प्रभावकारी बनाउने।
- लगानी मैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, संस्थागत, कानूनी तथा प्रक्रियागत सुधार गर्ने।
- गुणस्तरयुक्त एवम् प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको निर्यातलाई बढवा दिने।
- दैनिक उपभोग्य वस्तु तथा सेवालाई सुलभ बनाउन नियमित रुपमा बजार अनुगमन तथा बजार नियमन गर्ने।
- पर्यटन, यातायात, उद्योग, साँस्कृतिक एवम् पुरातात्विक धरोहर लगायत क्षेत्रमा पूर्वाधारको विकासलाई रोजगारीका अवसर सिर्जना गर्ने माध्यमको रुपमा प्रयोग गर्ने।
- पर्यटन, यातायात, उद्योग, साँस्कृतिक एवम् पुरातात्विक धरोहर लगायत क्षेत्रमा पूर्वाधारको विकासलाई नागरिक एवम् वातावरणमैत्री बनाउने।
- प्रदेशका भाषा संस्कृति तथा धार्मिक सम्पदाहरुको अभिलेखिकरण, प्रचारप्रसार गरी तिनीहरुको संरक्षण तथा सम्वर्द्धन गर्ने।
- सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी दुर्घटना न्यूनीकरणमा टेवा पुऱ्याउने।
- दक्ष श्रमशक्तिलाई स्वदेशमै रोजगारको वातावरण सिर्जना गर्न योजना तथा कार्यक्रम बनाई लागू गर्ने।
- संगठित तथा असंगठित क्षेत्रका श्रमिकहरुको कार्यस्थल सुरक्षा प्रत्याभूति गर्ने तथा निजहरुलाई सामाजिक सुरक्षामा आवद्ध गराउने।

### २.१०.५. कार्यक्षेत्र

- व्यापार/वाणिज्य र प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजिकरण, वजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन,
- ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,
- नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,
- व्यापारिक फर्महरुको दर्ता, नविकरण, खारेजी र नियमन,
- खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा संचालन र संघसँग समन्वय,
- भौगोलिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी,
- कलकारखाना र औद्योगिकरण सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- उद्योग दर्ता, अनुमति, नविकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन,
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, संचालन र विस्तार,
- औद्यगिक वस्तुको निर्यात प्रवर्द्धन,
- सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- उपभोक्ता हक अधिकार संरक्षण तथा प्रर्वद्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन,
- मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन,
- संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गिकरण, गुणस्तर परीक्षण र नियमन,
- अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहवीच समन्वय,
- उपभोक्ता अदालत र संचालन,
- लक्षित क्षेत्र र वर्गका लागि एजेन्सी सम्बन्धी प्रादेशिक नीति, मापदण्ड, कार्यान्वयन र नियमन,
- संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन,
- दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति मापदण्ड, कार्यान्वयन र नियमन,

- प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,
- प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,
- प्रदेश भित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्वन्धमा नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वियन र नियमन,
- औद्योगिक तथा व्यापार प्रदर्शनी आयोजना तथा व्यवस्थापन,
- उद्योगमा श्रममुलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग,
- संघीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन,
- पर्यटकीय होटल, रिसोट लज ट्राभल तथा ट्रेकिङ ऐजेन्सी, गाईड, र्‍याफ्टिङ आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,
- स्वरोजगारको लागि उद्यमशिलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन तथा सहायता.
- पर्यटन विकास तथा प्रवर्द्धन,
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
- श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र नियमन,
- श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना,
- औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण,
- कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन,
- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वियन, अध्ययन, अनुसन्धान र नियमन,
- प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण,
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,
- वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,
- भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यन्वयन र नियमन,
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रदेशस्तरका दरवारहरुको संरक्षण, संभार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,
- प्रदेशस्तरका संग्रहालयहरुको स्थापना, सञ्चालन तथा व्यवस्थापन,

- ❖ प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सास्कृतिक सम्पदाहरु, प्राचीन स्मारकहरु, संग्रहालय, सांस्कृतिक धरोहर संरक्षण, संभार तथा पुनर्निर्माण सम्बन्धी नीति कानून मापदण्ड तथा योजना तर्जुमा र सम्पदाहरुको मर्मत संभार, अध्ययन अनुसन्धान उत्खनन तथा पुनर्निर्माण,
- ❖ धर्म परम्परा अनुसार चलिआएका विभिन्न जात्रा तथा पर्वहरुको संचालन र व्यवस्थापन।

## २.१०.६. मन्त्रालय र मातहतका कार्यालयको एकमुष्ठ दरबन्दी तथा पदपूर्ति विवरण

| पदनाम | सेवा | समूह/ उपसमूह | श्रेणी/तह | कार्यालय अनुसार कूल | | |
|---|---|---|---|---|---|---|
| | | | | दरबन्दी | पदपूर्ति | रिक्त |
| प्रदेश-सचिव | ने. प्रशासन | सा.प्र. | रा.प.प्रथम | १ | १ | ० |
| उपनिर्देशक/निर्देशक | प्रशासन | सा.प्र. | अ.नवौं/दशौं | १५ | १२ | ३ |
| शाखा अधिकृत/ब.शाखा अधिकृत | प्रशासन | सा.प्र. | अ.सातौं/आठौं | ४४ | ३३ | ११ |
| लेखा अधिकृत/ब.लेखा अधिकृत | प्रशासन | लेखा | अ.सातौं/आठौं | ५ | २ | ३ |
| कानून अधिकृत | ने.न्याय | कानून | अ.सातौं/आठौं | ५ | ४ | १ |
| इन्जिनियर/ब.इन्जिनियर | इन्जिनियरिङ | सिभिल ई. | अ.सातौं/आठौं | २ | १ | १ |
| कम्प्यूटर इन्जिनियर | विविध | - | अ.सातौं/आठौं | १ | ० | १ |
| सूचना प्रविधिक अधिकृत | विविध | - | अ.सातौं/आठौं | ० | ० | ० |
| मे. इन्जिनियर/ब.मे.इन्जिनियर | इन्जिनियरिङ | मेकानिकल | अ.सातौं/आठौं | ५ | १ | ४ |
| पुरातत्त्व अधिकृत/ब.पुरातत्व अधिकृत | शिक्षा | पुरातत्त्व | अ.सातौं/आठौं | २ | ० | २ |
| अधिकृत/सहायक | प्रशासन | सा.प्र. | स.पाँचौ/अ.छैटौं | ६९ | ४८ | २१ |
| अधिकृत (लेखा)/लेखापाल | प्रशासन | लेखा | स.पाँचौ/अ.छैटौं | २० | १२ | ८ |
| अधिकृत (कम्प्यूटर)/क.अपरेटर | प्रशासन | विविध | स.पाँचौ/अ.छैटौं | १९ | १९ | ० |
| मे.सुपरभाइजर/अधिकृत (इन्जिनियर) | इन्जिनियर | मे.ज.मे. | स.पाँचौ/अ.छैटौं | ११ | १० | १ |
| प्रा.स./अधिकृत (पुरातत्व) | शिक्षा | पुरातत्व | स.पाँचौं/अ.छैटौं | १ | १ | ० |
| पथ प्रदर्शक/अधिकृत (पुरातत्व) | शिक्षा | पुरातत्व | स.पाँचौं/अ.छैटौं | १ | १ | ० |
| प्रमुख शिक्षक | विविध | - | स.पाँचौं/अ.छैटौं | १० | ० | १० |
| सब-इन्जिनियर/अधिकृत (इन्जिनियर) | इन्जिनियरिङ | सिभिल | स.पाँचौं/अ.छैटौं | ९ | ७ | २ |
| प्र.सहायक/बरिष्ठ प्रशासन सहायक | प्रशासन | सा.प्र. | स.चौथो/पाँचौं | ३० | २१ | ९ |
| स.क.अ./क.अ. | प्रशासन | विविध | स.चौथो/पाँचौं | १२ | ८ | ४ |
| उद्यम विकास सहजकर्ता | विविध | - | स.चौथो/पाँचौं | १२ | १० | २ |
| शिक्षक | विविध | - | स.चौथो/पाँचौं | २ | ० | २ |
| सहलेखापाल/लेखापाल | प्रशासन | लेखा | स.चौथो/पाँचौं | १० | ९ | १ |
| ग्यालरी सहायक | शिक्षा | पुरातत्व | स.चौथो/पाँचौं | १ | ० | १ |
| तथ्याङ्क सहायक | प्रशासन | विविध | स.चौथो/पाँचौं | १ | १ | ० |
| ह.स.चा. | ईन्जिनियरिङ | मे.ई. | श्रेणीविहीन | १५ | १५ | ० |
| कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणीविहीन | ७४ | ७१ | ३ |
| पद अनुसारको जम्मा | | | | ३७७ | २८७ | ९० |

## २.१०.७. तयार भएका ऐन, नियमावली तथा कार्यविधिको विवरण (स्थापना काल देखि हाल सम्म तयार भएको)

- खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५
- औद्योगिक व्यवसाय ऐन, २०७५
- प्रदेश पर्यटन ऐन, २०७६
- प्राइभेट फर्म दर्ता ऐन, २०७६
- साझेदारी ऐन, २०७६
- बजार नियमन तथा प्रतिर्ष्पधा प्रर्वद्धन ऐन, २०७७
- प्राइभेट फर्म दर्ता नियमावली, २०७६
- साझेदारी नियमावली, २०७६
- उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७
- प्रदेश पर्यटन ऐन, २०७६
- पर्यटन विकास परिषद् नियमावली २०७८
- सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६
- व्यावसायिक तथा सीपमूलक तालीम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०
- श्रम बजार अध्ययन, कार्यस्थल सुरक्षा तथा कारखाना निरीक्षण सम्वन्धी कार्यविधि, २०७८
- पाल्पा दरबार संग्रहालय विकास समिति गठन आदेश, २०७८
- चुनवाङ शान्ति संग्रहालय विकास समिति गठन आदेश,२०७९
- तिला जनयुद्ध संग्रहालय विकास समिति गठन आदेश, २०७९
- सहुलियत पसल सञ्चालन कार्यविधि, २०८०
- बाणिज्य तथा औद्योगिक प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०
- संग्रहालय, पुरातात्विक, साँस्कृतिक तथा धार्मिक स्थल (निर्माण तथा संरक्षण) कार्यविधि, २०७८
- ऐतिहासिक र पुरातात्विक सम्पदा (संरक्षण तथा मर्मत संभार) तथा संग्रहालय (व्यवस्थापन तथा संरक्षण) कार्यविधि, २०७८

## २.१०.८. वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्रासिको विद्यमान अवस्था |
|---|---|---|
| | **श्रम तथा यातायाततर्फ** | |
| २७. | "श्रमको सम्मानः लुम्बिनी प्रदेशको अभियान" का साथ प्रदेशलाई श्रमिकमैत्री बनाउन श्रम तथा रोजगार रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। | श्रम तथा रोजगार नीतिको मस्यौदा तयार गरी छलफलसमेतका चरण पार गर्दै राय सुझावका लागि वेवसाइटमार्फत प्रकाशित गरी हाल आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा राय/ सहमतिका लागि पठाइएकोमा आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट राय प्राप्त भएको अवस्था छ भने आर्थिक मामिला तथा योजना मन्त्रालयबाट राय प्राप्त नभएको अवस्था छ। |
| २९. | "मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम" बाट बेरोजगार युवाशक्तिलाई बजार माग र स्व-रुची अनुरुप सीपमूलक तालिम प्रदान गर्दै उद्यमशीलताको विकासमार्फत रोजगारी तथा स्वरोजगारी सिर्जना गर्न संघको "पढ्दै कमाउदै, कमाउदै पढ्दै" कार्यक्रममा आवद्धता कायम गरी रोजगारमूलक शिक्षा र प्राविधिक सीप विकास गर्दै सीप, पुँजी र प्रविधिको संयोजनमा संघ, स्थानीय तह, निजीक्षेत्र, सहकारी र विकास साझेदारसँगको साझेदारीमा आगामी दुई बर्षमा दुई लाख उत्पादनशील रोजगारीका अवसर सिर्जना हने गरी प्रदेशका ९८३ वटै वडामा सामाजिक परिचालन समेत गरिनेछ। उद्यमशीलताको अग्र र पृष्ठ सम्बन्ध कायम गरी बेरोजगारी समस्याको दीगो समाधान गर्न सबै प्रकृतिका विकास प्रयासलाई रोजगारीसँग अन्तरआवद्ध गर्ने रणनीति अवलम्बन गरिनेछ। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन भई कार्य अगाडि बढाइएको कारण सोही निकायले यस विषयमा प्रतिवेदन गर्ने। |
| ३०. | न्यून आय वृद्धि गर्न स्थानीय, जिल्ला, प्रदेश हुँदै राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरको सम्भावना अनुरुप श्रम बजारमा पहुँच विस्तार गर्ने व्यवस्था मिलाई उपलब्ध अवसरका आधारमा कृषि तथा उद्योग क्षेत्रमा रोजगारी वृद्धि गर्ने र आर्थिक विकासलाई रोजगारीसँग मूलप्रवाहीकरण हुनेगरी रोजगारीको चक्रीय पद्धति (इम्प्लोइमेन्ट इकोसिस्टम) विकास गरिनेछ। रोजगारदाता र रोजगारखोजीकर्ता बीच सम्पर्क सुत्रका रुपमा एकीकृत रोजगार पोर्टल विकसित गरी सबै प्रकारका रोजगारीका अवसरको खोजी र उपलब्धता यसै प्रणाली मार्फत गरिनेछ। | यस क्षेत्रमा बजेट पनि विनियोजन नभएकोले प्रगति नभएको। |
| ३१. | स्थानीय तहसँगको समन्वयमा बेरोजगारको यथार्थपरक विवरण संकलन गरी वित्तीय साक्षरता र व्यावसायिक योजना तयार गर्न | स्थानीय तहका रोजगार संयोजकहरु मार्फत विवरण संकलन गर्नेगरी कार्यविधि निर्माण |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | सिकाई उपयुक्त प्रविधि, उत्पादन, ब्राण्डिङ र बजारीकरण गर्ने सीपसहित रोजगारीको संयन्त्र विकास गरिनेछ। | भएको। वित्तीय साक्षरता कार्यक्रम सुरक्षित आप्रवासन कार्यक्रम मार्फत भएको। |
| ३२. | श्रम बजारको अध्ययन गरी उद्यमशीलताको विकास, रोजगार अवसरको पहिचान तथा प्रवर्द्धन, सोही अनुसार दक्ष जनशक्तिको विकास एवम् परिचालन, अनौपचारिक क्षेत्रको रोजगारीलाई क्रमशः औपचारिक क्षेत्रमा परिवर्तन गर्नेगरी कार्यक्रम संचालन गरिनेछ। साथै,बालश्रम र बाध्यकारी श्रमको अन्त्य, सीमान्तकृत वर्गको समान पहुँच सुरक्षित हुने गरी कार्यक्रम संचालन गरिनेछ। | दक्ष जनशक्ति उत्पादनका लागि यस प्रदेशका बाह्रै वटा घरेलु तथा साना उद्योग कार्यालयमार्फत ३९० घण्टे सीप परीक्षणका तालिम सञ्चालन भएको। |
| | **पर्यटन तथा संस्कृतितर्फ** | |
| १३३. | गौतम बुद्धको जन्मस्थल लुम्बिनीलाई केन्द्रबिन्दु बनाई देवदह, रामग्राम, सगरहवा, निग्लिहवा, कुदान र तिलौराकोट लगायतका स्थल समावेश गरी बृहत "बुद्ध सर्किट" विकास गर्न र कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्न संघ सँग समन्वय गरिनेछ। | तिलौराकोटलाई सन् २०२५ सम्म विश्व सम्पदा सूचीमा समावेश गर्न संघ सँग समन्वय गरिएको। |
| १३४. | लुम्बिनीको शान्ति र करुणाको सन्देश विश्वभर फैलाउन सबै सरोकारवालाको सहकार्यमा बुद्ध जन्मस्थलमा नोबेल पुरस्कार विजेता तथा विभिन्न देशका राजनेताको सहभागितामा अन्तराष्ट्रियस्तरको "लोरेट एण्ड लिडर" कार्यक्रम आयोजना गरिनेछ। साथै, व्यक्तिको समग्र मानसिक विकासका लागि अन्तर्राष्ट्रिय करुणा तथा शान्ति केन्द्र स्थापना गर्न अध्ययन गरी आवश्यक व्यवस्था मिलाइनेछ। | कार्यक्रमको तयारी पुरा गरी अन्तिम चरणमा कार्यक्रम स्थगित गरिएको। |
| १३५. | गौतम बुद्धको जन्मस्थल लुम्बिनीको माटो र पानी प्रयोग गरी कोशेली उत्पादन र बजारीकरणमा सहयोग मार्फत वृहत रुपमा स्वरोजगार सिर्जना गरिनेछ। | पर्यटन डिभिजन कार्यालय रुपन्देहीबाट लुम्बिनी साँस्कृतिक नगरपालिकासँग सहकार्य गरी गर्न पहल गर्दा पनि स्थानीयबाट तदारुपता नदेखाएकोले सञ्चालन हुन नसकेको |
| १३६. | प्रदेशका महत्वपूर्ण प्राचीन स्मारक, ऐतिहासिक कोट, गढी, किल्ला, धार्मिक, सांस्कृतिक सम्पदा एवम् पुरातात्विक र पर्यटकीय स्थलको महत्वको आधारमा वर्गीकरण गरी स्रोत परिचालनमा प्राथमिकीकरण गर्दै पूर्वाधारको विकास सहित संरक्षण, प्रवर्द्धन, अन्वेषण तथा अनुसन्धान गरिनेछ र पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। | महत्वपूर्ण प्राचीन स्मारक, ऐतिहासिक कोट, गढी, किल्ला, धार्मिक, सांस्कृतिक सम्पदा एवम् पुरातात्विक र पर्यटकीय स्थलको महत्वको आधारमा वर्गीकरण र स्रोत परिचालनमा प्राथमिकीकरण गर्दै पूर्वाधार विकास सहित संरक्षण, प्रवर्द्धन, अन्वेषण तथा अनुसन्धान गरिएको। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १३७. | प्रदेशको बहुसांस्कृतिक सम्पदालाई "संस्कृति जोगाऔः सांस्कृतिक उत्पादन बेचौं (सेभ द कल्चरः सेल द कल्चर)" भन्ने नाराका साथ नेपाली संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्नुका साथै रोजगारी, आय र विदेशी मुद्रा आर्जनको स्रोतको रुपमा विकास गरिनेछ। | तत् तत् क्षेत्रमा भौतिक पूर्वाधारका कार्यहरु सञ्चालन भएका। |
| १३८. | दाङको दङ्गिशरण दरबार, पाल्पा दरबार संग्रहालय लगायत प्रदेशमा रहेका अन्य संग्रहालयको स्तरोन्नति र  थप सौन्दर्यीकरण गरी संचालन र व्यवस्थापन गरिनेछ। पाल्पाको श्रीनगर तथा नुवाकोट डबली, बर्दियाको ठाकुरबाबा एवम् दाङ्को घोराहीमा रहेको सांस्कृतिक डबली सञ्चालनमा ल्याइनेछ। | पाल्पा दरबार संग्रहालय र दाङ्को दङ्गिशरण दरबारको स्तरोन्नति गरिएको। श्रीनगर साँस्कृतिक डबली तानसेन नगरपालिकालाई हस्तान्तरण गरिएको। |
| १३९. | अर्घाखाँचीको सुपादेउराली, पाणिनी तपोभूमिःपाल्पाको भैरवस्थान, रानीमहल, प्यूठानको स्वर्गद्वारी, बाँकेको बागेश्वरी, बर्दियाको ठाकुरबाबा, दाङको पुरनधारा झरना, धारापानी, रिहार, रतननाथ मन्दिर, रोल्पाको जलजला, रुकुम पूर्वको सिस्ने, कमलदह, रुपन्देहीको देवदह, जीतगढी किल्ला, नवलपरासी (ब.सु.प) को रामग्राम, गुल्मीको रेसुङ्गा क्षेत्रको संरक्षण र विकासमा विशेष प्राथमिकता दिइनेछ। साथै, गुल्मी र पाल्पाको संगमस्थलमा पर्ने रुरुक्षेत्रलाई सांस्कृतिक क्षेत्र घोषणा गरी धार्मिक पर्यटन प्रवर्द्धन गरिनेछ। | अर्घाखाँचीको सुपादेउराली, पाणिनी तपोभूमिः पाल्पाको भैरवस्थान, रानीमहल, प्यूठानको स्वर्गद्वारी, बाँकेको बागेश्वरी, बर्दियाको ठाकुरबाबा, दाङको पुरनधारा झरना, धारापानी, रिहार, रतननाथ मन्दिर, रोल्पाको जलजला, रुकुम पूर्वको सिस्ने, कमलदह, रुपन्देहीको देवदह, जीतगढी किल्ला, नवलपरासी (ब.सु.प) को रामग्राम, गुल्मीको रेसुङ्गा क्षेत्रको संरक्षणको लागि पूर्वाधार निर्माण कार्य सम्पन्न भएको। |
| १४०. | महत्वपूर्ण पर्यटकीय गन्तव्यको पूर्वाधार निर्माण तथा विकासमा निजी क्षेत्रको लगानीलाई आकर्षित गर्न सार्वजनिक- निजी साझेदारी अवधारणा अनुसार नीतिगत र कानूनी व्यवस्था गरिनेछ। | प्रदेशका महत्वपूर्ण पर्यटकीय सम्पदाहरुलाई विद्युतीय अभिलेख गर्नको लागि प्रक्रिया अगाडि बढाइएको। |
| १४१. | गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय तथा अन्तर प्रदेश उडान सञ्चालन गर्न संघसँग समन्वय तथा सहकार्य गरिनेछ। गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल क्षेत्रमा प्रदेशको पहिचान झल्किने गरी "कोसेली घर" सञ्चालन गरिनेछ। | गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय तथा अन्तर प्रदेश उडान सञ्चालन गर्न संघसँग समन्वय तथा सहकार्य गरिएको। |
| १४२. | मगर, गुरुङ्ग, थारु, मुस्लिम, खस/आर्य, अवध तथा अन्य जात जातिको परम्परागत तथा रैथाने खाना ढिकरी, चुकौनी, बटुक, राबडी, पेडा आदिको गुणस्तरीय उत्पादन र बजारीकरण गरिनेछ। | पर्यटन विकास परिषद् मार्फत मगर, गुरुङ्ग, थारु, मुस्लिम, खस/आर्य, अवध तथा अन्य जात जातिको परम्परागत तथा रैथाने खाना |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
| --- | --- | --- |
| | | ढिकरी, चुकौनी, बटुक, राबडी, पेडा आदिको गुणस्तरीय उत्पादन र बजारीकरण कार्य गरिएको। |
| १४३. | परम्परागत सीपको आधारमा महुवा, अनदी, टिमुर आदिको पेय पदार्थ र मदिरा उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गरी ब्रान्डिङ्ग गर्न कानूनी व्यवस्था मिलाइनेछ। | परम्परागत सीपको आधारमा महुवा, अनदी, टिमुर आदिको पेय पदार्थ र मदिरा उत्पादनमा राप्ती सोनारी गापा वडा नं. ३ लाई तामाका उत्पादन सामग्रीहरु बितरण गरिएको। |
| १४४. | लुम्बिनी क्षेत्र, स्वर्गद्वारी र बर्दिया राष्ट्रिय निकुञ्जलाई जोड्ने गरी गोल्डेन ट्रयाङ्गल सर्किट, दाङ, बाँके र बर्दियालाई जोड्ने गरी थारु सांस्कृतिक सम्पदा सर्किट, रुकूम पूर्व, पाल्पा र रोल्पालाई जोड्ने गरी मगर सांस्कृतिक सम्पदा सर्किट, कपिलवस्तु, नवलपरासी (ब.सु.प.) र रुपन्देहीलाई जोड्ने गरी अवधि सांस्कृतिक सम्पदा सर्किट र प्यूठान, अर्घाखाँची र गुल्मीलाई जोड्ने गरी खस आर्य सम्पदा सर्किटको रुपमा विकास गरिनेछ। १२ वटै जिल्लामा खस/आर्य, थारु, मगर, मुस्लिम, अवधीको सांस्कृतिक ग्राम व्यवस्थापन कार्यलाई निरन्तरता दिइने छ। | टुर गाइड, ट्राभल एजेण्टस, हाउस किपिङ आदि सिपमूलक प्रशिक्षण सञ्चालन गरिएको। |
| १४५. | पर्यटन क्षेत्रका लागि सरोकारवालासँगको सहकार्यमा टुर गाइड, ट्राभल एजेण्टस, हाउस किपिङ्ग लगायतका विभिन्न सिप मूलक प्रशिक्षण सञ्चालन गरिनेछ। होटल तथा रेष्टुरेण्टको दर्ता र वर्गिकरण गरी सञ्चालन गर्न सहजीकरण गरिनेछ। | लुम्बिनी विकासको पर्यटन प्रवर्द्धनका लागि लुम्बिनी विकास कोष, लुम्बिनी बौद्ध विश्वविद्यालय, लुम्बिनी साँस्कृतिक नगरपालिका र निजि क्षेत्रसँग सहकार्य गरिएको। |
| १४६. | आगामी दशकलाई लुम्बिनी भ्रमण दशकको रुपमा मनाउन सबै सरोकारबालासँग सहकार्य गरी उत्कृष्ट गन्तव्यस्थलको रुपमा विकास गरिनेछ। पर्यटकको बसाई अवधी र संख्या बढाउन होटल शैय्या विस्तारमा समन्वय गरिनेछ। | कार्यक्रमको तयारी पुरा गरी अन्तिम चरणमा कार्यक्रम स्थगित गरिएको। |
| **उद्योग, बाणिज्य तथा आपूर्तितर्फको** | | |
| २८. | रोल्पा र रुकुम पूर्वलाई अल्लो र कम्बल, प्यूठानलाई अल्लो; दाङलाई छालाजन्य बस्तु र खुकुरी, गुल्मीलाई कफी; पाल्पालाई ढाका र | रोल्पा, रुकुमपुर्व, प्युठान र दाङमा अल्लोसंग सम्वन्धित तालिम सञ्चालन र |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | करुवा; बर्दियालाई बेतबाँस, नवलपरासी (ब.सु.प.)लाई उखु र केरा तथा पटेरबाट निर्माण गरिने हस्तकलाका सामग्री उत्पादन हबको रुपमा विकास गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ। साथै, अन्य जिल्लामा पनि उत्पादन सम्भावना भएकावस्तु पहिचान गरी निजी क्षेत्रसँगको सहकार्यमा सीप र प्रविधि उपलब्ध गराइनेछ। | प्रविधि हस्तान्तरण समेत गरिएको, नवलपरासी (ब.सु.प.) मा केरा तथा पटेरबाट निर्माण सामग्री निर्माण गर्ने तालिम सञ्चालन गरि प्रविधि हस्तान्तरण गरिएको। |
| ३३. | "सीप सिकौं, दक्ष बनौं : उद्योग खोलौं, स्वरोजगार बनौं" भन्ने मन्त्रसहित बेरोजगार युवालाई उद्यमशीलताको चेतना वृद्धि गरी स्वदेशमा लघु, घरेलु तथा साना उद्योग स्थापनामा सहजीकरण गर्न सीप परीक्षण सहित आवश्यकता बमोजिम प्रविधिसमेत हस्तान्तरण गरिनेछ। स्थानीय रुपमा प्राप्त हुने अल्लो, पटेर, थाकल, पोस्कर, बाँस तथा बेतबाँस आदि कच्चा पदार्थबाट निर्माण हुने हस्तकलाका सामग्रीको गुणस्तरयुक्त उत्पादनको लागि सम्बन्धित भूगोलका युवालाई तालिम प्रदान गरी उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ। | लुम्बिनी प्रदेशका १२ जिल्लामा बिभिन्न सिपमूलक तालिक सञ्चालन भईरहेको र कतिपय जिल्लामा सिप परिक्षण समेत भईरहेको। |
| ३४. | परम्परागत सीप र प्रविधिमा आधारित दाङको खुकुरी, पाल्पाली करुवा लगायतका बस्तुको मौलिकता कायमराखी त्यस्ता उद्योगको आधुनिकीकरण गर्दै परम्परागत सीप र प्रविधिको विस्तार गरिनेछ। | दाङको खुकुरी, पाल्पाली करुवा लगायतका बस्तुको निर्माणका लागी तालिम सञ्चालन भईरहेको। |
| ३५. | "उद्योग दर्तामा प्रविधि : लुम्बिनी प्रदेशको उन्नति" भन्ने सोचका साथ दर्ताको समयमा एक विद्युतीय उपकरण प्रदान गरी प्रणाली विकास सहित व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन सहजीकरण गरीनेछ। प्रदेशको औद्योगिक वातावरणलाई लगानीमैत्री एवम् प्रतिस्पर्धी बनाई लगानी भित्राउन, दर्ता र सञ्चालन सहजीकरणका लागि उद्योग व्यवसायीसँग समेत समन्वय गरी आवश्यक कानुन निर्माण गरीनेछ। बुटवललाई आर्थिक हबका रुपमा विकास गरीनेछ। प्रदेशमा सार्वजनिक, निजी तथा वैदेशिक लगानीलाई प्रोत्साहन गरीनेछ। | उद्योग तथा वाणिज्य फर्म दर्ता गर्न उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट Software को निर्माण गरी विद्युतिकरण गर्ने प्रयास गरिइको। |
| ३६. | पुँजीको अभावमा उद्योगको स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्न नसकेका लघु, घरेलु तथा साना उद्योमीलाई उद्यम विकास कोषबाट व्याज अनुदान प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ र द्वन्द्व पीडितलाई उत्पादनका क्रियाकलापसँग आवद्ध गर्न प्रथमिकता दिईनेछ। | आ.व. २०८०/०८१ मा उद्यम विकास कोषबाट कर्जा उपलब्ध नगराईएको तर अघिल्लो आ.व.को व्याज अनुदान प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईएको। |
| ३७. | विपदजन्य घटनाबाट क्षति हुने लघु, घरेलु तथा साना उद्योगलाई उद्यम प्रवर्द्धन कोषबाट राहात उपलव्ध गराईनेछ। उद्यम व्यवसायको क्षमता अभिवृदि गर्न निजी संस्थाको सहकार्यमा उद्योग वाणिज्य सम्वन्धी प्रवर्द्धनात्मक कार्यक्रमबाट प्रोत्साहन गरीनेछ। | यस आ.व.मा विपदजन्य घटनाबाट क्षति भई राहातका लागि कुनै माग नभएको र अघिल्लो आ.व.को मागहरु सम्वोधन गर्न नसकिएको। |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ३८. | बजारमा खाद्य तथा गैर खाद्य वस्तुको सहज उपलब्धता, गुणस्तरीयता तथा उचित मूल्य कायम गरी आपूर्ती व्यवस्थालाई सहज बनाउन सरकारी निकायको समन्वयनमा बजार अनुगमन कार्यालाई प्रभाबकारी बनाईनेछ। बाँकेको नौबस्ता लगायत प्रदेशमा रहेका औद्योगीक क्षेत्रको विकासका लागी सबै सरोकारवालासँग समन्वय गरीनेछ। | सरकारी निकायको समन्वयनमा बजार अनुगमन कार्य उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र घरेलु तथा साना उद्योग कार्यालय बाट नियमित भईरहेको। |

## २.१०.९. बजेट वक्तव्यको प्रगति विवरण

| ब. व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | श्रम तथा यातायात तर्फ | |
| १२६. | “श्रमको सम्मानः लुम्बिनी प्रदेशको अभियान का साथ प्रदेशलाई श्रमिकमैत्री बनाउन रणनीतिक योजना तर्जुमा गरिनेछ। स्थानीय कच्चा पदार्थमा आधारित हस्तकलाका सामग्री उत्पादन संभाव्यताको पहिचान गरी निजी क्षेत्रसँगको सहकार्यमा सीपमूलक तालिम र प्रविधि उपलब्ध गराउन र बेरोजगार युवा लक्षित सीप परीक्षण सहित सीपमूलक तालिम प्रदान गरी उद्यमशीलता विकासबाट रोजगारी सिर्जना गर्न रू.४ करोड ८ लाख र “सीप सिक्दै कमाउँदै” कार्यक्रम सञ्चालन गर्न रू.५१ लाख विनियोजन गरेको छु। | रणनैतिक योजना तर्जुमा गरी छलफल र राय सुझाव संकलन गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रायका लागि पत्राचार गरिएको। जिल्लाका सीपमूलक तालिमहरुका लागि घरेलु तथा साना उद्योग कार्यालयमार्फत सञ्चालन भइरहेको। |
| १२७. | “मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम" मार्फत रोजगारमूलक शिक्षा, प्राविधिक सीप विकास गर्दै सीप, पूँजी र प्रविधिको संयोजनामा संघ, स्थानीय तह, निजी क्षेत्र, सहकारीको साझेदारीमा आगामी दुई वर्षमा दुई लाख उत्पादनशील रोजगारी सिर्जना गर्न एकमुष्ट रू.१ अर्ब बजेट व्यवस्था मिलाएको छु। सबै सरोकारवाला निकाय र संस्थासँगको सहकार्य र साझेदारीमा कार्यान्वयन संयन्त्र व्यवस्था गरी सरकारको नीति तथा कार्यक्रमिक प्राथमिकता बमोजिम आयमूलक गतिविधि विस्तार गर्न सरकारी, निजी, गैरसरकारी संस्था र विकास साझेदार आदिको सहभागितामा “मुख्यमन्त्री आर्थिक विकास साझेदारी कोष” व्यवस्था गरी स्रोत वृद्धि र परिचालन गरिनेछ। | मुख्यम्त्री आर्थिक विकास कार्यक्रम सञ्चालनार्थ आवश्यक बजेट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सञ्चालन भएका। |
| १२८. | “आज सिकाइः भोलि कमाइ” भन्ने अभियानका साथ एस.इ.इ र १२ कक्षाको परीक्षा दिई नतिजा कुरिरहेका विद्यार्थी लक्षित गरी श्रम बजारको आवश्यकता र स्व-रूचि अनुसार खाली समय सदुपयोग हुने गरी एक देखि तीन महिने व्यावसायिक तालिम प्रदान गर्न बजेट छुट्याएको छु। | कार्यक्रम सञ्चालन हुन नसक्दा बजेट समर्पण भएको। |

| ब. व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १२९. | बेरोजगार र अर्धबेरोजगार जनशक्तिको दक्षता वृद्धि गर्दै वित्तीय पहुँच र सामाजिक परिचालनको माध्यमबाट सीप, पुँजी र प्रविधिको संयोजनमा उद्यमशीलता विकास गर्न उद्यम सहजकर्ताको व्यवस्था गरी स्थानीय तहको समन्वयमा कार्यान्वयन गरिनेछ। | कुनै कार्यक्रम सञ्चालन नभएको। |
| १३०. | द्वन्द्व प्रभावित परिवारलाई आत्मनिर्भर बनाई आत्मसम्मानका साथ बाच्न सक्ने वातावरण सृजना गर्न उद्यमशीलता तर्फ अग्रसर बनाइने छ। जनयुद्ध, मधेश आन्दोलन, लोकतान्त्रिक एवम् गणतान्त्रिक आन्दोलनका शहीद परीवार, बेपत्ता नागरीकका परिवार, घाइते, अपाङ्ग एवम् पूर्व जनमुक्ति सेनालाई लघु उद्यम तालिम र शुरुवाती पुँजी उपलब्ध गराउने "द्वन्द्व प्रभावित परिवार उद्यमशीलता प्रवर्द्धन कार्यक्रम को लागी रु. १ करोड छुट्टाएको छु। | लक्षित वर्ग समक्ष कार्यक्रम सञ्चालन हुन नसक्नाका कारण बजेट समर्पण गरिएको। |
| १३१. | "स्वदेशमा स्वरोजगार बनौ : विदेश जानै परे सीप सिकेर मात्रै जाऔं" भन्ने नारालाई सार्थक बनाउने गरी सुरक्षित आप्रवासन कार्यक्रमलाई वैदेशिक रोजगारमा जाने सबैभन्दा बढी सङ्ख्या रहेका जिल्ला मध्येबाट आगामी आर्थिक वर्षमा पाल्पा र अर्घाखाँचीमा स्थानीय तहसँगको सहकार्यमा "सुरक्षित आप्रवासन श्रोत केन्द्र" सञ्चालन र गुल्मीमा सञ्चालित स्रोत केन्द्रको सबलीकरणका लागि बजेट विनियोजन गरेको छु। | यस प्रदेशका तीन जिल्ला गुल्मी, पाल्पा र अर्घाखाँचीका जिल्लास्थित स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, SaMi (हेल्भटास नेपाल) सँग MoU गरी कार्यक्रम सञ्चालन गरिएको। |
| १३२. | प्रदेशको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम नियमनको लागि कानून सहितको आवश्यक व्यवस्था गरिनेछ। विदेशबाट फर्केका युवाले विदेशमा सिकेको सीप परीक्षणका लागि नेपाल सीप परीक्षण बोर्डसँगको सहकार्यमा ९०० जनाको सीप परीक्षण गरी उद्यमशिल कार्यमा आवद्ध गरिनेछ। | कार्यविधि निर्माण गरी सूचना प्रकाशन गरिएको। |
| १३३. | श्रमिक र रोजगारदाताको सामाजिक सुरक्षा, बाल तथा बाध्यकारी श्रमको अन्त्य एवम् सीमान्तकृत वर्गको पहुँच स्थापित गर्ने कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु। | सामाजिक सुरक्षा सम्बन्धी अन्तर्क्रिया हुन बाँकी रहेको। |
| १३४. | विद्यमान रोजगार पोर्टललाई एकीकृत रूपमा विकास गरी विद्युतीय माध्यमबाट समग्र रोजगार सम्बन्धी सूचना आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ। | - |
| १३५. | स्थानीय तहको सेवा प्रवाह, सुशासन र विकास व्यवस्थापनका क्षेत्रमा स्थानीय तहसँगको साझेदारीमा सिर्जनशील र नवप्रवर्तनशील आयोजना प्रबर्धन गर्न मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि रू.१२ करोड विनियोजन गरेको छु। | - |
| १३६. | प्रदेशमा युवा सक्षमता अभिवृद्धि, युवा रोजगार तथा स्वरोजगारका लागि ४६० जना युवालाई २४ महिने औद्योगिक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ। युवाका लागि जीवनवृत्ति परामर्श | - |

| ब. व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | (करिअर काउन्सिलिङ) इकाई सञ्चालनको लागि बजेटको व्यवस्था गरेको छ। | |
| १५१. | यातायात क्षेत्रमा नवीनतम प्रविधिको प्रयोग गरी एकद्वार प्रणालीको माध्यमबाट नियमनलाई वैज्ञानिक तथा थप प्रभावकारी बनाइनेछ। यातायात व्यवस्था कार्यालयको संस्थागत सुधार सहित सेवालाई सर्वसुलभ र पहुँचयोग्य बनाइनेछ। | - |
| १५२. | सवारी दुर्घटना न्यूनीकरण गर्न प्रदेशका १२ वटै जिल्लामा "चालक सचेतना कार्यक्रम" र विद्यार्थी लक्षित गरी प्रत्येक जिल्लाका २/२ वटा विद्यालयमा "दुर्घटना न्यूनीकरणमा ट्राफिक विद्यार्थी सँगसँगै" जस्ता कार्यक्रम सञ्चालनका लागि रू.४८ लाख विनियोजन गरेको छ। | प्रदेशका ६ वटा जिल्लामा चालक सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन भएको। |
| १५३. | यातायात व्यवसायीसँगको सहकार्यमा प्रदेशका प्रमुख रूटमा विद्युतीय माध्यमबाट भाडा भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ, साथै परीक्षणकालीन सवारी चालक अनुमतीपत्र सहज रूपमा उपलब्ध गराइनेछ। | - |
| **पर्यटन तथा संस्कृति तर्फ** | | |
| १३७. | गौतमबुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रमा बृहत **"बुद्ध सर्किट"** विकास गर्न, संघ सरकारसँग समन्वय गरी कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गराउन र धार्मिक पर्यटन प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छ। | तिलौराकोटलाई सन् २०२५ सम्म विश्व सम्पदा सूचीमा समावेश गर्न संघ सँग समन्वय गरिएको। |
| १३८. | महत्वपूर्ण प्राचीन स्मारक, ऐतिहासिक कोट, गढी, किल्ला, धार्मिक, सांस्कृतिक सम्पदा एवम् पुरातात्त्विक र पर्यटकीय स्थलको महत्वको आधारमा वर्गीकरण र स्रोत परिचालनमा प्राथमिकीकरण गर्दै पूर्वाधार विकास सहित संरक्षण, प्रवर्द्धन, अन्वेषण तथा अनुसन्धान गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न रु 4 करोड विनियोजन गरेको छु। | महत्वपूर्ण प्राचीन स्मारक, ऐतिहासिक कोट, गढी, किल्ला, धार्मिक, सांस्कृतिक सम्पदा एवम् पुरातात्त्विक र पर्यटकीय स्थलको महत्वको आधारमा वर्गीकरण र स्रोत परिचालनमा प्राथमिकीकरण गर्दै पूर्वाधार विकास सहित संरक्षण, प्रवर्द्धन, अन्वेषण तथा अनुसन्धान गरिएको। |
| १३९. | **"संस्कृति जोगाऔः सांस्कृतिक उत्पादन बेचौ"** भन्ने नाराका साथ नेपाली संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्नुका साथै विदेशी मुद्रा आर्जन समेतको स्रोतको रुपमा विकास गर्न बजेट व्यवस्था गरेको छु। | पर्यटन डिभिजन कार्यालय रुपन्देहीबाट लुम्बिनी साँस्कृतिक नगरपालिकासँग सहकार्य गरी गर्न पहल गर्दा पनि स्थानीयबाट तदारुपता नदेखाएकोले सञ्चालन हुन नसकेको |

| ब. व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १४०. | दाङ्गको दङ्गिशरण दरबार, पाल्पा दरबार संग्रहालय लगायतका अन्य ऐतिहासिक संग्रहालयको स्तरोन्नति सहित व्यवस्थापनका लागि रु 4 करोड 50 लाख विनियोजन गरेको छु। पाल्पाको श्रीनगर तथा नुवाकोट डबली, बर्दियाको ठाकुरबाबा एवम् दाङ्ग घोराहीको सांस्कृतिक डबली व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। | पाल्पा दरबार संग्रहालय र दाङ्गको दङ्गिशरण दरबारको स्तरोन्नति गरिएको। श्रीनगर साँस्कृतिक डबली तानसेन नगरपालिकालाई हस्तान्तरण गरिएको। |
| १४१. | पाणिनी तपोभूमिः पाल्पाको भैरवस्थान, रानीमहल, प्यूठानको स्वर्गद्वारी, बाँकेको बागेश्वरी, बर्दियाको ठाकुरबाबा, दाङ्गको पुरनधारा झरना, धारापानी, रिहार, रतननाथ मन्दिर, रोल्पाको जलजला, रुकुमपूर्वको सिस्ने, कमलदह, रुपन्देहीको देवदह, जीतगढी किल्ला, नवलपरासी (ब.सु.प) को रामग्राम, गुल्मीको रुरु सांस्कृतिक क्षेत्र र रेसुङ्गा क्षेत्रको संरक्षण र विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु। | तत् तत् क्षेत्रमा भौतिक पूर्वाधारका कार्यहरु सञ्चालन भएका। |
| १४२. | महत्वपूर्ण पर्यटकीय गन्तव्यको पूर्वाधार निर्माण तथा विकासमा निजी क्षेत्रको लगानीलाई आकर्षित गर्न सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार कानूनी व्यवस्था मिलाइने छ। | प्रदेशका महत्वपूर्ण पर्यटकीय सम्पदाहरुलाई विद्युतीय अभिलेख गर्नको लागि प्रक्रिया अगाडि बढाइएको। |
| १४३. | गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल क्षेत्रमा प्रदेशको पहिचान झल्किने गरी **कोसेली घर** सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ। गौतमबुद्धको जन्मस्थल लुम्बिनीको माटो र पानी प्रयोग गरी कोशेली उत्पादन र बजारीकरण मार्फत वृहत रुपमा स्वरोजगार सिर्जना गर्ने कार्यलाई रु १ करोड ५० लाख बजेट व्यवस्था गरेको छु। | गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय तथा अन्तर प्रदेश उडान सञ्चालन गर्न संघसँग समन्वय तथा सहकार्य गरिएको। |
| १४४. | मगर, गुरुङ, थारु, मुस्लिम, खस/आर्य, अवध तथा अन्य जातजातिको रैथाने खाना ढिकरी, चुकौनी, बटुक, राबडी, पेडा आदिको गुणस्तरीय उत्पादन र बजारीकरण व्यवस्थाका लागि रु 40 लाख बजेट विनियोजन गरेको छु। | मगर, गुरुङ, थारु, मुस्लिम, खस/आर्य, अवध तथा अन्य जातजातिको रैथाने खाना ढिकरी, चुकौनी, बटुक, राबडी, पेडा आदिको गुणस्तरीय उत्पादन र बजारीकरण भएको। |
| १४५. | लुम्बिनीको क्षेत्र, स्वर्गद्वारी र बर्दिया राष्ट्रिय निकुञ्जलाई जोड्ने गोल्डेन ट्रयाङ्गल सर्किट, दाङ्ग, बाँके र बर्दियालाई जोड्न थारु सांस्कृतिक सम्पदा सर्किट, रुकुम पूर्व, पाल्पा र रोल्पालाई जोड्न मगर सांस्कृतिक सम्पदा सर्किट, कपिलवस्तु, नवलपरासी (ब.सु.प.) र रुपन्देहीलाई जोड्न अवधि सांस्कृतिक सम्पदा सर्किट र प्यूठान, अर्घाखाँची र गुल्मीलाई जोड्न खस आर्य सम्पदा सर्किटका पर्यटकीय पूर्वाधारको विकास गर्न रु ५० लाख बजेट विनियोजन गरेको छु। १२ वटै जिल्लामा खस/आर्य, थारु, मगर, | अर्घाखाँचीको सुपादेउराली, पाणिनी तपोभूमिः पाल्पाको भैरवस्थान, रानीमहल, प्यूठानको स्वर्गद्वारी, बाँकेको बागेश्वरी, बर्दियाको ठाकुरबाबा, दाङको पुरनधारा झरना, धारापानी, रिहार, रतननाथ मन्दिर, |

| ब. व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
| --- | --- | --- |
| | मुस्लिम, अवधी लगायतको साँस्कृतिक ग्रामको गुरुयोजना अनुरुप व्यवस्थापनका लागि प्राथमिकता दिएको छु। | रोल्पाको जलजला, रुकुम पूर्वको सिस्ने, कमलदह, रुपन्देहीको देवदह, जीतगढी किल्ला, नवलपरासी (ब.सु.प) को रामग्राम, गुल्मीको रेसुङ्गा क्षेत्रको संरक्षणको लागि पूर्वाधार निर्माण कार्य सम्पन्न भएको। |
| १४६. | पर्यटन क्षेत्रको विकासका लागि सरोकारवालासँगको सहकार्यमा टुर गाइड, ट्राभल एजेण्टस, हाउस किपिङ आदि सिपमूलक प्रशिक्षण सञ्चालन लगायतका पर्यटन प्रवर्द्धनका बहुआयामिक क्रियाकलाप सञ्चालन गर्न रु 7 करोड विनियोजन गरेको छु। | टुर गाइड, ट्राभल एजेण्टस, हाउस किपिङ आदि सिपमूलक प्रशिक्षण सञ्चालन गरिएको। |
| १४७. | प्रदेशको मौलिकता झल्काउने बुल राइडीङ, बुल ड्राइभ, बफेलो ड्राइभ, बयलगाढा यात्रा, पहाडी घोडा यात्रा लगायतका सहासिक र मनोरञ्जनात्मक कार्यलाई सम्मानजनक पर्यटन व्यवसायको रुपमा विकास गर्न आवश्यक प्रवन्ध मिलाइनेछ। | अर्घाखाँचीको सुपादेउराली, पाणिनी तपोभूमिः पाल्पाको भैरवस्थान, रानीमहल, प्यूठानको स्वर्गद्वारी, बाँकेको बागेश्वरी, बर्दियाको ठाकुरबाबा, दाङको पुरनधारा झरना, धारापानी, रिहार, रतननाथ मन्दिर, रोल्पाको जलजला, रुकुम पूर्वको सिस्ने, कमलदह, रुपन्देहीको देवदह, जीतगढी किल्ला, नवलपरासी (ब.सु.प) को रामग्राम, गुल्मीको रेसुङ्गा क्षेत्रको संरक्षणको लागि पूर्वाधार निर्माण कार्य सम्पन्न भएको। |
| १४८. | न्यूनतम लगानीमा काष्ठ लगायत कच्चा पदार्थको प्रयोग गरी शान्त वातावरणमा पर्याबलोकन र मनोरञ्जनात्मक पार्क स्थापना गर्न प्रोत्साहन गर्दै झोलुङ्गे पुल उद्यान (सस्पेन्सन ब्रीज पार्क) को अवधारणामा आधारित प्रकृति मैत्री एवम् पर्यटकीय पूर्वाधारको विकास गरिनेछ। यस अन्तर्गत बर्दिया सस्पेन्सन ब्रीज पार्क र बबई सस्पेन्सन ब्रीज पार्कका लागि अध्ययन र निर्माण कार्यको शुरुवात गर्न आवश्यक बजेट विनियोजन गरेको छु। | - |

| ब. व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १४९. | गौतमबुद्धको जन्मस्थल लुम्बिनी लाई प्रचार-प्रसार गरी आगामी दशकलाई लुम्बिनी भ्रमण दशकको रुपमा मनाउन संघीय सरकार लगायत सबै सरोकारवालासँग सहकार्य गरी उत्कृष्ट गन्तव्य स्थलको रुपमा विकास गरी पर्यटकको बसाई अवधि र संख्या बढाउन होटल शैय्या विस्तार गर्न निजी क्षेत्रसँग समन्वय गर्न आवश्यक व्यवस्था मिलाइनेछ। | लुम्बिनी विकासको पर्यटन प्रवर्द्धनका लागि लुम्बिनी विकास कोष, लुम्बिनी बौद्ध विश्वविद्यालय, लुम्बिनी साँस्कृतिक नगरपालिका र निजि क्षेत्रसँग सहकार्य गरिएको। |
| १५०. | लुम्बिनी लाई विश्व पर्यटन क्षेत्रको महत्वपूर्ण गन्तव्यको रुपमा प्रवर्द्धन गर्न गौतमबुद्धको जन्मस्थलमा नोबेल पुरस्कार विजेता तथा विभिन्न देशका राजनेताको सहभागितामा अन्तराष्ट्रियस्तरको **"लोरेट एण्ड लिडर कार्यक्रम"** आयोजना गर्न रु ६ करोड ५० लाख विनियोजन गरेको छ। अन्तराष्ट्रिय करुणा तथा शान्ति केन्द्र स्थापना गर्न अध्ययन गर्ने व्यवस्था मिलाएको छ। | कार्यक्रमको तयारी पुरा गरी अन्तिम चरणमा कार्यक्रम स्थगित गरिएको। |
| | **उद्योग, बाणिज्य तथा आपूर्तितर्फ** | |
| ८७. | जिल्लागत उत्पादन विशिष्टताका आधारमा अल्लो, कम्बल, छालाजन्य वस्तु, खुकुरी, कफी, ढाका, करुवा, बेतबाँस, केरा तथा पटेरबाट सामग्री उत्पादन गर्न सीप विकास तालिम तथा प्रविधि हस्तान्तरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ। | जिल्लागत उत्पादन विशिष्टताका आधारमा सीप विकास तालिम सञ्चालन तथा प्रविधि हस्तान्तरण भईरहेको। |
| ८८. | परम्परागत सीप, प्रविधि र मौलिक उत्पादनमा आधारित उद्योगको विकास र आधुनिकीकरणका लागि बजेट व्यवस्था गरेको छ। | परम्परागत सीप, प्रविधि र मौलिक उत्पादनमा आधारित उद्योगको विकास र आधुनिकीकरणका लागि आवश्यक तालिमको सञ्चालन भईरहेको। |
| ८९. | स्थानीय कच्चा पदार्थबाट निर्माण हुने हस्तकलाका गुणस्तरीय सामग्रीको उत्पादनका लागि सम्बन्धित भूगोलका युवालाई तालिम प्रदान गरी उद्योग स्थापनामा प्रोत्साहनको लागि समेत रू.६ करोड ८६ लाख व्यवस्था गरेको छ। | कार्यक्रम कार्यान्वयनको चरणममा रहेको। |
| ९०. | "सीप सिकौं, दक्ष बनौं : उद्योग खोलौं, स्वरोजगार बनौं" भन्ने मूल मन्त्रलाई सार्थक बनाउन बेरोजगार युवालाई उद्यमशीलता विकास कार्यक्रम तथा लक्षित वर्गका प्रारम्भिक तालिम लिएका व्यक्तिका व्यवस्था मिलाई प्राविधिक सामग्री उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छ। | सीप परीक्षण सहितको स्तरोन्नति तालिम र प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन भईरहेका। |
| ९१ | पुँजीको अभाव हुन नदिन लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास कोषबाट व्याज अनुदान दिने व्यवस्था र विपद्जन्य घटनाबाट क्षति पुगेका उद्योगलाई राहत प्रदान गर्नको लागि उद्यम प्रवर्द्धन कोषबाट रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छ। | उद्यम विकास कोषबाट अघिल्लो आ.व.मा ऋण लिएकाको व्याज अनुदान दिने कार्य निरन्तरता दिईएको। |

| ब. व. को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ९२. | आदिवासी जनजाती समुदायबाट परम्परागत सीपका आधारमा उत्पादित महुवा, अनदी, कोदो, मकै, जामुन, टिमुर, कुरिलो आदिको पेय पदार्थ र मदिरा उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गरी ब्राण्डिङ्ग गर्न कानूनी व्यवस्थाका लागि आवश्यक बजेट व्यवस्था गर्दै विभिन्न स्तरका औद्योगिक प्रवर्द्धन कार्यक्रमतर्फ कुल रू.१२ करोड ८९ लाख विनियोजन गरेको छु। यस क्षेत्रमा करिब ७५ हजार जनालाई रोजगारी वा स्वरोजगारीमा आवद्ध गर्न सक्ने प्रक्षेपण गरिएको छ। | पेय पदार्थ र मदिरा उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गरी ब्राण्डिङ्ग गर्ने कार्यक्रम नगरिएको। |
| ९३. | सुरुवाती व्यवसाय (स्टार्ट-अप) लगायतका सिर्जनशील व्यवसायीलाई लगानीमैत्री वातावरण बनाई विविध चरणका शुरूवाती पुँजी र स्वदेशी एवम् विदेशी भेञ्चर पूजी लगानीकर्तालाई आकर्षित गर्न आवश्यक व्यवस्था गरिनेछ। उद्यमी बन्न चाहने युवा लक्षित उद्यमशील कार्यक्रम र बिजनेश इन्कुभेशन केन्द्रका लागि रू. ६८ लाख विनियोजन गरेको छु। | उद्योग वाणीज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट हुँदै गरेको। |
| ९४. | प्रदेशभित्रको आपूर्ति व्यवस्थालाई सहज बनाउन नियमित बजार अनुगमन गर्ने व्यवस्था मिलाएको छु। जसको कारणबाट अखाद्य पदार्थको बिक्री वितरण एवम् कृत्रिम अभावको नियन्त्रण भई आपूर्ति व्यवस्थामा सहज हुने विश्वास लिएको छु। प्रदेशको दुर्गम जिल्ला रूकुम (पूर्व) मा सुपथमूल्य पसल सञ्चालनको लागि दिइँदै आएको अनुदानलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु। वाणिज्य तथा आपूर्ति प्रवर्द्धन कार्यक्रम तर्फ रू २ करोड ५८ लाख विनियोजन गरेको छु। | उद्योग वाणीज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र घरेलु तथा साना उद्योग कार्यालयहरुबाट नियमित रुपमा भईरहेको। |

## २.१०.१०. आ.व.२०८०/८१ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

१ यातायात कार्यालयहरुबाट पटके सेवा प्रदान गरिरहेकोमा यातायात व्यवसायीको हितलाई ध्यानमा राखी सो कार्यालय नभएका जिल्लाहरुमा घरेलु तथा साना उद्योग कार्यालयले सो सेवा प्रदान गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको,

२ यातायात व्यवसायी कम्पनीहरुको पंजिकृत गर्ने कार्य यातायात सेवा कार्यालयलाई प्रदान गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको,

३ आफ्नो नाममा घरजग्गा नभएका यातायात व्यवस्था कार्यालयहरुलाई स्थानीय तहको सहयोगमा जग्गा प्राप्तिको लागि अग्रसर हुन निर्देशन दिइएको,

४ उद्यम विकास कोषको स्थापनाः (०७६/७७) यस कोषबाट आर्थिक वर्ष ०८०/८१ को लागि पनि ऋण प्रवाह नगरी व्याज रकम मात्र अनुदान उपलव्ध गराउनको लागि नेपाल बैक लिमिटेड, प्रादेशिक कार्यालय लुम्बिनीसँग सम्झौता बमोजिमको रकम भुक्तानी भइसकेको छ,

५ सुरक्षित आप्रवासन सम्बन्धी प्रदेश समन्वय कार्यक्रमको लागि समिति गठन गरी कार्यक्रम अगाडि बढाइएको,

६ कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि तर्जुमा गरिएको,
७ मातहतका कार्यालयहरुसँग त्रैमासिक रुपमा प्रगति समिक्षा कार्यक्रम सञ्चालन गरिएको,
८ मन्त्रालय मातहतका कार्यालयबाट सम्पादन भएका कार्यहरुको नियमित रुपमा अनुगमन गरिएको,
९ वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मन्त्रालयबाट सम्पादन हुने कार्यहरु नियमित रुपमा सञ्चालन गरिएको।

## २.१०.११. आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रमको प्रगति (रु.हजारमा)

| क्र.सं. | कार्यक्रम | बजेट | खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १ | २.६.३.१ कर्मचारीहरुलाई PLMBIS सम्बन्धी पुनर्ताजगी तालिम | ४०० | ० | ० | ० |
| २ | २.७.२५.२५२ एस.इ.इ. प्लस व्यवसायिक शीप विकास आयोजना | १०००० | ० | ० | ० |
| ३ | २.७.१३.२ अन्तरप्रदेश कार्यअनुभव आदान प्रदान कार्यक्रम | ६०० | ० | ० | ० |
| ४ | २.७.२५.१८८ वार्षिक योजना तर्जुमा कार्यक्रम | ३०० | २१५.६१ | ७२ | ९० |
| ५ | २.७.२५.२५० द्वन्द्व प्रभावित परिवार उद्यमशीलता प्रवर्द्धन कार्यक्रम | १०००० | ० | ० | ० |
| ६ | २.७.२५.१४० चौमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठी | ६०० | १५५.६ | २६ | ४० |
| ७ | २.७.२८.३ विभिन्न दिवसीय कार्यक्रमहरु | ४०० | ० | ० | ० |
| ८ | ११.३.१.१ मोटरसाइकल खरिद | ३५० | ० | ० | ० |
| ९ | ११.३.७.१ कार्यालय संचालनसंग सम्बन्धी यन्त्र,उपकरण तथा मेशीन औजार(सवारी साधन तथा मेशिनरी औजार) | ८०० | १८६.३३ | २३ | ४० |
| १० | ११.३.२४.३ कार्यालयका लागि फर्निचर तथा फिक्चर्स खरिद | ८०० | १५५.८५ | १९ | ३५ |
| ११ | २.३.८.१ सौन्दर्यमूलक लाइटेनिङ | १००० | १०८.८७ | ११ | २० |
| १२ | २.३.१०.२६ दरबारको रंगरोगन | १००० | ९८१.१६ | ९८ | १०० |
| १३ | २.७.२५.२३४ उजीरसिंह ग्यालरी व्यवस्थापन | १००० | ० | ० | ० |
| १४ | २.७.२५.२३३ सेनकालिन राज्यको प्रतिबिम्ब निर्माण | ७०० | ० | ० | ० |
| १५ | २.७.२५.२४१ मूर्ति तथा संग्रहालयमा प्रदर्शन गरिएका सामग्रीहरुको सिसामा राख्ने काम | ५०० | ० | ० | ० |
| १६ | २.७.२५.२४० पाल्पाली ढाका तथा करुवा ग्यालरी व्यवस्थापन | १००० | ० | ० | ० |
| १७ | २.७.२५.२३७ लुम्बिनी ग्यालरी व्यवस्थापन | ५०० | ० | ० | ० |

| क्र.सं. | कार्यक्रम | बजेट | खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| १८ | २.७.२५.२२९ ऐतिहासिक सामग्री संकलन | ५०० | ० | ० | ० |
| १९ | २.७.२५.२३२ श्रीनगर र नुवाकोट डबली व्यवस्थापन र सञ्चालन | १००० | ० | ० | ० |
| २० | २.७.२५.२३१ ऐतिहासिक भेषभुषा खरिद तथा व्यवस्थापन | ५०० | ० | ० | ० |
| २१ | २.७.२५.२३५ खड्ग शमशेर जबरा ग्यालरी व्यवस्थापन | ५०० | ० | ० | ० |
| २२ | २.७.२५.२३६ कुमाल ग्यालरी व्यवस्थापन | ५०० | ० | ० | ० |
| २३ | २.७.२५.२३८ नेवार ग्यालरी व्यवस्थापन | १००० | ० | ० | ० |
| २४ | २.७.२५.२३९ खस आर्य कक्ष व्यवस्थापन | ५०० | ० | ० | ० |
| २५ | ११.४.२२.५४१ पानी संकलन गर्नका लागि जमिनमुनी ट्याङ्की निर्माण गर्ने | १००० | ८५२.९२ | ८५ | १०० |
| २६ | ११.४.२२.५३८ संग्रहालय अगाडी ढुंगा विछ्याउने कार्य | २५०० | २३१.५६ | ९ | २० |
| २७ | ११.४.२२.५४२ फल्चा निर्माण | २५०० | ५५.६८ | २ | १० |
| २८ | ११.४.२२.५३९ कलात्मक गेट र कम्पाउण्ड निर्माण कार्य | ५००० | १२९८.७ | २६ | ४० |
| २९ | २.५.१०.१३ ग्रामिण पर्यटन सामाजिक परिचालक, विज्ञ सहित ३ जना | २००० | ५५४.३४ | २८ | ५० |
| ३० | २.६.५.५ उपभोक्ता समितिका पदाधिकारीलाई १ दिने अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम | १००० | -२४९.५७ | -२५ | ४० |
| ३१ | २.७.२५.२५६ थारु जातिका बडघरको सीप र ज्ञान पहिचान गरी क्षमता विकास गर्ने, कला संस्कृतिसंग सम्बन्धित वस्तु उत्पादन तथा बजारीकरण गर्ने (कपिलवस्तु रुपन्देही नवलपरासी ) | ५५०० | २०५० | ३७ | ५० |
| ३२ | २.७.२५.२१६ पर्यटन, होटल व्यवसायी तथा सरोकारवालासंग नीति तथा कानूनी विषयमा अन्तरकृया कार्यक्रम | १००० | ० | ० | ० |
| ३३ | २.७.२५.२५३ परियारर जातिको परम्परागत पेशा तथा संस्कृतिको विकास संरक्षण र संवर्धन, क्षमता विकास तथा पेशाको आधुनिकिकरण (6 जिल्ला) | ५००० | ० | ० | ० |
| ३४ | २.७.१३.२५ ग्रामिण पर्यटन विकासका लागि गन्धर्वका पुर्ख्यौली पेशा तथा संस्कृतिलाई आधुनिकीकरण, क्षमता विकास, प्रविधि हस्तान्तरण, संरक्षण तथा प्रवर्द्धन गर्ने (अर्घाखाँची) | १००० | ९६७.७१ | ९७ | १०० |
| ३५ | २.७.२५.२१८ विभिन्न मेला महोत्सव तथा अन्य पर्यटन प्रवर्द्धन कार्यक्रम सहजीकरण खर्च | ५०० | ० | ० | ० |

| क्र.सं. | कार्यक्रम | बजेट | खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| ३६ | २.७.२५.२५५ पाशी, चमार, हरिजन, तेली, धोबी, चिडीमार, नटुवा, सोनाह तथा अन्य लोपोन्मुख जातिको परम्परागत पेशा तथा संस्कृतिको संरक्षण, क्षमता विकास, आधुनिकीकरण, प्रविधि हस्तान्तरण तथा बजारीकरण कार्यक्रम (कपिवस्तु रुपन्देही नवलपरासी) | ७००० | ४९५ | ७ | १५ |
| ३७ | ११.४.२२.६११ बाउन्न घोला सीमसार पर्यटकीय पूर्वाधार निर्माण बर्दघाट नपा १० | १००० | ० | ० | ० |
| ३८ | ११.४.२२.४५९ गुरुयोजना अनुसार ऐतिहासिक धैरेनी राज्यको राजधानी धारादेखि छत्रदेवालयसम्म रेलिङसहितको सिढी निर्माण छत्रदेव ६ अर्घाखाँची | २००० | ० | ० | ० |
| ३९ | ११.४.२२.५४५ तौलेश्वर नाथ मन्दिर तौलिहवाको आवश्यक संरचना निर्माण | १००० | ९९९.४२ | १०० | १०० |
| २ | निर्माणको कार्यक्रम सञ्चालन हुन स्थानमा जग्गा भोगाधिकार तथा साइट क्लियरिङका क्रममा विभिन्न समस्या उत्पन्न हुने गरेको | स्थानीय र सरोकारवाला पक्षसंग आवश्यक समन्वय तथा प्रदेश सरकार समक्ष समस्या समाधान गरिदिन अनुरोध गर्ने गरिएको। | सम्पुर्ण सरोकारवालाहरुले समयमै यसतर्फ चासो दिनुपर्ने। |
| ३ | जनश्रमदानवाट हुने काम (जस्तै: वितरण लाइन खन्ने पुर्ने र धारा जडान लगायतका काम) गराउन कठिनाइ। | उपभोक्ता समितिको उपस्थितिमा उपभोक्ताहरूसँग अन्तर्क्रिया गरी जनश्रमदानका लागी उत्प्रेरणा दिने गरिएको । | श्रमदानको प्रतिसत कम (३-५%)गर्न सके समयमै आयोजना सम्पन्नता हासिल हुन सक्ने |
| ४ | न्यून बजेट बिनियोजनका कारण सशर्त तर्फको खा. पा. आ. हरु लामो समयदेखि सम्पन्न हुन नसकेको। | आन्तरिक रकमान्तर गरी सम्पन्न हुन सक्ने आयोजनालाई प्रार्थमिकतामा राखिएको | संघबाट समयमै थप एवम् पर्याप्त बजेट निकासा हुनु पर्ने। |
| ५ | * प्रदेश तर्फ तयारी बिना र अत्याधिक आयोजनामा बजेट विनियोजन हुनु । <br> * आयोजनामा बजेट कम विनियोजन हुँदा अधिकांश योजना कार्यान्वयनमा लान नसकिएको। | थप बजेट विनियोजनको लागि प्रयास गर्ने गरिएको। | समयमै थप बजेट निकासा हुनु पर्ने। |

| क्र.स. | समस्या/चुनौती | समाधानको लागि गरिएको प्रयास | समाधानका उपायहरु |
|---|---|---|---|
| ६ | असार २२ गतेनै भुक्तानि रोकिएर वजेट रहेका आयोजनाहरुमा भुक्तानि गर्न नसकिएको । | अर्थ मन्त्रालयमा विवरण पेश गरिएको । | थप बजेट व्यवस्था हुनुपर्ने । |

### २.११.१८. आगामी कार्यदिशा

- हरेक जिल्लामा १/१ वटा नमुना वस्ती विकास गर्ने,
- पहाडमा २ र तराइमा २ वटा शहर उन्मुख बजारको पूर्वाधार विकास गरी वरपरका वासिन्दालाई आकर्षित गर्न सक्ने गरी समुन्नत शहरको विकास गर्ने,
- आपसमा गाभिई प्रयोगमा नआएका विध्यालय भवन तथा अन्य सरकारी संरचनाहरुलाई मर्मत सम्भार गरी आपतकालिन अवस्थामा प्रयोग गर्न सकिने बनाउने,
- आगामी आ.व. भित्रै WASH PLAN निर्माण सम्पन्न गर्ने,
- जमिनको पानीको सतह बढाउन ठाउँ ठाउँ मा Recharge Pond निर्माण थालनी गर्ने,
- खानेपानी गुणस्तर अभिवृद्दि को कार्यहरु थालनी गर्ने ।

### २.११.१९. निष्कर्ष

आ.व. २०८०/८१ मा खानेपानी तथा सरसफाई तर्फ ३३४१२ घरधुरीहरु खानेपानी बाट लाभान्वित भएका छन।एक घर एक धारा प्रणाली मार्फत खानेपानी पहुँच पुर्याई लक्ष प्राप्तीमा अग्रसर रहेको छ। शहरि विकास तर्फ ६७.०३ कि मी ढल निर्माण २३.७१ किमी ग्रावेल सडक ,२८.२४ कि मी पिच सडक १०.०८ कि मी पि सि सि सडक ,३० वटा सरकारी भवन निर्माण ,४९ वटा सरकारी भवनहरु मर्मत, ७०३१.९७ मि फूटपाथ निर्माण, ५७३४.७ मि. रिटिनिङ वाल निर्माण र ५ वटा पार्क निर्माण भएको गरी आवास व्यवस्था तथा वस्ती विकास तथा शहरी पूर्वाधार निर्माण मा टेवा पुर्याईएको छ। आगामी आ वहरुमा एक जिल्ला एक नमुना बस्ती ,शहरउन्मुख क्षेत्रमा स्तरीय शहरीकरण गर्ने गरी कार्यक्रम अगाडि बढाईएको छ।जनशक्ती व्यवस्थापन ,पर्याप्त बजेटको उपलब्धता र कार्यक्रम अनुसारको योजना छनोट बिधि अबलम्वन गर्न सके उल्लेख्य प्रगति हासिल गर्न सकिनेछ। ।

# २.१२ सामाजिक विकास मन्त्रालय

## २.१२.१. पृष्ठभूमी

लुम्बिनी प्रदेश नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, पाल्पा, रुकुम पूर्व, रोल्पा, प्यूठान, अर्घाखाँची गुल्मी, बाँके, बर्दिया र दाङ्ग भाग सम्मिलित भएर बनेको छ। समथर जमिनदेखि ७२४६ मिटरसम्म उचाई भएको पुथा हिमालसमेत यो प्रदेशमा रहेका छन । गौतम बुद्धको जन्मस्थल लुम्बिनी र दक्षिण एशियाकै ठूलो दाङ्ग उपत्यका यस प्रदेशमा रहेको छ । यस प्रदेशमा ४५३१ सामुदायिक, १८०९ संस्थागत विद्यालय र ४३३ धार्मिक विद्यालय रहेका छन् । विद्यालय तहमा १२८८२९८ जना विद्यार्थीहरु अध्ययनरत छन्। प्रदेशमा झण्डै २३५५२(स्थायी, अस्थायी र राहत) जना शिक्षकहरु कार्यरत रहेका छन।

उच्च शिक्षा तर्फ यस प्रदेशमा त्रिभुवन विश्वविद्यालयका ७, नेपाल संस्कृत विश्वविद्यालयका ४. लुम्बिनी बौद्ध विश्वविद्यालयका १ गरी १२ वटा आङ्गिक क्याम्पसहरु छन् । साथै, त्रिभुवन विश्वविद्यालयवाट सम्बन्धन प्राप्त ८४ सामुदायिक क्याम्पसहरु छन्। मध्य पश्चिम विश्वविद्यालयवाट सम्बन्धन प्राप्त गर्न लागेका ४ सामुदायिक क्याम्पसहरु रहेका छन् । ४ बटा मेडिकल कलेजहरु संचालनमा छन् भने 2 बटा मेडिकल कलेजहरू निर्माणको क्रममा छन्
प्राविधिक शिक्षा तर्फ यस प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्वाट ८८ बटा कार्यक्रमहरु संचालनमा रहेको छ भने आङ्गिक तथा नीजि क्षेत्रका तालिम प्रदायक संस्थाहरुब्राट १८९ वटा कार्यक्रमहरु संचालनमा आएका छन्। कक्षा ९ देखि १२ सम्म संचालन हुने विद्यालय तहको प्राविधिक शिक्षा १०१ वटा विद्यालयमा संचालित छ। हालको अवस्थामा सिटिईभिटी तर्फ ११९३० कोटामा प्राविधिक शिक्षा संचालन हुन्छ भने विद्यालय तर्फ १४५४४ कोटा भए पनि पढिरहेका विद्यार्थी संख्या ८४३२ मात्र रहेको छ।

सामाजिक विकास तर्फ यस प्रदेशमा बालअधिकार तथा सामाजिक न्याय अन्तर्गत अपाङ्गता , ज्येष्ठ नागरिक तथा लैङ्गिक अल्पसंख्यकहरुको हकहित तथा संरक्षण सम्बन्धि विभिन्न कार्यक्रमहरु संचालन भईरहेका छन्। लैङ्गिक शसक्तीकरण तथा मूलप्रवाहीकरण कार्यक्रम अन्तर्गत बिभिन्न स्थानीय तहको समन्वयमा सामाजिक विभेद तथा कुरीती बिरुद्दका अभियान संचालन तथा विपद्या संरक्षण विषयगत क्षेत्र अन्तर्गत लक्षित समूहको संरक्षणका लागी अभिमूखीकरण कार्यक्रम संचालन हुदै आएका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस प्रदेशको समग्र साक्षरता दर ७८.१ प्रतिशत रहेको छ । पुरूष साक्षरता ८५.२ र महिला साक्षरता ७१.७ रहेको छ ।

### २.१२.२. **दीर्घकालीन सोच**

- समतामूलक गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम, नैतिकवान र समर्पित जनशक्तिको विकास।
- लैङ्गिक समानतामा आधारित समतामूलक समाज निर्माण।

### २.१२.३. **लक्ष्य**

- रोजगार, स्वावलम्बी, प्रतिस्पर्धी, नवप्रर्वतनात्मक, जीवन र जगतप्रति सकारात्मक, मानवीय मूल्यप्रति संवेदनशील, खुशी, इमान्दार, श्रमप्रति आस्थावान र चरित्रवान नागरिक तयार गर्ने ।
- विकासका हरेक क्रियाकलापमा महिला र पुरुषको समान सहभागिता सुनिश्चित गर्ने।

### २.१२.४. **उद्देश्य**

शिक्षामाः

- प्रारम्भिक वाल शिक्षा, विद्यालय र उच्च शिक्षामा समतामूलक एवम् समावेशी पहुँच विस्तार गर्नु।
- सबै तहको शिक्षालाई मानव मूल्यमा आधारित बनाउँदै गुणस्तरीय बनाउनु ।
- प्राविधिक शिक्षामा समतामुलक पहुँच अभिवृद्धि गर्दै शिक्षालाई व्यावसायीक रोजगारमुलक र उद्यमशील बनाउनु।

महिला विकास तथा सशक्तिकरणमाः

- समाजका हरेक वर्ग तथा सामाजिक समूहका महिलाहरुको समतामूलक र अर्थपूर्ण सहभागिता वृद्धि गराई मूलप्रवाहीकरण र सशक्तिकरण गर्नु।
- आर्थिक, सामाजिक, राजनीतिक लगायतका क्षेत्रमा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्नु।
- लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य र महिलाको हक अधिकारको सुनिश्चित गर्नु।

### २.१२.५. **रणनीति**

- स्थानीय तहको सहकार्यमा विद्यालय छाड्ने दरलाई घटाउदै लागी विद्यार्थीलाई माध्यमिक तहसम्मको शिक्षा अनिवार्य सम्पन्न गर्ने व्यवस्था गर्ने।
- प्रारम्भिक वालविकासका साथै आधारभूत तथा माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा गुणस्तर सुनिश्चित गरी विद्यार्थीको

- ❖ माध्यमिक तथा उच्च शिक्षामा प्राविधिक, व्यावसायिक, नैतिक, जीवनोपयोगी तथा रोजगारमूलक शिक्षाको विस्तार गर्ने ।
- ❖ नीतिगत र कानूनी व्यवस्था गरी शैक्षिक सुशासन कायम गर्ने।
- ❖ निजीस्तरमा सञ्चालित शिक्षण संस्थाहरूको नियमन गर्दै सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने।
- ❖ खुला, अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाको विकास र विस्तार गरी साक्षरतार आय अभिवृद्धिगर्ने । आय आर्जनमा अभिवृद्धि गर्ने।
- ❖ प्रादेशिक विश्वविद्यालयको अगुवाईमा उच्च शिक्षालाई अनुसन्धानमूलक, प्राविधिक, वैज्ञानिक र व्यावसायिक बनाई ज्ञानमा आधारित अर्थतन्त्र निर्माणका लागि योगदान गर्ने ।
- ❖ चेतनामूलक एवम् लैङ्गिक सशक्तीकरणद्धारा अर्थपूर्ण ढंगबाट महिला सहभागिता बढाउने।
- ❖ आधारभूत स्वास्थ शिक्षा तथा रोजगारीका विभिन्न अवसरमा महिलाको पँहुच अभिवृद्धि गरी रोजगारीमा सुनिश्चित गर्ने।

### २.१२.६. कार्य क्षेत्र

क) प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

ख) शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,

ग) प्रदेशस्तरमा पुस्तकालय, अभिलेखालय सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

घ) प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामग्री निर्माण, उत्पादन र वितरण,

ङ) प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,

च) प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा सर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,

छ) माध्यमिक तहको परीक्षा व्यवस्थापन,

ज) प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङंक व्यवस्थापन,

झ) प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपयोग,

ञ) वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास एवम् नवप्रवर्तनात्मक वैज्ञानिक कार्य र युवा वैज्ञानिक जनशक्ति प्रोत्साहन,

ट) विज्ञान सङ्ग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन,

ठ) पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

ड) महिला अधिकार सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

ढ) लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी नीति तथा कार्य योजना तर्जुमा र कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापना,

ण) महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान, लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण,

त) ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,

थ) प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वय।

### २.१२.७. कानुनी तथा नीतिगत व्यवस्थाहरु

- ❖ हिंसा प्रभावित महिलाहरुका लागि सेवा केन्द्र सञ्चालन व्यवस्थापन तथा अनुदान वितरण कार्यविधि, 2080
- ❖ वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, 2080
- ❖ लुम्बिनी प्रदेशको लैङ्गिक समानता नीति, 2080
- ❖ अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रम सञ्चालन कार्यविधि, 2080

### २.१२.८. संगठन संरचना तथा जनशक्ती विवरण (मन्त्रालय र अन्तर्गत सबै)

| क्र.सं. | पद | श्रेणी वा तह | कुल स्वीकृत दरबन्दी | हाल कार्यरत दरबन्दी | | कुल रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | | |
| १ | प्रदेश सचिव | रा.प.प्रथम | १ | १ | - | १ | सा.वि.म |
| २ | महानिर्देशक | दशौँ/एघारौँ | १ | ० | | १ | |
| ३ | उपसचिव(प्र/सा.प्र) | नवौँ/दशौँ | २ | १ | - | १ | |
| ४ | उपसचिव(शि/शि.प्र) | नवौँ/दशौँ | ८ | १ | - | ७ | ४ संघबाट कामकाज |
| ५ | शाखा अधिकृत(प्र/सा.प्र) | सातौँ/आठौँ | ४ | १ | - | ३ | |

| क्र.सं. | पद | श्रेणी वा तह | कुल स्वीकृत दरबन्दी | हाल कार्यरत दरबन्दी | | कुल रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | | |
| ६ | शिक्षा अधिकृत | सातौं/आठौं | १४ | ९ | | ६ | १ संघबाट कामकाज |
| ७ | लेखा अधिकृत | सातौं/आठौं | २ | १ | - | १ | |
| ८ | तथ्याङ्क अधिकृत | सातौं/आठौं | १ | १ | - | ० | |
| ९ | प्रशिक्षक, अग्रेजी | सातौं/आठौं | १ | ० | | १ | |
| १० | प्रशिक्षक, नेपाली | सातौं/आठौं | १ | १ | - | ० | |
| ११ | प्रशिक्षक, गणित | सातौं/आठौं | १ | ० | | १ | |
| १२ | प्रशिक्षक, विज्ञान | सातौं/आठौं | १ | ० | | १ | |
| १३ | प्रशिक्षक, सामाजिक | सातौं/आठौं | १ | ० | | १ | |
| १४ | प्रशिक्षक, शारिरिक | सातौं/आठौं | १ | १ | | ० | |
| १५ | वरिष्ठ प्रशासन सहायक/ अधिकृत | पाचौं/छैटौं | ७ | ३ | - | ४ | |
| १६ | शिक्षा सहायक/अधिकृत | पाचौं/छैटौं | १६ | १६ | - | ० | |
| १७ | लेखापाल/लेखा | पाचौं/छैटौं | ३ | १ | - | २ | |
| १८ | कम्प्युटर/अधिकृत | पाचौं/छैटौं | ४ | ० | - | ४ | |
| १९ | ह.स.चा | श्रेणिविहिन | १४ | - | १४ | ० | |
| २० | का.स. | श्रेणिविहिन | २० | - | २० | ० | |

### २.१२.९. वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरणः

| नीति तथा कार्यक्रम बुँदा नं | नीति तथा कार्यक्रम | उपलब्धी |
|---|---|---|
| ७६ | प्रदेशको गौरवको आयोजनाको रुपमा स्थापना भएको लुम्बिनी प्राविधिक विश्वविद्यालयमा सूचना प्रविधि तथा सिभिल इन्जिनियरिङ विषयको अध्यापन शुरु गरिनेछ | सम्बन्धित विषयमा कक्षा सञ्चालन भएको |
| ७८ | उत्कृष्ट शिक्षालयलाई सम्मानः कमजोरलाई प्रोत्साहन भन्ने अभियान सहित प्रदेश प्रमुख विकास कार्यक्रम सञ्चालन गरिनेछ | कार्यान्वयन नभएको |

| | | |
|---|---|---|
| ८१ | उच्च शिक्षालाई दिइदै आएको विपन्न लक्षित छात्रवृतिलाई निरन्तरता दिई मुक्त कमैया कमलरी बादी गन्धर्व चिडिमार पासी लगाय अतिसिमान्तकृत वर्गका विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृति प्रदान गरी पोत्साहन गर्ने नीति लिइनेछ | लक्षित विद्यार्थीले छात्रवृति प्राप्त गरेका |
| ८२ | राप्ति प्राविधिक शिक्षालय  र सरस्वती माध्यमिक विद्यालय गढवाको पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ | राप्ति प्राविधिक शिक्षालयको स्थानात्तरण भई पूर्वाधार निर्माणको कार्य अगाडि बढेको |
| ८४ | संघको समन्वयमा ठुला विद्यालयमा विज्ञान शिक्षा विकास पूर्वाधार सहयोग कार्यक्रमलाई निरन्तरता दिएको छ | १२ वटा ठुला विद्यालयमा विज्ञान शिक्षा पूर्वाधार निर्माण भैरहेको |

## २.१२.१०. वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब. व.कोबुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ६६ | प्रदेशको गौरबको आयोजनाको रुपमा स्थापना भएको लुम्बिनी प्राविधिक विश्वविद्यालयमा सूचना प्रविधि तथा सिभिल इन्जिनियरिङ विषयको अध्यापनका लागि १० करोड विनियोजन गरेको छ। | सम्बन्धित विषयमा कक्षा सञ्चालन भएको |
| ६९ | उत्कृष्ट शिक्षालयलाई सम्मानः कमजोरलाई प्रोत्साहन भन्ने अभियान सहित प्रदेश प्रमुख विकास कार्यक्रम सञ्चालन आवश्यक बजेट विनियोजन गरेको छ। | कार्यान्वयन नभएको |
| ६८ | लक्षित वर्गका विद्यार्थीलाई दिइदै आएको उच्च शिक्षा छात्रवृति र विज्ञान शिक्षा छात्रवृतिका ६ करोड २० लाख विनियोजन भएको | लक्षित विद्यार्थीले छात्रवृति प्राप्त गरेका |
| ७४ | राप्ति प्राविधिक शिक्षालयलाई ६ करोड  र सरस्वती माध्यमिक विद्यालयलाई ३ करोड विनियोजन भएको | राप्ती प्राविधिक शिक्षालयको स्थानात्तरण भई पूर्वाधार निर्माणको कार्य अगाडि बढेको |
| ७४ | १ हजार भन्दा बढि विद्यार्थी भएका ठुला विद्यालयमा विज्ञान शिक्षा विकासका लागि ६ करोड विशेष अनुदानको व्यवस्था गरेको छ। | १२ वटा ठुला विद्यालयमा विज्ञान शिक्षा पूर्वाधार निर्माण भैरहेको |

### २.१२.११. आर्थिक वर्ष २०८०/८१ को मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र स | श्रोत | शुरु बजेट | अन्तिम बजेट | निकासा /खर्च |
|---|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | २४८३०० | २४८३०० | ६५३३९ |
| २ | नेपाल सरकार सशर्त अनुदान | ८५०८०० | ८५०८०० | ६३८७३४ |
| ३ | नेपाल सरकार समपूरक अनुदान | | | |
| ४ | नेपाल सरकार विशेष अनुदान | २१०००० | २१०००० | ९४३०४ |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | १५७८६५० | १२३२७६५ | ७६५३५५ |
| जम्मा | | २८८७७५० | २५४१८६५ | १५६३७३१ |

### २.१२.१२. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | २४८८५४० | १३२७४७८ | ५३.३४ |
| २ | पुँजीगत | ३९९२१० | २३६२५२ | ५९.१८ |
| | जम्मा | २८८७७५० | १५६३७३१ | ५४.१५ |

### २.१२.१३. बेरुजु सम्बन्धी विवरण

| क्र.सं. | बेरूजु किसिम | आ.व.२०७९/८० सम्मको बेरुजु (रु.) | सम्परीक्षण भएको बेरुजु (रु.) | सम्परीक्षण भई बाँकी रहेको बेरुजु (रु.) |
|---|---|---|---|---|
| १ | नियमित गर्नुपर्ने | ५९८१ | ० | ५९८१ |
| २ | असुल उपर गर्नुपर्ने | ३२.३ | ० | ३२.३ |
| ३ | पेश्की | ० | ० | ० |
| | कूल जम्मा | ६०१३.३ | ० | ६०१३.३ |

*(श्रोतः सामाजिक विकास मन्त्रालय)*

## २.१२.१४. आर्थिक वर्ष २०८०/८१ का भएका महत्वपूर्ण उपलब्धीहरु

| क्र स | ब. उ. शी. न. | कार्यक्रमको नाम | बजेट (रु. हजारमा) | सम्पादित मुख्य क्रियाकलाप | उपलब्धी र लाभान्वित संख्या) |
|---|---|---|---|---|---|
| १ | ३५०००० १३ | वालअधिकार तथा सामाजिक न्याय कार्यक्रम | १७१९.६० | लोककल्याणकारी प्रकृतिका कार्यहरु<br>बालविवाह अन्त्यका लागि रणनीतिको अभिमुखिकरण<br>दोभाषे तालिम संचालन प्रति जिल्ला १ जनाको दरले आधारभूत ४५ दिने तालिम **कार्यहरु** | 812 जना |
| २ | ३५०००० १४ | शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम | ६८३१.०० | विद्यालयहरुमा भौतिक पूर्वाधार तथा शैक्षिक सुधार | |
| ३ | ३५०००० १५ | लैगिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम | ९३८.२० | - स्थानिय तहका सामाजिक शाखामा कार्यरत कर्मचारीहरुको क्षमता विकास तालिम २ चरणमा<br>- संचारकर्मी महिलाहरुको क्षमता अभिवृद्धि तालिम संचालन<br>स्थानिय तहको समन्वयमा सामूदायिक मनोसामाजिक विमर्शकर्ताहरुलाई ५ दिने पुर्नताजगी तालिम संचालन<br>-लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तगर्त विभिन्न स्थानीय तहको समन्वयमा विभिन्न सचेतनामूलक कार्यक्रम संचालन | 1671 |
| ४ | ३५०००० १८ | युवा तथा खेलकुद कार्यक्रम | १६५३.०० | युवा तथा खेलकुद सम्बन्धि गतिविधिहरु र खेलकुद संरचना निर्माण | |
| ५ | ३५०००० १९ | उच्च शिक्षा कार्यक्रम | ४०८.०० | उच्च शिक्षा र पुस्तकालय सम्बन्धि कार्य | |
| ६ | ३५०००० २२ | नमुना विद्यालय र विशेष शिक्षा कार्यक्रम | १४३१.१ | धार्मिक विद्यालय र अपाङ्गता सम्बन्धि क्षेत्र | |

| क्र स | ब. उ. शी. न. | कार्यक्रमको नाम | बजेट (रु. हजारमा) | सम्पादित मुख्य क्रियाकलाप | उपलब्धी र लाभान्वित संख्या) |
|---|---|---|---|---|---|
| ७ | ३५०००००२३ | विज्ञान तथा प्रविधि विकास कार्यक्रम | ३८५.०० | विज्ञान तथा प्रविधि क्षेत्रका गतविधिहरु | |
| ८ | ३५०९११२० | राष्ट्रिय युवा परिचालन कार्यक्रम(संघ सशर्त अनुदान) | ३२४ | युवा क्षमता विकास तथा लागु औषध विरुद्धको सचेतना परिचालन | १५० जना |
| ९ | ३५०९११२१ | राष्ट्रिय खेलकुद परिषद्(संघ सशर्त अनुदान) | २०६ | राष्ट्रपति रनिङशील्ड तथा खेल संरचना निर्माण | |
| १० | ३५०९११२२ | राष्ट्रिय युवा परिषद्(संघ सशर्त अनुदान) | १८ | युवा संसद लगायतका गतिविधिहरु | |
| ११ | ३५०९११२५ | राष्ट्रिय परीक्षा बोर्ड(संघ सशर्त अनुदान) | ५१२ | एस.ई.ई. परीक्षा व्यवस्थापन | |
| १२ | ३५०९११२६ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(संघ सशर्त अनुदान) | ६६११ | ENSSURE, NVQS र QualiTY परियोजनाहरु सञ्चालन तथा CTEVT का आङ्गिक शिक्षालयहरुमा कार्यक्रम सञ्चालन | ११ स्थानीय तह, ५३ विद्यालयका विद्यार्थीहरु |
| १३ | ३५०९११२४ | विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि)(संघ सशर्त अनुदान) | ८३७ | शिक्षक तालिम, ठुला विद्यालय निर्माण र विशेष विद्यालय निर्माण | २४०० शिक्षक, ३ ठुला विद्यालय, २ विशेष शिक्षा तर्फ |

### २.१२.१५. समस्या चुनौति तथा समाधानका उपायहरुः

| क्र स | समस्या/ चुनौति | समाधानको लागि गरिएको प्रयास | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | कार्यक्षेत्र गत अस्पष्टता | संघीय मन्त्रालयलाई अनुरोध गरिएको | स्पष्ट कानुनको प्रवन्ध |
| २ | अस्थायी प्रकृतिका डिभिजन कार्यालय | संगठन तथा व्यवस्थापनको कार्यका लागि सिफारिस गरिएको | संगठन संरचनाको पुर्ण स्वीकृती |

| | | | |
|---|---|---|---|
| ३ | प्राविधिक जनशक्तिको अभाव (स्वयंसेवकबाट कार्यसम्पादन) | कार्यक्रम करारको बजेट व्यवस्था गरिएको | दरबन्दी स्वीकृत गरी स्थायी पदपुर्ति गर्नु पर्ने |
| ४ | दक्ष जनशक्ति अभाव (दरबन्दी अनुसारको पदपुर्ति हुन नसक्नु) | न्यूनतम जनशक्तिबाट काम चलाइएको | प्रदेश लोक सेवाबाट पदपुर्तिको प्रकृयामा रहेको |
| ५ | अस्थिर संरचनागत व्यवस्था (मन्त्रालय फेरबदल भईरहने प्रवृत्ति) | - | मन्त्रालयको संख्या निश्चित गर्न आवश्यक |
| ६ | कमजोर कार्यालय संरचना (अपुग एवम् अप्रयाप्त भौतिक संरचना) | जसो तसो कार्यालय व्यवस्थापन गरिएको | स्थायी संरचनामा स्थानान्तरण |
| ७ | योजनाहरुको संशोधनको समस्या | योजना प्रविष्टिलाई व्यवस्थित गर्न प्रयास शुरु गरिएको। | आयोजनालाई चरणबद्ध रुपमा चयन गर्न आवश्यक |
| ८ | बजेट सिमा र बहुबर्षीय आयोजना | आयोजनाको औचित्यता र पुष्टाईको आधारमा | बजेटको व्यवस्थापन |
| ९ | जग्गा प्राप्तिको कारण कार्यान्वियन हुन नसकेको | जग्गा प्राप्तीको पहल भईरहेको। | आयोजना पुर्व तयारीको कार्यलाई अनिवार्य गर्ने। |
| १० | बजेट भुक्तानी बाँकी रहनु | बजेट व्यवस्थापनका लागि अर्थ मन्त्रालय सँग अनुरोध गरिएको | |

### २.१२.१६. आगामी कार्यदिशा

- प्राविधिक विश्वविद्यालयको अगुवाईमा उच्च शिक्षालाई सूचना प्रविधिका विषय क्षेत्रमा केन्द्रित गर्दै ज्ञानमा आधारित अर्थतन्त्र निर्माणमा योगदान गर्ने जनशक्ति विकास गर्ने,
- प्राविधिक शिक्षामा समतामूलक र समावेशी पँहुच सिर्जना गरी प्राविधिक शिक्षालाई रोजगारमूलक, सिपयुक्त र व्यावसायिक बनाउने।

### २.१२.१७. निष्कर्षः

शैक्षिक चेतना सामाजिक जागरणको एकमात्र विकल्प हो, वार्षिक बजेट तथा कार्यक्रमलाई शैक्षिक गुणस्तर विकासमा केन्द्रित गरी प्रदेशका लागि आवश्यक मानव संशाधन विकासको आवश्यकतालाई पूर्ति गरिनेछ।

# २.१३ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

## २.१३.१. पृष्ठभूमि

लुम्बिनी प्रदेश सरकार प्रदेश सरकार (कार्यविभाजन नियमावली, २०७९" बमोजिम कृषि, पशुपन्छी तथा भूमि व्यवस्थासँग सम्बन्धित कार्यजिम्मेवारी यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ। "समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश" बनाउने आकांक्षालाई अङ्गीकार गर्दै यस मन्त्रालयले कृषि, पशुपालन, मत्स्य, भूमि क्षेत्रको वैज्ञानिक व्यवस्थापन, विकास तथा प्रवर्द्धनको अभिभाराका साथ लिएको छ। कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान रहेको र ६०.४ प्रतिशत जनसङ्ख्या आबद्ध भएको कृषि क्षेत्र आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो। कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस प्रदेशमा तराई र भित्री मधेस सहित एक तिहाइ खेतीयोग्य भूमि रहेको अवस्थामा उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषिजन्य उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ। प्रदेशको प्रथम आवधिक योजनाको अन्त्यसम्ममा कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यात मूलक अवस्थामा पुर्याउने सोच अनुरूप नै यस क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ। उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरण माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य रहेको छ।

## २.१३.२. दीर्घकालीन सोच

प्रदेशको समग्र कृषि क्षेत्रको विकास तथा भू-उपयोग नीतिलाई आत्मसात गर्दै कृषि एवम् पशुपन्छीजन्य उत्पादन/उत्पादकत्वको दीगो वृद्धि, यान्त्रिकीकरण, व्यावसायिकीकरण, बजारीकरण, विविधिकरण र आधुनिकीकरणका माध्यमबाट तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक अवस्थाको सृजना गरी यस क्षेत्रको रूपान्तरण गर्दै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता र रोजगारीको अवसर सृजना गर्ने।

## २.१३.३. उद्देश्य

- कृषि उत्पादन, उद्यम प्रवर्द्धनका लागि प्रविधि र प्राविधिक सेवाको व्यावसायिक क्षमतामा विकास र सेवा प्रवाहमा विस्तार गरी प्रदेशको दीगो र समतामूलक आर्थिक सामाजिक रूपान्तरणमा योगदान पुर्याउने।
- कृषि क्षेत्रमा गुणस्तरीय उत्पादन सामाग्री र आधुनिक प्रविधिको प्रयोग गर्दै प्रतिष्पर्धात्मक क्षमता हासिल गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नका साथै कृषिजन्य उद्योगलाई प्रवर्द्धन गर्ने।

- ❖ पशुपन्छी तथा मत्स्यपालनमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै व्यवसायिक, प्रतिस्पर्धी एवम् स्वच्छ, स्वस्थ पशुपन्छी उत्पादनको सुनिश्चितता एवम् पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रलाई आय आर्जनका साथै रोजगारीको माध्यमका रूपमा विकास गर्ने।
- ❖ भूमिको वैज्ञानिक व्यवस्थापन, वर्गीकरण र समुचित उपयोग, संरक्षण र दीगो व्यवस्थापन गरी चक्लाबन्दी मार्फत व्यवसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउने।

## २.१३.४. रणनीतिहरु

- ❖ कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने।
- ❖ कृषि क्षेत्रलाई लैङ्गिक मैत्री र समावेशीकरणका साथै आधुनिकीकरण, व्यवसायीकरण र औद्योगिकीकरण गरी रोजगारी र आय वृद्धि गर्ने।
- ❖ भूमिको खण्डीकरण रोकी कृषि भूमिको संरक्षण गर्ने।
- ❖ कृषि प्रविधि प्रसार प्रणालीलाई सबल र प्रभावकारी बनाउन कृषि अनुसन्धान र कृषि शिक्षासँगको समन्वय र साझेदारीका कार्यक्रमहरू सञ्चालन गर्ने।
- ❖ कृषि क्षेत्र (कृषि तथा पशुपन्छी)बाट हुने युवा पलायन रोकी कृषिलाई आकर्षित र सम्मानित पेशाको रूपमा विकास गर्ने।
- ❖ पशुपन्छीपालनलाई व्यावसायिक, प्रविधियुक्त र प्रतिस्पर्धी बनाई उत्पादन र उत्पादकत्व बढाउन उत्प्रेरित गर्दै बजार प्रवर्द्धन गर्ने।
- ❖ माछा उत्पादन पकेट क्षेत्र पहिचान, विस्तार र प्रवर्द्धन गर्ने।

## २.१३.५. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन्:

१. कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन।
२. कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवम् महामारी नियन्त्रण।
३. कृषि औधोगिकीकरण र पशुपन्छीजन्य उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन।
४. कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार
५. कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन तथा कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान एवम् विकास
६. कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीउ बिजन एवम् नस्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन।

७. प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर

८. खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण एवम् जैविक प्रविधिको विकास र विस्तार।

९. कृषि मल, बीउ विषादी आपूर्ति व्यवस्था र नियमन तथा रैथाने बाली बस्तुको संरक्षण र प्रवर्द्धन।

१०. कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण।

११. कृषिउपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन।

१२. कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन।

१३. कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन।

१४. राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन।

१५. सामूहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन।

१६. चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र नियमन।

१७. कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सूक्ष्म पोषण युक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन।

१८. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।

१९. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन।

२०. जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन।

२१. सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन।

२२. नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्चालन स्थापना।

२३. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन।

२४. गरिब घर परिवार पहिचान, भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुन: स्थापना सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

२५. सरकारी जग्गा भाडामा दिन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

२६. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन।

२७. गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय।

## २.१३.६. कानूनी तथा नीतिगत व्यवस्थाहरु

| क्र.सं. | ऐन तथा नियमावलीको नाम | हालको अवस्था | क्र.सं. | ऐन तथा नियमावलीको नाम | हालको अवस्था |
|---|---|---|---|---|---|
| १ | बीउ बिजन एन २०७५ | स्वीकृत भएको | ९ | लुम्बिनी प्रदेशको सहकारी नियमावली, २०७६" | स्वीकृत |
| २ | लुम्बिनी प्रदेशको बीउ बिजन ऐन, २०७५ | स्वीकृत भएको | १० | प्रादेशिक कृषि विकास रणनीति | स्वीकृत भएको |
| ३ | लुम्बिनी प्रदेशको दाना पदार्थ ऐन, २०७५ | स्वीकृत भएको | ११ | पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०७८ | तर्जुमाको चरणामा |
| ४ | लुम्बिनी प्रदेशको पशु बधशाला तथा मासु जाँच ऐन, २०७५ | स्वीकृत भएको | १२ | दाना नियमावली | तर्जुमाको चरणमा |
| ५ | लुम्बिनि प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७५ | स्वीकृत भएको | १३ | बीउ बिजन नियमावली | तर्जुमाको चरणमा |
| ६ | जीवनाशक बिषादी नियमन गर्न बनेको विधेयक, २०७८" | संसदमा पेश भएको अवस्था | १४ | पशु बधशाला तथा मासु जाँच नियमावली | तर्जुमाको चरणमा |
| ७ | लुम्बिनी प्रदेश सहकारी ऐन, २०७५ | स्वीकृत भएको | १५ | सालबसाली वार्षिक स्वीकृत कार्यक्रम सञ्चालन कार्यविधि | स्वीकृत |
| ८ | कृषि ब्यवसाय प्रवर्द्धन विधेयक | तर्जुमाका लागि सहमति प्राप्त | | | |

### २.१३.७. संगठन संरचना तथा जनशक्ति विवरण

तालिकानं.-१.१ दरवन्दी र पदपूर्तिको अवस्था(मन्त्रालय र अन्तर्गत सबै)

| क्र.स. | पद र तह | स्वीकृत दरवन्दी | पदपुर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | १ | १ | ० | |
| २ | कृषि एघारौँ | ३ | १ | २ | |
| ३ | कृषि नवौ/दशौं | ३५ | २२ | १३ | |
| ४ | इन्जिनियर (नापी) नवौ/दशौं | १ | ० | १ | |
| ५ | प्रशासन नवौ/दशौ | ३ | ० | ३ | |
| ६ | कृषि सातौं/आठौं | १०७ | ७३ | ३४ | |
| ७ | इन्जिनियर सातौं/आठौं कृषि | १ | १ | ० | |
| ८ | कम्प्यूटर इन्जिनियर सातौं/आठौं | १ | ० | १ | |
| ९ | प्रशासन सातौं/आठौं(प्रशासन) | १३ | ४ | ९ | |
| १० | प्रशासन सातौं/आठौं(लेखा) | २ | २ | ० | |
| ११ | ईन्जिनियर सर्वे सातौं/आठौं | २ | ० | २ | |
| १२ | कानुन अधिकृत रा.प. तृतीय | १ | १ | ० | |
| १३ | ईन्जिनियर पाँचौं/छैठौँ कृषि | १ | १ | ० | |
| १४ | ईन्जिनियर पाँचौं/छैठौँ सर्भे(नापी) | १ | १ | ० | |
| १५ | प्रशासन/ तथ्याङ्क पाँचौं/छैठौँ | १ | ० | १ | |
| १६ | प्रशासन पाँचौं/छैठौँ (प्रशासन) | २२ | १७ | ५ | |
| १७ | प्रशासन पाँचौं/छैठौँ (लेखा) | २१ | १९ | २ | |
| १८ | कृषि पाँचौं/छैठौँ | ८४ | ६१ | २३ | |
| १९ | विविध पाँचौं/छैठौँ | ४ | ३ | १ | |
| २० | कृषि चौथो/पाँचौं | २० | २० | ० | |
| २१ | प्रशासन चौथो/पाँचौं(प्रशासन) | १४ | १३ | १ | |
| २२ | प्रशासन चौथो/पाँचौं(लेखा)) | ६ | ६ | ० | |
| २३ | सवारी चालक | ३० | ३० | ० | ४ जना स्थीयी हसचा कार्यरत |
| २४ | कार्यालय सहयोगी | ६९ | ६९ | ० | |
| **कुल** | | **४४३** | **३४५** | **९८** | |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

## २.१३.८. वार्षिक नीति तथा कार्यक्रम र वजेट वक्तव्यको प्रगति विवरण

| नी. त. का.बुँदा नं | नीति तथा कार्यक्रम | ब.व.को बुँदा नं | बजेट वक्तव्य | उपलब्धि | समस्या/ चुनौती |
|---|---|---|---|---|---|
| ७ | खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न तथा कृषि उपजको आयात प्रतिस्थापन गर्न कृषिको आधुनिकीकरण र व्यावसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। यसका लागि बाली/ बस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम संचालन गरिनेछ। यस अन्तर्गत कृषि तर्फ नवलपरासी(ब.सु.प) मा मकै र आलु; रुपन्देही र दाङमा तोरी र तरकारी; कपिलबस्तुमा मसिनो धान र आँप; बाँकेमा आँप र मसुरो; बर्दियामा तोरी र मसुरो; पाल्पा, अर्घाखाँची, गुल्मी र रुकुम पूर्वमा स्याउ र बर्षे आलु प्रवर्द्धन गरिनेछ। | २२ | सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि ६ करोड १८ लाख विनियोजन गरेको छ। | बाली/ बस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम अन्तर्गत विभिन्न बाली जस्तै आलु, मकै, तोरी, धान, सुन्तलाजात फलफूल, बर्षे आलु, तरकारी, मसुरो र हाई डेन्सिटि स्याउ को ९६८ हे क्षेत्रफलमा कार्यक्रम सञ्चालन भएको जसमा २१३.३ हे क्षेत्रविस्तार भएको छ। यस कार्यक्रमबाट ३३६६ घरपरिवार लाभान्वित भएका छन। | |
| ८ | पशुपन्छीतर्फ नवलपरासी (ब.सु.प) मा भैंसी र बङ्गुरपालन; रुपन्देहीमा भैंसी र बाख्रापालन; दाङ र बर्दियामा भैंसी र बङ्गुरपालन; पाल्पा र रोल्पामा बङ्गुर र बाख्रापालन; अर्घाखाँचीमा गाई र बाख्रापालन; गुल्मीमा भैंसी र बाख्रापालन; प्यूठानमा बाख्रापालन र रुकुम पूर्वामा भेडा र बाख्रापालन व्यावसाय प्रवर्द्धन गरिनेछ। छाडा चौपायाको व्यवस्थापन गर्न स्थानीय तह लगायतका सरोकारवालासँग सहकार्य गरी प्रदेशस्तरीय गौशालाको संचालनको व्यवस्था मिलाईनेछ। | २३ | सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ।यसका लागि ५ करोड १० लाख विनियोजन गरेको छ। छाडा चौपायाको व्यवस्थापन गर्न सरोकारवालासँग सहकार्य गरी प्रदेशस्तरिय गौशाला सञ्चालनको व्यवस्था मिलाउन रु ७४ लाख छुट्टाएको छ। | भैसीपालन कार्यक्रम तर्फ ९३ परिवारमा क्षेत्रविस्तर भएको जसमा ८० गोठ मर्मत/सुधार तथा काउ म्याट च्याफकटर लगायतका मेशिनरी औजार उपकरण खरिद भएको। बङ्गुरपालन कार्यक्रम तर्फ ७० परिवार लाभान्वित र बाख्रापालन कार्यक्रम तर्फ ९० परिवारमा वाख्रा खोर निर्माण सुधार तथा मेशिनरी औजार तथा उपकरणको वितरणको काम सम्पन्न भएको। छाडा चौपाया व्यवस्थापन अन्तरगत वाँके र कपिलवस्तुमा ४०० वटा गाइ अटन सक्ने क्षमताको गोठ निर्माण तथा दाङको रिहारमा रहेको गौशालामा पानिको व्यवस्थापनको कार्य र बर्दियाको वासगढीमा गौशालामा १५० गाई राख्न सकिने क्षमताको टहरा निर्माण गरिएको। | |

| नी. त. का.बुँदा नं | नीति तथा कार्यक्रम | ब.व.को बुँदा नं | बजेट वक्तव्य | उपलब्धि | समस्या/ चुनौती |
|---|---|---|---|---|---|
| ९ | प्रदेशका बाह्रै जिल्लामा साना सिँचाई आयोजनामार्फत ३०० हेक्टर सिँचित क्षेत्र विस्तार र सम्पन्न भएका ठुला सिँचाई आयोजना बाणगंगा, प्रगन्ना,बबई, सिक्टा सिँचाईको प्रभाव क्षेत्रमा उपयुक्त बाली चक्रमार्फत २००० हेक्टर क्षेत्रफलमा बाली सघनता वृद्धि गर्ने कार्यक्रम प्रथामिकताका साथ संचालन गरिनेछ। | २४ | प्रदेशका बाह्रै जिल्लामा साना सिँचाई आयोजनामार्फत ३०० हेक्टर सिँचित क्षेत्र विस्तार गर्न रु ९ करोड ९५ लाख र सम्पन्न भएका ठुला सिँचाई आयोजना बाणगंगा, प्रगन्ना,बबई, सिक्टा सिँचाईको प्रभाव क्षेत्रमा उपयुक्त बाली चक्रमार्फत २००० हेक्टर क्षेत्रफलमा बाली सघनता वृद्धि गर्न रु २ करोड विनियोजन गरेको छु। | साना सिँचाई कार्यक्रम अन्तर्गत कुल १६८८ वटा सिंचाइ योजनाबाट थप १०४७ हेक्टरमा सिंचाइ सुविधा विस्तार गरिएको छजसमा ४७२१ कृषक घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन ।<br>वाणगङ्गा, सिक्टा र ववई सिँचाइ आयोजनाको कमान्ड क्षेत्रमा कुल ५८३ हेक्टर क्षेत्रफलमा कार्यक्रम सञ्चालन भइ वाली सघनता २२५ प्रतिशतबाट वृद्धि भइ २७५ प्रतिशत भएको। | |
| १० | सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम संचालन गरिने स्थानमा प्राथमिकता दिई माटोको दीगो उर्बराशक्ति वृद्धि गर्न माटो व्यवस्थापन कार्यक्रम विस्तार गरिनेछ। यसका लागि माटो परिक्षण, माटो स्वस्थता प्रमाणपत्र वितरण र हाल प्रदेशको माटोको औसत प्राङ्गारिक पदार्थ मात्रा १.५४ प्रतिशतबाट वृद्धि गरी २ प्रतिशत पुऱ्याईनेछ। | २५ | माटो व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिदै माटोको औसत प्राङ्गारिक पदार्थ मात्रा १.५४ प्रतिशतबाट वृद्धि गरी २ प्रतिशत पुऱ्याउन रु १ करोड ८० लाख विनियोजन गरेको छु। | माटो व्यवस्थापन कार्यक्रम अन्तरगत भकारो सुधार १०, भर्मी कम्पोस्ट मल उत्पादन, ३०५० केजी., ढैचा बीउ वितरण ३५३० के.जी, कृषि चुन वितरण २४.५ मे.टन, र प्राङ्गारिक मल वितरण ८.७ मे.टन गरिएको जसबाट २४९६ कृषक लाभान्वित भएका छन्।साथै प्रदेशभर १२ हजार २ सय ८४ वटा नमुना जाँच भई २९ प्रतिशत अम्लीय, २७ प्रतिशत क्षारीय र ४४ प्रतिशत तटस्थ रहेको भने औसत माटोको पि.एच. ६.५ रहेको पाईएको छ। माटोमा भएको प्राङ्गारिक पदार्थको औसत मात्रा गत वर्षको तुलनामा १.५ प्रतिशतबाट वृद्धि भइ २.०९ प्रतिशत रहेको। | |
| ११ | अचार, गुन्द्रुक, मस्यौरा, केचअप, भाँगो, टिमुरको छोप, खुवा, पेडा, छुर्पी, महुवा र कोदोको परिकार लगायतका वस्तु उत्पादन गर्न साना प्रशोधन उद्योग स्थापनामार्फत | २७ | अचार, गुन्द्रुक, मस्यौरा, केचअप, भाँगो, टिमुरको छोप, खुवा, पेडा, छुर्पी, महुवा र कोदोको परिकार | प्रदेशका ६ जिल्लाका ७ वटा साना कृषि उद्योगहरूलाई प्रशोधन, प्याकेजिङ सामग्री, पूर्वाधार निर्माण र प्रशोधन मेसिनमा सहयोग गरी मकैको | |

| नी. त. का.बुँदा नं | नीति तथा कार्यक्रम | ब.व.को बुँदा नं | बजेट वक्तव्य | उपलब्धि | समस्या/ चुनौती |
|---|---|---|---|---|---|
| | स्थानीयस्तरमा रोजगारी सिर्जना गरिनेछ। बर्दियामा बेसारको प्रशोधन उद्योग स्थापनाका लागि सहयोग गरिनेछ। | | लगायतका वस्तु उत्पादन गर्न साना प्रशोधन उद्योग स्थापनामार्फत रोजगारी सिर्जना गर्न रु २ करोड ५ लाख विनियोजन गरेको छ। | पिठो, टमाटर केचअप तथा अचार, तोरीको तेल, बेसारको पाउडर, स्याउको ब्रान्डी लगायतका कृषि वस्तुको उत्पादन शुरु भइ ३८ जनालाई रोजगारी सृजना भएको । | |
| १२ | रोल्पाको जिनाबाङका किसानले अवलम्बन गरेका बृहत तथा व्यवसायिक उत्पादन प्रणालीलाई सो सरहका मौसम भएका क्षेत्रमा अनुसरण तथा विस्तार गर्दै लगिनेछ।विभिन्न ठाँउमा सफल देखिएका उत्पादन र बजार प्रणाली पहिचान गरी कृषकबाट कृषकसम्म प्रविधि तथा कार्यक्रम विस्तार गरिनेछ। | २८ | रोल्पाको जिनाबाङका किसानले अवलम्बन गरेका बृहत तथा व्यवसायिक उत्पादन प्रणालीलाई सो सरहका मौसम भएका क्षेत्रमा अनुसरण तथा विस्तार गर्दै लगिनेछ।यसका लागि कृषकबाट कृषकसम्म प्रविधि तथा कार्यक्रम विस्तार गर्न आवश्यक वजेट विनियोजन गरेको छू। | | |
| १३ | संघ र स्थानीय तहसँगको समन्वयमा घरदैलोमा प्राविधिक सेवाःउत्पादनमा टेवा भन्ने नाराका साथ कृषि प्रसार सेवाको पहुँच गाँउस्तरसम्म विस्तार गरिनेछ। बालीनाली तथा पशुपन्छी उत्पादनमा देखापर्ने प्राविधिक समस्याको समाधान गर्न व्यावसायिक कृषकको फार्ममा नै पुगी प्राविधिक सेवा दिने व्यवस्था मिलाईनेछ। कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न चक्लाबन्दी र बाँझो जग्गा उपयोग गर्ने नीति लिईनेछ। | २९ | घरदैलोमा प्राविधिक सेवाः उत्पादनमा टेवा भन्ने नाराका साथ कृषि प्रसार सेवाको पहुँचलाई गाउँस्तरसम्म विस्तार गर्न १०९ वटै स्थानीय तहमा चौथौ तहका ३२६ जना प्राविधिक जनशक्ति परिचालनको लागि रु १२ करोड ९० लाख विनियोजन गरेको छ | प्रदेशका १०९ वटै स्थानीय तहमा कृषि तर्फ १३० र पशुपन्छी तर्फ १२१ गरी कुल २५१ चौथौ तहका कर्मचारीबाट प्राविधिक सेवा प्रवाह भएको। | |

| नी. त. का.बुँदा नं | नीति तथा कार्यक्रम | ब.व.को बुँदा नं | बजेट वक्तव्य | उपलब्धि | समस्या/ चुनौती |
|---|---|---|---|---|---|
| १४ | कृषि र कृषकलाई प्रवर्द्धन गर्न प्रतिफलमा आधारित प्रोतसाहन अनुदानलाई निरन्तरता दिईनेछ। कृषि पेशालाई मर्यादित र सम्मानित बनाउन कृषि तथा पशुपन्छी क्षेत्रमा उत्पादन वा प्रविधि हस्तान्तरणमा उदाहरणीय योगदान पुऱ्याउने कृषकलाई सम्मान गरिनेछ। | ३० | प्रतिफलमा आधारित प्रोत्साहन अनुदानलाई निरन्तरता दिन रु १० करोड ८५ लाख विनियोजन गरेको छु। कृषकलाई सम्मान प्रदान गरिनेछ। | दुध अण्डा र मासुमा आधारित निजि उद्यमी, फर्म, समुह तथा सहकारीका आवद्ध भएका कृषकहरु लक्षित कार्यक्रम अन्तरगत १२५ सहकारी २६ समुह तथा ५३ निजि डेरीहरुलाई रकम रु १० करोड १ लाख ९३ हजार प्रतिफलमा आधारित प्रोत्सहान अनुदान वितरण भएको। | |
| १५ | उन्नत बीउ तथा नश्लमा कृषकको पहुँच वृद्धि गर्न गुणस्तरिय बीउ, विरुवा, नश्ल तथा मत्स्य भुरा उत्पादनका लागि सहकारी, समूह, निजी श्रोत केन्द्रलाई कृषकको माग बमोजिम उत्पादन गर्न प्रोत्साहन गरिनेछ।बीउ, विरुवा तथा नश्लका प्राथमिक श्रोतका लागि कपिलबस्तुको कृष्णनगरमा बागबानी र अर्घाखाँचीको मालारानीमा बाख्राको सरकारी श्रोत केन्द्र संचालनमा ल्याईनेछ। | २६ | बीउ उत्पादन कार्यक्रमलाई निरन्तरता दिन रु १ करोड ३२ लाख छुट्टाएको छु।स्रोत केन्द्र प्रवर्द्धन गर्न र सरकारी श्रोत केन्द्र निर्माण तथा सञ्चालनका लागि रु ५ करोड ७० लाख विनियोजन गरेको छु। | खाद्यान्न, तेलहन र दलहन वाली अन्तर्गत प्रजनन बीउ ४० हे, मूल बीउ ३५९ हे र प्रमाणित बीउ १२४ हेक्टर गरी कुल ५२२ हेक्टर क्षेत्रफलमा बीउ उत्पादन कार्यक्रम सञ्चालन भएको जसबाट ११४० जना रोजगारी सृजना भएको | श्रोत केन्द्र स्थापनाका लागि जग्गा प्राप्तीमा कठिनाई भएको। |
| १६ | कृषिका सरोकारवालाबीच समन्वय गरी सहभागितात्मक योजना तर्जुमा, कार्यक्रममा दोहोरोपन अन्त्य, अनुभव आदान प्रदान र अनुगमन तथा पृष्ठपोषण गर्न जिल्लामा कृषि विकास समन्वय सञ्जाल गठन तथा संचालन गरिनेछ। खेतबारीमा बाँदर नियन्त्रण गर्न संघ र स्थानीय तहसँग समन्वय गरिनेछ। | | - | जिल्लास्थित कार्यालयहरुमा विभिन्न बाली वस्तुको सञ्जाल गठन गरी उक्त बाली वस्तुको उत्पादन तथा बजारिकरणमा सहजिकरण भएको। | |

| नी. त. का.बुँदा नं | नीति तथा कार्यक्रम | ब.व.को बुँदा नं | बजेट वक्तव्य | उपलब्धि | समस्या/ चुनौती |
|---|---|---|---|---|---|
| १७ | प्रदेशमा माछाको उपलब्धता वृद्धि गर्न ३५ हेक्टर क्षेत्रफलमा कृत्रिम जलाशय विस्तार र स्थानीय तहको समन्वयमा बर्दिया, दाङ, कपिलबस्तु, नवलपरासी (ब.सु.प) र रुपन्देही जिल्लामा १०० हेक्टर क्षेत्रफलमा प्राकृतिक जलाशयको संरक्षण तथा उपयोगको कार्यक्रम संचालन गरिनेछ। | ३२ | माछाको उत्पादन बढाउने कार्यक्रम सञ्चालनका लागि रु ३ करोड ६० लाख विनियोजन गरेको छ। | नवलपरासीमा १.११ हेक्टर, कपिलवस्तुमा ५.१० हेक्टर, रुपन्देहीमा 3.07 हेक्टर, बर्दियामा १.६० दाङमा ९ हेक्टर बाँकेमा २ हेक्टर, पाल्पा ०.२० हेक्टर र रोल्पामा ०.०१ गरी जम्मा २२ हेक्टरमा मत्स्य पोखरी निर्माण गरि क्षेत्रफल विस्तर भएको। | |
| १८ | पशुपन्छीमा लाग्ने खोरेत, भ्यागुते, चरचरे, स्वाईन फिवर, पिपिआर, लम्पिस्किन, रानीखेत लगायतका रोग नियन्त्रण गर्न ७५ लाख डोज खोप सेवा उपलब्ध गराईनेछ। खोप सर्वशुलभ पहुँचका लागि नवलपरासी (ब.सु.प), पाल्पा र बाँकेमा भ्याक्सिन भण्डारको व्यवसथा गरिनेछ। | ३३ | ७५ लाख डोज खोप सेवा व्यवस्थापनका लागि रु ५ करोड ९६ लाख छुट्टाएको छ। साथै खोप सर्वशुलभ पहुँचका लागि नवलपरासी (ब.सु.प), पाल्पा र बाँकेमा भ्याक्सिन भण्डारको व्यवसथा गरिनेछ। | पशुपन्छीमा लाग्ने विभिन्न रोगको नियन्त्रणका लागि प्रदेशका बाह्रै जिल्लामा २७ लाख ५५ हजार २५७ डोज खोप सेवा प्रदान भएको। | |
| १९ | दुध, मासु, अण्डा उत्पादन वृद्धि गर्दै एक हजार दुधालु पशुमा बाँझोपन निवारण, खोप सेवा तथा आधारभूत औषधी, भेटेरिनरी अस्पताल तथा शिविरमार्फत निःशुल्क रुपमा उपलब्ध गराईनुका साथै नश्ल सुधार गर्न एक लाख पशुमा कृतिम गर्भाधान सेवा प्रदान गरिनेछ। | ३४ | नश्ल सुधारका लागि एक लाख पशुमा कृतिम गर्भाधानका सामाग्री र प्राविधिक सेवाका लगि रु २ करोड ९४ लाख विनियोजन गरेको छ। | नश्ल शुधारका लागि 84597 संख्या पशुमा कृतिम गर्भाधान सेवा र Door To Door पशु वाँझोपन निवारण शिविर कार्यक्रम संचालन अन्तर्गत ९९३ कृषक परिवारमा रहेका २०९५ पशुको उपचार भएको। | |

| नी. त. का.बुँदा नं | नीति तथा कार्यक्रम | ब.व.को बुँदा नं | बजेट वक्तव्य | उपलब्धि | समस्या/ चुनौती |
|---|---|---|---|---|---|
| २० | कृषि जैविक विविधता, रैथाने बाली, स्थानीय पशुपन्छी एवम् परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण र सदुपयोग गर्ने कार्यक्रम संचालन गरिनेछ। बर्दिया, बाँके, दाङको स्थानीय आलु, बर्दियाको घिउपुरी, दाङको तिलकी, कपिलबस्तुको कालानमक, गुल्मीको हंसराज धान लगायतका स्थानीय बाली तथा पशुपन्छीको उत्पादन, प्रशोधन र बजारीकरण प्रवर्द्धन गरिनेछ। | ३५ | स्थानीय बाली तथा पशुपन्छीको उत्पादन, प्रशोधन र बजारीकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छ। | प्रदेशका बाहै जिल्लामा रैथानै बाली प्रवर्द्धन कार्यक्रम मार्फत विभिन्न बालीहरुको प्रवर्द्धन तथा बजारीकरणमा सहयोग भएको। | |
| २१ | मुक्त कमैया, भूमिहिन, मुसहर, बादी र चिडिमार समुदायलाई लक्षित गरी एक हजार परिवारलाई आयआर्जन तथा स्वरोजगारको अवसर सिर्जना गर्न बगर खेती, च्याउ खेती, कुखुरा र हाँसपालन, बाख्रापालन, बङ्गुरपालन, तरकारी नर्सरी लगायतका व्यावसाय संचालन गर्न सहयोग गरिनेछ। तीनै तहको समन्वयमा खाद्य सुरक्षाको जोखिममा व्यवस्थापनका कार्यक्रम संचालन गरिनेछ। | ३६ | मुक्त कमैया, भूमिहिन, मुसहर, बादी र चिडिमार समुदायलाई लक्षित गरी एक हजार परिवारलाई आयआर्जन तथा स्वरोजगारको अवसर सिर्जना गर्न बगर खेती, च्याउ खेती, कुखुरा र हाँसपालन, बाख्रापालन, बङ्गुरपालन, तरकारी नर्सरी लगायतका व्यावसाय संचालन गर्न सहयोग गरिनेछ। यसका लागि २ करोड ४४ लाख विनियोजन गरेको छ। | लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम अन्तर्गत तरकारी बीउ, विषादी, प्लाष्टिक घर निर्माण, साना कृषि यन्त्र उपकरण, सिँचाइ पाइप जस्ता कृयाकलापहरूमा सहयोग गरी ५८ हेक्टर क्षेत्रफलमा खेती भइ तरकारी, खरबुजा, मकै, दलहन वालीको उत्पादन भएको जसबाट ५६६ कृषक घरधुरी प्रत्यक्ष लाभान्वित भएको। पशुपन्छीतर्फ वाँके, दाङमा १४४ परिवारमा ४३२ बाख्रा वितरण तथा बर्दिया, नवलपरासी, रोल्पा लगायतका जिल्लाका ५५ परिवारमा ५५०० कुखुरा वितरण र बर्दिया, दाङमा १५ परिवारमा ४५ वट वंगुर विवरण जसवाट २१४ कृषक घरधुरी प्रत्यक्ष लाभान्वित भएको। | |

| नी. त. का.बुँदा नं | नीति तथा कार्यक्रम | ब.व.को बुँदा नं | बजेट वक्तव्य | उपलब्धि | समस्या/ चुनौती |
|---|---|---|---|---|---|
| २२ | कृषि तथा वन प्रवर्द्धन कार्यक्रम मार्फत वनक्षेत्रमा आयआर्जनका कार्यक्रम संचालन गरिनेछ। वन क्षेत्रको खाली जग्गामा फलफूल, बेसार खेती लगायतका बाली प्रवर्द्धन गरिनेछ। स्थान विशेषमा व्यावसायिक रुपमा उत्पादित मौरी, च्याउ, पुष्प खेतीजस्ता बालीबस्तुको व्यवसाय विस्तार तथा बजारीकरणमा सहयोग गरिनेछ। रुग्ण कृषि उद्योग पुनःस्थापना गरी संचालनमा ल्याउन सहयोग गरिनेछ। | ३७ | कृषि वन प्रवर्द्धन कार्यक्रम मार्फत वन क्षेत्रमा फलफूल, काजू, ओखर, बेसार खेती लगायतका बाली प्रवर्द्धन गरी आयआर्जनका कार्यक्रम सञ्चालन गरिनेछ। स्थान विशेषमा व्यावसायिक रुपमा उत्पादित मौरी, च्याउ, पुष्प खेतीजस्ता बालीबस्तुको व्यवसाय विस्तार तथा बजारीकरणमा सहयोग गरिनेछ। | नवलपरासी र बर्दियामा आयमुलक कृषि बन प्रवर्द्धन कार्यक्रम अन्तर्गत १.८३ हे मा बेसार खेती गरिएको। | |
| २३ | स्वच्छ र स्वस्थ कृषि एवम् पशुपन्छी उपज उपभोगका लागि रासायनिक विषादी तथा एन्टिवायोटिकको व्यवस्थित प्रयोगबारे सचेतना फैलाउने कार्यक्रम संचालन गरिनेछ। स्वच्छ मासु विक्रि गर्न पशु वधशालालाई प्रोत्साहन गरिनेछ। | ३८ | स्वच्छ र स्वस्थ कृषि एवम् पशुपन्छी उपज उपभोगका लागि रासायनिक विषादी तथा जैविक पदार्थको व्यवस्थित प्रयोगबारे सचेतना फैलाउने कार्यक्रम संचालन गरिनेछ। स्वच्छ मासु विक्रि गर्न पशु वधशालालाई प्रोत्साहन गरिनेछ। | स्वच्छ र स्वस्थ कृषि एवम् पशुपन्छी उपज उपभोगका लागि रासायनिक विषादी तथा जैविक पदार्थको व्यवस्थित प्रयोगबारे सचेतना फैलाउन विषादी सचेतना कार्यक्रम सञ्चालन भएको। | |
| २४ | गुणस्तरिय प्राविधिक सेवा प्रवाह गर्न प्रदेश तथा स्थानीय तहमा कार्यरत कृषि तथा पशुपन्छी प्राविधिक एवम् कृषकको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ। कृषि प्रसार, अनुसन्धान र शिक्षाको समन्वयलाई प्रभावकारी बनाईनेछ। | ४१ | कृषि फर्ममै पुगी प्राविधिक सेवा प्रवाह गर्न कृषि तथा पशुपन्छी प्राविधिक एवम् कृषकको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्न रु ३ करोड २० लाख विनियोजन गरेको छ।कृषि प्रसार, अनुसन्धान र शिक्षाको | कृषकको आवश्यकतामा आधारित कुल १७५ वटा विभिन्न स्तरका तालिम कार्यक्रमहरू सम्पन्न कुल ४७३३ जना कृषकहरुको क्षमता अभिवृद्धि भएको छ ।साथै स्थानीय तह तथा प्रदेशका ३४० जना प्राविधिक कर्मचारीहरूको विभिन्न विषयगत क्षमता अभिवृद्धि भएको छ । | |

| नी. त. का.बुँदा नं | नीति तथा कार्यक्रम | ब.व.को बुँदा नं | बजेट वक्तव्य | उपलब्धि | समस्या/ चुनौती |
|---|---|---|---|---|---|
| | | | समन्वयलाई प्रभावकारी बनाईनेछ। | | |
| २५ | जग्गा प्रशासन सम्बन्धी सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन सुशासन अभिवृद्धि गरी सेवा प्रदायक निकायको प्राविधिक र व्यवस्थापकीय क्षमता सुदृढिकरण गरिनेछ। स्थानीय तहसँगको समन्वयमा सरकारी एवम् सार्वजनिक जग्गाको व्यवस्थित अभिलेखीकरण तथा लगतकट्टा सम्बन्धी कार्य गर्न विशेष कार्यक्रम संचालन गरिनेछ। | ४२ | सरकारी र सार्वजनिक जग्गाको व्यवस्थित अभिलेखिकरण तथा लगत कट्टा कार्यलाई विद्युतिय स्वरुपमा समेत व्यवस्थापन गर्न र जग्गा प्रशासन सेवालाई सहज र व्यवस्थित बनाई सेवा प्रदायक कार्यालयको क्षमता सुदृढ गर्न रु ४२ लाख विनियोजन गरेको छ। | जिल्लास्थित नापी कार्यालयहरुमा एकिकृत सेवा प्रदान गर्न NeLIS सञ्चालनमा ल्याएको। | |
| २६ | भूमिको उपयोग, क्षमता र उपयुक्तताका आधारमा भूमिबाट महत्तम लाभ प्राप्त गर्न भू-उपयोग कार्यक्रम कार्यान्वयन गर्न तथा भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्य अगाडी बढाउन स्थानीय तहलाई प्राविधिक सहायता तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिनेछ। | ४३ | भूमिको बैज्ञानिक व्यवस्थापन गर्न भू-उपयोग योजना तयारी भूमिहीन सकुम्बासी तथा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यका लागि स्थानीय तहलाई प्राविधिक सहायता उपलब्ध गराउन र क्षमता अभिबृद्धी गर्न रु २ करोड ७७ लाख विनियोजन गरेको छ। | जिल्लास्थित नापी तथा मालपोत कार्यालयहरुमा रहेका श्रेस्ता व्यवस्थापनमा सहयोग पुगेको। | |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

### २.१३.९. आर्थिक वर्ष २०८०/८१ को मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र स | श्रोत | शुरु बजेट | अन्तिम बजेट | निकासा /खर्च |
|---|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ५०००००० | ४६४०८४ | ३१६९०७ |
| २ | नेपाल सरकार सशर्त अनुदान | ६८००० | ६८००० | ३१४३८ |
| ३ | नेपाल सरकार समपूरक अनुदान | | | |
| ४ | नेपाल सरकार विशेष अनुदान | ६०००० | ६०००० | १६ |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | १३३१२५० | १३१६३४७ | ८७६९६८ |
| जम्मा | | १९५९२५० | १९०८४३१ | १२२५३२९ |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

### २.१३.१०. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १७७१४५५ | ११७१२०५ | ६६.१२ |
| २ | पुँजीगत | १८७७९५ | ५४१२४ | २८.८२ |
| | जम्मा | १९५९२५० | १२२५३२९ | ६२.५४ |

स्रोत: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

### २.१३.११. आ.व.२०८०/८१ को स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| **क्र.सं** | **कार्यक्रमको नाम** | **बजेट (रु. हजारमा)** | **सम्पादित मुख्य क्रियाकलाप** | **उपलब्धि (परिमाणात्मक, गुणात्मक विवरण र आयोजनाबाट लाभान्वित संख्या)** |
|---|---|---|---|---|
| १ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | ११५०००/- | दुध अण्डा र मासुमा आधारित निजि उद्यमी, फार्म, समुह तथा सहकारीका आवद्ध भएका कृषकहरुलाई रु १० करोड १ लाख ९३ हजार प्रतिफलमा | १२५ सहकारी, २६ समुह तथा ५३ निजि डेरीहरु लाभान्विभ भएको। |

| क्र.सं | कार्यक्रमको नाम | बजेट (रु. हजारमा) | सम्पादित मुख्य क्रियाकलाप | उपलब्धि (परिमाणात्मक, गुणात्मक विवरण र आयोजनाबाट लाभान्वित संख्या) |
|---|---|---|---|---|
| | | | आधारित प्रोत्सहान अनुदान वितरण। | |
| २ | पोषण सुधारको लागि ग्रामिण कुखुरा पालन कार्यक्रम | १७५००/- | खोर निर्माण तथा कुखुरा वितरण। | ३५ वटा कार्यक्रम मार्फत ४१४७५ कुखुराको चल्ला विवरण ८५० जना कृषक लाभान्वित भएको। |
| ३ | Door to Door पशु वाझोपन निवारण सेवा | ७२०/- | Door to Door पशु उपचार सेवा कार्यक्रम संचालन। | ३६ वटा कार्यक्रम मार्फत २०९५ वटा गाई भैसीको उपचार गरी ९९३ कृषक घरपरिवार संख्या लाभान्वित भएको। |
| ४ | spaying/neutering कार्यक्रम | ७५००/- | सामुदायिक कुकुरहरुमा वन्ध्याकरण। | १५ वटा कार्यक्रम मार्फत २३३५ वटा सामुदायिक कुकुरहरुको बन्ध्याकरण गरिएको । |
| ५ | पशुपन्छीमा लाग्ने रोग निदानका लागि खोप सेवा | ३२३२१/- | पशुपन्छीमा लाग्ने खोरेत, भ्यागुते, चरचरे, स्वाईन फिवर, पिपिआर, लम्पिस्किन, रानीखेत लगायतका रोग नियन्त्रणका लागि खोप सेवा प्रदान। | पशुपन्छीमा लाग्ने विभिन्न रोगको नियन्त्रणका लागि प्रदेशका बाहै जिल्लामा 27 लाख 55 हजार 257 डोज खोप सेवा प्रदान भएको। |
| ६ | कृतिम गर्भाधान सेवा | ६२४८/- | पशुपन्छीमा कृतिम गर्भाधन सेवा प्रदान। | नश्ल शुधारका लागि ८४५९७ संख्या पशुमा कृतिम गर्भाधान सेवा प्रदान भएको। |
| ७ | नयाँ पोखरी निर्माण | १४०००/- | २२ हेक्टर क्षेत्रफलमा मत्स्य पोखरी निर्माण । | २२ हेक्टरमा मत्स्य पोखरी निर्माण गरि क्षेत्रफल विस्तर भएको। |

| क्र.सं | कार्यक्रमको नाम | बजेट (रु. हजारमा) | सम्पादित मुख्य क्रियाकलाप | उपलब्धि (परिमाणात्मक, गुणात्मक विवरण र आयोजनाबाट लाभान्वित संख्या) |
|---|---|---|---|---|
| ८ | बालीबस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम | ९५६९५/- | कृषि तर्फ विभिन्न आलु, मकै, तोरी, धान, सुन्तलाजात फलफूल, बर्षे आलु, तरकारी, मसुरो र हाई डेन्सिटि स्याउ को बीउ/बेर्ना तथा अन्य उत्पादन सामाग्रीहरु वितरण तथा प्राविधिक सेवा प्रदान भएको। पशुपन्छी तर्फ भैसीपालन, बङ्गुरपालन तथा बाख्रापालनका लागि गोठ/खोर निर्माण तथा अन्य औजार उपकरणहरु वितरण भएको। | कृषि तर्फ विभिन्न बालीबस्तुको ९६८ हे क्षेत्रफलमा कार्यक्रम सञ्चालन भई २१३.३ हे क्षेत्रविस्तार भएको।भैसीपालनको लागि ४० गोठ, बाख्रापालनका लागि ९० गोठ र अन्य औजार उपकरण वितरण भएको।समग्रमा यस कार्यक्रम मार्फत ३६१९ घरपरिवार लाभान्वित भएको। |
| ९ | सिँचाई सहित कृषि विकास कार्यक्रम | 117500/- | कुलो निर्माण ९८, स्यालो ट्यूब वेल/पम्प सेट सिंचाइ ११३४, डिप बोरिङ्ग सिंचाइ १, सिमेन्टेड टङ्की सिँचाइ १२७ र अन्य सिँचाइ (थोपा सिँचाइ, पाइप सिँचाइ, मोटर) ३२८ सम्पन्न भएको | साना सिँचाई कार्यक्रम अन्तर्गत कुल १६८८ वटा सिंचाइ योजनाबाट थप १०४७ हेक्टरमा सिंचाइ सुविधा विस्तार गरिएको छ जसमा ४७२१ कृषक घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन । |
| १० | ठूला सिँचाई आयोजनाको कमाण्ड क्षेत्रमा बाली सघनता | 8000/- | वाणगङ्गा, सिक्टा र ववई सिँचाइ आयोजनाको कमान्ड क्षेत्रमा कुल ५८३ हेक्टर क्षेत्रफलमा कार्यक्रम सञ्चालन भएको | वाली सघनता २२५ प्रतिशतबाट वृद्धि भइ २७५ प्रतिशत भएको। |

| क्र.सं | कार्यक्रमको नाम | बजेट (रु. हजारमा) | सम्पादित मुख्य क्रियाकलाप | उपलब्धि (परिमाणात्मक, गुणात्मक विवरण र आयोजनाबाट लाभान्वित संख्या) |
|---|---|---|---|---|
| ११ | बीउ आत्मनिर्भर कार्यक्रम | 11300/- | खाद्यान्न, तेलहन र दलहन वाली अन्तर्गत प्रजनन बीउ ४० हे, मूल बीउ ३५९ हे र प्रमाणित बीउ १२४ हेक्टर गरी कुल ५२२ हेक्टर क्षेत्रफलमा बीउ उत्पादन कार्यक्रम सञ्चालन भएको। | धान, मकै, गहु, तोरी र PDR-१४ को कुल १४०९ मे.ट बीउ उत्पादन भई १२१२ घरधरी लाभान्वित भएको र ११४० जनाको रोजगारी सिर्जना भएको। |
| १२ | माटो व्यवस्थापन कार्यक्रम | 18000/- | माटो व्यवस्थापन कार्यक्रम अन्तरगत भकारो सुधार निर्माण १० , भर्मी कम्पोस्ट मल उत्पादन ३०५० के, ढैचा बीउ वितरण ३५३० के.जी, कृषि चुन वितरण २४.५ मे.टन, र प्राङ्गारिक मल वितरण ८.७ मे.टन। | माटोको व्यवस्थापन र दीगो उर्बराशक्ति वृद्धि गर्न सहयोग भएको। यसबाट २४९६ कृषक लाभान्वित भएको। |
| १३ | मूल्य अभिबृद्धीका लागि साना कृषि उद्योग स्थापना कार्यक्रम | 12000/- | कृषि उद्योगहरूलाई प्रशोधन, प्याकेजिङ सामग्री, पूर्वाधार निर्माण र प्रशोधन मेसिनमा सहयोग। | मकैको पिठो, टमाटर केचअप तथा अचार, तोरीको तेल, बेसारको पाउडर, स्याउको ब्रान्डी लगायतका कृषि वस्तुको उत्पादन शुरु भइ ३८ जनालाई रोजगारी सृजना भएको । |
| १४ | लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम | 28400/- | तरकारी बीउ, विषादी, प्लाष्टिक घर निर्माण, साना कृषि यन्त्र उपकरण, सिँचाइ पाइपमा सहयोग। साथै बाख्रा, कुखुरा तथा बङ्गुर वितरण। | ५८ हेक्टर क्षेत्रफलमा खेती भई तरकारी, खरबुजा, मकै, दलहन बालीको उत्पादन भएको। साथै ४३२ बाख्रा, ५५०० कुखुरा वितरण र ४५ वट वंगुर विवरण भई समग्र कार्यक्रमबाट जसवाट ७७९ कृषक घरधुरी प्रत्यक्ष लाभान्वित भएको। |

| क्र.सं | कार्यक्रमको नाम | बजेट (रु. हजारमा) | सम्पादित मुख्य क्रियाकलाप | उपलब्धि (परिमाणात्मक, गुणात्मक विवरण र आयोजनाबाट लाभान्वित संख्या) |
|---|---|---|---|---|
| १५ | सरकारी फार्म/केन्द्रबाट मत्स्य भूरा/कुखुरा चल्ला उत्पादन | | मत्स्य भूरा, कुखुरा चल्ला उत्पादन | करिब १ करोड ३१ लाख माछाको भूरा उत्पादन भई करिब रु. १ अर्ब १ करोड ५३ लाख मूल्य (प्रति केजी रु. ३००) बराबरको माछा उत्पादन भएको र १ लाख २४ हजार कुखुराका चल्ला उत्पादन भई करिब रु. ४६ करोड ६५ लाख मूल्य बराबरको मासु र अण्डा उत्पादन भएको। |

### २.१३.१२. आर्थिक वर्ष २०८०/०८१ को वार्षिक राजस्व संकलनको विवरण अनुमान

| सि. नं. | जिल्ला | जम्मा राजस्व रकम (रू.) |
|---|---|---|
| १ | कृषि विकास निर्देशनालय तथा मातहतका कार्यालयहरु | ४६३५९०० |
| २ | कुखुरा विकास फार्म, खजुरा, बाँके | १०७०२१०९ |
| ३ | मत्स्य विकास केन्द्र, समशेरगञ्ज, बाँके | ३३८२३९८.७५ |
| ४ | एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, वर्दिया | ३५३१७० |
| ५ | पशु सेवा तालिम केन्द्र, नेपालगञ्ज, बाँके | ३१३६१५ |
| ६ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ्ग | २४६३८० |
| ७ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पा | १४६१८० |
| ८ | भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, बाँके | १२३३१० |
| ९ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा | ३४५०६० |
| १० | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नवलपरासी | १०८८५० |
| ११ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलबस्तु | ९७९२० |
| १२ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, अर्घाखाँची | ८७७६० |
| १३ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गुल्मी | ७२६४० |
| १४ | एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान | ४८६१५ |
| १५ | एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम | ३१२६५ |
| १६ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देही | ३४६५८८ |
| १७ | पशु रोग अन्वेषण प्रयोगशाला, नवलपरासी | १०००० |
| | जम्मा | २१०५१७६०.७५ |

## २.१३.१३. बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको) (रु. हजारमा)

| क्र.सं. | बेरूजु किसिम | आ.व.२०७९/८० सम्मको म.ले.प. बेरुजु | सम्परीक्षण भएको बेरुजु | सम्परीक्षण भई बाँकी रहेको बेरुजु |
|---|---|---|---|---|
| १ | नियमित गर्नुपर्ने | १६८६३३.०१ | १७५२६.०९ | १५१०८३.०५ |
| २ | असुल उपर गर्नुपर्ने | १८५७२.१३ | ५७८२.३३ | १२७२०.२१ |
| ३ | पेश्की | २७४१.६६ | ० | २७४१.६६ |
|  | कूल जम्मा | १८९९४६.८१ | २३२७६.४२ | १६६५४४.९२ |

## २.१३.१४. समस्या तथा चुनौतीहरु

| क्र.स. | समस्या/चुनौती | समाधानको लागि गरिएको प्रयास | समाधानका उपायहरु |
|---|---|---|---|
| १ | प्रतिष्पर्धात्मक अनुदान प्रणालीको नकारात्मक असर: अनुदानलाई सर्वसुलभ र पहुँचयोग्य बनाउन चुनौती देखिएको, अनुदानलाई उत्पादनमा आधारित बनाउन Real time data व्यवस्थापनमा चुनौती। | प्राविधिक सेवा टेवा र प्रतिफलमा आधारित प्रोत्साहनका कार्यक्रमहरु राखिएको। | प्रतिस्प्रधात्मक अनुदानका कार्यक्रमहरु घटाउँदै लैजाने। |
| २ | शीत भण्डार संचालनका लागि दक्ष जनशक्ती एवम् व्यवस्थापनमा चुनौती | तालिम कार्यक्रमको व्यवस्था गरिएको। | प्राविधिक विज्ञ सहित प्रविधि हस्तान्तरण, तालिम, सफल भण्डारहरुको अवलोकन भ्रमण। |
| ३ | सरकारी श्रोत केन्द्र स्थापनाका लागि जग्गा प्राप्तिको प्रक्रियामा चुनौती | मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा जग्गा प्राप्ति प्रक्रियाका लागि पठाइएको। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय आवस्यक सहजीकरण हुनु पर्ने। |
| ४ | रासायनिक मल वितरणमा समस्या | संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा | रासायनिक मल वितरण निर्देशिकामा संशोधन गरिनुपर्ने। |

| क्र.स. | समस्या/चुनौती | समाधानको लागि गरिएको प्रयास | समाधानका उपायहरु |
|---|---|---|---|
| | | संशोधनका लागि सुझाब पठाइएको। | |
| ५ | सङ्घीयता पश्चात् प्रदेशमा प्राप्त सम्पत्ति (जग्गा, भवन सवारी मेशिन आदि) को स्वामित्व हस्तान्तरण | संघीय संरचनाहरुमा बसी काम भइ रहेको। | हस्तान्तरणका लागि संघीय सरकार सँग सहजीकरण हुनु पर्ने। |
| ६ | मत्स्य उत्पादनमा विद्युत महसुलमा छुट, दुध चिस्यान केन्द्र, मासु चिस्यान केन्द्र, Cold Store का लागि विद्युत महशुल छुटमा मापदण्ड नभएको। | दुबै निर्देशनालयबाट शुरुवात गरिएको। | एक रुपता हुनेगरी कानुनी संरचना तयार हुनु पर्ने। |
| ७ | जीवनाषक विषादी व्यवस्थापन ऐन/नियमावली: संक्रमणकालीन अवधि (नयाँ र ६५ दिन कटेका इजाजतपत्र नविकरण सम्बन्धी व्यवस्था नभएको) | प्रदेश जीवनाषक विषादी व्यवस्थापन ऐनको मस्यौदा तयार गरिएको। | संघीय जीवनाषक विषादी व्यवस्थापन कानूनमा स्पष्ट व्यवस्था हुनु पर्ने। |

# २.१४ उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## २.१४.१. पृष्ठभूमी

प्रदेश सरकारको “समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश” भन्ने सोचका साथ संविधानको अनुसूची-४ वमोजिम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलबस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, पूर्वी रूकुम, रोल्पा, प्यूठान, दाङ, बाँके, बर्दिया गरी बाह्र जिल्लाहरुको प्रतिनिधित्व गर्दै लुम्बिनी प्रदेशको स्थापना भएको छ। लुम्बिनी प्रदेश भित्रका प्रदेश स्तरीय ऊर्जा, जलस्रोत तथा सिंचाइ सम्बन्धी कार्य क्षेत्र रहने गरी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको गठन भएको हो। साविकमा प्रदेश भित्रका सडक, पुल, सिंचाइ, ऊर्जा, आवास, जस्ता पूर्वाधार आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन तथा यातायात सम्वन्धी व्यवस्थापकीय कार्य गर्ने उद्देश्यले मिति २०७४/१०/१९ मा भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत कार्य हुदै आएकोमा प्रदेश सरकारको मिति २०७८र०१र०६ को निर्णयानुसार मन्त्रालयको कार्य जिम्मेवारी सडक, पुल, सिंचाइ तथा ऊर्जा क्षेत्र संग सम्बन्धित कार्यहरु रहेकोमा पुनः २०७८ भाद्र १८ गतेको प्रदेश सरकारको निर्यणबाट भौतिक पूर्वाधार बिकास र ऊर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालय गठन भै सडक तथा पुल भौतिक पूर्वाधार मन्त्रालय र सिंचाइ, तटबन्ध तथा ऊर्जा सम्बन्धी कार्य साबिकको ऊर्जा जलश्रोत तथा सिंचाइ मन्त्रालय बाट हुदै आएको थियो । प्रदेश सरकारको मिति २०७९/१०/२७ को निर्यण अनुसार पुनस् साबिकको ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयले गर्ने सम्पूर्ण कार्य भौतिक पूर्वाधार विकास मन्त्रालयमा समाहित भएकोमा पुनस् लुम्बिनी प्रदेश सरकार ९मन्त्रिपरिषद० को मिति २०८१/०१/०१ र २०८१/०१/१२ मा प्रदेश सरकार कार्यविभाजन नियामावली २०७९ को अनुसुची १ र २ मा हेरफेर हुँदा ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय गठन भएको छ।

हाल यस मन्त्रालय अन्तर्गत ११ वटा जलश्रोत तथा सिंचाइ बिकास डिभिजन कार्यालयहरु, १ वटा जलश्रोत तथा सिंचाइ विकास सब-डिभिजन कार्यालय, ३ वटा भूमिगत जलश्रोत तथा सिंचाइ बिकास डिभिजन कार्यालयहरु, २ वटा सिंचाइ व्यवस्थापन कार्यालयहरु गरी जम्मा १७ वटा कार्यालयहरु क्रियाशील रही प्रदेशका १२ वटै जिल्लामा सेवा प्रदान गर्दै आएका छन् ।

## २.१४.२. दीर्घकालीन सोच

- कृषि उत्पादकत्व वृद्धिको लागि पर्याप्त सिंचाइ सुबिधा भएको प्रदेश,
- प्रदेशको जलविद्युत सम्भावनाको अधिकतम सदुपयोग र यसको प्रयोग अभिवृद्धि,
- सौर्य उर्जालाई मुलधारको बिद्युत उर्जाको रुपमा विकास गरेको अग्रणी प्रदेश,
- जैविक उर्जाको प्रवर्द्धन मार्फत नविकरणीय उर्जामा निर्भर प्रदेश ।

### २.१४.३. उद्देश्य

- ❖ दीगो र भरपर्दो सिंचाइ सुबिधाको बिस्तार गर्नु,
- ❖ विद्युतमा सबै जनताको पहुच पुऱ्याउनु,
- ❖ बिद्युत खपत बढाउनुका साथै जल विद्युतमा भएको सम्भावनाको सदुपयोग गर्नु,
- ❖ सौर्य उर्जाको उत्पादन तथा उपभोग बढाउनु,
- ❖ जैविक तथा वायु उर्जाको विकास र उपभोगमा प्रवर्द्धन गर्नु ।

### २.१४.४. रणनीतिहरु

- ❖ विभिन्न प्रविधिको प्रयोग गरेर दीगो रुपमा सिंचाइ सुबिधा विस्तार गर्ने,
- ❖ सिंचाइको प्राथमिक उद्देश्य सहितका प्रादेशिक गौरबका आयोजना बिकास गर्ने,
- ❖ साना किसानहरुलाई सिंचाइ पहुच वृद्धिको साथै साना सिंचाइका लागि स्थानीय तहसंग सहकार्य गर्ने,
- ❖ सिंचाइ आयोजनाबाट सह-उत्पादनको रुपमा बिद्युत निकाल्न प्रोत्साहन गर्ने,
- ❖ बिद्युत नपुगेका स्थानहरुमा बिद्युत सेवा बिस्तार गर्ने,
- ❖ यातायात, उद्योग र घरायसी प्रयोग मार्फत बिद्युत खपत बढाउने,
- ❖ जलबिद्युतमा निजी, सामुदायिक तथा बैदेशिक लगानी आकर्षित गर्ने,
- ❖ बहु(उपयोगी परियोजना पहिचान, प्रोत्साहन र विकास गर्ने,
- ❖ सौर्य उर्जा सम्बन्धि नीति तर्जुमा र संरचनागत व्यवस्था गर्ने,
- ❖ सौर्य उर्जाको अध्ययन र विकासमा प्रदेश सरकारले उल्लेख्य लगानी गर्ने,
- ❖ स्थानीय तह र निजी क्षेत्रसँग सौर्य उर्जा उत्पादनमा सहकार्य गर्ने,
- ❖ जैविक तथा वायु उर्जाको विकास र उपभोगमा प्रोत्साहित गर्ने,
- ❖ जैविक उर्जामा अध्ययन र अनुसन्धान गरि वायो डिजेलको व्यापारिक उत्पादन र विक्री प्रवन्ध गर्ने ।

### २.१४.५. कार्यक्षेत्र

नेपालको संविधानको भाग ४ धारा ५१ (छ) २ मा जनसहभागितामा अधारित स्वदेशी लगानीलाई प्रथमिकता दिदै जलस्रोतको वहुउपयोगी विकास गर्ने नीति लिएको छ । सोही धाराको (छ) ३ मा नविकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका अधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने नीति लिएको छ र (छ) ४ मा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दीगो र

भरपर्दो सिंचाइको विकास गर्ने नीति लिएको छ । संविधानको अनुसूची ६ को प्रदेश अधिकारको सूचीको क्रमसंख्या ७ मा प्रदेश स्तरको विद्युत, सिंचाइ सम्बन्धी व्यवस्था छ । नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन वमोजिम तपशिल बमोजिमका अधिकारहरु प्रदेशलाइ दिइएको छ।

- ❖ विद्युत र सिंचाइ सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन,
- ❖ प्रदेश स्तरको विद्युत, सिंचाइ, जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धि योजनार गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, संचालन, संभार र व्यवस्थापन,
- ❖ विद्युत वितरण र सेवाको गुणस्तर नियमन,
- ❖ ठूला सिंचाइ प्रणाली र संघबाट निर्मित जल उत्पन्न प्रकोप नियन्त्रण आयोजनाको संचालन, संभार र व्यवस्थापन तथा संघ सँग समन्वय,
- ❖ प्रादेशिक नदी नियन्त्रण तथा व्यवस्थापन,
- ❖ प्रदेशस्तरमा विद्युत र सिंचाइ सम्बन्धि सेवाको शुल्क दस्तुरको आधार निर्माण,
- ❖ प्रदेशका जलश्रोत उपयोग सम्बन्धि अन्तर सेवा संचालनमा समन्वय,
- ❖ विद्युत र सिंचाइ सेवा विस्तारमा नीजि क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धि नीति, मापदण्ड र नियमन
- ❖ आयोजना वर्गीकरणको मापदण्ड, २०८० को अनुसूची १ ले देहाय बमोजिमका कार्य प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने गरि व्यवस्था गरेको छ,
- ❖ सतह सिंचाइ (नयाँ निर्माण र सिंचाइ व्यवस्थापन/संचालन) को हकमा तराई-मधेशमा ५०० भन्दा बढि ५००० हेक्टरसम्म, पहाडमा ५० भन्दा माथी १०० हेक्टरसम्म र हिमालमा २५ हेक्टरभन्दा बढी ५० हेक्टरसम्म सिंचित क्षेत्र भएका आयोजनाहरु,
- ❖ भूमीगत सिंचाइ (नयाँ निर्माण) को हकमा तराई(मधेशमा एकल वा क्लष्टरमा २००० हेक्टरसम्मको डिप ट्यूववेल, पहाड वा हिमालमा एकल वा क्लष्टरमा १०० हेक्टरसम्मका डिप ट्यूववेल,
- ❖ लिफ्ट सिंचाइ (नयाँ निर्माण)को हकमा क्लष्टरमा २५ भन्दा बढी १०० हेक्टरसम्म सिंचित क्षेत्र भएका आयोजनाहरु,
- ❖ नदी नियन्त्रणको हकमा तराई(मधेशमा एकातर्फ वा दुवैतर्फ १० कि।मी। सम्म तटबन्ध गर्नुपर्ने नदिहरु र पहाड वा हिमालमा एकातर्फ वा दुवैतर्फ ५ कि।मी। भन्दा बढी तटबन्ध गर्नुपर्ने नदीहरु,
- ❖ पहिरो नियन्त्रणको हकमा लम्बाइ १०० मिटरभन्दा बढी २०० मिटरसम्म, फेदको चौडाई ५० भन्दा बढी १०० मिटरसम्म र कुल क्षेत्र ५००० भन्दा बढी २०००० वर्ग मिटरसम्म,
- ❖ विद्युतको हकमा १ भन्दा बढी २० मेगावाटसम्मको जलविद्युत वा १ मेगावाटसम्मको सौर्य र वायू उर्जा उत्पादन
- ❖ विद्युत प्रसारण लाइनको हकमा ११ के.भी. प्रसारण लाइन ।

## २.१४.६. कानूनी तथा नीतिगत व्यवस्थाहरु

- भूमीगत जल सिंचाइ आयोजना कार्यान्वयन कार्यविधि, २०७७ (प्रथम संशोधन २०८०)

## २.१४.७. संगठन संरचना तथा जनशक्ति विवरण

तालिकानं. १.१ दरवन्दी र पदपूर्तिको अवस्था (मन्त्रालय र अन्तर्गत सबै)

| क्र.सं. | श्रेणी वा तह | कूल स्वीकृत दरबन्दी | हाल कार्यरत दरबन्दी | | कूल रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | |
| १. | रा.प. प्रथम | १ | १ | | ० | |
| २. | अधिकृत नवौं/दशौं | २० | ९ | | ११ | |
| ३. | अधिकृत सातौं/आठौं | ५८ | ३१ | | २७ | |
| ४. | सहायक पाचौं/अधिकृत छैटौं | १२९ | ८५ | | ४४ | |
| ५. | चौथो/पाचौं | १० | ४ | | ६ | |
| ६. | श्रेणी बिहिन | ६१ | | ५८ | ३ | |
| ७. | **कुल जम्मा** | २७९ | १३१ | ५८ | ९० | |

## २.१४.८. वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ४५ | "कृषिको आधारः सिंचाइमा सुधार" अभियानलाइ निरन्तरता दिइ प्रदेश भित्रको समग्र जलश्रोत संभावनाको अध्ययन गर्नुको साथै सतह, भुमिगत, लिफ्ट तथा नयाँ प्रविधिमा आधारित सिचाइ योजना कृषि पकेट क्षेत्र प्रवर्द्धन हुने गरी प्रभावकारी बनाइनेछ। साथै अधुरा सतह तथा भूमिगत सिंचाइ आयोजनालाइ प्राथमिकताका साथ सम्पन्न गरि थप जमिनमा सिंचाइ सेवा विस्तार गरिनेछ। | सिंचाइ योजनाहरुको कार्यान्वयन मार्फत थप ५२४८ हे. कृषियोग्य जमिनमा सिंचाइ सुविधा विस्तार भएको तथा २३०६७ हे. जमिनमा सिंचाइ सुविधा सुदृढिकरण भएको। परम्परागत सिंचाइ प्रणालीहरुको मर्मत संभार मार्फत सिंचाइ सुविधाको उपलब्धतामा वृद्धि गर्न सफल भएको। |
| ४६ | भूमीगत सिंचाइ सम्भव हुने तराईका जिल्लामा २५ हेक्टर भन्दा ठूला क्लष्टरमा नगदे बाली उत्पादनमा वृद्धि, रोजगारी सिर्जना, | २४ वटा डिप ट्यूववेल सिंचाइ आयोजना तथा ७३२ वटा स्यालो |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | आयआर्जनमा योगदान पुर्याउन स्यालो ट्यूववेल निर्माण कार्यक्रम संचालन गरिनेछ। | ट्यूववेल निर्माण गरि सिंचाइ सुविधामा वृद्धि भएको। |
| ४७ | भूमीगत जलको पुनर्भरण, बाढी प्रकोप न्यूनीकरण, जैविक विविधताको संरक्षण र जलवायु परिवर्तनको असरलाइ कम गर्न र डुवान तथा पहिरोजन्य विपद्को दीगो व्यवस्थापनका लागी कार्ययोजना सहित कपिलवस्तुको वाणगंगा, दाङको ग्वारखोला लगायत थप संभाव्य स्थानमा जलाशययुक्त आयोजना निर्माणको अध्ययन अनुसन्धान गरि संघको समन्वयमा कार्यान्वयन गरिनेछ। | ३२ गोटा सिंचाइ पोखरीहरुको निर्माण सम्पन्न गरिएको। |
| ४८ | जलजन्य प्रकोप न्यूनीकरण तथा व्यवस्थापन गर्न प्रदेश भित्रका जोखिमयुक्त क्षेत्रमा नदी तटबन्ध गरि मानव बस्ती, सिंचाइ संरचना, तथा खेतीयोग्य जमिन संरक्षण कार्यक्रमलाइ निरन्तरता दिइनेछ। उक्त कार्यका लागी संस्थागत क्षमता विकास तथा नदी तटबन्धमा स्थानिय प्रविधिको प्रयोगमा जोड दिइनेछ। | ३२ कि.मी. तटबन्ध निर्माण मार्फत बस्ती, कृषियोग्य जमिन, सिंचाइ एवम् अन्य भौतिक संरचनाको संरक्षण तथा ३७३ हे. कृषियोग्य जमिनको उकास गरिएको। |
| ४९ | "उज्यालो प्रदेशः लुम्बिनी प्रदेश" अवधारणा अनुरुप प्रदेशको विद्यमान विद्युत सेवाको स्तरोन्नती गर्ने र विद्युत नपुगेको दुर्गम स्थानमा वैकल्पिक उर्जाको माध्यमबाट विद्युत सेवाको पहुँच वृद्धि गरिनेछ। लघु तथा साना जलविद्युत, सौर्य उर्जा, वायु उर्जा, हरित उर्जा जस्ता वातावरणमैत्री वैकल्पिक उर्जा आयोजनाको प्रवर्द्धन र विकास गर्ने नीति लिइनेछ। व्यवसायीक र घरायसी प्रयोगमा विद्युतिय उर्जा खपत बढाउने क्रियाकलापलाइ प्रोत्साहन गरिनेछ र विद्युतिय सवारी साधनको प्रयोग र चार्जिङ्ग स्टेशन १२ वटै जिल्ला सदरमुकाम, राजमार्ग र व्यापारिक केन्द्रमा निर्माण गर्न निजी क्षेत्र समेतलाइ प्रोत्साहन गरिनेछ। | ७०६ थान सडक बत्तिको जडान, २८ थान सोलार ब्याकअप सिस्टमको जडान तथा १४१३ थान काठको पोल विस्थापन गरिएको। यसका अतिरिक्त ११५० थान सुधारिएको चुलो निर्माण सम्पन्न गरिएको। |

## २.१४.९. वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब. व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १२० | "कृषिको आधारः सिंचाइमा सुधार" अभियानलाई निरन्तरता दिदै भौगोलिक आधारमा पकेट क्षेत्र पहिचान गरी सतह, भूमिगत तथा लिफ्ट सिंचाइ र नयाँ प्रविधिमा आधारित २६६ वटा नयाँ सिंचाइ आयोजना कार्यान्वयन गर्न रू.६६ करोड विनियोजन गरेको छु । साथै निर्माणाधीन मझौला तथा साना सिंचाइ तर्फका ७६ वटा आयोजनाहरु र भूमिगत सिंचाइ तर्फका १२९ आयोजनाहरु सम्पन्न हुने गरी रू. ८७ करोड विनियोजन गरेको छु । यसबाट थप १४५० | सिंचाइ योजनाहरुको कार्यान्वयन मार्फत थप ५२४८ हे. कृषियोग्य जमिनमा सिंचाइ सुविधा विस्तार भएको तथा २३०६७ हे. जमिनमा |

| ब. व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | हेक्टर जमिनमा सिंचाइ सुबिधा विस्तार हुने र ३४५० हेक्टर जमिनमा सिंचाइ पूर्वाधार निर्माण सुरू भई रोजगारी समेत अभिवृद्धि हुनेछ । | सिंचाइ सुविधा सुदृढिकरण भएको। |
| १२१ | कृषक स्वयमको व्यवस्थापनमा परम्परागत रुपमा संचालित १५० वटा सिंचाइ प्रणाली मर्मत सम्भार गरी करिब १३५० हेक्टर जमिनमा सिंचाइ सेवा पूर्ण क्षमतामा सञ्चालन गर्न रू.४४ करोड विनियोजन गरेको छु । | परम्परागत सिंचाइ प्रणालीहरुको मर्मत संभार मार्फत सिंचाइ सुविधाको उपलब्धतामा वृद्धि गर्न सफल भएको। |
| १२२ | बर्षभरी सिंचाइ सेवा पुगी नगदे बालीको उत्पादन, रोजगारी सृजना, आयआर्जन वृद्धि समेतमा योगदान पुग्ने उद्देश्यले तराईका ६ जिल्लामा २५ हेक्टर भन्दा ठूला क्लष्टरको रुपमा ६०० वटा स्यालो ट्युबवेल निर्माण सम्पन्न गरी १२०० हेक्टर जमिनमा थप सिंचाइ सुबिधा विस्तार गर्न स्यालो ट्युबवेल कार्यक्रमको लागि रू.९ करोड विनियोजन गरेको छु । | २४ वटा डिप ट्यूववेल सिंचाइ आयोजना तथा ७३२ वटा स्यालो ट्यूववेल निर्माण गरि सिंचाइ सुविधामा वृद्धि भएको। |
| १२३ | भूमिगत जलको पुनर्भरण, बाढी प्रकोप न्यूनीकरण, जैविक जलवायु परिवर्तनको असरमा कमि गर्नको साथै, डुवानतः विधताको संरक्षण र पहिरोजन्य विपदको दीगो व्यवस्थापनका लागि कार्ययोजना सहित कपिलवस्तुको वाणगंगा, दाङको ग्वार खोला लगायत अन्य सम्भाव्य स्थानमा जलाशययुक्त आयोजनाको अध्ययन गर्न रू.१ करोड विनियोजन गरेको छु । | ३२ गोटा सिंचाइ पोखरीहरुको निर्माण सम्पन्न गरिएको। |
| १२४ | जलउत्पन्न प्रकोप न्यूनीकरण तथा व्यवस्थापन गर्न जोखिमयुक्त क्षेत्रमा नदी तटबन्ध गरी मानबवस्ती, सिंचाइ संरचना, तथा खेतीयोग्य जमिनको संरक्षण गर्ने कार्यक्रमलाई माग र औचित्यताको आधारमा निरन्तरता दिन रू.५६ करोड विनियोजन गरेको छु । यसबाट ३७ कि.मि नदि तटबन्ध हुने, १० हजार जनसङ्ख्या लाभान्वित हुने र ४५ हेक्टर जमिन उकास हुनेछ । | ३२ कि.मी. तटबन्ध निर्माण मार्फत बस्ती, कृषियोग्य जमिन, सिंचाइ एवम् अन्य भौतिक संरचनाको संरक्षण तथा ३७३ हे. कृषियोग्य जमिनको उकास गरिएको। |
| १२५ | आपतकालीन जलउत्पन्न प्रकोप व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिन रू. ९ करोड विनियोजन गरेको छु। जलजन्य विपद् व्यवस्थापनका लागि संस्थागत क्षमता वृद्धि गर्ने तथा नदि तटबन्धमा स्थानीय प्रविधिको प्रयोगमा जोड दिईनेछ । | |
| ११९ | "उज्यालो प्रदेश : लुम्बिनी प्रदेश" अभियान अनूरुप बिद्युत सेवाको स्तरोन्नती गर्ने र विद्युत नपुगेका दुर्गम क्षेत्रमा वैकल्पिक उर्जाको माध्यमबाट विद्युत सेवाको विस्तार गरिनेछ । लघु तथा साना जलविद्युत, सौर्य तथा हरित उर्जा जस्ता बातावरणमैत्री बैकल्पिक उर्जा आयोजनाको प्रवर्द्धन र विकास गरिनेछ । व्यवसायिक र घरायसी प्रयोगमा विद्युतीय उर्जा खपत बढाउन प्रर्वधनात्मक कार्य गरिनेछ र विद्युतीय सवारी साधनको चार्जिङ्ग स्टेशन निर्माण गर्न निजी | ७०६ थान सडक बत्तिको जडान, २८ थान सोलार ब्याकअप सिस्टमको जडान तथा १४१३ थान काठको पोल विस्थापन गरिएको। यसका अतिरिक्त ११५० |

| ब. व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | क्षेत्र समेत लाई प्रोत्साहन गरिनेछ । १ मे.वा. सम्मको नमुना सौर्य मिनी-ग्रिड आयोजनाको अध्ययन गरी निर्माणको व्यवस्था मिलाइनेछ । उर्जा विकास कार्यक्रम तर्फ रू.१५ करोड विनियोजन गरेको छु । | थान सुधारिएको चुलो निर्माण सम्पन्न गरिएको। |

## २.१४.१०. आर्थिक वर्ष 20८०/८१ को मन्त्रालयको श्रोतगत आय र व्ययको विवरण (रु. हजारमा)

| क्र.सं. | श्रोत | प्राप्त रकम | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ३२५५५८८ | २३५५१०४ |
| २ | नेपाल सरकार सशर्त अनुदान | ८७५८०० | ७३३६१० |
| ३ | नेपाल सरकार समपूरक अनुदान | | |
| ४ | नेपाल सरकार बिशेष अनुदान | | |
| ५ | प्रदेश सरकार (राजश्व बाँडफाँट समेत) | | |
| | **कुल जम्मा** | ४१३१३८८ | ३०८८७१४ |

## २.१४.११. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | २१३७५८ | १७५२९४ | ८२.०१ |
| २ | पुँजीगत | ३९१७६३० | २९१३४२० | ७४.३७ |
| | **जम्मा** | ४१३१३८८ | ३०८८७१४ | ७४.७६ |

## २.१४.१२. आ.व.२०८०/८१ को स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | **पुँजीगत** | | | | | |
| | **प्रदेश समानीकरण अनुदान तर्फ** | | | | | |
| | मझौला तथा बैकल्पिक प्रविधिमा आधारित सघन सिंचाइ कार्यक्रम | | १२५७६१३ | ९५७५१३ | ७६.१४% | |
| | भूमिगत स्यालो तथा डिपट्युववेल सिंचाइ कार्यक्रम | | ४७१७८० | २५६३२६ | ५४.३३% | |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| | जलासय निर्माण तथा पोखरी संरक्षण कार्यक्रम | | ३१००२ | २७३१९ | ८८.१२% | |
| | सिंचाइ आयोजना मर्मत सुधार तथा विस्तार कार्यक्रम | | ४२५८४८ | ३४१३१२ | ८०.१५% | |
| | उर्जा विकास कार्यक्रम | | १६९००० | ५२८४३ | ३१.२७% | |
| | जल उत्पन्न प्रकोप न्युनीकरण तथा व्यवस्थापन कार्यक्रम | | ६८६५८७ | ५४४४९७ | ७९.३०% | |
| | **जम्मा (समानीकरण)** | | **३०४१८३०** | **२१७९८१०** | **७१.६६%** | |
| | **संघ सशर्त अनुदान तर्फ** | | | | | |
| | भुमिगत स्यालो तथा डिप ट्युववेल सिंचाइ आयोजना(संघ सशर्त अनुदान) | | १२७१०० | ८००३९ | ६२.९७% | |
| | नदी नियन्त्रण(संघ सशर्त अनुदान) | | २८९८९९ | २६४२७५ | ९१.१६% | |
| | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम(संघ सशर्त अनुदान) | | १०००० | ७७२६ | ७७.२६% | |
| | एकीकृत उर्जा तथा सिंचाइ विषेश कार्यक्रम(संघ सशर्त अनुदान) | | ३१८०० | १९३८७ | ६०.९७% | |
| | मझौला सिंचाइ आयोजना(संघ सशर्त अनुदान) | | १००१०० | ६९२८४ | ६९.२१% | |
| | मर्मत संभार आयोजनाहरु(संघ सशर्त अनुदान) | | ३१६९०१ | २९२८९९ | ९२.४३% | |
| | **जम्मा (संघ सशर्त)** | | **८७५८००** | **७३३६१०** | **८३.७६%** | |
| | **जम्मा पुँजीगत (सशर्त + समानीकरण)** | | **३९१७६३०** | **२९१३४२०** | **७४.३७%** | |
| २ | **चालु** | | | | | |
| | जलस्रोत तथा सिंचाइ विकास कार्यालयहरु | | १४०६२३ | ११६९६१ | ८३.१७% | |
| | भूमिगत जलस्रोत तथा सिंचाइ विकास कार्यालयहरु | | ३४६३४ | २८८५९ | ८३.३३% | |
| | सिंचाइ व्यवस्थापन कार्यालयहरु | | २९२९० | २४४३६ | ८३.४३% | |
| | उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | | ९२११ | ५०३८ | ५४.७०% | |
| | **जम्मा (चालु)** | | **२१३७५८** | **१७५२९४** | **८२.०१%** | |

| क्र स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| | कुल जम्मा (चालु+पुँजीगत) | | ४१३१३८८ | ३०८८७१४ | ७४.७६% | |

### २.१४.१३. विकास आयोजना तथा कार्यक्रमहरुबाट सिर्जित रोजगारीको विवरण

विकास आयोजनाहरुको कार्यान्वयनबाट अप्रतक्ष्य रोजगारी सिर्जना हुने।

| क्र.सं. | कार्यक्रम | लाभान्वित संख्या | रोजगारी संख्या |
|---|---|---|---|
| १ | सिंचाइ योजनाहरुको निर्माण (सबै) | करिब १,५०,००० | करिब ३०,००० |
| २ | नदी नियन्त्रण तथा तटबन्ध सम्बन्धि योजनाहरु (सबै) | करिब ८०,००,००० | करिब १०,००० |

### २.१४.१४. बेरुजु सम्बन्धी विवरण (प्रदेश कार्यालय स्थापना पछिको)

| क्र.सं. | बेरूजु किसिम | आ.व.२०७९/८० सम्मको म.ले.प. बेरुजु (रु.) | सम्परिक्षण भएको बेरुजु (रु.) | सम्परिक्षण भई बाँकी रहेको बेरुजु (रु.) |
|---|---|---|---|---|
| १ | नियमित गर्नुपर्ने | २२६९०४१८६.१२ | ३६८९६१५१.१९ | १९०००८०३४.९३ |
| २ | असुल उपर गर्नुपर्ने | ३९८९३३७५.५९ | ९२०३२३४.८५ | ३०६९०१४०.७४ |
| ३ | पेश्की | १३२४८२३५३ | ८५७६४१६१ | ४६७१८१९२.०० |
| | **कूल जम्मा** | **३९९२७९९१४.७१** | **१३१८६३५४७.०४** | **२६७४१६३६७.६७** |

### २.१४.१५. आर्थिक वर्ष २०८०/८१ का भएका महत्वपूर्ण उपलब्धीहरु

सिंचाइ एवम् नदि नियन्त्रण तर्फ:

- ६८ वटा सिंचाइ मुहान/बाँधहरुको निर्माण,
- १५३ कि.मी. पक्की नहरको निर्माण,
- ३२ वटा सिंचाइ पोखरीको निर्माण,
- १९ वटा लिफ्ट सिंचाइ योजनाको निर्माण,

- २४ वटा डिप ट्यूववेल सिंचाइ योजनाको निर्माण,
- ३२ कि.मि. नदि नियन्त्रण कार्य,
- ५२४८ हे सिंचित क्षेत्र विस्तार,
- २३०६७ हे सिंचित क्षेत्र सुदृढिकरण,
- ३७३ हे जमिन उकास।

उर्जा विकास तर्फ:

- काठको पोल विस्थापन १४१३ थान,
- सुधारिएको चुलो वितरण ११५० थान,
- सोलर व्याकअप सिस्टमको जडान २८ थान,
- सडक बत्ति ७०६ थान।

### २.१४.१६. समस्या तथा चुनौतीहरु

- उपलब्ध बजेटको तुलनामा योजनाको माग अत्याधिक हुने गरेको,
- बहुबर्षिय योजनाहरुमा न्यून बजेट विनियोजनका कारण योजना सम्पन्न गर्न कठिनाइ,
- मन्त्रालय/कार्यालयबाट अध्ययन नभएका आयोजनाहरुमा बजेट विनियोजन हुने गरेको हुँदा योजना कार्यान्वयनमा समस्या हुने,
- योजना तर्जुमा प्रणाली व्यवस्थित नभएको, अत्याधिक टुक्रे/ साना आयोजनाहरुमा बजेट विनियोजन हुँदा कार्यान्वयनमा समस्या,
- कतिपय आयोजनाको कृषकहरु सम्पर्कमा नआएको, कार्यालयमा माग दर्ता नभएका योजना कार्यक्रममा समाबेश भएको,
- ज.उ.स.बाट जनश्रमदान गराउन कठिन हुने गरेको,
- पावर ड्रिल स्यालो ट्यूबवेलको अत्यधिक माग रहेकोमा तर न्यून बजेट बिनियोजनको कारण कृषकको माग सम्बोधन गर्न गाह्रो भएको,
- बाढि पहिरो डुवानका कारण सिंचाइका संरचनाहरुमा क्षति पुग्नुको साथै वस्ति र भौतिक संरचना जोखिममा रहेका र सो संबोधनका लागी न्यून बजेट रहेको,
- जिल्लागत कार्यालयहरुमा मौजुदा सवारी साधनहरु निकै पुराना र जिर्ण भएको,

- कार्यालयमा न्युनतम अत्यावस्यक सर्भे उपकरण र क्वालिटी टेस्ट ल्याब नभएको,
- कार्यालयमा दरवन्दी अनुसारको पर्याप्त प्राविधिक कर्मचारी अभाव रहेको,
- प्रस्तावित सिंचाइ आयोजनाहरु कार्यान्वयनका लागि न्युन वजेट विनियोजन,
- जिल्ला बाहिर बढ्दो बसाईसराइ, युवापुस्ताको विदेश मोह आदी कारणले गर्दा पनि खेतीयोग्य जमिन बाँजो रहेनु साथै जनशक्तिको कमी।

## २.१४.१७. समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु

- योजनाहरु बहुवर्षिय प्रकृतिको हुनुपर्ने,
- अध्ययन भएका योजनाहरु प्राथमिकताका साथ समावेश हुनुपर्ने,
- लगत अनुमान वमोजिमको सुरु बिनियोजन बजेट प्राप्त हुनु पर्ने वा स्रोत सुनिश्चितता हुनुपर्ने,
- टुक्रे योजना सकेसम्म कम समाबेश गर्नुपर्ने,
- मातहतका कर्मचारीहरुलाई सिप बिकास, नेतृत्व विकास तथा मोटीभेसन गर्ने खालका कार्यक्रम पनि समाबेश गर्नुपर्ने,
- ऐन, नियम, नीति, निर्देशिका तथा मार्गदर्शनबाट स्पस्ट निर्देशित हुनुपर्ने,
- जिल्लामा उपयुक्त सवारी साधनको व्यवस्था हुनु पर्ने, ल्याब टेस्टको व्यवस्था गर्नुपर्ने तथा दरवन्दी अनुसारको कर्मचारी भर्ना गर्नुपर्ने,
- प्राथमिकताको आधारमा योजना छनौटको पद्धति अघि बढाउने,
- बहुवर्षिय योजनाहरुलाइ प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने।

## २.१४.१८. आगामी कार्यदिशा

नागरिकले प्रदेश सरकारवाट पाउनुपर्ने सेवा छिटो छरितो र कम खर्चिलो ढंगबाट प्राप्त गर्ने अवस्था सृजना गरी नागरिकलाई सहभागितामूलक, नतिजामूलक र गुणस्तरीय पूर्वाधार विकासको प्रतिफल प्राप्त गरेको सुखद अनुभूति दिलाउने दिशातर्फ विकास निर्माण कार्यलाई परिलक्षित गरिनेछ। वास्तवमै दूर दराजमा रहेका र विकासको प्रतिफलबाट वञ्चित रहन पुगेका नागरिकलाई नै योजना छनोटमा सहभागी गराइ निजहरुको जीवनयापन सहज हुने किसिमका योजना छनोट गरी सहभागितामूलक विकासको मोडेललाई अंगिकार गरिनेछ। मन्त्रालय र मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई समयानुकुल नवीनतम प्रविधीको उच्चतम प्रयोगयोग्य वनाउन र कार्यक्षमतामा वढोत्तरी गर्न पुनर्ताजगी तालिम मार्फत भ्रष्टाचार न्यूनीकरण गर्दै शुन्य सहनशिलता नीति अवलम्बन गरी उच्च मनोवलका साथ नागरिक मैत्री सेवा प्रवाह गर्न अभिप्रेरित गरिनेछ।योजना तर्जुमा प्रणालीलाइ व्यवस्थित गरि सेवाग्राही मन्त्रालयमा कार्यक्रम/ योजना माग्न आउने परिपाटीलाइ अन्त्य

गर्न आवश्यक छ।साना र टुक्रे योजनाहरुमा बजेट विनियोजन हुने प्रवृत्तिलाइ निरुत्साहित गरि परिणाममुखी तथा ठोस प्रतिफल दिने आयोजनाहरुलाइ प्राथमिकता अनुसार कार्यान्वयन गर्न आवश्यक छ।परियोजना वैङ्क बनाइ योजना छनौट प्रणालीलाइ अनुमानयोग्य बनाउन आवश्यक छ।निर्मित संरचनाहरुको दीगो व्यवस्थापन र संचालनका लागी जनतालाइ अपन्तव बोध हुने गरि जनसहभागिताको मूल मर्म बमोजिम सिंचाइ/तटबन्ध जस्ता पूर्वाधारहरु निर्माण गर्न आवश्यक छ।नयाँ प्रविधि/**Innovative** पूर्वाधार को विकासमा आवश्यक अध्ययन अनुसन्धान गर्न आवश्यक छ।

### २.१४.१९. निष्कर्ष

कार्यप्रगतिका हिसाबले आ.व. २०८०/८१ सन्तोषजनक नै रहेको भए तापनि सुधारका प्रशस्त क्षेत्रहरु तथा संभावनाहरु समेत रहेका हुँदा विगतका पाठ सिकाइबाट प्राप्त ज्ञानलाइ विद्यमान समस्याहरुलाई चिर्ने तर्फ प्रयोग गरी आगामी समयमा मन्त्रालय तथा मातहतका निकायहरुबाट प्रवाह गरिने सेवालाई अझ बढी सहभागितामूलक, गुणस्तरीय, छिटो छरितो, प्रभावकारी तथा मितव्ययी बनाउँदै जनसन्तुष्टि अभिवृद्धि गर्न अझ कटिबद्ध भइ लाग्नु जरुरी देखिन्छ

# २.१५ मुख्य न्यायाधिवक्ताको कार्यालय

## २.१५.१. पृष्ठभूमिः-

नेपालको संविधानको धारा १६० मा प्रत्येक प्रदेशमा प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा मुख्य न्यायाधिवक्ता रहने व्यवस्था छ। सोही संवैधानिक व्यवस्था बमोजिम मिति २०७५ चैत्र 2 गते यस कार्यालयको स्थापना भई सञ्चालन हुँदै आएको छ। सुरुवाती दिनमा लुम्बिनी प्रदेशको अस्थायी मुकाम बुटवलमा कार्यालय रहेकोमा स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी), नेपालमा सर्ने निर्णय भएसँगै मिति २०७९ मंसिर २८ गतेदेखि स्थायी राजधानी राप्ती उपत्यका (देउखुरी), नेपालमा स्थित आफ्नै भवनबाट कार्यालय सञ्चालन हुँदै आएको छ।

## २.१५.२. दीर्घकालीन सोचः-

मख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुनेछ र संवैधानिक एंव कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ भनी नेपालको संविधानको धारा १६०(५)मा उल्लेख गरिएको छ।

## २.१५.३. उद्देश्यः-

प्रदेश सरकारको कानुनी सल्लाहाकार तथा प्रदेश सरकार वादी वा प्रतिवादी भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालत वा न्यायायिक निकायमा प्रदेश सरकारका नामबाट मुद्दा दायर गर्ने तथा सम्बन्धित अदालत वा न्यायिक निकायमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने गराउने यस कार्यालयको प्रमुख उद्देश्य रहेको छ।

## २.१५.४. कार्यक्षेत्र/ रणनीतिहरुः-

- प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी गर्ने गराउने।
- प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने।

- प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आईपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नुपर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष राय सुझाव पेश गर्ने ।
- प्रदेश सरकारका मन्त्रालय, सचिवालय र सो अन्तरगतका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी लिखतमा स्तर कायम गर्न कार्यालयहरु बीच आवश्यक समन्वय गर्ने
- प्रदेश भित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरिक्षण गरि थुनुवाहरु उपर मानवोचित व्यवहार नभएएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।

### २.१५.५. **कानूनी तथा नीतिगत व्यवस्थाहरु:-**

मुख्य न्यायाधिवक्ताको कार्यलय र मुख्य न्यायाधिवक्ता एंव अन्तरगतका काम कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न नेपालको संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्बन्धि व्यवस्था गरिएको छ भने प्रदेश स्तरमा मुख्य न्यायाधिवक्ताको काम कर्तव्य अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको अवस्था छ ।

## २.१५.६.  संगठन संरचना तथा जनशक्ति विवरणः-



**तालिकानं.-१.१ दरवन्दी र पदपूर्तिको अवस्था**

| क्र.सं. | पद | श्रेणी वा तह | कूल स्वीकृत दरबन्दी | हाल कार्यरत दरबन्दी | | कूल रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | | |
| १ | उपन्यायाधिवक्ता | रा.प द्धितिय | १ | १ | | 0 | |
| २ | सहायक न्यायाधिवक्ता | रा.प. तृतिय | ३ | २ | | १ | |
| ३ | वरिष्ठ प्रशासन सहायक/अधिकृत | ५/६ तह | २ | १ | | १ | |
| ४ | लेखापाल/अधिकृत | ५/६ तह | १ | | | १ | |
| ५ | कम्प्युटर अपरेटर/अधिकृत कम्प्युटर | ५/६ तह | १ | | १ | | करार सेवा |
| ६ | हलुका सवारी चालक | श्रेणी विहिन | १ | | १ | | करार सेवा |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | २ | | २ | | करार सेवा |
| जम्मा | | | ११ | ४ | ४ | ३ | |

## २.१५.७. वार्षिक नीति तथा कार्यक्रमको प्रगति विवरण

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| १ | समय सापेक्ष र कार्यालयको आवश्यकता अनुसार कर्मचारीको क्षमता विकास गर्ने, ड्राइभिङ्ग, भाषा सुद्दीकरण, वकालत क्षमता अभिवृद्धि, कम्प्युटर तालिम लगायतको कार्यक्रम । | क्षमता अभिवृद्धि |
| २ | समुदायमा कानूनी शिक्षा तथा सचेतना कार्यक्रम | |

| नीति तथा कार्यक्रमको बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| | | समुदायमा सचेतना विकास भएको |
| ३ | अन्तर प्रदेश स्तरीय अध्ययन अवलोकन तथा अनुभव आदान प्रदान कार्यक्रम | मुख्य न्यायाधिवक्ताहरुको शसक्तीरण |
| ४ | लुम्बिनी प्रदेशमा रहेका हिरासत तथा कारागार व्यवस्थापनको अवस्था र कैदीहरुको मानव अधिकार संरक्षणको सम्बन्ध अनुगमन निरीक्षण | थुनुवा तथा कैदीहरुको मानवअधिकारको अवस्थाको अनुगमन र सूझावहरु प्रदान गरिएको। |
| ५ | प्रदेश कानूनको कार्यान्वयन सम्बन्धमा सरोकारवालाहरुका बिचमा अन्तरक्रिया कार्यक्रम | मौजुदा कानूनको समिक्षा |
| ६ | लिखित जवाफ र कानूनी रायको स्तरीयता अभिवृद्धिको लागि आवश्यक कार्यक्रम | क्षमता अभिवृद्धि |
| ७ | प्रदेश प्यारोल तथा प्रोवेसन समिती गठन तथा सञ्चालन | संस्थागत संरचना निर्माणमा समन्वय |

## २.१५.८. वार्षिक बजेट वक्तव्यको प्रगति विवरण

| ब. व.को बुँदा नं. | कार्यक्रम | लक्ष्य प्राप्तिको विद्यमान अवस्था |
|---|---|---|
| ८ | समुदायमा कानूनी शिक्षा तथा सचेतना कार्यक्रम | समुदायमा सचेतना विकास भएको। |
| ९ | रिट प्रतिरक्षा लिखित जवाफको स्तरियता एव कानूनी रायमा प्रभावकारिता विषयक गोष्ठी अन्तरक्रिया | |
| १० | अन्तर प्रदेश स्तरीय अध्ययन अवलोकन तथा अनुभव आदान प्रदान कार्यक्रम | |
| १ | पुस्तकालय स्थापना (आवश्यक पुस्तक खरिद पुस्तकालय व्यवस्थापन खर्च लगायत अन्य आवश्यक क्रियाकलाप) | पुस्तकालयलाई व्यवस्थित गराइएको। |
| २ | लुम्बिनी प्रदेशमा रहेका हिरासत तथा कारागार व्यवस्थापनको अवस्था र कैदीहरुको मानव अधिकार संरक्षणको सम्बन्ध अनुगमन निरीक्षण | थुनुवा तथा कैदीहरुको मानवअधिकारको अवस्थाको अनुगमन र सूझावहरु प्रदान गरिएको। |

## २.१५.९. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा वित्तीय प्रगति (रु. हजारमा)

| क्र.सं. | बजेट शीर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १३८०००००।- | ९५०३८३४.८३।- | ६८.८६ |
| २ | पुँजीगत | १३०००००।- | २३००५९।- | १७.६९ |
| | जम्मा | १५१०००००।- | ९७३३८९३.८३।- | ६४.४६ |

## २.१५.१०. आ.व.२०८०/८१ को स्वीकृत कार्यक्रमको प्रगति विवरण (रु.हजारमा)

| क्र स. | कार्यक्रम/क्रियाकलाप | परिमाण | विनियोजित वार्षिक बजेट | वार्षिक खर्च | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | समुदायमा कानूनी शिक्षा तथा सचेतना कार्यक्रम | ३ | ३०००००।- | २४३४६६।- | ८१.१५ % | १००% |
| २ | रिट प्रतिरक्षा लिखित जवाफको स्तरियता एव कानूनी रायमा प्रभावकारिता विषयक गोष्ठी अन्तरक्रिया | ३ | ३०००००।- | - | - | - |
| ३ | अन्तर प्रदेश स्तरीय अध्ययन अवलोकन तथा अनुभव आदान प्रदान कार्यक्रम | १ | १०००००।- | - | - | - |
| ४ | पुस्तकालय स्थापना (आवश्यक पुस्तक खरिद पुस्तकालय व्यवस्थापन खर्च लगायत अन्य आवश्यक क्रियाकलाप) | १ | १२००००।- | ११६१८९।- | ९६.८२ %. | १००% |

## २.१५.११. समस्या तथा चुनौतीहरुः-

- आवश्यक मात्रामा कर्मचारीको दरबन्दी सिर्जना हुन नसकेको र दरबन्दी अनुसारका कर्मचारी समयमै पदपुर्ती हुन नसक्दा कार्यसम्पादनमा कठिनाई हुने गरेको छ,
- कार्यालय भवन साह्रै सानो र जिर्ण अवस्थामा रहेकाले कामकारवाहीमा कठिनाई हुने गरेको छ,
- मुद्दाको चाप अनुसार सरकारी वकीलको पदपुर्ती हुन नसक्दा प्रदेशका मुद्दाहरुको प्रतिरक्षामा समस्या हुने गरेको,
- सरकारी वकिल तथा कर्मचारीको दक्षता अभिवृद्दि तथा कार्य उत्प्रेरणाका लागि पर्याप्त अवसरहरुको कमी रहेको,

- विभिन्न निकायहरुबाट कानूनी राय माग गर्दा उक्त निकायले पुऱ्याउनु पर्ने रिट नपुर्याइ तथा निर्धारित धाँचामा नआउँने गरेका कारण कानूनी राय प्रदान गर्न असुविधा हुने गरेको,
- लिखित जवाफ समयमै नपठाई अन्तिम समयमा पठाउने परिपाटीले यस कार्यालयबाट सुझाव दिन कठिनाई हुने गरेको, अधिकांश मुद्दा तथा रिटको लिखित जवाफमा खुलाउनु पर्ने सबै कुरा नखुलाई र आवश्यक कागजात सामेल गरेको नदेखिंदा प्रतिरक्षा गर्न असजिलो हुने गरेको ।

## २.१५.१२. समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरुः-

- प्रदेश सरकार पक्ष/विपक्ष भएको मुद्धाको संख्या सर्वोच्च अदालतमा दिन प्रतिदिन बढ्दै गएको दैनिक जसो पेशी पर्दै आएको अवस्था छ । र यस कार्यालयबाट प्रत्येक पेशीका दिन प्रतिरक्षा गर्न काठमाण्डौ जान असहज हुने गरेकोले यस कार्यालयको सम्पर्क कार्यालय काठमाडौमा स्थापना गर्नु अत्यन्त आवश्यक रहेको छ,
- उच्च अदालत रहेका क्षेत्रमा मुद्दाको चापलाई विचार गरेर तथा जिल्लामा स्थापना भएका प्रदेश सरकारका कार्यालयहरुको काम कारवाहीहरुका विरुद्द सम्बन्धित जिल्ला अदालतमा पनि रिट क्षेत्राधिकारभित्र रिट निवेदन पर्न सक्ने हुँदा प्रदेशका सबै जिल्लामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्न मुख्य न्यायाधिवक्ता कार्यालयबाट मात्र संभव नहुने भएकोले मुद्दाको चापलाई हेरेर मुख्य न्यायाधिवक्ता कार्यालयको शाखा स्थापना हुन पर्ने आवश्यकता देखिन्छ,
- मुद्दाको प्रतिरक्षा गर्दा अतिरिक्त समयमा समेत मुद्दाको अध्ययन गर्नुपर्ने हुँदा मुख्य न्यायाधिवक्ता,सरकारी वकिल र अन्य कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलबध गराउने गरी आवश्यक कानुनी तथा बजेटको व्यवस्था गर्नुपर्ने,
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ दफा ३८(२) अनुसार मुख्य न्यायाधिवक्ताबाट प्रदेश स्तरीय प्यारोल र प्रोवेशन वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरीवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने हुदाँ सो सम्बन्धि कार्यविधि तत्कालनिर्माणगर्नुपर्ने देखिन्छ,
- संविधान बमोजिम निर्माण हुने प्रदेश न्याय सेवा आयोगमा मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुनुपर्दछ ।

## २.१५.१३. आगामी कार्यदिशाः-

मख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने र संवैधानिक एंव कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनुका अतिरिक्त प्रदेश सरकार वादी वा प्रतिवादी भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालत वा न्यायायिक निकायमा प्रदेश सरकारका नामबाट मुद्दा दायर गर्ने तथा सम्बन्धित अदालत वा न्यायिक निकायमा उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने गराउने तथा प्रदेश स्तरमा कानुन निर्माण र कार्यान्वयन, संघियताको कार्यान्वयनमा अन्तरप्रदेश समन्वय र सहकार्यमा वृद्धी, समुदाय तथा सरोकारवाला निकायहरुसंग मुख्य न्यायाधिवक्ताको कार्यालय संगको समन्वय र सहभागितामा वृद्धी ल्याउने ।

### २.१५.१४. निष्कर्षः-

नेपालको संविधानले परिकल्पना गरेको संघिय शासन प्रणालीलाई संस्थागत गर्न प्रदेशको संरचनालाई बलियो बनाउन आवश्यक छ । प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारको रुपमा रहेको मुख्य न्यायाधिवक्ता कार्यालयबाट संवैधानिक एंव कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने कार्य प्रमुखरुपमा हुन्छ । यसका लागि कार्यालयलाई आवश्यक पर्ने साधन स्रोत बजेट र जनशक्ति प्रयाप्त रुपमा हुनुपर्दछ । हाल भइरहेको जनशक्ति र साधानस्रोतबाट संविधान र कानुनले परिक्लपना गरेको नतिजा हासिल गर्न कठिन छ । उपयुक्त नीतिगत, कानुनी र संस्थागत विकासको माध्यामबाट मुख्य न्यायाधिवक्ताको कार्यालयलाई व्यवस्थित रुपमा कार्य गर्ने वातावरण निर्माण गर्नुपर्दछ ।

# परिच्छेद-३

# उपसंहार

आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयन अघिल्ला आर्थिक वर्षहरु जस्तै रहेको छ। लुम्बिनी प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट महत्वपूर्ण आयोजना तथा कार्यक्रमहरु सञ्चालन भएका छन्। स्रोतको दृष्टिकोणले कम आय भए तापनि सीमित स्रोत साधनको परिचालनबाट लुम्बिनी प्रदेशले आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उल्लेख्य प्रगति हासिल भएको छ।

प्रदेशको आयको ठूलो हिस्सा संघीय अनुदानमा नै निर्भर रहनु र प्रदेशको आन्तरिक राजस्वको दायरा सीमित हुनु, स्थानीय तहबाट बाँडफाँट भई प्रदेशलाई प्राप्त हुने राजस्व समेत समयमै प्राप्त नहुनु राजस्व परिचालनका प्रमुख समस्या एवम् चुनौतीका रूपमा रहेका छन्। प्रदेशमा आयोजनाहरुको बढ्दो मागको सम्बोधन र ठेक्का प्रक्रियाबाट सिर्जित दायित्व भुक्तानी, बढ्दो चालु खर्चको  नियन्त्रण, संघीय वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउनुका साथै आन्तरिक राजस्वमा समेत अभिवृद्धि गर्नुपर्ने देखिन्छ भने सार्वजनिक खर्चलाई पर्याप्त विश्लेषण गरी उत्पादनमूलक क्षेत्रमा मात्र परिचालन गर्ने नीति लिनु पर्ने देखिन्छ। प्रादेशिक महत्वका क्षेत्रमा प्राथिमिकता प्राप्त एवम् बहुवर्षीय आयोजना लगायतका ठूला पूर्वाधार आयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ।

आर्थिक वर्ष २०८०/८१ मा वित्त व्यवस्थापन सुधारको दृष्टिकोणले महत्वपूर्ण वर्षको रुपमा रहेको छ। विगत वर्षहरुमा भएका त्रुटि सच्याई वित्त व्यवस्थापनलाई नयाँ गतिमा अगाडि बढाउने अवसर समेत प्राप्त भएको छ। अर्थतन्त्रमा केही सुधारका संकेत भए पनि विश्व अर्थतन्त्रमा मध्यपूर्वको तनावले देशको अर्थतन्त्रमा केही प्रभाव परेको, संघबाट समानीकरण अनुदानको रकम कटौती भए तापनि प्रदेशको राजस्व संकलनमा सुधार देखिएको छ। प्रदेश सरकारको महत्वाकांक्षी बजेट तथा संघीय समानीकरण अनुदानको चौथो किस्ता प्राप्त नहुँदा आर्थिक वर्षको अन्त्यमा प्रदेश सञ्चित कोषमा आवश्यक रकम नहुँदा दायित्व बाँङ्की रहेको छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम  सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न एवम् प्रभावकारी वित्त व्यवस्थापनको लागि गरिएका प्रयास, बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन जारी गरी कार्यान्वयनमा ल्याइएको छ। जसले आगामी दिनमा प्रदेशको वित्त व्यवस्थापनलाई थप  प्रभावकारी बनाउन सहज हुने अपेक्षा गरिएको छ।

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल ।

फोन नं. ०८२-५९०४३७, ५९०४३८, ५९०२९८
Email: info.moeap@lumbini.gov.np
Website: moeap.lumbini.gov.np